# ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्परा

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग अन्तर्गत

दर्शनाचार्य (M.Phil) उपाधि प्रयोजन लागि

प्रस्तुत

शोधपत्र


शोधार्थी

भूपालकुमार सेन्दाङ

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व

केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर


२०८०

## शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्दीय विभागअन्तर्गत दर्शनाचार्य तह (M.Phil) का विद्यार्थी भूपालकुमार सेन्दाङले **"ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्परा"** शीर्षकको शोधप्रबन्ध मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पार्नुभएको हो । मेहनतपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्यप्रति म सन्तुष्ट छु । अतः यसको आवस्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

.........................

सह प्रा.डा.महेशकुमार आचार्य

मिति : २०८०।०३।११ (शोधनिर्देशक)

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
**नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग**
**दर्शनाचार्य तह**
**कीर्तिपुर, काठमाण्डौ**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तहको तेस्रो सत्रको पाठ्यांशको प्रयोजनका लागि शोधार्थी भूपालकुमार सेन्दाङले तयार पार्नुभएको प्रस्तुत **"ताप्लेजुङ जिल्लाकाका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्परा"** शीर्षकको शोधप्रवन्ध आवश्यक मूल्याङ्कन गरी स्वीकृति गरिएको छ ।

### शोधप्रबन्ध मूल्याङ्कन समिति

(१) सह प्रा.डा. महेशकुमार आचार्य ...............................
(शोधनिर्देशक)

(२) प्रा.डा. सोमप्रसाद खतिवडा .............................
(विभागीय प्रमुख)

(३) प्रा.डा. जीवलाल सापकोटा ................................
(वाह्य परीक्षक)

मिति २०८०/०३/२०

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तह, तेस्रो सत्रको पाठ्यांशको प्रयोजनाका लागि तयार पारिएको **"ताप्लेजुङ जिल्लका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्परा"** शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले आदरणीय गुरु सह प्रा.डा. महेशकुमार आचार्यको प्राज्ञिक सल्लाह र कुशल निर्देशनमा तयार पारेको हुँ । शोधप्रवन्ध तयार गर्ने सन्दर्भमा उत्पन्न भएका विभिन्न कठिनाइहरूलाई हल गर्दै शोधकार्य सम्पन्न गर्न सही मार्ग निर्देशन, प्रेरणा र रायसल्लाह प्रदान गर्नु भएकोमा आदरणीय गुरुज्यूप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध तयार गर्ने सन्दर्भमा समय समयमा आवश्यक सहयोग तथा सुझाव प्रदान गर्नुहुने नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा.सोमप्रसाद खतिवडाज्यू लगायत सम्पूर्ण गुरुज्यूहरूप्रति म कृतज्ञताज्ञापन गर्दछु । साथै यस शोधकार्यमा आवश्यक विभिन्न सूचना एवं जानकारी उपलब्ध गराउन सहयोग गर्ने मेरा सबै सहपाठी मित्रहरूमा आभार प्रकट गर्दछु ।

यस शोधकार्यका लागि आवश्यक सन्दर्भसामाग्रीहरू उपलब्ध गराएर सहयोग गर्नुहुने २०७७ सालको मदन पुरस्कार विजेता लेखक आदरणीय दाइ भगीराज इङ्नामज्यूप्रति आभारी छु । यस्तै यस अध्ययनमा स्रोतसामाग्री संकलनका लागि सहयोग गर्ने किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्यालय पुस्तकालय र लिम्बूवान अध्ययन केन्द्रप्रति धन्यवाद प्रकट गर्दछु । यसरी नै यस शोधकार्यका लागि आवश्यक विभिन्न सूचना तथा तत्थ्याङकहरू उपलब्ध गराई महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने सम्पूर्ण स्रोतव्यक्तिहरूप्रति म हार्दिक धन्यवाद व्यक्त गर्दछु । मेरो यस अध्ययनलाई प्रत्यक्ष वा परोक्ष जुनसुकै प्रकारले सहयोग प्रदान गर्ने मेरा परिवारजन, आफन्तहरू, इष्टमित्र तथा विभिन्न संघसंस्थाहरूप्रति म विशेष आभार प्रकट गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधप्रबन्धलाई आवस्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागसमक्ष पेश गर्दछु ।

भूपालकुमार सेन्दाङ

## शोधसार

**"ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्परा"** विषयक शोधप्रवन्धमा संरचनात्मक प्रकार्यवाद र साँस्कृतिक पर्यावरणवाद सैद्धान्तिक दृष्टिकोण प्रयोग गरी प्राथमिक विशेष्य सामाग्रीहरुको समिक्षात्मक विश्लेषण गरी प्रस्तुत शोधप्रबन्ध तयार गरिएको छ । यसरी तयार भएको यो शोधप्रबन्ध छ परिच्छेदमा संरचित छ ।

ताप्लेजुङ जिल्लामा के कस्ता मुन्धुमी स्थलहरु रहेका छन् ? ती मुन्धुमी स्थलहरुको भौगोलिक अवस्थिति र यथास्थिति कस्तो छ ? र यी मुन्धुमी स्थलहरुसँग सम्बन्धित अमूर्त साँस्कृतिक अभ्यासहरु के कसरी प्रचलनमा छन् ? भन्ने शोधप्रस्नहरुमा केन्द्रीत रहेर ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरुको पहिचान गरी सूचीकरण गर्ने, सूचीकृत मुन्धुमी स्थलहरुको भौगोलिक अवस्थिति र यथास्थितिको विवेचना गर्ने तथा यी मुन्धुमी स्थलहरुसँग सम्बन्धित अमूर्त साँस्कृतिक अभ्यासहरुको विश्लेषण गर्नु प्रस्तुत शोधको मुलभूत उद्देश्य रहेको छ । हालसम्म ताप्लेजुङ जिल्लामा के कस्ता मुन्धुमी स्थलहरु रहेका छन जानपहिचान नहुन, ती मुन्धुमी स्थलहरुको भौगोलिक अवस्थिति र यथास्थिति कस्तो छ विवेचना हुन नसक्नु र यी मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरु के कसरी प्रचलनमा रहेका छन् विश्लेषण नहुँनु प्रस्तुत शोधप्रबन्धमा रहेका प्रमुख अनुसन्धान रिक्तताहरु हुन ।

प्रस्तुत अनुसन्धानको दार्शनिक सैद्धान्तिक खाका निर्माणवाद (Constructivism) रहेको छ । यो अध्ययन प्रकृतिको हिसाबले एक गुणात्मक (Qualitative) अध्ययन हो । प्रस्तुत अध्ययनको अनुसन्धान ढाँचा पुरातात्विक अन्वेषणात्मक अनुसन्धान ढाँचा (Archeological Exploratory research design) रहेको छ । यस शोधको लागि आवस्यक मुन्धुमी स्थलहरुको पहिचानसंग सम्बन्धित तत्थ्याङ्कहरु द्वित्तीयक स्रोत अन्तर्गत मुन्धुमसम्बन्धी प्रकाशित विभिन्न पुस्तक तथा लेखहरुबाट संकलन गरिएको छ । मुन्धुमी स्थलहरुको भौगोलिक अवस्थिति तथा यथास्थितिको सूचना ती स्थानहरुको स्थलगत अवलोकन गरी जि.पि.एस. (Global Positioning System) मेशिनको प्रयोगद्वारा संकलन गरिएका छन । मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक अभ्यासहरु के कसरी संचालनमा छन् भन्ने कुरा आवश्यक सूचना र तत्थ्याङ्कहरुको संकलन विभिन्न मुन्धुमी स्थलहरुको अवलोकन, फाटोग्राफी तथा अन्तर्वार्ताको माध्यमबाट गरिएका छन । यसरी संकलित तथ्याङ्कहरूलाई विषयगत र उद्देश्यगत रुपमा तथ्याङ्कहरूको सम्पादन, संकेतीकरण र वर्गीकरण गरी यसमा

सैद्धान्तिक आधारहरुको समेत प्रयोग गरी तथ्याङ्कहरुलको विश्लेषण पश्चात अनुसन्धानको निष्कर्षमा पुग्ने काम गरिएको छ ।

अध्ययनमा प्रारम्भिक विशेष्य सामाग्री तथा अन्य सूचनाहरुको विश्लेषणबाट ताप्लेजुङ जिल्लाका विभिन्न स्थानहरूमा सैतिसवटा मुन्धुमी स्थलहरूको पहिचान र सूचीकरण भएका छन् । यी मुन्धुमी स्थलहरु लिम्बू समुदायको धर्मशाष्त्र मुन्धुमको सन्दर्भलाई आधारमानी पहिचान र सूचीकरण भएका हुन । सूचीकरण भएका मुन्धुमी स्थलहरूमा फक्ताङलुङ, केवालुङ, सेवालुङ, सेमुक्ति मुक्तिगोक, सिदिनलुङ, मुरिङ्ला खारिङ्ला तेम्बे, खाम्बुलिङ नाहाङ्मा यक, इम्बिरी याङ्धाङ्वा (तमोर), मुगाङ्लिङ् काङ्वामा (काबेली), केत्तकुम मेवामा (मेवा), सिन्धोलुङ मैवामा (मैवा), मुधक्कुम लेक्वा (घुन्सा), यफत्लुङ फावामा (फावा), फङफङदेन झरना, सोधुङ वरक, साङ्फित लिङ्फित वरक, तिम्बुङ वरक, मारुङ फुक्कु पारुङ फुक्कु , निङ्खुरी फुक्कु, लुङइक्वा फुक्कु, काइलुङधुङ, वसाङलुङ तेरेप्लुङ, केसामी नाम्सामीलुङ, नियारा यक्चेयकमा, थाक्थाकखिबो र थाक्केलुङ, थोक्पुन तेम्बे, लोक्फादेन हाङ्फादेन, केघिङ तेम्बे, इत्तिसिङ पेरेमसिङ, थाक्पुरा मेल्लङहाङ्मा, नेन्दुरी पासाङ्गा, लुङसुम्बाङ, मेरिङदेन यक, फूङ्लिङ् नागी, लिङ्थाङ्मा यक र पिरिङ्गे यक हुन् । यसरी सूचीकरण भएका मुन्धुमी स्थलहरू अधिकांश प्राकृतिक स्थलहरु - पहाड-पर्वत, नदीनाला, झरना, पोखरी, गुफा तथा ओडार, चट्टान, नागीडाँडा र वनजंगलहरु रहेका छन । यसबाट मुन्धुम र मुन्धुमी स्थलको अध्ययनमा प्रकृतिवादको धारणा रहेको देखिन्छ ।

ताप्लेजुङका मुन्धुमी स्थलको भौगोलिक अवस्थिति र यथास्थितिको खोज गर्न गरिएको अनुसन्धानबाट ताप्लेजुङ जिल्लाका विभिन्न स्थानहरू रहेको मुन्धुमी स्थलहरु भौगोलिक अवस्थिति पहिचान गरिएको छ भने यी मुन्धुमी स्थलहरूको यथास्थितिको जानकारी प्राप्त भएको छ । जस अनुसार ताप्लेजुङ जिल्लाको आठराई त्रिवेणी गाउँपालिकामा तीनवटा, मैवाखोला गाउँपालिकामा दुईवटा, मेरिङदेन गाउँपालिकामा दुईवटा, मिक्वाखोला गाउँपालिकामा चारवटा, फक्ताङलुङ गाउँपालिकामा चौधवटा, फूङलिङ नगरपालिकामा तीनवटा, पाथीभरा याङवरक गाउँपालिकामा एउटा, र सिदिङबा गाउँपालिकामा दुईवटा मुन्धुमी स्थलहरूको र स्थानगत पहिचान गएिको छ । उल्लेखित भौगोलिक पहिचान भएका मुन्धुमी स्थलहरुको स्थानगत अवस्था र लिम्बू जातिका आदिम पूर्खाहरुको ऐतिहासिक सम्बन्ध हेर्दा उनीहरु बसस्थान शूरुमा अग्लो स्थान फक्ताङलुङको काख पारुङतेम्बे

मारुङतेम्बेको पारुङफुक्कु मारुङफुक्कुमा भई क्रमशः दक्षिण तर्फ काईलुङधुङ, निङ्खुरी फुक्कु, मुरिङ्ला खारिङ्ला तेम्बे, केखिङ तेम्बे, लोक्फादेन हाङ्फादेन र थोक्पुन तेम्बे हुँदै ताप्लेजुङका अन्य दक्षिणी भागहरुमा बसाई सर्दै फैलँदै गएको पाईन्छ ।

यस्तै ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू के कसरी संचालित रहेका छन् भन्ने अनुसन्धान प्रस्नमा केन्द्रित भएर गरिएको अनुसन्धानबाट यस मुन्धुमी स्थलहरूमा तागेरानिङवाफुमाङ, युमामाङ, थेबामाङ, नाहाङ्मामाङ, अक्वानामामाङ, सोधुङ्गेन लेप्मुहाङमाङ, मुजिङ्ना खेयङ्नामाङ, साबायुक्फुङगेम्बामाङ, थाक्पुरा मेल्लङहाङ्मामाङ, फक्ताङलुङमाङ, केवालुङमाङ, सेवालुङमाङ, सेमुक्ति मुक्तिगोकमाङ, कुईकुदापमाङ, मिसेकमाङ, इक्सामाङ, दुङ्दुङ्गेमाङ, वसेक सम्माङ, चखोबा सम्माङ, ताम्फुङना सम्माङ, सवासम्माङ, काप्पोबा सम्माङ, सिरे साम्माङ, पुङ सम्माङ, वागोङ्मा साम्माङ, इम्बिकोसङमाङ र वरक्मा साम्माङ देवीदेवताहरूको पूजाआजा गर्ने प्रचलन रहेको तत्थ्य पत्ता लागेको छ । यी मुन्धुमी स्थलहरूको पूजा/अनुष्ठानमा भोगबलि पूजा तथा फलफूल, नैवेद्य र धुपअक्षतालेमात्र पूजा गर्ने दुवै खालको प्रचलन पाईन्छ । भक्तजनहरूले यी मुन्धुमी स्थलहरूमा बाखा, भेडा, सुगुर, कुखुरा, हाँस, परेवा, अण्डा, जाँड, रक्सी र स्वच्छ जल चढाएर पूजा गर्ने गरेको देखिन्छ । यस्तै विना भोगबली पूजाहुने मुन्धुमी स्थलहरूमा भक्तजनहरूले फलफूल, धुपअक्षता, नैबद्य, भेटीपाती, धुपअक्षता, अविर, ध्वजापताका, खदा, कलम, कपि, ऐना, चुरा, घण्टी, त्रिशुल, दियो, कलश र बत्ति चढाएर पूजा गर्ने प्रचलन रहेको पाईन्छ । सेमुक्ति मुक्तिबुङमाङ, फङफङदेन माङ र मेरिङदेन यकमा दैनिक र साप्ताहिक रूपमा पूजा हुने गरेको छ भने अन्य मुन्धुमी स्थलहरूमा निश्चित मिति, पर्व, बार र तिथीमा पूजाआजा हुने गरेको देखिन्छ । यहाँ पूजारी, येबा-येमा, फेदाङ्मा, साम्बा र धामीझाक्रीहरूले पूजाकार्य सम्पन्न गर्ने गरेको पाईन्छ । यस्ता पर्व तथा तिथीमितिहरूमा माघेसक्रान्ति, मंसिर पूर्णिमा, चैते दशै, यक्वा तङ्नाम, चण्डी पूर्णिमा, उभौली पर्व, दशै, तिहार, उघौली पर्व, शिवरात्री, नागपंचमी, फाल्गुनन्द जयन्ती, शनिबार तथा पूर्णिमाको दिन रहेका छन् । मुन्धुमी स्थलहरूमा लाग्ने मेला, पर्व तथा जात्राहरूमा माघेसक्रान्ति मेला, चासोक तङनाम मेला, रामनवमी मेला, मंसिर पूर्णिमा मेला, श्रावण पन्ध्रमा लाग्ने मेला, ठूक्पाछेसी जात्रा र चण्डी पूर्णिमा मेला प्रमुख हुन । विशेषत किराँत, बुद्ध र हिन्दू धर्मावलम्बीहरू दर्शन तथा पूजाआजाको लागि मुन्धुमी स्थलमा जाने गरेको पाईन्छ । यी मुन्धुमी स्थलहरूमा पूजा गर्दा स्वास्थ्य लाभ हुने,

कार्यसफलता पाइने, दीर्घायू हुने, शक्ति प्राप्त हुने, मनोकांक्षा पुराहुने, समृद्धि प्राप्त हुने, प्राकृतिक विपत्ति टर्ने, भूमिको रक्षा हुने, जीवजन्तुको सुरक्षा हुने, अन्नबाली सप्रने, पानी पर्ने, पितृदेवबाट आशिर्वाद प्राप्त हुने, ज्ञानविद्या बढ्ने, दशाग्रह काटिने, सन्तान प्राप्ति हुने, रोगबिमारबाट मुक्ति पाइने र संकट मोचन हुने जनविश्वास रहेको पाइन्छ । यसबाट लिम्बू समुदायका पूर्खाहरुले सहज, सुरक्षित र सुखपूर्ण जीवनको लागि प्रकृतिदेव, पितृदेव र अन्य इष्ट देवीदेवताहरुको पूजा- आराधना गरेको देखिन्छ ।

उल्लेखित तथ्यहरुको विश्लेषण गरी निश्कर्ष निकाल्दा लिम्बू समुदायको मुन्धुममा प्रकृतिवाद पितृवाद, र आत्मवादको धारणा रहेकोले मुन्धुमी स्थलहरुमा प्रकृति, पितृ र आत्माको पूजागर्ने अमूर्त साँस्कृतिक परम्परा रहेको छ । मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरुको अध्ययन लिम्बू समुदायको बसाई सराई र समाज विकासको इतिहास हो । पर्यावरणीय कारणहरुले लिम्बू समुदायका आदिम पूर्खाहरु उत्तरको चिसो स्थानबाट दक्षिणी न्यानो र उब्जाउ भूमीतर्फ बसाई सर्दै गएको देखिन्छ । मुन्धुमी स्थल र अमूर्त साँस्कृतिक परम्पराहरुबीच अभिन्न र अन्योन्याश्रित सम्बन्ध भएकोले यिनीहरुलाई एकअर्कामा छुट्याई अध्ययन गर्न सकिदैन ।

यस शोधबाट हालसम्म अज्ञात अवस्थामा रहेका ताप्लेजुङ जिल्लाका विभिन्न सैतीसवटा मुन्धुमी स्थलहरुको पहिचान भई तिनीहरुको भौगोलिक अवस्थिति र यथास्थिति के कस्तो रहेको छ भन्ने कुराको यथार्थ जानकारी प्राप्त भएको छ । साथै यी मुन्धुमी स्थलहरु र यहाँ प्रचलित अमूर्त साँस्कृतिक अभ्यासहरुको अध्ययन लिम्बू समुदायको समाज विकासको ऐतिहासिक अध्ययन हो भन्ने नयाँ तथ्य प्राज्ञिक ज्ञान भण्डारमा थप भएको छ ।

यो शोध ताप्लेजुङ जिल्लाका केही महत्वपूर्ण मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरुको अध्ययनमा मात्र सिमित छ । ताप्लेजुङ जिल्ला र यसभन्दा बाहिर पनि अन्य धेरै मुन्धुमी स्थलहरु रहेका छन् जसको अध्ययन हुन बाँकी नै देखिन्छ । धेरै मुन्धुमी स्थलहरुमा मूर्त साँस्कृतिक परम्पराहरु विद्यामान नरहेपनि कतिपय मुन्धुमी स्थलहरुमा कुनै न कुनै रुपमा मूर्त साँस्कृतिक परम्पराहरु पनि विद्यामान रहेकोले यसको पनि अध्ययन हुन बाँकी नै रहेको छ । साथै मुन्धुमी स्थलहरुको अध्ययनमा यो भन्दा थप वैज्ञानिक पुरातात्विक अन्वेषण विधिबाट अध्ययन भएमा त्यसको निष्कर्ष बढी सत्य र विश्वासनीय हुनसक्ने देखिन्छ । भविष्यमा शोधार्थीहरुले यी विषयहरुमा यस प्रकारको अनुसन्धान गर्नु जरुरी छ ।

# विषयसूची

पृष्ठ सङ्ख्या


शोधनिर्देशकको सिफारिस क

स्वीकृतिपत्र ख

कृतज्ञताज्ञापन ग

शोधसार घ

विषयसूची ज

अध्ययनमा प्रयोग भएका लिम्बू भाषाका पारिभाषिक शब्द र तिनको अर्थ ढ

**परिच्छेद एक : ताप्लेजुङ जिल्ला, मुन्धुमी स्थल र अमूर्त साँस्कृतिक परम्पराहरु १**

१.१. शोधविषयको परिचय १

१.१.१. ताप्लेजुङ जिल्लाको परिचय १

१.१.२. लिम्बू जातिको परिचय २

१.१.३. मुन्धुम र मुन्धुमी स्थलको परिचय ४

१.१.४. अमूर्त सँस्कृतिको परिचय ७

१.२. समस्या कथन ७

१.३. अनुसन्धानका उद्देश्यहरू ८

१.४. अध्ययनको औचित्य ८

१.५. अनुसन्धानको सीमाङ्कन ९

१.६. अध्ययन क्षेत्र छनौट गर्नुका कारणहरू १०

१.७. अध्ययनको संगठन ११

**परिच्छेद दुई : सन्दर्भ साहित्यको समिक्षा १२**

२.१. विषयप्रवेश १२

२.२. सैद्धान्तिक ढाँचाको समिक्षा १२

२.२.१. संरचनात्मक प्रकार्यबादको परिचय १३

२.२.२. संरचनात्मक प्रकार्यवादका मूलभूत मान्यताहरू १४

२.२.३. संरचनात्मक प्रकार्यवादको आलोचना १४

२.२.४. साँस्कृतिक पर्यावरणबादको परिचय १५

२.२.५. साँस्कृतिक पर्यावरणवादका मूलभूत मान्यताहरू १६

२.२.६. साँस्कृतिक पर्यावरणवादी सिद्धान्तको आलोचना १८

२.३. नीतिगत समिक्षा १८
२.३.१. अन्तर्राष्ट्रिय कानुनमा रहेका नीतिगत व्यवस्था १८
२.३.२. नेपालको संविधानमा भएको नीतिगत व्यवस्था १९
२.३.३. प्राचीन स्मारक संरक्षण ऐन (२०१३) मा भएको व्यवस्था २०
२.३.४. संस्कृति नीति - २०६८ मा भएको व्यवस्था २०
२.३.५. स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था २२
२.४. विधिगत समिक्षा २२
२.५. विषयगत साहित्य समिक्षा २४
२.६. अनुसन्धान रिक्तता ३५
२.७. निष्कर्ष ३६
**परिच्छेद तीन : अनुसन्धान विधि ३८**
३.१. विषयप्रवेश ३८
३.२. अनुसन्धान दर्शन ३८
३.३. अनुसन्धान ढाँचा ३९
३.४. तत्थ्याङ्क संकलन विधि ४०
३.५. तत्थ्याङ्क विश्लेषण विधि ४१
३.६. अनुसन्धानमा नैतिक सवालहरू ४२
३.७. सैद्धान्तिक र अवधारणात्मक ढाँचा ४२
३.८. निष्कर्ष ४४
**परिच्छेद चार : ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरूको पहिचान, सूचीकरण र भौगोलिक अवस्थितिको विवेचना ४५**
४.१. विषयप्रवेश ४५
४.२. मुन्धुमको मौखिकशास्त्र परम्परा ४५
४.३. मुन्धुमका प्रकारहरू ४६
४.४. मुन्धुमको मूल दर्शन ४६
४.५. मुन्धुमको स्रोतहरू ४८
४.६. मुन्धुमी स्थलको परिचय ४८
४.७. मुन्धुमी स्थलका पहिचानको सैद्धान्तिक आधारहरु ४९
४.८. मुन्धुमी स्थलहरुको पहिचान, सूचीकरण तथा भौगोलिक अवस्थिति ४९

४.८.१. फक्ताङलुङ पर्वत ५०
४.८.१.१. भौगोलिक अवस्थिति र यथास्थिति ५०
४.८.१.२. मुन्धुमी सन्दर्भ ५०
४.८.२. केवालुङ पर्वत ५१
४.८.२.१. भौगोलिक अवस्थिति र यथास्थिति ५१
४.८.२.२. मुन्धुमी सन्दर्भ ५१
४.८.३. सेवालुङ पर्वत ५२
४.८.३.१. भौगोलिक अवस्थिति र यथास्थिति ५२
४.८.३.२. मुन्धुमी सन्दर्भ ५३
४.८.४. सेमुक्ति मुक्तिगोक पहाड ५४
४.८.४.१. भौगोलिक अवस्थिति र यथास्थिति ५४
४.८.४.२. मुन्धुमी सन्दर्भ ५४
४.८.५. सिदिङ्बा/सिदिङ्लुङ पहाड ५६
४.८.५.१. भौगोलिक अवस्थिति र यथास्थिति ५६
४.८.५.२. मुन्धुमी सन्दर्भ ५७
४.८.६.मुरिङ्ला खारिङ्ला तेम्बे ५७
४.८.६.१. भौगोलिक अवस्थिति र यथास्थिति ५७
४.८.६.२. मुन्धुमी सन्दर्भ ५८
४.८.७. खाम्बुलिङ नाहाङमा यक ५९
४.८.७.१. भौगोलिक अवस्थिति र यथास्थिति ५९
४.८.७.२. मुन्धुमी सन्दर्भ ५९
४.८.८. नदीनालाहरू ६०
४.८.८.१. भौगोलिक अवस्थिति र यथास्थिति ६०
४.८.८.२. मुन्धुमी सन्दर्भ ६०
४.८.९. फङफङदेन झरना ६१
४.८.९.१. भौगोलिक अवस्थिति र यथास्थिति ६१
४.८.९.२. मुन्धुमी सन्दर्भ ६१
४.८.१०. सोधुङ वरक ६२
४.८.१०.१. भौगोलिक अवस्थिति र यथास्थिति ६२

४.८.१०.२. मुन्धुमी सन्दर्भ ६२
४.८.११. साङ्फित लिङ्फित वरक ६३
४.८.११.१. भौगोलिक अवस्थिति र यथास्थिति ६३
४.८.११.२. मुन्धुमी सन्दर्भ ६४
४.८.१२. तिम्बुङ वरक ६५
४.८.१२.१. भौगोलिक अवस्थिति र यथास्थिति ६५
४.८.१२.२. मुन्धुमी सन्दर्भ ६५
४.८.१३. पारुङफूक्कु मारुङफूक्कु ६६
४.८.१३.१ भौगोलिक अवस्थिति र यथास्थिति ६६
४.८.१३.२. मुन्धुमी सन्दर्भ ६७
४.८.१४. निङखुरी फुक्कु ६७
४.८.१४.१. भौगोलिक अवस्थिति र यथास्थिति ६७
४.८.१४.२. मुन्धुमी सन्दर्भ ६८
४.८.१५. काइलुङथुङ ६८
४.८.१५.१. भौगोलिक अवस्थिति र यथास्थिति ६८
४.८.१५.२. मुन्धुमी सन्दर्भ ६८
४.८.१६. वसाङलुङ तेरेप्लुङ ६९
४.८.१६.१. भौगोलिक अवस्थिति र यथास्थिति ६९
४.८.१६.२. मुन्धुमी सन्दर्भ ७०
४.८.१७. नियारा यक्चेयक ७०
४.८.१७.१. भौगोलिक अवस्थिति र यथास्थिति ७०
४.८.१७.२. मुन्धुमी सन्दर्भ ७१
४.८.१८. थाक्थाक्खिबो र थाक्केलुङ ७१
४.८.१८.१. भौगोलिक अवस्थिति र यथास्थिति ७१
४.८.१८.२. मुन्धुमी सन्दर्भ ७२
४.८.१९. थोकपुन तेम्बे ७२
४.८.१९.१. भौगोलिक अवस्थिति र यथास्थिति ७२
४.८.१९.२. मुन्धुमी सन्दर्भ ७३
४.८.२०. लोक्फादेन हाङफादेन ७४

४.८.२०.१. भौगोलिक अवस्थिति र यथास्थिति ७४
४.८.२०.२. मुन्धुमी सन्दर्भ ७४
४.८.२१. केघिङ तेम्बे ७५
४.८.२१.१. भौगोलिक अवस्थिति र यथास्थिति ७५
४.८.२१.२. मुन्धुमी सन्दर्भ ७५
४.८.२२. केसामी नाम्सामी लुङ ७६
४.८.२२.१. भौगोलिक अवस्थिति र यथास्थिति ७६
४.८.२२.२. मुन्धुमी सन्दर्भ ७६
४.८.२३. इत्तिसिंङ पेरेमसिंङ ७७
४.८.२३.१. भौगोलिक अवस्थिति र यथास्थिति ७७
४.८.२३.२. मुन्धुमी सन्दर्भ ७८
४.८.२४. नेन्दुरी पासाङ्गा ७८
४.८.२४.१. भौगोलिक अवस्थिति र यथास्थिति ७८
४.८.२४.२. मुन्धुमी सन्दर्भ ७९
४.८.२५. लुङईक्वा फुक्कु ८०
४.८.२५.१. भौगोलिक अवस्थिति र यथास्थिति ८०
४.८.२५.२. मुन्धुमी सन्दर्भ ८०
४.८.२६. लुङसुम्बाङ ८१
४.८.२६.१. भौगोलिक अवस्थिति र यथास्थिति ८१
४.८.२६.२. मुन्धुमी सन्दर्भ ८२
४.८.२७. थाक्पुरा मेल्लङहाङमा ८२
४.८.२७.१. भौगोलिक अवस्थिति र यथास्थिति ८२
४.८.२७.२. मुन्धुमी सन्दर्भ ८३
४.८.२८. माङ्गेन्ना यकको परिचय ८४
४.८.२८.१. फूङलिङ नागी ८५
४.८.२८.१.१. भौगोलिक अवस्थिति र यथास्थिति ८५
४.८.२८.१.२. मुन्धुमी सन्दर्भ ८६
४.८.२८.२. मेरिङदेन यक ८७
४.८.२८.२.१. भौगोलिक अवस्थिति र यथास्थिति ८७

४.८.२८.२.२. मुन्धुमी सन्दर्भ ८७
४.८.२८.३. लिङथाङ यक ८८
४.८.२८.३.१. भौगोलिक अवस्थिति र यथास्थिति ८८
४.८.२८.३.२. मुन्धुमी सन्दर्भ ८८
४.८.२८.४. पिरिङ्गे यक ८९
४.८.२८.४.१. भौगोलिक अवस्थिति र यथास्थिति ८९
४.८.२८.४.२. मुन्धुमी सन्दर्भ ९०
४.९. छलफल तथा सारांश ९०
४.१०. निष्कर्ष ९२
**परिच्छेद पाँच : मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरूको विश्लेषण ९५**
५.१. विषयप्रवेश ९५
५.२. अमूर्त सँस्कृतिको परिचय ९५
५.३. मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त  साँस्कृतिक परम्पराहरु ९६
५.३.१. हिमालय पर्वतहरूसँग सम्बन्धित अमूर्त साँस्कृतिक परम्पराहरू ९६
५.३.२. सेमुक्ति मुक्तिगोकमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू ९७
५.३.३. सिदिङ्बा/सिदिङ्लुङमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू ९९
५.३.४. मुरिङ्ला खारिङ्ला तेम्बेमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू ९९
५.३.५. खाम्बुलिङ नाहाङमा यकमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू १००
५.३.६. नदीनालाहरूसँग सम्बन्धित अमूर्त साँस्कृतिक परम्पराहरू १०१
५.३.७. फङफङदेन झरना र देवस्थलमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू १०१
५.३.८. सोधुङ वरकमा प्रचलित अमूर्त साँस्कृतिक अभ्यासहरू १०२
५.३.९. साङ्फित लिङ्फित वरकमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू १०३
५.३.१०. तिम्बुङ वरकमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू १०४
५.३.११. पारुङफूक्कु मारुङफूक्कुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू १०४
५.३.१२. निङखुरी फूक्कुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू १०५
५.३.१३. काईलुङथुङमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू १०५
५.३.१४. वसाङलुङ तेरेप्लुङमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू १०६
५.३.१५. नियारा यक्चेयकमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू १०८
५.३.१६. थाक्थाक्खिबो र थाक्केलुङमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू १०८

५.३.१७. थोकपुन तेम्बेमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू १०९
५.३.१८. हाङफादेन लोक्फादेनमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू १०९
५.३.१९. केघिङ तेम्बमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू १०९
५.३.२०. केसामी नाम्सामी लुङमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू ११०
५.३.२१. इत्तिसिंङ पेरेमसिंङमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू ११०
५.३.२२. नेन्दुरी पासाङ्गामा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू १११
५.३.२३. लुङईक्वा फुक्कुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू १११
५.३.२४. लुङसुम्बाङमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू ११२
५.३.२५. थाक्पुरा मेल्लङहाङमामा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू ११२
५.३.२६. फूङलिङ नागीमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू ११३
५.३.२७. मेरिङदेन यकमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू ११३
५.३.२८. लिङथाङ यकमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू ११४
५.३.२९. पिरिङ्गे यकमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू ११४
५.४. निष्कर्ष ११५
**परिच्छेद छ : सारांश तथा निष्कर्ष** **११७**
६.१. अनुसन्धानको सारांश ११७
६.२. अनुसन्धानको निष्कर्ष १२२
६.३. सैद्धान्तीकरण १२५
६.४. योगदान तथा शिफारिस १२५
**परिशिष्टहरू** **१२६**
**सन्दर्भ सामाग्री सूची** **१४६**

## अध्ययनमा प्रयोग भएका लिम्बू भाषाका पारिभाषिक शब्द र तिनको अर्थ

| | | |
|---|---|---|
| अङ्सी | = | अवतारी व्यक्ति/महात्मा |
| के | = | च्याब्रुङ बाजा |
| केवालुङ | = | बाघ वा सिंहझैं अटल र शक्तिशाली पर्वत |
| खाम | = | माटो |
| चोःलुङ | = | सिद्धिस्थल |
| तङनाम | = | चाडपर्व |
| तङसिङ | = | याक्थुङ लिम्बू समुदायमा दाजुभाई मिलेर गरिने एक महत्वपूर्ण अनुष्ठान |
| तागेरानिङवाफुमाङ | = | मुन्धुम अनुसार सम्पूर्ण सृष्टिको रचना गर्ने सर्वशक्तिमान ईश्वर |
| तुम्याङ | = | मुन्धुमज्ञात तथा समाजको अगुवा व्यक्तित्व |
| तेअङ्सी | = | अवतार लिई जन्मेको अवतारी व्यक्ति |
| तेम्बे | = | स्थान/ठाउँ |
| थाक | = | कपडा बुन्ने तान |
| थुङसाप | = | मौखिक मुन्धुम शास्त्र |
| थेबा | = | लिम्बू समुदाय मुख्य गृह देवता/बाजे |
| पेसाप | = | लिखित मुन्धुम शास्त्र |
| फक्ताङलुङ | = | कुम/काँध भएको पर्वत |
| फुक्कु | = | ओडार |
| फेदाङमा | = | याक्थुङ लिम्बू समुदायमा जीवित मानव जातिको उपकार र भलाईको लागि पूजा/अनुष्ठान संचालन गर्ने उपकारी |
| माङ | = | ईश्वर/देवता |
| माङ्गेन्ना | = | याक्थुङ लिम्बू समुदायमा शीर उठाउन गरिने एक अनुष्ठान |
| माङहिम | = | देवताको घर/मन्दिर |
| मुन्धुम | = | याक्थुङ लिम्बू समुदायको धर्मग्रन्थ, दर्शन र इतिहास |
| मुन्धुमी स्थल | = | मुन्धुममा पवित्र र पूज्य भनी उल्लेख भएका लिम्बू समुदायका धार्मिक तथा ऐतिहासिक स्थल |

यक = किल्ला/गढ

याक्थुङ/याक्थुङबा = गढको अग्रज वा प्रमुख/लिम्बू जातिको स्वनाम

याक्थुङ पान = लिम्बू भाषा

यागेसिङ = येबा-येमाले अनुष्ठान संचालन गर्दा जोर लिङ्गो गाडी बनाएको थानथपना

युमा = याक्थुङ लिम्बू समुदायकी मूख्य कुलदेवी/बज्यै

येबा = याक्थुङ लिम्बू समुदायमा प्रेतात्माहरुलाई छेकथुन गर्न वा पन्साउन पूजा/अनुष्ठान गर्ने पुरुष उपकारी

येमा = याक्थुङ लिम्बू समुदायमा प्रेतात्माहरुलाई छेकथुन गर्न वा पन्साउन पूजा/अनुष्ठान गर्ने महिला उपकारी

वरक = पोखरी/ताल

लुङ = ढुङ्गा

साम = आत्मा/प्राण

साम्बा = मुन्धुम गायन गर्ने ब्यक्ति/याक्थुङ लिम्बू समुदायमा जीवित मानव जातिको उपकार र भलाईको लागि मुन्धुमी अनुष्ठान संचालन गर्ने उपकारी

सावायेतहाङ = दश लिम्बू राजाहरुले तत्कालिन लिम्बूवानमा शासन स्थापना गर्नु पूर्वका आठराजाहरु

सिरे = लिम्बू समुदायका पुजारी येबायेमाका कम्पनशक्तिको गुरु देवता

सेमुक्ति मुक्तिगोक = शक्तिले बलेको/उज्यालो भएको पहाड

सेवालुङ = बलेको/उज्यालो पर्वत

सेवासाबा = लिखित मुन्धुम वाचन गरेर पूजा/अनुष्ठान संचालन गर्ने लिम्बू समुदायको पूजारी

सोधुङ्गेन लेप्मुहाङ = याक्थुङ लिम्बू समुदायका आदिम पूर्खा तथा पितृदेव

हाङ = राजा

हाङ्मा = रानी

## परिच्छेद एक

## ताप्लेजुङ जिल्ला, मुन्धुमी स्थल र अमूर्त साँस्कृतिक परम्पराहरु

### १.१. शोधविषयको परिचय (Introduction)

'ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्परा' शीर्षक शोधको यस परिच्छेदमा शोधविषयको सामान्य परिचय दिने प्रयास गरिएको छ । जसमा शोधको अध्ययन क्षेत्र ताप्लेजुङ जिल्लाको भौगोलिक अवस्था, लिम्बू समुदायको धर्मग्रन्थ मुन्धुम तथा मुन्धुममार्गी लिम्बू जातिको संक्षिप्त परिचय र मुन्धुमी स्थल र अमूर्त सँस्कृति परम्परा के हुन भन्ने विषयमा संक्षेपमा विश्लेषण गरिएको छ । साथै यस परिच्छेदमा शोधका अनुसन्धान प्रश्नहरु, उद्देश्यहरु, औचित्यहरु, शोधसिमा, अध्ययन क्षेत्र छनौट गर्नुका कारणहरु र अध्ययनको संगठन संरचनाबारेमा  चर्चा गरिएको छ ।

### १.१.१. ताप्लेजुङ जिल्लाको परिचय

ताप्लेजुङ जिल्लाको नामाकरण सम्बन्धमा विभिन्न मत रहेका छन् । फूङलिङ नगरपालिकाको नीति, बजेट तथा कार्यक्रम पुस्तिका (आ.ब. ०७७/०७८) मा अघि यस स्थानमा 'ताप्ले' नामक राजाको 'जोङ' वा किल्ला रहेकोले यस ठाउँको नाम ताप्लेजुङ रहन गएको उल्लेख छ । कतिपयले यो नाम लिम्बू भाषामा रहेकोले यसको अर्थ 'ताप' भनेको फैलिएको र 'चङ' भनेको पहाडको टुप्पा/डाँडा भन्ने अर्थ हुने भएकोले ताप्लेजुङको अर्थ पहाडको टुप्पा/डाँडामा फैलिएको जग्गा भन्ने हुन्छ भनेका छन् (पृ. १) ।

नेपालको नक्शामा ताप्लेजुङ जिल्ला कोशी प्रदेश अन्तर्गत सुदुर पूर्वोत्तर भागमा रहेको छ । यस जिल्लाको पूर्वमा भारतको सिक्किम राज्य, पश्चिममा संखुवासभा जिल्ला, उत्तरमा चीनको तिब्बत प्रदेश र दक्षिणमा तेह्रथुम र पाँनथर जिल्ला पर्दछन् । वर्तमान संघीय संरचना अनुसार यस जिल्लालाई एक नगरपालिका र आठवटा गाउँपालिकामा विभाजन गरिएको छ । जिल्ला विकास समिति ताप्लेजुङको बस्तुस्थिति विवरण (District Profile) □ २०७२ अनुसार यो जिल्ला २७° १५' देखि २७° ५४' उत्तरी आक्षांश र ८७° २७' देखि ८८° १२' पूर्व देशान्तरसम्मको भौगोलिक अवस्थितिमा फैलिएर रहेको छ । जिल्लाको कुल क्षेत्रफल ३६४६ वर्ग किलोमिटर रहेको छ । समुद्री सतहदेखि ७७७ मीटर देखि ८५८६ मीटर उचाईसम्मको भूभागहरू यस जिल्लामा रहेका छन् (पृ.१-७) ।

ताप्लेजुङ जिल्ला अनैकौ प्राकृतिक स्रोत र सम्पदाले धनी जिल्ला हो । यहाँ बर्षैभरी हिउँ टल्कने कञ्चनजंघा (८५८६ मी.), खाम्बचेन (७९०२ मी.), जानस (७७१० मी.), जोङ्साङ् (७४८३ मी.), टेण्टपिक (७३६५ मी.), काब्रु (७३५३ मी.), यालुङ (७३४९ मी.), किरातचुली (७३१५ मी.), पिरामिडपिक (७१२३ मी.), कुम्भकर्ण/फक्ताङलुङ (७७१० मी.) र द ट्वीन्स (७००४ मी.) जस्ता पर्यटनको पर्याप्त सम्भावना बोकेका हिमालहरू रहेका छन् । यी हिमालहरूबाट उत्पत्ति भई बाह्रै महिना बगीरहने तमर, काबेली, मेवा, मैवा, घुन्सा, फावा, इवा, तावा आदि जस्ता जलविद्युतको प्रचुर संभावना बोकेका नदीहरू पनि यहीँ छन् । यस्तै फुङफुडे, ढ्वाङढ्वाडे, छाँगे, होबेन, मेरिङदेन र माङछाँगा जस्ता रमणीय झर्नाहरू र सोधो पोखरी, वाग्मा पोखरी, गुराँसे पोखरी, सिञ्जेमा पोखरी तथा तिम्बुङ पोखरी जस्ता धार्मिक र पर्यटकीय सम्भावना बोकेका पोखरीहरू पनि यसै जिल्लमा रहेका छन् । पाथीभरा, फक्ताङलुङ, सिदिङ्बाधाम, वसाङलुङ, फूङफुङे देवी, दिकिछ्योलिङ, टाँसिछ्योलिङ र साँगाछ्योलिङ गुम्बाहरू जस्ता धार्मिक र पर्यटकीय महत्व बोकेका धर्मस्थल तथा तीर्थस्थलहरू र तिप्तला, याङमा आदिजस्ता अनेकौ भञ्ज्याङ एवं तावानागी तथा ईवानागी जस्ता अनेकौ नागी समेत यस जिल्लामा पाईन्छन् ।

ताप्लेजुङ जिल्लामा विभिन्न पेशा अपनाएका जातजाति र धर्मावलम्बीहरुको बसोवास पाईन्छ । बि.सं. २०७८ को जनगणना अनुसार ताप्लेजुङ जिल्लाको कुल जनसंख्या १२०५९० रहेको छ । कुल जनसंख्यामध्ये करिब ४२.०८ प्रतिशत अर्थात ५०७४८ जनसंख्या लिम्बू जातिको रहेको छ । लिम्बू बाहेक यस जिल्लामा ब्राह्मण, क्षेत्री, शेर्पा, राई, गुरुङ, तामाङ, नेवार, कामी, दमाई, मगर, सुनुवार, याक्खा, सार्की जस्ता जातजातिहरूको बसोवास रहेको छ । यस जिल्लाका बासिन्दाहरूले मुख्यतया किरात, हिन्दू र बौद्ध धर्म मान्दछन् । यहाँका बासिन्दाहरूको मूख्य पेशा खेती र पशुपालन नै हो । यस बाहेक नगदे बाली अलैची, फलफूल तथा तरकारी खेती एवं व्यपारव्यवसाय यहाँका मानिसहरूले अपनाएको अन्य पेशाहरू हुन । बैदेशिक रोजगारी पनि यहाँका बासिन्दाहरूको अर्थोपार्जनको अर्को मूख्य स्रोत हो ।

### १.१.२. लिम्बू जातिको परिचय

लिम्वूहरूले आफूलाई याक्थुङ वा याक्थुम्बा भन्ने गर्दछन् । यो नाम उनीहरूको स्वपहिचान हो । ईतिहासकार ईमानसिंह चेम्जोङका अनुशार 'यक' भन्नाले पहाड, 'थुम' भन्नाले जग्गा र 'बा' भन्नाले बासिन्दा हुन्छ । त्यसैले याक्थुम्बा शब्दको अर्थ पहाडी

जग्गाको वासिन्दा भन्ने बुझाउँछ (चेम्जोङ, वि.सं. २०५९, पृ. १८) । नारायणप्रसाद सँग्रौलाका अनुसार 'याक' को अर्थ गढ र 'तुम्ब' को अर्थ जेठो हो । तसर्थ यकतुम्बा भनेको 'जेठो गढवासी' हो (सँग्रौला, वि.सं. २०७७, पृ. १७) । आइत खजुमले याक्थुङबा शब्दको निर्माण प्रकृया र यसको अर्थमा विविधता रहेको विचार राखेका छन् । उनले याक्थुङबा शब्दको निर्माण प्रकृया र अर्थ याक्केक + फुङजङ + केयुङ्बा (भीरपहरामा बस्ने) = याक्थुङबा, यक + तुम्बा (ठाउँको जेठो/पहिलो) = याक्थुङबा र 'या'याक केथुङबा (विस्तारै पिउने) = याक्थुङबा हो भनेका छन् (खजुम, वि.सं.२०७१, पृ.३) ।

लिम्बू शब्दको उत्पत्ति सम्बन्धमा अनेक मतहरू रहेका छन् । किरात इतिहासकार ईमानसिंह चेम्जोङको मत अनुसार अघि ईसाको छैटौ शताब्दीतिर फेदाप राज्यका येतहाङ ( आठराजा) हरूलाई ताइश्यान वंशी दश सरदारहरूले धनुबाण हतियारको सहायताले जितेको हुनाले त्यसदेशको नाम लिम्बूवान राखियो । लिम्बू भाषामा 'लि' भनेको धनु, 'आबु' भनेको हान्नु र 'वान' भनेको नाम दिनु हो । त्यसपछि लिम्वूवानमा वसोवास गर्ने वासिन्दालाई दश लिम्वू वंश भनी सम्वोधन गर्न थालियो (चेम्जोङ, वि.सं.२०५९, पृ. १९) । मुन्धुम अध्येता अर्जुन मावोहाङका अनुसार मेन्छामगेन याप्मी कुबोक्मा (मानिसको उत्पत्ति) मुन्धुम मुताबिक लिम्बूहरू मुजिना खेयङ्नाका छोरा सुसुवेङलालावेङ वा सुसुवालिलिम याक्थुङहाङका सन्तानहरू हुन । यहाँका भूमिपूत्र सुसुवालिलिम याक्थुङहरूलाई राजपुतहरू जो यहाँका शासक सेन र शाहहरूले 'लिलिम' भन्दा भन्दै लिम्वू भनेर सम्बोधन गरेको पुष्टि हुन्छ ( मावोहाङ, वि.सं. २०६३, पृ. १ ) । वीर नेम्वाङको मत अनुसार लिम्बू शब्द याक्थुङहाङ लिलिमहाङ हुँदै लिलिम शब्दवाटै उत्पति भएको हो । लिम्बूहरूले आफ्नो पहिचान याक्थुङहाङ लिलिमहाङका सन्तान भएको गोरखाली खषपर्वतेहरूलाई वताएपछि उनीहरूले लिम्बू भन्न थाले (बराल र तिगेलाद्वारा उध्दृत, वि.सं. २०६४, पृ.२६) । यस्तै विरही काइँलाका अनुसार 'लिङ्बा' शब्द बाट लिम्बू भएको हो, जसको अर्थ 'उम्रनु' भन्ने हुन्छ ( काइँला, वि.सं.२०४९, पृ.२३) । हाल आएर आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५७ ले लिम्बू जातिलाई आदिबासी जनजाति भनी सूचीकृत गरेको छ ।

नेपालको पूर्वी भागका विभिन्न जिल्लाहरु लगायत विदेशहरुमा पनि लिम्बू समुदायको बसोबास रहेको देखिन्छ । बि.सं. २०७८ को जनगणना अनुसार नेपालमा लिम्बू जातिको जनसंख्या ४१४७०४ रहेको छ । यो जनसंख्या नेपालको कुल जनसंख्याको १.४२ प्रतिशत हो । लिम्बू जातिको बसोवास मुख्यगरी नेपालको वूर्वी भागका ताप्लेजुङ, संखुवासभा,

पाँचथर, तेह्रथुम, धनकुटा, ईलाम, झापा, सुनसरी तथा मोरङ जिल्लाहरूमा रहेको पाइन्छ । नेपाल बाहेक भारत, बेलायत, हङकङ, बर्मा र भूटान जस्ता देशहरूमा पनि लिम्बू जातिको उल्लेख्य बसोबास रहेको छ । उल्लेखित तत्थ्यबाट लिम्बू समुदायको बसोवास नेपाल लगायत विश्वका विभिन्न देशहरुमा छरिएर रहेको कुरा पुष्टि हुन्छ ।

लिम्बू जातिहरूका विभिन्न थर र उपथरहरू रहेका छन् । लिम्बू जातिको पाँचसय भन्दा बढी थरहरू रहेका छन् भन्ने कुरा यदाकदा सुन्नमा आएपनि हालसम्म त्यसको व्यवस्थित अध्ययन हुन सकेको छैन् । लिम्बूका हालसम्म प्रकाशित थर-उपथरहरू मध्ये शिव कुमार श्रेष्ठका अनुसार २४९ (श्रेष्ठ, वि.सं.२०५२, पृ. १०६-११०), गोविन्दबहादुर तुम्बाहाङका अनुसार ३२२ (तुम्बाहाङ, वि.सं.२०६८, पृ.४०-५५) र उर्मिला सेम्बूका अनुसार ३७९ (सेम्बू, वि.सं.२०७१, पृ. १३८ -१५०) देखिन्छ ।

लिम्बू जातिको आफ्नै छुट्टै धर्म, भाषा र लिपी रहेको छ । मुख्यतया लिम्बू जातिले किरात धर्म मान्दछन् । हाल आएर सनातन धर्मको रुपमा यूमा धर्म सम्प्रदाय पनि देखापर्न थालेको छ । समग्र लिम्बूहरू आफ्नो छुट्टै भाषा बोल्दछन् जसलाई 'याक्थुङ पान' भनिन्छ । याक्थुङ पानलाई लेखेर अभिव्यक्त गर्न लिम्बू जातिको आफ्नो छुट्टै लिपी छ जसलाई शिरिजंगा लिपी भनिन्छ ।

### १.१.३. मुन्धुम र मुन्धुमी स्थलको परिचय

मुन्धुम लिम्बू जातिको धर्मग्रन्थ तथा गतिशील जीवन दर्शन हो । लिम्बू जाति मुन्धुमले निर्देशित गरेबमोजिमको जीवन दर्शनलाई अपनाउने जाति हो । बृहत नेपाली शब्दकोषमा मुन्धुम शब्दको अर्थ 'लिम्बू जातिको धर्मशास्त्र' भनिएको छ । मुन्धुम शब्द याक्थुङ (लिम्बू) भाषाको 'मुन' र 'थुम' दुई शब्द मिलेर बनेको छ। मुन्धुम शब्दको शाब्दिक अर्थ अध्ययन गर्दा 'मुन' भन्नाले हल्लिनु, चलयमान हुनु वा गतिशिल हुनु र 'थुम' को अर्थ शक्ति वा बल भन्ने हुन्छ (लिम्बू, २०५१, पृ. १) । बैरागी काइँलाका अनुसार "लिम्बू जातिका सामाजिक, साँस्कृतिक, नैतिक र धार्मिक धारणा, आस्था र आचरणको चरम परिणति नै अनेक मिथक, गाथा र, लोककथाहरूमा अभिव्यक्त भई श्रुतिपरम्पराको रूपमा युगौयुगदेखि जीवित छ र तिनैको समष्टिलाई मुन्धुम भनिन्छ " (काइँला, वि.सं.२०५१, पृ. भूमिका क) । मुन्धुम अध्येता डि.बि.आङबुङका अनुसार- मुन्धुम बिर्सन (मु:न्) गाह्रो (थुम्) हुने अविस्मरणीय घट्नाहरूको सँगालो हो (आङबुङ, २०७९, पृ. भूमिका थ) । मुन्धुमलाई 'माङपान' वा देवबाणी पनि भन्ने गरिन्छ (मेन्याङबो र माबोहाङ, वि.सं.२०६६, पृ. १) ।

मुन्धुमको उपर्युक्त अर्थ र परिभाषबाट यो भन्न सकिन्छ कि मुन्धुम मानव जीवनको लामो भोगाईबाट प्राप्त अनेकौं अविस्मरणीय घट्ना र ज्ञानहरूको सँगालो हो, जसले सँधै हाम्रो सामाजिक, साँस्कृतिक, नैतिक र धार्मिक क्रियाकलापहरूको संचालन एवं मार्गदर्शक गर्ने कार्य गर्दछ । यसरी संक्षेपमा भन्नुपर्दा मुन्धुम मानव जीवन र यसका सामाजिक क्रियाकलापहरूको संचालन र मार्गनिर्देशन गर्ने एक गतिशील दर्शन भएकोले यो लिम्बू समुदायको धर्मशास्त्र, ज्ञानशास्त्र, दर्शनशास्त्र र इतिहास पनि हो ।

मुन्धुम लिम्बू समुदायको धर्मग्रन्थ भएकोले यो लिम्बू धर्म-संस्कार र संस्कृतिको प्रमुख स्रोत पनि हो । यसमा लिम्बू समुदायका प्राचीन पूर्खाहरूले प्रागऐतिहासिक कालदेखि आधुनिक युगसम्मको विभिन्न कालखण्डहरूमा जीवन यापन गर्ने क्रममा अनेकौ प्राकृतिक विपत्ति तथा वातावरणीय अनुकुलता एवं प्रतिकुलताहरूसँग जुध्दै आउँदा घटेका समग्र घटनाहरूबाट वटुलिएका अनुभव र सिकिएका ज्ञानहरू सँग्रहित छन् । मुन्धुममा अन्तर्निहित यस्ता अनुभव तथा ज्ञानहरूलाई आदिकालदेखि नै लिम्बू जातिका पुर्खाहरूले खासखास अनुष्ठान र संस्कार सम्पन्न गर्दा आफ्ना सन्ततिहरूलाई मौखिक शास्त्रको रूपमा मुन्धुम अभ्यासकर्ता फेदाङ्मा, साम्बा, येबा तथा तुम्याङहरू मार्फत मुन्धुम भन्दै, गाउँदै र सुनाउँदै आएकोले यो श्रुतिपरम्पराको रूपमा हालसम्म जीवित रहेको छ । यसबाट लिम्बू समुदायको धर्मग्रन्थ मुन्धुम उनीहरूको परम्परागत ज्ञानको स्रोत र अध्यात्मिक तथा साँस्कृतिक जीवनको मार्गदर्शन हो भन्ने कुरा प्रष्ट हुन्छ ।

मुन्धुमलाई विषय र प्रकृतिको आधारमा विभिन्न तरिकाले विभाजन गरिएको पाईन्छ । लिम्बू समुदायमा सामान्यतया लिखित मुन्धुमलाई 'पेसाप' र मौखिक मुन्धुमलाई 'थुङसाप' भनिन्छ । किरात भाषा तथा संस्कृति विशेषज्ञ ईमानसिंह चेम्जोङले पेसाप मुन्धुमलाई 'सक्सक् मुन्धुम' (सृष्टिको वर्णनसम्बन्धी मुन्धुम), 'साम्जिक मुन्धुम' ( दर्शनसम्बन्धी मुन्धुम), 'साप्जि मुन्धुम' (आध्यात्मसम्बन्धी मुन्धुम) र 'साप्मुन्धुम' ( ईतिहाससम्बन्धी मुन्धुम) भनेर चार भागमा विभाजन गरेको छन् (चेम्जोङ, वि.सं. २०५९, पृ. ८) । मुन्धुम अध्येता अर्जूनबाबु माबोहाङले याक्थुङ मुन्धुमलाई चुक्मुबा हिङ्मुबा मुन्धुम (बाँचेकाहरूको संरक्षणका लागि गरिने संस्कार) र यगु चङसिङमा मुन्धुम (मरेकाहरूका आत्माका मुक्तिका लागि गरिने संस्कार) गरी दुई भागमा बाँड्न सकिने उल्लेख गरेका छन् (माबोहाङ, वि.सं.२०६९, पृ.३९-४०) । यस्तै लेखक हरिचन्द्र लावतीले मुन्धुमलाई विभिन्न तेत्तीस भागमा विभाजन गरेका छन् (लावती, वि.सं. २०७८, पृ. २५७-२५८) ।

लिम्बू समुदायमा मुन्धुमका जानिफकार वा ज्ञाताहरू तुम्याङ (पञ्चभलाद्मी), फेजिक्कुम फेदाङ्मा, सावारा येच्छाम साम्बा, सिभाक यामि येबा/येमाहरू हुन् । मुन्धुमी भाषामा फेदाङ्मा, साम्बा र येबा/येमालाई पेगिफाङसाम भनिन्छ । पेगिफाङसामहरूको उत्पत्ति अदृश्य शक्ति वा देवीदेवताहरूसँग सम्बाद गर्न भएको हो भन्ने विश्वास लिम्बू समुदायमा रहेको छ । यिनीहरू नै लिम्बू समुदायको सम्पूर्ण विधागत संस्कार संचालनको पुजारीहरू हुन् । यसमा तुम्याङहरूको मुख्य काम विवादमा न्यायनिसाफ दिने र मुन्धुम अनुसार फेदाङ्मा, साम्बा र येबा/येमाले संस्कार संचालन गरे-नगरेको अनुगमन गर्ने र उनीहरूलाई आवस्यक निर्देशन दिने जिम्मेवारी हुन्छ । फेदाङमाले कर्मकाण्डहरू संचालन गर्नु पर्दछ भने साम्बाले विभिन्न धार्मिक अनुष्ठानहरू संचालन गर्ने र रोग विरामीको तन्त्रमन्त्र र ओखतिबाट उपचार गर्ने कार्य गर्दछन् । यस्तै येबा/येमालले मानवलाई दुख दिने दुरात्माहरू तथा आँखीडाहीलाई पन्छाउने वा ठेगान लगाउने मुख्य जिम्मेवारी रहेको हुन्छ । सोही अनुसार उनीहरूले मुन्धुम बमोजिम आ-आफ्ना जिम्माका कामहरू संचालन गरी लिम्बू समाजलाई अगाडी बढाउँछन् ।

लिम्बू समुदायको वसोवास रहेको पूर्वी नेपाल नै मुन्धुमको उद्गम स्थल हो । मुन्धुमका विभिन्न प्रसङ्गहरूमा पूर्वी नेपालको धेरै जसो खोलानाला, हिमाल, डाँडाकाँडा, गुफा तथा ओडारहरू, खोंच एवं फाँट जग्गाहरू, ताल तथा पोखरीहरू, प्राचीन वस्तीहरू र वन जंगलहरूको वर्णन पाइन्छ । यस्तै मुन्धुममा वर्णित याक्थुङ (लिम्बू)हरूका आदिम पुर्खाहरू, विभिन्न माङ (ईश्वर वा देवता) हरू र अनेकौ दैविक पात्रहरूको उत्पत्ति, वासस्थान र विचरण स्थल पनि लिम्बू समुदाय वसोवास गरेको पूर्वी नेपालमा नै रहेको संकेत मिल्दछ । यस्तै यहाँ लिम्बू जातिका कैयौं माङगेन्ना यकहरू पनि मुन्धुमी स्थलको रूपमा रहेका छन् । यसको साथै यस भेगमा पाइने पोरोक्सिङ (बैंस), हाङयम्बासिङ (बर), पेरेम्मासिङ (पिपल), खेच्छिङसे सिङ (कटुस), ससिङ (सखुवा), तेङगोसिङ (सिमल), सामसिङ (काउलो), हङसिङ (खमारी), मुक्तु (घुङरिङ), से?लो (अम्लिसो),पक्मिक्ला (देवनिगालो), सेमिक्ला (निगालो), वारेक्पा (सिलटिमुर), याङ्सिङबा (चिलाउने) आदिजस्ता धार्मिक तथा साँस्कृतिक महत्वका वोटविरुवाहरू, जीवजन्तुहरू तथा जडिवुटीहरूको मुन्धुममा यथेष्ट रूपमा उल्लेख भएको पाइन्छ । यी सबै तथ्यहरूले पूर्वी नेपाल मुन्धुमको उद्गम स्थल रहेको कुरा स्पष्ट हुन आउँछ ।

याक्थुङ (लिम्बू) जातिको मुन्धुमहरूमा वर्णन भएका पवित्र धार्मिक तथा साँस्कृतिक स्थलहरूलाई नै मुन्धुमी स्थलहरू हुन् । मुन्धुममा वर्णन भए अनुसार मानवहरूको उत्पति भएको स्थल, मुजिङ्ना खेयङ्नावाट प्रथम मानव सुसुवेङ लालावेङ जन्म भएको स्थान, लिम्बू समुदायका आदिम पूर्खा साबायेत्हाङहरूको प्राचीन बसोवास स्थान, मानवले प्रथम घर लोक्फाहिम सिङहिम (काठ तथा वाँसले वनेको घर) निर्माण गरेको स्थान, लिम्बूहरूका प्राचीन पुर्खाले सांस्कृतिक बाजा के (च्याब्रुङ) प्रथम पटक बनाएको स्थल, युमामाङको विचरण गर्ने तथा तान वुन्ने स्थल, सेसेलुङ (कन्चनजंघा), फक्ताङलुङ (कुम्भकर्ण), सेमुक्तु मुक्तुवुङ (पाथीभरा) र सेवालुङ (मानाभरा) आदि जस्ता अनेकौ शक्ति दायिनी पर्वतहरू रहेको स्थान, अनेकौ खोलानाला र पोखरीहरू मुन्धुमी स्थलको रूपमा रहेको स्थान र लिम्बू जातिका कैयौं माङगेन्ना यकहरू मुन्धुमी स्थल रहेको स्थान ताप्लेजुङ नै हो । यसबाट ताप्लेजुङ जिल्लामा धेरै मुन्धुमी स्थलहरू रहेको कुरा प्रमाणित हुन्छ ।

### १.१.४. अमूर्त सँस्कृतिको परिचय

संस्कृति मानवको जीवन पद्धति हो । यसभित्र मानिसको सामाजिक जीवनका सम्पूर्ण क्रियाकलापहरू समेटिएका हुन्छन् । मानवका रीतिरिवाज, धर्म, परम्परा, भाषा, चालचलन, पेशा, आनीबानी, लवाइखुवाइ, भेषभूषा, विश्वास, मूल्य-मान्यता आदि जस्ता विषयहरू साँस्कृतिक अध्ययन अन्तर्गत पर्दछन् । मानव संस्कृतिलाई मूलतः मूर्त र अमूर्त संस्कृति गरी दुई भागमा विभाजन गरेर अध्ययन गरिने परम्परा रहेको छ । मूर्त सांस्कृतिक सम्पदाहरूमा भौतिक, दृष्य र निश्चित रूपरंग तथा आकार प्रकार भएका वस्तुहरू-मन्दिर, विहार, चैत्य, गुम्बा, मस्जिद र विभिन्न देवीदेवताका प्रतिमाहरूको बनोट, आकार, शैली र तिनीहरूको सँस्कृतिसँग सम्बन्ध जस्ता विषयहरूको अध्ययन गरिन्छ । यता अमूर्त संस्कृति सम्पदाहरूमा भने मानव समुदायको विश्वास प्रणाली, चालचलन, भाषा, साहित्य, कला, रीतिरिवाज, मूल्य-मान्यता र परम्परा आदिका रूपमा रहेका अभौतिक एवं अदृष्य वस्तुहरूको अध्ययन गरिन्छ । यस शोधमा मुन्धुमी स्थलका यिनै अमूर्त साँस्कृतिक परम्पराको अध्ययन गरिएको छ ।

### १.२. समस्या कथन (Statement of the Problem)

ताप्लेजुङ जिल्लामा कैयौं मुन्धुमी स्थलहरू रहेतापनि तिनीहरूको हालसम्म व्यवस्थित रूपले अध्ययन अनुसन्धान हुन सकेको छैन । यस्तो अध्ययनको अभावमा यहाँ रहेका मुन्धुमी स्थलहरूको आमरूपमा जानपहिचान नभएको अवस्था छ । जनमानसमा

आमरूपमा मुन्धुमी स्थलहरूको जानपहिचान नहुँदा यस्ता स्थलहरूप्रति उनीहरू अनभिज्ञ रहेका छन् । जनमानसको यस किसिमको अनभिज्ञताबाट मुन्धुमी स्थलहरूको पहिचान, प्रचार र संरक्षण हुन नसकी यस्ता स्थलहरूको धार्मिक, साँस्कृतिक, ऐतिहासिक एवं पुरातात्विक महत्व क्रमशः ह्रास हुँदै गएको अवस्था छ । मुन्धुमी स्थलहरूको धार्मिक तथा साँस्कृतिक उपादेयताको क्रमशः ह्रास भएबाट त्यस्ता अमूल्य सम्पदाहरूको क्रमशः लोपहुँदै जाने खतरा पनि रहेको छ । यसको साथसाथै यस्ता मुन्धुमी स्थलहरूको पहिचान, संरक्षणको सचेतना र योजना नहुँदा सरकारी तथा गैह्रसरकारी स्तरबाट संचालित अव्यवस्थित भौतिक पूर्वाधार निर्माण कार्यले कतिपय मुन्धुमी स्थलहरूको प्राकृतिक स्वरूप नष्ट भै सकेका छन् भने यो क्रम दिन प्रतिदिन बढी रहेको छ । यी सबै कारणहरूले साँस्कृतिक सम्पदाको रूपमा रहेको ताप्लेजुङ जिल्लाका विभिन्न मुन्धुमी स्थलहरूको तत्काल थप खोज-अनुसन्धान एवं प्रकाशन हुन नसके तिनीहरूको भौतिक अस्तित्व र यससँग सम्बन्धित अमुर्त साँस्कृतिक सम्पदाहरूको निकट भविष्यमा नै लोप हुने खतरा रहेको देखिन्छ ।

मैले महसुस गरेका उपर्युक्त समस्याहरूको समाधानका लागि आवश्यक उत्तर खोज्न यस अनुसन्धानमा मूख्यगरी निम्न अनुसन्धान प्रश्नहरू (Research questions) राखिएको छ :-

(क) ताप्लेजुङ जिल्लामा के कस्ता मुन्धुमी स्थलहरू रहेका छन ?

(ख) ती मुन्धुमी स्थलहरूको भौगोलिक अवस्थिति र यथास्थिति कस्तो छ ?

(ग) मुन्धुमी स्थलहरूमा अमूर्त साँस्कृतिक परम्पराहरू के कसरी प्रचलनमा छन ?

## १.३. अनुसन्धानका उद्देश्यहरू (Objectives of the Study)

माथि उल्लेखित अनुसन्धान प्रश्नहरूको सेरोफेरोमा प्रस्तुत अनुसन्धानका मुख्यगरी निम्न तीन उद्धेश्यहरू रहेका छन् :-

(क) ताप्लेजुङ जिल्लाका मुन्धुमीस्थलहरू पहिचान गरी सूचीकृत गर्ने ।

(ख) सूचीकृत मुन्धुमीस्थलहरूको भौगोलिक अवस्थिति र यथास्थितिको विवेचना गर्ने ।

(ग) मुन्धुमी स्थलहरूसँग सम्बन्धित अमूर्त साँस्कृतिक परम्पराहरूको विश्लेषण गर्ने ।

## १.४. अध्ययनको औचित्य (Justification of the Study)

लिम्बू जातिको मुन्धुम उत्पत्तिकालदेखि आजसम्म मूलत मौखिक श्रुतिपरम्परा शास्त्रमा आधारित छ । कतिपय संकलक तथा लेखकहरूले हिजोआज मौखिक

श्रुतिपरम्पराबाट एक पुस्तदेखि अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको यो मुन्धुमलाई खोज-अनुसन्धान गरी पुस्तक तथा लेखहरू प्रकाशन गरेको पाइएतापनि मैले गरेको सम्बन्धित क्षेत्रका साहित्य समिक्षा, अनुसन्धान कृति एवं अन्य पूर्वकार्यको अध्ययन अनुसार ताप्लेजुङ जिल्लाको मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरूको विषयमा केन्द्रीत रहेर सम्पन्न गरिएको गहन प्राज्ञिक शोधकार्यको अभाव महशुस गरेको छु । त्यसैले यो अध्ययन यस विषयमा एउटा नवीनतम कार्य हुनेछ । साथै यस अध्ययनले ताप्लेजुङ जिल्लाको मुन्धुमी स्थलहरूको सम्बन्धमा लुकेर रहेको विविध ज्ञान र रहस्यलाई उत्खनन गरी सबैसामु प्रकाशमा ल्याउने छ । यसको साथसाथै प्रस्तुत अध्ययन ताप्लेजुङ जिल्लाको मुन्धुमी स्थलका बारेमा जान्न चाहने व्यक्तिहरूको लागि एक महत्वपूर्ण दस्ताबेज (Document) पनि हुनेछ । यस अध्ययनले भविष्यमा अन्य अनुसन्धानकर्ताहरूलाई मुन्धुम र यसको उत्पत्तिस्थल, मुन्धुमको ऐतिहासिक पक्ष, दर्शन र ज्ञान सम्बन्धमा थप तत्थ्य पत्ता लगाउन समेत सहयोग पुऱ्याउनेछ । साथै यस अनुसन्धानले मुन्धुमी स्थलहको भौगोलिक अवस्थिति र यथास्थितिलाई खोजी गरी विवेचना गर्ने र ती स्थलहरुसंग सम्बन्धित अमूर्त संस्कृतिहरूको विवेचना गर्नेछ । यसबाट मुन्धुमी स्थलहरूको संरक्षण र विकासमा नीति-नियम र योजना निर्माण गर्न सम्बद्धपक्ष, नीतिनिर्माता तथा योजनाकारलाई समेत मद्दत पुग्नेछ ।

### १.५. अनुसन्धानको सीमाङ्कन (Delimitation of the Study)

यस अध्ययनको भौगोलिक सीमा क्षेत्र ताप्लेजुङ जिल्ला रहेको छ । ताप्लेजुङ जिल्लामा के कस्ता मुन्धुमी स्थलहरू रहेका छन् पहिचान र सूचीकरण गर्नु, यस्ता मुन्धुमी स्थलहरूको प्रत्यक्ष अवोलोकन पश्चात ती स्थानहरू भौगोलिक अवस्थिति र यथास्थितिको विवेचना गर्नु र यस्ता मुन्धुमी स्थलसँग सम्बन्धित अमूर्त साँस्कृतिक परम्पराहरू के कसरी प्रचलनमा छन् भन्ने कुराको विश्लेषण गर्नु यस अध्ययनको विषयगत क्षेत्र रहेको छ । स्रोत, साधन र समयको अभावको कारणले तत्थ्याङ्क संकलनका लागि उच्च हिमाली पर्वत तथा दुरदराजमा रहेका दुर्गम मुन्धुमी स्थलहरूको स्थलगत अवलोकन गरिएको छैन । यस्ता मुन्धुमी स्थलहरूको तथ्य संकलनको लागि द्वित्तीयक स्रोतको सहायता लिइएको छ । सुगम स्थानमा रहेका मुन्धुमी स्थलहरूको मात्र स्थलगत अवलोकन गरिएको छ । यसरी अवोलोकन गरिएका मुन्धुमी स्थलहरूमा जि.पि.एस.यन्त्रको सहायताबाट सो स्थानको भौगोलिक पहिचान गरिएको छ । यस अध्ययनमा मूख्यतया लिखित तथा मौखिक मुन्धुमहरू,

मुन्धुमी स्थलबारे प्रकाशित लेख तथा अध्ययन प्रतिवेदनहरू, मुन्धुमी स्थलमाथि रहेको मानिसहरूको आस्था/विश्वास, लोकपरम्परा, किंबदन्ती, आख्यान तथा मिथकहरू जस्ता अमूर्त साँस्कृतिक अभ्यासहरूको अध्ययनमार्फत तत्थ्यहरू संकलन गरिएको छ ।

तािप्लेजुङ जिल्लामा धरै नै मुन्धुमी स्थलहरू रहेतापनि मुख्यतया यो अध्ययन अमूर्त साँस्कृतिक अभ्यासहरू संचालन हुँदै आएका मुन्धुमी स्थलहरूको अध्ययनमा केन्द्रीत रहेको छ । प्रस्तुत अनुसन्धानको यथार्थ र बस्तुनिष्ठ निष्कर्ष निकाल्न मुन्धुमी स्थलहरूको उत्खनन गरी प्राप्त भौतिक अवशेषहरूको परीक्षण गर्ने खालको पुरातात्विक अनुसन्धान विधिको प्रयोग गर्नु उचित हुने भए तापनि समय, स्रोत र साधनको सिमितताले गर्दा यस प्रकारको अनुसन्धान विधि यहाँ प्रयोग गरीएको छैन । यस कारण मुन्धुमी स्थलहरूको उत्खनन गरी प्राप्त भौतिक अवशेषहरूको परीक्षण मार्फत निरपेक्ष तिथीमिति निर्धारण गरी यी मुन्धुमी स्थलहरूको ऐतिहासिक तथा साँस्कृतिक तत्थ्य पत्ता लगाउनु विधिगत रुपमा उपयुक्त हुनु पर्नेमा सो नगरिएबाट यस अध्ययनको निश्कर्षको सत्यतामा केही तलमाथि पर्न जाने चुनौति रहन्छ । यसलाई यस अध्ययनको परिणाममा देखापर्ने सीमा (Limitation) को रूपमा लिइएको छ ।

**१.६. अध्ययन क्षेत्र छनौट गर्नुका कारणहरू (Reasons for Selecting the Study Area)**

ताप्लेजुङ जिल्लाको वस्तुस्थिति विश्लेषण गर्दा यस जिल्लामा मुन्धुमको अनुसरण गरी साँस्कृतिक जीवन यापन गर्ने लिम्बू समुदायको सघन बसोबास रहेको देखिन्छ । यसको अतिरिक्त मुन्धुमसँग सम्बन्धित कैयौं मुन्धुमी स्थलहरू यस जिल्लामा रहेको कुरा मुन्धुमसम्बन्धी प्रकाशित विभिन्न साहित्यहरू र स्थानीय स्तरमा प्रचलित विभिन्न आख्यान, किम्बदन्ती तथा मिथकहरूको अध्ययनबाट थाह पाइन्छ । तर यी मुन्धुमी स्थलहरू र त्यहाँ संचालित विभिन्न साँस्कृतिक अभ्यासहरू बारेमा हालसम्म अनुसन्धान भई कुनै जानकारी प्रकाशमा आउन सकेको छैन । मुन्धुम मौखिक श्रुतिपरम्परा पद्धति अनुसार यसका अभ्यासकर्ता एवं स्रोतव्यक्तिहरू - फेदाङबा, येबा-येमा, साम्बा र तुम्याङहरूबाट हालसम्म पुस्तान्तरण हुँदै आएको छ । तर आजभोली यी स्रोत व्यक्तिहरू हराउँदै गएकोले मुन्धुमी स्थल र त्यहाँ संचालित विभिन्न साँस्कृतिक अभ्यासहरूबारेको ज्ञान लोपहुने अवस्था छ । त्यसैले ताप्लेजुङ जिल्लामा के कस्ता मुन्धुमी स्थलहरू रहेका छन् ? ती मुन्धुमी स्थलहरुको भौगोलिक अवस्थिति र यथास्थिति कस्तो छ ? मुन्धुमी स्थलहरूमा अमूर्त साँस्कृतिक

परम्पराहरू के कसरी प्रचलनमा छन ? भन्ने शोध प्रश्नहरुको उत्तर प्राप्त गर्ने उद्देश्यले केन्द्रीत भएर अनुसन्धान गर्न यो अध्ययन क्षेत्रको छनौट गरिएको छ ।

## १.७. अध्ययनको संगठन (Organization of the Study)

प्रस्तावित शोधप्रबन्धलाई व्यवस्थित रूपमा सम्पन्न गर्नको लागि सात परिच्छेदमा विभाजन गरिएको छ । यसरी परिच्छेद विभाजन गरिएको शोधप्रबन्धको रूपरेखा निम्ननुसार रहेको छ :

परिच्छेद- १ ताप्लेजुङ जिल्ला, मुन्धुमी स्थल र अमूर्त साँस्कृतिक परम्पराहरु

परिच्छेद- २ सन्दर्भ साहित्यको समिक्षा

परिच्छेद- ३ अनुसन्धान विधि

परिच्छेद- ४ ताप्लेजुङ जिल्लामा रहेका मुन्धुमी स्थलहरूको पहिचान, सूचीकरण र भौगोलिक अवस्थितिको विवेचना

परिच्छेद - ५ मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरूको विश्लेषण

परिच्छे - ६ सारांश तथा निश्कर्ष :

मुन्धुमी स्थल र अमूर्त साँस्कृतिक परम्पराहरुको अन्तरसम्बन्ध

परिशिष्ट

सन्दर्भ सामाग्रीसूची

# परिच्छेद दुई

# सन्दर्भ साहित्यको समिक्षा

## २.१. विषयप्रवेश

अनुसन्धान गर्न लागिएको कुनै निर्दिष्ट विषयमा वर्तमान अवस्थासम्म के कस्ता तत्थ्य र ज्ञानहरू पत्ता लागेका छन् र उक्त विषयमा अब अनुसन्धान गरी पत्ता लगाउन पर्ने के के विषयहरू बाँकी रहेका छन् ? भनी अनुसन्धान विषयसंगसम्बन्धित सन्दर्भ साहित्यहरूको विश्लेषण गरी  समिक्षा गर्ने कार्य नै सन्दर्भ साहित्यको समिक्षा हो । 'ताप्लेजुङका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू' शीर्षकको प्रस्तुत शोधप्रबन्धको यस परिच्छेदमा सम्बन्धित क्षेत्रका साहित्य सामाग्रीहरु, अनुसन्धान कृति एवं अन्य पूर्वकार्यको अध्ययन पश्चात तीनको समिक्षा प्रस्तुत गरी अनुसन्धान रिक्तता पत्ता लगाउने कार्य गरिएको छ । यहाँ सन्दर्भ साहित्यहरुको समिक्षालाई सैद्धान्तिक समिक्षा, नीतिगत समिक्षा, विधिगत समिक्षा र विषयगत साहित्य समिक्षा गरी चार खण्डमा विभाजन गरी विश्लेषण गरिएको छ । त्यसमा पनि  सैद्धान्तिक समिक्षा, नीतिगत समिक्षा र विधिगत समिक्षाहरुसंग सम्बन्धित सन्दर्भ साहित्यलाई विषयगत (Thematic) रुपमा र विषयगत साहित्य समिक्षासंग सम्बन्धित सन्दर्भ साहित्यलाई कालक्रमिक (Chronological) रुपमा समिक्षा गरी प्रस्तुत गरिएको छ ।

## २.२. सैद्धान्तिक ढाँचाको समिक्षा (Review of Theoretical Framework)

हालसम्म सँस्कृतिको निर्माण र विकाससम्बन्धी विश्वमा धेरै विद्वानहरूबाट अनेकौ सिद्धान्तहरू प्रतिपादन भएका छन् । यस्ता सिद्धान्तहरूमा संरचनात्मक प्रकार्यवाद, उद्‌विकासवाद, प्रसारवाद, साँस्कृतिक पर्यावरणवाद, मार्क्सवाद र साङ्केतिक अन्तर्क्रियावाद प्रमुख रूपमा रहेका छन् । यस अध्ययनमा मुन्धुमी स्थलहरू र त्यससँग सम्बन्धित अमूर्त सँस्कृति परम्पराहरूको विषयमा अनुसन्धान हुने भएकोले उपर्युक्त सिद्धान्तहरूमध्ये कुनै न कुनै कोणबाट तिनीहरुमध्ये अधिकांश सिद्धान्तहरूको उपयोग यस अध्ययनमा हुनसक्ने देखिएतापनि मुख्यतया दुईबटा सिद्धान्तहरूलाई यस अध्ययनमा उपयोग गरिएको छ । मुन्धुम र मुन्धुमी स्थलहरूको अवधारणाको निर्माण र विकास किन र कसरी भएको हो भन्ने सन्दर्भमा संरचनात्मक प्रकार्यबाद (Structural Functionalism) का सैद्धान्तिक मान्यताहरु र यस्तो सँस्कृतिको निर्माणमा के कस्तो वातावरणीय भूमिका रहेको छ भन्ने कुराको विश्लेषण

गर्न साँस्कृतिक पर्यावरणबाद (Cultural Ecology) का सैद्धान्तिक मान्यताहरुको सहयोगमा प्राप्त तथ्याङ्कहरुको व्याख्या एवं विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ ।

**२.२.१. संरचनात्मक प्रकार्यबादको परिचय (Introduction of Structural Functionalism)**

समाज व्यवस्था र सँस्कृतिको व्याख्या र विश्लेषण गर्न संरचनात्मक प्रकार्यबाद (Structural Functionalism) सिद्धान्तको महत्वपूर्ण भूमिका रहेको छ । संरचनात्मक प्रकार्यवादले सिङ्गो समाज र यसका ईकाइहरूबीचको कार्यकारण सम्बन्धको अध्ययन गर्दछ । समाज भनेको कुनै एउटा वस्तुमात्र नभएर यो सामाजिक सम्बन्धहरूको जटिल जालो हो । यही सामाजिक सम्बन्धको जालोभित्र रहेका विभिन्न ईकाइहरूद्वारा गरिने प्रकार्यबाट नै समाज निर्माण र संचालन भएको हुन्छ । कुनैपनि समाज र संस्कृतिको अध्ययन भनेको सामाजिक र साँस्कृतिक प्रक्रियाको अध्ययन हो । यस्तो सामाजिक र साँस्कृतिक प्रकृया भनेको नै सिङ्गो समाज विकासको प्रक्रिया हो । अत : समाज विकास प्रक्रियाको अध्ययन भन्नु नै समग्र समाजिक प्रणाली र यसका ईकाइहरूबीच रहेको कार्यकारण सम्बन्धको अध्ययन हो । कोजर (Coser) को भनाईमा कुनै सामाजिक क्रियाको परिणाम त्यस संरचना तथा समाज निर्माणका अङ्गहरूको अनुकुलन तथा तिनीहरूको बीचमा पारस्परिक सहायता हुन्छ भने त्यो प्रकार्य हो । यस्तै रेडक्लिफ ब्राउन (Radcliffe Brown) का अनुसार संरचनात्मक प्रकार्यबाद भन्नाले कुनै सामाजिक एकाइको कार्य त्यस एकाइको त्यो योगदान हो जसले सामाजिक व्यवस्थालाई क्रियाशील बनाउनको लागि भूमिका निर्वाह गर्दछ ।

प्रकार्यवादी समाजशास्त्री-मानवशास्त्रीहरूले क्षेत्रगत अध्ययन गरी शुरुमा यस सिद्धान्तको मान्यताहरू अगाडि सारेको पाईन्छ । त्यसपछि लेमार्क र डार्बिनले प्राणीहरूको उत्पत्ति र विकाससम्बन्धी विभिन्न अध्ययनहरू गरी जीव विकाससम्बन्धी सिद्धान्तको विकास गरे । यसै जीव विकासको सिद्धान्तलाई आधार मानेर समाजशास्त्री हर्बर्ट स्पेन्सरले समाजलाई जैविक प्रणाली (Living Organism) सँग दाँजेर अध्ययन गरे । यसरी यस सिद्धान्तको पृष्ठभूमी तयार भएको पाईन्छ ।

संरचनात्मक प्रकार्यवाद सिद्धान्तको निर्माण र विकासमा मुख्यत अगष्ट कोम्टे (१७९८ - १८५७), ईमाइल दुर्खिम (१८५८ - १९१७), हर्बर्ट स्पेन्सर (१८२० - १९०३), मेलिनोवस्की (१८८४-१९४२), टाल्कोट पार्सन्स (१९०२ - १९७९), रेडक्लिफ ब्राउन (१८८१ - १९५५), र रबर्ट मर्टन (१९१० - २००३) जस्ता समाजशास्त्री/मानवशास्त्रीहरूको भूमिका महत्वपूर्ण रहेको छ ।

### २.२.२. संरचनात्मक प्रकार्यवादका मूलभूत मान्यताहरू

(क) समाज एउटा प्रणाली हो जसमा विभिन्न अन्तर्सम्बन्धित भागहरू, प्रकार्यात्मक अन्तर्सम्बन्ध, एकता र अन्तर्निर्भरता हुन्छ ।

(ख) प्रणाली भित्रका भागहरू अन्य भागहरूसँग निर्भर हुन्छन् र समग्रमा, सम्पूर्ण भागहरू प्रणाली संचालनका लागि मिलेर काम गर्दछन् । प्रणाली र यसका भागहरूलाई एकआपसमा अलग गर्न सकिन्न ।

(ग) प्रणालीको अस्तित्व कायम गरिराख्न यसका भागहरूको व्यवस्थापन सुव्यवस्थित तरिकाले गरिएको हुन्छ ।

(घ) सामाजिक प्रणाली स्थिर, दीर्घकालिन र स्वयम् संचालित हुन्छ ।

(ङ) प्रणालीका केही भागहरूले अनुपयोगी भूमिका खेलेमा यसको सन्तुलनमा गडबडी पैदा हुन्छ तर प्रणालीले सन्तुलन बनाई राख्न प्रयास गर्छ ।

(च) प्रणालीको कुनै भागमा आउने परिवर्तनले प्रणालीमा प्रतिकुल अवस्था उत्पन्न हुन्छ र त्यस्तो प्रतिकुलताले पुनः अनुकुलताको अवस्था सिर्जना गर्दछ ।

(छ) सामाजिक प्रणाली गतिशील एकताको रूपमा रहन्छ र पूर्ण एकता कहिल्यै प्राप्त हुन सक्दैन ।

(ज) समाजिक प्रणालीमा कुकार्य, विचलन, तनाव र द्वन्द पनि उत्पन्न हुन्छ र तिनीहरू विस्तारै समाधान हुँदै जान्छन् । परिवर्तनले प्रणालीको आधारलाई प्रभाव पार्न  सक्दैन ।

(झ) प्रणालीलाई निरन्तरता दिनका लागि केही प्रकार्यात्मक पूर्वशर्तहरू आवस्यक रहन्छ ।

(ञ) प्रकार्यबिना सामाजिक संरचना र सामाजिक संरचनाको अभावमा प्रकार्य हुँदैन ।

(ट) प्रकार्यहरू प्रकट र अप्रकट हुन सक्छन् ।

### २.२.३. संरचनात्मक प्रकार्यवादको आलोचना

संरचनात्मक प्रकार्यवादमा रहेका कमजोरीहरू औल्याउँदै Myrdal, Ruth Bendict, Hambel, T.Bottomore जस्ता विद्वानहरूले यस सिद्धान्तको यस प्रकार आलोचना गरेका छन् :–

(क) यो सिद्धान्तले समाजिक एकाइहरूको प्रकार्यात्मक सम्बन्धको मात्र व्याख्या गर्दछ तर समाजमा घट्ने विभिन्न घट्नाहरू किन र कसरी घट्दछन् त्यसको व्याख्या गर्न सक्दैन ।

(ख) यो सिद्धान्तले समाजिक एकाइहरूको प्रकार्यात्मक सम्बन्धले समाज सँधै सन्तुलनमा रहन्छ भन्ने मान्यता राख्दछ तर यो सँधै सत्य हुदैन । जटिल र परिवर्तनशील समाजको अध्ययन यस सिद्धान्तको आधारमा गर्न सकिदैन ।

(घ) यो सिद्धान्त यथास्थितिवादी रहेको छ । यसले समाज र सँस्कृतिमा हुने परिवर्तनको व्याख्या गर्न सक्दैन ।

(ङ) यस सिद्धान्तमा रहेका कतिपय अवधारणाहरू अस्पष्ट छन् । साथै यसले समाज र सँस्कृतिको विकास र परिवर्तनमा व्यक्तिको भूमिका र सम्बन्धलाई व्याख्या गर्न सकेको छैन् ।

## २.२.४. साँस्कृतिक पर्यावरणबादको परिचय (Introduction of Cultural Ecology)

सामाजिक बिज्ञानमा मानव समाज र संस्कृतिको विकास र परिवर्तनसम्बन्धी व्याख्या र विश्लेषण गर्ने एक महत्वपूर्ण सिद्धान्तहरू मध्ये सांस्कृतिक पर्यावरणवाद एक प्रमुख सिद्धान्त हो । संस्कृतिलाई संक्षेपमा परिभाषा गर्दा यो मानव जीवन यापनको एक तरिका हो जसको निर्धारण उसको पर्यावरणले गर्दछ । अत पर्यावरण (Ecology ) ले जीव र उसको वासस्थान वरिपरी रहेको भौतिक अवस्थाको अध्ययनलाई  जनाउँछ ।

विभिन्न विद्वानहरुले साँस्कृतिक पर्यावरणबादको  आ-आफ्नै तरिकाले परिभाषा गरेका छन् । सांस्कृतिक पर्यावरणले मानिस र तिनिहरूको जीवन पद्धतिलाई इकोसिष्टमको भागको रूपमा अध्यायन गर्दछ  “Cultural ecology is the study of  people and their ways of life as part of ecosystem” (श्रेष्ठ र आचार्य, २०७३, पृ. १६५) । “साँस्कृतिक पर्यावरण भनेको अध्यायनको एक प्रकृया हो जसले समाज र पर्यावरणबीच कस्तो सम्बन्ध-अन्तरसम्बन्ध छ वा समाजले पर्यावरणमसँग कसरी अनुकुलन गर्दछ अर्थात पर्यावरणमा अभियोजन (Adjust) गर्नको लागि समाजले के कस्तो प्रयास गर्दछ भन्ने सम्बन्धमा अध्यायन गर्दछ” (अधिकारी र खत्री , वि.सं. २०६३, पृ. १५९) । साँस्कृतिक पर्यावरण सँस्कृति र त्यसको वातावरणबीचको सम्बन्धको विश्लेषण गर्ने विज्ञान हो “Cultural Ecology is the analysis of  relationship between a cultural and its environment” (श्रेष्ठ र आचार्य, २०७३, पृ. १६५) । सत्य यो हो कि संस्कृति जीवनको बाटो हो यसलाई नयाँ

प्रकाशको रूपमा लिईयो भने मूल सिद्धान्त संस्कृति मानव अनुकुलन नै हो । संस्कृति समाजको निरन्तरताको लागि बनाईएको हुन्छ, । वातावरणमा जोड दिनका लागि तयार पारिएको हुन्छ । "The truism that culture are ways of life, taken in new light, is the ground premise cultures are human adaptations. Culture, as a design for society is continuity stipulates its invironment" (अधिकारी र खत्री , वि.सं. २०६३, पृ. १५८) ।

माथि उल्लेखित तथ्यहरुबाट मानव र वातावरणवीच अन्तरक्रिया भई वातावरणसँग मानिसहरू अनुकुलन हुने प्रक्रियामा नै कुनै पनि संस्कृतिको उत्पत्ति र विकास हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ । कुनैपनि एक अर्को समुदायको संस्कृतिक समानता र फरकपनको मुख्य कारण प्राकृतिक तथा सामाजिक वातावरणको समानता र भिन्नता नै हो भन्ने यो सिद्धान्तको निचोड रहेको देखिन्छ ।

### २.२.५. साँस्कृतिक पर्यावरणवादका मूलभूत मान्यताहरू

(क) विशेष संस्कृतिहरू विशेष वातावरणको अवस्थामा अनुकुलनको प्रक्रिया अन्तर्गत विशेष साँस्कृतिक स्वरूप अनुसार विकास भएका हुन्छन । यसको अर्थ वातावरण ठाँउ र समय अनुसार फरक फरक हुन्छ । यी फरक फरक वातारणमा मानिसले वातावरणमा अनुकुलन हुने क्रममा फरक फरक संस्कृतिको विकास गर्न पुग्दछ । त्यसैले फरक फरक वातारणीय परिवेश अनुसार फरक फरक किसिमका विशेषता भएका संस्कृतिको विकास भएका हुन्छन । जस्तै गर्मी स्थानमा बस्ने मानिसहरूको पोशाक पातलो हुनु र जाडो स्थानमा बस्ने मानिसहरूको पोशाक बाक्लो तथा पोशाक निर्माणको ढाँचा पनि फरक फरक हुने गर्दछ ।

(ख) अनुकुलन साँस्कृतिक निर्माण र परिवर्तनको प्रमुख प्रक्रिया हो ।वातावरणसँग अनुकुलन हुन नसक्ने प्राणी तथा जीवजन्तुको अस्तित्व लोप हुने भएकोले मानिसले जहिले पनि वातावरणसँग अनुकुलता कायम राख्नुपर्छ । वातावरण सँधै सवै ठाँउमा एकै नासको रहँदैन । त्यसैले परिवर्तित वातावरणमा मानवले आफूलाई ढाल्ने क्रममा क्रमशः सांस्कृतिक परिवर्तन हँदै जान्छ ।

(ग) संस्कृति र वातावरण दुई भिन्दाभिन्दै कुरा होइनन् वरु तर्कसँगत रूपमा एकआपसमा अन्तर्क्रिया गर्दछन । वातावरण र संस्कृतिबीच घनिष्ट सम्बन्ध रहेको छ । यी दुवै कुरा एउटा सिक्काका दुई पाटा जस्ता हुन । वातावरण विना संस्कृतिको निर्माण सम्भव छैन भने विना संस्कृतिको वातावरण उजाड र अर्थहिन हुन्छ ।

मानिसले प्रविधिको विकास मार्फत अनुकुलनका लागि वातावरणसँग लगातार अनतर्क्रिया गर्दछ । यस्तो अन्तर्क्रियाको प्रमुख उद्देश्य नै प्राकृतिक स्रोत साधनको दोहन गरी मानिसले आफ्नो बाँच्ने रणनीति तयार गर्नको लागि हो ।

(घ) संस्कृति समाजमा विद्यामान सवै पक्षको समग्रता हो । संस्कृतिको निर्माण कुनै एक पक्षको योगदानबाट मात्र भएको हुन्छ भनेर किटान गर्न सकिन्न । संस्कृति भनेको मानवले समाजवाट सिक्ने कुराको जटिल समग्रता हो (अधकिारी र खत्री, वि.सं. २०६३, पृ. १६३-१७३) । संस्कृति निर्माणमा प्राकृतिक वातावरण र सामाजिक वातावरण दुवै जिम्मेवार हुन्छन । प्राकृतिक वातावरण भन्नाले प्राकृतिकमा व्याप्त हावापानी, वनस्पति, जीवजन्तु, भौगोलिक वनावट , माटोको उर्वरा शक्ति आदि हुन् भने सामाजिक वातावरणमा सामाजिक सँगठन, शिक्षा, प्रविधिको स्तर, आर्थिक अवस्था आदि पर्दछन् ।

(ङ) मानव  व्यवहारका ढाँचाहरूले प्रविधि र वातावरण वीचको विशिष्ट खालको सम्बन्धमा वाँच्ने रणनीतिको विकास गर्दछ (ओझा, वि.सं. २०७१, पृ. ८७) ।

(च) संस्कृतिको उत्पति बहुरेखीय (Multilinear) हुने गर्दछ : यस सिद्धान्तको मान्यता संस्कृतिको उत्पत्ति एउटै सन्दर्भ र तरिकाले हुने नभई यो बहुरेखीय तरिकाले हुने गर्दछ भन्ने कुरामा विश्वास राख्दछ ।

(छ) खास खास पर्यावरणले खास खास साँस्कृतिक गुण (Cultural Traits) रहेको मानवीय कार्यप्रणालीको    तरिका, व्यवहार तथा जीवन शैलीलाई सापेक्ष रूपमा संकेत गरेको हुन्छ (श्रेष्ठ र आचार्य, २०७३, पृ.१७१) ।

(ज) प्राविधिक विकासलाई मानवीय आवश्यकता परिपूर्ति गर्ने सन्दर्भमा प्राकृतिक स्रोत र साधनको बढी भन्दा बढी  शोषण गर्ने क्रममा संस्कृतिमा परिवर्तन र विकास हुने गर्दछ ।

(झ) मानिसका सामाजिक, साँस्कृतिक तथा आर्थिक क्रियाकलापहरू केही सन्दर्भमा वातावरणीय विनासका कारण बन्दछन र यो प्रकृयाले औद्योगिक विकाससँगै तिब्रता पाउछ ।

### २.२.६. साँस्कृतिक पर्यावरणवादी सिद्धान्तको आलोचना

विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरूले सांस्कृतिक पर्यावरणबादलाई आलोचनात्मक दृष्टिकोणले हेरेका छन । तिनीहरूले गरेका आलोचनाका आधारमा यस सिद्धान्तमा रहेका कमिकमजोरीहरूलाई निम्न अनुसार उल्लेख गरिन्छ :

(क) यो सिद्धान्त आदिम समाजको संस्कृति र त्यहाँको वातावरण बीचको अन्तरसम्बन्धको अध्ययन गरेर प्रतिपादन गर्न खोजिएको छ । आदिम समाज आजको समाज जस्तो जटिल थिएन । अहिलेको जटिल र सभ्य समाजको संस्कृति र वातावरणवीच के कस्तो अन्तर्क्रिया र अन्तरसम्बन्ध हुन्छ भनेर यो सिद्धान्तको अध्ययनबाट बुझ्न सकिदैन ।

(ख) राजनीतिक अर्थशास्त्रीहरूको मत अनुसार मानव संस्कृति प्राकृतिक वातावरणमा आएको परिवर्तनले मात्र प्रभावित हुँदैन वरु आर्थिक, राजनीतिक, तथा धार्मिक-सामाजिक क्रियाकलापहरूले पनि प्रभावित भई परिवर्तन हुने गर्दछ ।

(ग) साँस्कृतिक पर्यावरणवादी सिद्धान्तको व्याख्या गर्ने क्रममा Julian Steward ले पर्यावरणसँग अन्तर्क्रिया प्रविधिले मात्र गर्दछ भनेर Cultural Core को व्याख्या गरेका छन् तर पर्यावरणसँग अरु सामाजिक तत्वहरू - धर्म, रीतिरिवाज, संस्कार आदिले पनि अन्तर्क्रिया गर्नेमा यो सिद्धान्त मौन छ ।

(घ) साँस्कृतिक पर्यावरणवादी सिद्धान्तले मानिसले जति पर्यावरणको शोषण गर्दछ त्यतिनै अनुपातमा संस्कृतिको परिवर्तन र विकास हुन्छ भन्दछ । तर संस्कृतिको विकास समान र असमान भौगोलिक अवस्थामा बसोवास गर्ने भिन्न संस्कृतिका मानव समुहहरूको लामो र प्रत्यक्ष सम्पर्कको कारणबाट पनि हुन सक्ने कुरा यस सिद्धान्तले वताउन सकेको छैन ।

## २.३. नीतिगत समिक्षा (Policy Review)

### २.३.१. अन्तर्राष्ट्रिय कानुनमा रहेका नीतिगत ब्यवस्था

(क) मुन्धुम र मुन्धुमी स्थलको अध्ययन एक संस्कृतिक विषय हो । विश्वका मानव संस्कृतिहरूको संरक्षण र विकास गर्न संयुक्त राष्ट्रसंघको आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकार सम्बन्धी महासन्धि, १९६६ को धारा (१) मा सम्पूर्ण जनताहरूलाई आत्मनिर्णयको अधिकार हुने ब्यवस्था गरेको छ । यस अधिकारको कारणबाट नै उनीहरू स्वातन्त्रपूर्वक आफ्नो राजनैतिक हैसियत निर्धारण गर्दछन् र स्वातन्त्रपूर्वक

आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा लाग्दछन् (सिवाकोटी, २०७६, पृ. ५३०) ।

(ख) यस्तै आदिबासीको अधिकार घोषणा (सन २००६) ले आदिवासी समुदायलाई आत्मनिर्णयको अधिकार हुन्छ र राजनैतिक हैसियतको निर्धारण एवं आर्थिक, सामाजिक र सांस्कृतिक विकासको अबलम्बन गर्न उनीहरूले आत्मनिर्णयको अधिकार प्रयोग गर्न पाउछन् (सिवाकोटी, २०७६, पृ. ५३१) ।

(ग) अन्तर्राष्ट्रिय श्रम सँगठन महासंधि नं. १६९ को धारा (५) ले पनि सम्बन्धित समुदायका जनताको सामाजिक, सांस्कृतिक, धार्मिक र आध्यात्मिक मूल्य र प्रचलनहरूलाई मान्यता प्रदान गर्नेछ र सुरक्षा गर्नेछ भन्ने व्यवस्था रहेको छ ( सिवाकोटी, २०७६, पृ. ५३२) ।

## २.३.२. नेपालको संविधानमा भएको नीतिगत व्यवस्था

(क) बर्तमान नेपालको संविधानको भाग - ३, मौलिक हक र कर्तब्य शीर्षकको धारा - ३२ मा भाषा तथा सँस्कृतिको हक अन्तर्गत उपधारा (२) मा प्रत्येक ब्यक्ति र समुदायलाई आफ्नो समुदायको संस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ र उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपी, सँस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको सम्बर्द्धन र संरक्षण गर्ने हक हुनेछ भन्ने ब्यवस्था रहेको छ ।

(ख) त्यसैगरी संविधानको भाग - ४, राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व शीर्षकको धारा - ५० को उपधारा (२) मा धर्म, संस्कृति, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामाञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक तथा सांस्कृतिक उद्धेश्य हुनेछ भन्ने व्यवस्था उल्लेख छ ।

(ग) यस्तै संविधानको भाग - ४, धारा ५१ को राज्यका नीतिहरू शीर्षक अन्तर्गतको ( ग) मा रहेको सामाजिक तथा सांस्कृतिक रूपान्तरण सम्बन्धी नीतिको (२) मा ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, संवर्धन र विकासका

लागि अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचारप्रसार गर्ने, (३) मा सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्धन र परिचालन गरी स्थानीय जनसहभागिताको अभिबृद्धि गर्दै सामुदायिक विकास गर्ने र (६) मा देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वको आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने उल्लेख छ।

### २.३.३. प्राचीन स्मारक संरक्षण ऐन (२०१३) मा भएको व्यवस्था

(क) प्राचीन स्मारक संरक्षण ऐन (२०१३) मा प्राचीन स्मारक परिभाषा गरिएको छ। एकसय बर्ष नाघेका मन्दिर स्मारक, घर, देवालय, शिवालय, मठ, गुम्बा, विहार, स्तुप आदिलाई यस ऐनले प्राचीन स्मारक मानेको छ। यस ऐनमा पूरातात्विक वस्तुको परिभाषा गरेको छ। प्रागऐतिहासिक कालमा मानिसले निर्माण गरी उपभोग गरेको वस्तु वा कुनै पनि देशको इतिहास बोध गराउने हस्तलिखित वंशावली, हस्तलिखित ग्रन्थ, स्वर्णपत्र, शिलापत्र, ताम्रपत्र, काष्ठपत्र, भोजपत्र, ताडपत्र, मुद्रा, ऐतिहासिक घटना घटेको वा ऐतिहासिक विशिष्ट व्यक्ति बसेको घर र त्यस्तो व्यक्तिले प्रयोग गरेको बस्तु, ढुंगा, काठ, माटो, हस्तीहाड, कपडा, कागज, धातु आदि वा बेलबुट्टा भरी आकर्षक ढंगले बनाएको घरको कुनै महत्वपूर्ण भाग वा सो घरमा उपयोग गरिएको वस्तु वा मूर्ति एवं देवीदेवताको मन्दिर, चैत्य जस्ता वस्तुहरूलाई पूरातात्विक वस्तु भनिएको छ। यसले ऐनमा भएको व्यवस्थाले ताप्लेजुङ जिल्लाभित्र अबस्थित मुन्धुमी स्थलहरूमा रहेका मन्दिर/माङहिम, गढी/माङगेन्ना यक र यसमा गाडिएका ढुङ्गाहरू, लिम्बू जातिहरूसँग रहेका पुराना हातहतियार र पुराना हस्तलिखित दस्तावेजहरू आदि जस्ता साँस्कृतिक तथा पुरातात्विक सम्पदाहरूलाई यस ऐनको परिधिभित्र समेटेर अध्ययन गर्न सहयोग पुग्नेछ।

### २.३.४. संस्कृति नीति - २०६८ मा भएको व्यवस्था

(क) संस्कृति नीति, २०६८ को बुँदा १ को पृष्ठभूमि शीर्षकको १.१ मा संस्कृतिलाई जाति वा समूदायविशेषका मानिसहरूको संस्कृतिलाई तत्तत् जाति वा समूदायको संस्कृतिको रूपमा चिनिन्छ। उदाहरणको रूपमा नेवार संस्कृति, गुरूङ संस्कृति, खस संस्कृति, चेपाङ संस्कृति, थारू संस्कृति, धिमाल संस्कृति, राई संस्कृति, लिम्बू संस्कृति आदि। मानव संस्कृतिको विकासक्रमको विभिन्न कालखण्डमा मानिसले सिर्जना र

अवलम्वन गरेका संस्कृतिहरूलाई तत्तत् युग एवं कालखण्डका आधारमा सम्बोधन गर्ने प्रचलन पनि रहिआएको छ । पाषाण औजारहरू निर्माण र प्रयोग गर्ने गरेको युगको संस्कृतिलाई पाषाणयुगीय संस्कृति भनिन्छ । ऐतिहासिक युगको विभिन्न कालखण्डका आधारमा पनि सांस्कृतिक वर्गीकरण गर्ने प्रचलन छ। नेपालको सन्दर्भमा किराँतकालीन संस्कृति, लिच्छविकालीन संस्कृति, मल्लकालीन संस्कृति, प्राचीन संस्कृति, मध्यकालीन संस्कृति, अवार्चीन संस्कृति भन्ने प्रचलनलाई उदाहरणका रूपमा लिन सकिन्छ  भनी व्याख्या गरिएको छ।

(ख) त्यसैगरी जातीगत अध्ययनको बिभिन्न बुँदाहरूमा भएको प्रावधानहरू तपशिल बमोजिम रहेका छन् :–

(१) ९.२५.देशव्यापी रूपमा सर्वेक्षण र अध्ययन गरी विभिन्न जातिहरूको इतिहास र लोकसंस्कृति सम्बन्धी आधिकारिक विवरण तयार गर्ने काम क्रमशः गरिनेछ।

(२) ९.२६. तयारी विवरणहरूको प्रकाशन एवं प्रचार प्रसारको आवश्यक व्यवस्था मिलाइनेछ।

(३) ९.२७ विभिन्न जाति र समूदायका लोक रीतिरिवाज र चाडपर्वहरूको विस्तृत अध्ययन गरी तिनीहरूको विवरण सहितको सूची तयार गरिनेछ।

(४) ९.२८. विभिन्न रीतिरिवाज र चाडपर्वलाई राष्ट्रिय, स्थानीय, समूदायगत तथा जातिगतरूपमा वर्गीकरण गरी सो अनुरूप मान्यता र संरक्षण एवं व्यवस्थापनको जिम्मेवारी निर्धारण गरिनेछ।

(५) ९.२९. विभिन्न जाति, समूदाय र संस्कृति बीचको सद्भाव र सहिष्णुतालाई व्यापक तुल्याउने विषयहरूलाई विभिन्न तहका शैक्षिक पाठ्यक्रममा समावेश गर्ने व्यवस्था मिलाइनेछ।

(६) ९.३०. राष्ट्रव्यापी सर्वेक्षण र अध्ययन गरी प्रचलित लोक भाषा र भाषिकाको अवस्था, इतिहास एवं लिपि र प्रयोगकर्ता जातिहरू र समूदायको विवरण सहितको सूची तयार गरिनेछ।

(७) यस्तै परम्परागत लोककलाका बिभिन्न बुदाहरूमा भएको प्राबधानहरू तपसिल बमोजिम रहेका छन् :–

(८) ९.३६. विभिन्न जाति र समूदायका परम्परागत भौतिक लोककला एवं शिल्पकलाको सर्वेक्षण र अध्ययन गरी त्यस्ता कलाहरू उत्पादन गर्ने परम्परागत सीप

र प्रविधिहरूको अभिलेखीकरण गरिनेछ । साथै जातीय मौलिक ज्ञान प्रणालीको जातिगत स्वामित्वको पहिचान र संरक्षणको व्यवस्था मिलाइनेछ ।

(९) ९.३७. परम्परागत सीप एवं प्रविधिलाई आधुनिक प्रविधिबाट विस्थापित हुन नदिइ जगेर्ना गरिनेछ ।

(१०) ९.३८. परम्परागत भौतिक लोककला एवं शिल्पकलाका विभिन्न वस्तुहरू उत्पादन गर्न आवश्यक कच्चापदार्थहरू सुलभ तरिकाले उपलब्ध गराउने र जीवित सँग्रहालयको स्थापना र संचालनमा प्रोत्साहन गर्ने प्रयास गरिनेछ ।

(११) कोशी प्रदेश सरकारले हासम्म प्रदेशको संस्कृति नीति निर्माण गरेको छैन ।

### २.३.५. स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद - ३, गाउँपालिका तथा नगरपालिकाको काम, कर्तब्य र अधिकार शीर्षक अन्तर्गत दफा ११ को उपदफा २ (फ) को भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीय तहको काम तथा कर्तब्य (१) मा भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानुन र मापदण्ड बनाउने र योजना कार्यान्वयन, अनुगमन र नियमन गर्ने कामहरू स्थानीय सरकारको रहने व्यवस्था भएपनि ताप्लेजुङ जिल्लामा रहेका स्थानीय तहहरूले आ-आफ्नो संस्कृति नीति निर्माण गरेको पाइदैन । तर यस जिल्लाका पालिकाहरूले बार्षिक बिकास योजना बनाएर संस्कृति संरक्षण र प्रवर्द्धनमा केही कार्यक्रमहरू संचालन गरेको देखिन्छ ।

## २.४. विधिगत समिक्षा (Methodological Review)

उल्लेखित सन्दर्भ साहित्यहरूको अध्ययनबाट ती अध्ययनहरूमा प्रायः अन्वेषणात्मक, ऐतिहासिक र विवरणात्मक अनुसन्धान ढाँचाको प्रयोग भएका छन् । अन्वेषणात्मक ( Exploratory) अनुसन्धान ढाँचामा कुनै जानकारी वा ज्ञान नभएको अपरिचित विषय वा समस्याको बारेमा गरिने प्रारम्भिक किसिमको अध्ययन हो । यस अध्ययनबाट नँया विचार वा तत्थ्य पत्ता लगाउने र अनुसन्धान गरिएको विषयमा ज्ञानको क्षेत्र वा सीमा फराकिलो पार्ने उद्देश्यहरू राखिएको हुन्छ । यसमा अध्ययनका उद्देश्यहरू पूर्व निर्धारित वा कठोर किसिमको नभई सामान्य किसिमका हुन्छन् । यस्तै ऐतिहासिक (Historical) अनुसन्धान ढाँचा भन्नाले विगतमा घटेका घट्ना, समस्या र विषयहरूको बारेमा विगतका प्रमाणहरूको व्यवस्थित र वस्तुगत रूपमा संकलन, मूल्याङकन र विश्लेषण गरी निश्कर्षमा पुग्ने प्रक्रिया

हो । यस अनुसन्धान ढाँचाको मुख्य उद्देश्य विगतका कुनै घट्ना वा विषय-वस्तुले वर्तमानमा परेको प्रभाव र सान्दर्भिकता प्रस्तुत गर्नु हो । विवरणात्मक (Discriptive) अनुसन्धान ढाँचा वर्तमानमा अस्तित्वमा रहेका कुनै घट्ना वा विषय-वस्तुका बारेमा समग्र पक्षको अध्ययन गरी उपयुक्त तत्थ्यहरू संकलन गर्ने अनुसन्धान ढाँचा हो । यसको उद्देश्य तोकिएको जनसंख्याको विशेषता, धारणा र व्यवहार पत्ता लगाउन तथा वर्तमानमा रहेका परिस्थिति र घट्नाहरूको व्याख्या गर्नु रहेको छ ।

विधिको हिसाबले उक्त अध्ययनहरूमा क्षेत्र अध्ययन (Field Study), अवोलोकन (Observation), जनजातीय अध्ययन (Ethnography), अन्तर्वार्ता (Interview), पुस्तकालय अध्ययन (Library Study) र फोटोग्राफी जस्ता विधिहरूको प्रयोग भएको छ । सन्दर्भ ग्रन्थहरूमा प्रारम्भिक (Primary) तथा द्वितीय (Secondary) दुवै स्रोतहरूबाट संकलित तत्थ्याङ्कहरूको प्रयोग भएको छ । मुन्धुमसम्बन्धी कृतिहरूमा धेरैजसो प्रारम्भिक स्रोतहरूबाट संकलित तत्थ्याङ्कहरूको प्रयोग भएको छ । यस्ता तत्थ्याङ्कहरू मुन्धुमका प्रमुख स्रोतहरू - तुम्याङ, फेदाङ्मा, साम्बा र येवा-येमाहरूबाट संकलित छन् । अधिकांश सन्दर्भ सामाग्रीहरू प्रचलित अनुसन्धान विधिको पूर्ण परिपालना गरेर तयार नगरिएकोले प्राप्त तत्थ्याङ्कहरूलाई कसरी विश्लेषण गरी के निश्कर्षमा पुगियो भन्ने विषयमा यी अध्यायनहरू मौन देखिन्छन् ।

यस्तै यी सन्दर्भ सामाग्रीहरूको तयार गर्न संकलित तत्थ्याङ्कहरूलाई विश्लेषण गरी निश्कर्षमा पुग्न के कस्ता सैद्धान्तिक आधारहरूको सहायता लिइयो र कुन दार्शनिक दृष्टिकोण (Philosophical Overview) यी अध्ययनहरूमा प्रयोग गरिए भन्ने कुरा ती सामाग्रीहरूमा खासै केही कुरा उल्लेख गरिएको छैन् । तुम्याङ लक्ष्मण मेन्याङबो (२०६२) ले "याक्थुङ मुन्धुम" पुस्तक ताप्लेजुङ जिल्लाको याङवरक थुमको विशेषत फावाखोला क्षेत्रमा प्रचलित मुन्धुमहरूको स्थलगत अध्ययन (Field Study) गरेर तयार पारिएको उल्लेख गरेका छन् । यस्तै अर्जुनबाबु माबोहाङले (२०६९) ले "लिम्बू जातिको मुन्धुम र इतिहास" पुस्तकमा आफूले अमेरिकी समाजशास्त्री फेञ्ज बोसबाट प्रतिपादित साँस्कृतिक सापेक्षतावाद (Cultural Relativism) को सिद्धान्तको प्रयोग गरी ग्रन्थ तयार गरेको उल्लेख गरेतापनि कुन सन्दर्भमा कसरी त्यसको प्रयोग गरिएको हो भन्ने कुरा खासै उल्लेख छैन । अमरजंङ लिम्बू ( २०७५) ले "मुन्धुमी अवस्थलहरूको अध्ययन प्रतिवेदन" तयार गर्दा काउपापाको आत्मनिर्णय र सामुदायिकताको सिद्धान्त र वाल्टर मिग्नोलोको Delinking, Relinking &

Linking सिद्धान्तको प्रयोग गरेको उल्लेख गरेतापनि त्यसको प्रयोग कहाँ र कसरी भन्ने सवल अस्पष्ट नै छ ।

यस अध्ययनमा उपयोग गरिएका धेरैजसो सन्दर्भ सामाग्रीहरू लोकविधि शाष्त्रिय अध्ययन पद्धतिबाट निर्देशित देखिन्छ भलै ती सामाग्रीहरूमा यसको कतै उल्लेख छैन । समाजशास्त्री जोन हेरिटेज (१९८४) का अनुसार लोकविधिशास्त्रीय तात्विक सिद्धान्तमा प्रत्येक समाजमा आ-आफ्नै किसिमका सामाजिक मूल्य मान्यता, संस्कृति, अर्थव्यवस्था तथा परम्परा रहेका हुन्छन् र यसैका आधारमा सामाजिक व्यवहार, क्रियाकलाप र सम्बन्ध स्थापित भएको हुन्छ भन्ने मान्यता रहेको छ (आचार्य, वि.सं. २०७२, पृ.८६) । अत प्रत्येक व्यवहार तथा क्रियाकलापमा जनताको आफ्नै बुझाई, अर्थ र धारणा रहेको हुन्छ । मानिसका निजी धारणाहरूको सामाजिक यथार्थताबाट सामाजिक सँगठन, संस्था तथा संरचनाहरू संचालित भई समाज व्यवस्थाले निरन्तरता पाएको हुन्छ । लिम्बू समुदायको मुन्धुम र योसँग सम्बन्धित मुन्धुमी मूल्य, संस्कृति र परम्पराहरू पनि यही लोकविधि शास्त्रीय सिद्धान्तको मान्यताको आधारमा स्थापित भई हालसम्म संचालित भएको यथार्थ छर्लङ्ग छ ।

## २.५. विषयगत साहित्य समिक्षा (Empirical Review)

विषयगत साहित्य समिक्षा (Empirical Review) अन्तर्गत लिम्बू (याक्थुङ) समुदायको मुन्धुम र मुन्धुमी स्थलहरूका बारेमा प्रकाशित पुस्तक, लेखरचना र अध्ययन अनुसन्धान प्रतिवेदनमा रहेका मुख्य विषय-वस्तुको बारेमा विश्लेषण गरिन्छ । यसको अतिरिक्त उक्त साहित्यहरूबाट यस अध्ययनका लागि लिइएको सन्दर्भ सामाग्री र सो साहित्यमा रहेका कमी-कमजोरी पक्षहरूको संक्षेपमा समिक्षा गरिन्छ ।

किरात इतिहासकार एवं मुन्धुमअध्येता इमानसिंह चेम्जोङद्वारा संकलित एवं लिखित “किरात मुन्धुम” पुस्तक प्रथम संस्करणको रूपमा वि.सं. २०१८ मा प्रकाशित भएको पाइन्छ । त्यसपछि यसको दोश्रो संस्करण वि.सं. २०३५ र तेश्रो संस्करण वि.सं. २०५९ सालमा प्रकाशन भएको छ । लिम्बू जातिको मुन्धुम विषयमा नेपालबाट प्रकाशित यो पहिलो पुस्तक हो । तीन अध्यायमा विभाजित प्रस्तुत पुस्तकमा पहिलो अध्यायमा ब्रह्माण्ड र चराचर जगतको सृष्टि मुन्धुम, पाप, रिस र आँखिडाहीको उत्पत्तिको मुन्धुमी आख्यानहरू र दार्शनिक येहाङका धार्मिक उपदेशहरू संलग्न छन् भने दोस्रो अध्यायमा महात्मा सोधुङगेन लेप्मुहाङका अर्ति उपदेशहरू (खाहुन) र भजनहरू तथा विभिन्न कर्मकाण्ड सम्बन्धी

मुन्धुमहरू समेटिएका छन् । यस्तै तेस्रो अध्यायमा धार्मिक चिन्तक कान्देनहाङका दार्शनिक उपदेशहरू र लिम्बू जातिले मानीपूजी ल्याएका यूमासम्माङ, थेबासम्माङ र हिमसाम्माङ जस्ता देवीदेवताको पुकार गर्ने मुन्धुमहरू प्रकाशित छन् । प्रस्तुत पुस्तक विशुद्ध मुन्धुम र धार्मिक उपदेशहरूको संकलन हो । यसमा मुन्धुमको दर्शन पक्ष, विधिशास्त्र र आचारसंहिताहरूको भरपुर वर्णन पाईन्छ । यो पुस्तक लिम्बू र नेपाली भाषामा उल्था गरी देवनागरी लिपीमा लेखिएको छ । प्रस्तुत शोधकार्यमा यस ग्रन्थले मुन्धुमसम्बन्धी परिचयात्मक अवधारणा निर्माण गर्न सहयोग पुऱ्याएको छ । यो ग्रन्थ मुन्धुमी स्थलहरू र यससँग सम्बन्धित साँस्कृतिक परम्पराको बारेमा केन्द्रीत भएर लेखिएको सामाग्री होइन ।

बैरागी काइँला (२०४८) को “लिम्बू जातिमा कोखा पूजा” नामक पुस्तकमा लिम्बू जातिका महिलाहरू गर्भवती भएपछि उक्त गर्भ रक्षाको लागि गरिने अनुष्ठानको मुन्धुमहरू प्रकाशित छन् । कोखा पूजा वा गर्भ पूजालाई लिम्बू भाषामा ‘साप्पोक् चोमेन’ भनिन्छ । पुस्तकमा साप्पोक् चोमेन गर्दा खासगरी कुइकुदाप साम्माङ, यूमा साम्मङ, हिम साम्माङ, थेवा साम्माङ, आप्चारा पक्चाना, वागोङमा र माङगेना देवीदेउताको पूजा गरीने कुरा उल्लेख छ । यी देवीदेवताहरूको पूजाआजा गर्दा के कस्तो पूजाथान (साङ्बे) बनाईन्छ सोको सामान्य जानकारी समेत यस पुस्तकमा उल्लेख छ । यो पुस्तक ताप्लेजुङका मुन्धुमी स्थलहरू र यहाँ संचालित अमूर्त साँस्कृतिक परम्पराहरूको अध्ययनमा केन्द्रीत नभएपनि यसमा उल्लेखित मुन्धुममा फक्ताङलुङ, केवालुङ, सेनसेनलुङ, सोधुङ वरक आदि जस्ता ताप्लेजुङमा रहेका मुन्धुमी स्थलहरूको प्रसंग आउने हुनाले यसलाई प्रस्तुत अध्ययनको सन्दर्भ सामाग्रीको रूपमा लिईएको छ ।

चैतन्य सुब्बाको (२०५२) को “The Culture & Riligion of Limbus” पुस्तकमा लेखकले लिम्बू जातिको इतिहास, भाषा, संस्कृति र विभिन्न धार्मिक-साँस्कृतिक अभ्यासहरूको बारेमा खोज गरी प्रकाशन गरेका छन् । उनले यस कृतिमा यस्ता धार्मिक-साँस्कृतिक अभ्यासहरू अङ्सी, फेदाङ्मा, साम्बा, येबा-येमाहरूले संचालन गर्न विभिन्न अनुष्ठानहरू सम्पन्न गर्ने कुरा उल्लेख गरेका छन् । यस ग्रन्थमा यस्ता अनुष्ठानहरू मध्ये यहाँ साप्पोक चोमेन (गर्भरक्षा पूजा), याङ्दाङ फोङ्मा (न्वारान), माङ्गेन्ना (शीर उठाउने), नाहाङ्मा (शक्ति प्राप्त गर्ने), तेन्धाम मेखिम (विवाह), तङसिङ (मुक्ति र सम्बृद्धि प्राप्ति गर्ने) र मृत्यू संस्कारसम्बन्धी अनुष्ठानहरूको मुन्धुमी मिथक, विश्वास प्रणाली र पूजा सम्पन्न गर्ने विधिबारे सविस्तार वर्णन गरिएको छ । यो अध्ययन ताप्लेजुङका मुन्धुमी स्थलहरूमा

प्रचलित अमूर्त साँस्कृतिक सम्पदाहरूको अध्ययनमा केन्द्रीत भएर गरिएको अध्ययन नभएपनि यसमा वर्णन गरिएका उल्लेखित मुन्धुमी अनुष्ठानहरूबाट अमूर्त साँस्कृतिक अभ्यासहरूको बारेमा जानकारी प्राप्त हुने भएकोले यसलाई प्रस्तुत अध्ययनमा सन्दर्भ सामाग्रीको रूपमा लिईएको छ ।

बैरागी काइँला (२०५२) को संकलित तथा सम्पादित "तङ्सिङ तक्मा मुन्धुम : आख्यान र अनुष्ठान" नामक कृतिमा लिम्बू जातिको महत्वपूर्ण अनुष्ठानको रूपमा रहेको तङ्सिङ तक्मा अनुष्ठानको मुन्धुम, पूजाविधि र अनुष्ठानमा आवश्यक सामाग्रीहरूको बारेमा सविस्तार चर्चा गरिएको छ । यो अनुष्ठान लिम्बू जातिले पितृहरूको मुक्ति र बाँचेकाहरूको सम्वृद्धिका लागि गरिने अनुष्ठान हो । तङ्सिङ तक्मा अनुष्ठानमा तीनरात तीनदिनसम्म साम्बा तथा येवाले सोघासिङ खक्मा, खिजो आःप्मा, साम्सोघा नाप्मा, मिराक सेप्मा, सो?मा हिन योःम्मा, ओजा काःक्मा, नाहेन लाङ्मा, फूङ्वा चाङ्मा, पक्लुङ लेप्मा र सिलाम साक्मा जस्ता अनुष्ठानहरू संचालन गरी पूजा सम्पन्न गर्ने विधि रहेको तत्थ्य यस पुस्तकमा उल्लेख छ । मूलत यो कृति तङ्सिङ तक्मा अनुष्ठानको मुन्धमी विधिशास्त्र हो । यो अध्ययन ताप्लेजुङका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरूको अध्ययनमा केन्द्रीत भएर गरिएको अध्ययन नभएपनि यसमा ताप्लेजुङ जिल्लामा रहेका मुन्धुमी स्थलहरू - खाम्बु?लिङ नाहाङ्मा यक, तेम्रेम्बा (तमोर नदी), काङ्वा (काबेली नदी) र सोधुङ वलक ( सोधो पोखरी) को चर्चा भएकोले यसलाई प्रस्तुत अध्ययनको सन्दर्भ सामाग्रीको रूपमा लिईएको छ ।

शिवकुमार श्रेष्ठ (वि.सं. २०५२) को "लिम्बूवानको ऐतिहासिक अध्ययन" नामक कृति विशेषत पूर्वी नेपालको लिम्बूवान कालको इतिहास, राजनीति र किपट व्यवस्था सम्बन्धी अध्ययनको दस्तावेज हो । यसको साथसाथै यस कृतिमा लिम्बू जातिको धर्म, भाषा, लिपी, पेशा, पोशाक तथा गरगहना, थरहरू र रीतिथितिहरूको बारेमा संक्षेपमा चर्चा गरिएको छ । यस्तै यस पुस्तकमा राई जातिको संक्षिप्त परिचय पनि दिइएको छ । यो अध्ययन ताप्लेजुङका मुन्धुमी स्थलहरू र यसका अमूर्त साँस्कृतिक सम्पदाहरूको अध्ययनमा केन्द्रीत भएर गरिएको अध्ययन नभएपनि यसमा लिम्बू जातिको इतिहास र थरहरूको वर्णन भएकोले उक्त विषयहरूले यस अध्ययनमा परिचयात्मक अवधारणा निर्माण गर्न सहयोग पुग्ने भएकोले यसलाई प्रस्तुत अध्ययनको सन्दर्भ सामाग्रीको रूपमा राखिएको छ ।

बैरागी काईला (२०६०) द्वारा संकलित तथा सम्पादित "चइत मुन्धुम" पुस्तक विश्व ब्रह्माण्ड र चराचर जगतको उत्पतिसम्बन्धी मुन्धुमी मिथक हो । यो मुन्धुम मानव जीवनमा आइपर्ने दुःख-कष्ट, दशाग्रह, पाप र व्याभिचार, ईश्या र आँखीडाही र रिसरागबाट जोगिएर सुख-सम्बृद्धिका लागि तीनराते तङसिङ अनुष्ठान गर्दा येबा-येमा तथा सम्बाहरूले गायन गर्दछन् भन्ने कुरा यस ग्रन्थमा उल्लेख छ । सृष्टिसम्बन्धी मुन्धुमी मिथक अनुसार विश्व ब्रह्माण्ड र चराचर जगतको उत्पति शुन्यताबाट भएको थियो । सृष्टि पूर्व आकाश, पृथ्वी, वायु, पानी, जीवजन्तु र वनस्पति थिएनन् । यो महाशुन्यताको वीच एक्कासी हावाको भुँमरी पैदा भएको, सो भुँमरी आठ फन्का घुम्दै उठ्दा मसिना बालुवा (परमाणु) का कणहरू पैदा भएका र यिनै परमाणुको घर्षणवाट पवित्र मुना मैदानमा सृष्टिका आमावावुको जन्म भएको मुन्धुममा उल्लेख छ । त्यसपछि सृष्टिकर्ता स्वयम्भु देवको उत्पत्ति भयो जसलाई तागेरा निवाफुमाङ (जतावाट पनि आई पुग्ने उज्यालो आत्मदेव) भनिन्छ । उनले सृष्टिको रचना गर्न पोरोक्मी यम्फामीदेव लगायत अरु कैयन देवगणहरूको सृष्टि गरे । तागेरा निवाफुमाङले यिनै देवगणहरूको सहायताले आकाश, धरती, सूर्य, चन्द्र लगायत तारागण एवं जीवजन्तु र वनस्पतिहरूको सृष्टि गरेको यस ग्रन्थमा उल्लेख छ । यो अध्ययन ताप्लेजुङका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरूको अध्ययनसँग सम्बन्धित भएर गरिएको अध्ययन नभएपनि यसमा सृष्टिको क्रममा पृथ्वी चिसिदै गएपछि नाङजङलुङ (हिमालय) को उत्पति हुँदा ताप्लेजुङमा रहेका फक्ताङलुङमा, केवालुङमा, वधिनलुङमा र सेवालुङमा पर्वतहरूको पनि उत्पति भएको प्रसंग यहाँ उल्लेख भएकोले यसलाई प्रस्तुत अध्ययनको सन्दर्भ सामाग्रीको रूपमा लिईएको छ ।

तुम्याहाङ लक्ष्मण मेन्याङ्वो (२०६२) को "याक्थुङ मुन्धुम" पुस्तकमा याक्थुङ (लिम्बू) जातिको धार्मिक अनुष्ठानसँग सम्बन्धित दुईवटा मुख्य मुन्धुमहरू-तिङ्दिङ नाहेन मुन्धुम ( आँखीडाही पन्साउने अनुष्ठान) र तङ्सिङ तिक्मा मुन्धुम (मुक्ति र सम्वृद्धिका लागि गरिने अनुष्ठान) एवं ती मुन्धुमसँग सम्बन्धित उनन्तिस वटा सहायक मुन्धुमहरू प्रकाशित छन् । यो मुन्धुमको पुस्तक लिम्बू भाषा र देवनागरी लिपीमा लेखिएको छ । यो ग्रन्थ पनि विशुद्ध लिम्बू समुदायका देवारीहरू-फेदाङ्मा, येबा र साम्बाहरूले पूजा-अनुष्ठानमा गायन गर्ने मुन्धुमहरूको संकलन हो । यसमा लिम्बू समुदायले संचालन गर्ने पूजा-अनुष्ठानमा अवस्यक पर्ने पूजा सामाग्री र थानथपना निर्माण गर्ने तरिकाको पनि चर्चा भएको सोसम्बन्धी ज्ञान प्राप्त गर्न सकिन्छ । यस रहेका मुन्धुमहरू वाचन गरेर पूजा-अनुष्ठानहरू संचालन गर्दा

ताप्लेजुङ जिल्लाका फक्ताङलुङ (कुम्भकर्ण), सेवालुङ (मानाभरा), केवालुङ (कन्चनजंघा) र सेमुक्तिमुक्तिवुङ (पाथीभरा) जस्ता मुन्धुमी स्थलहरू लगायत अन्य स्थानहरूमा रहेका अनेक पवित्र मुन्धुमी तीर्थस्थलहरूको पुकार गर्नुपर्ने प्रसंग आउने हुनाले यस ग्रन्थले प्रस्तुत अध्ययनलाई मुन्धुमी स्थलको सन्दर्भ सामाग्रीको रूपमा सहयोग पुऱ्याउने देखिन्छ । लिम्बू जातिको अनेकौं मुन्धुमहरू मध्ये केही मुन्धुमहरूमात्र यसमा प्रकाशन भएको हुँदा यो मुन्धुम साहित्यको आंशिक प्रकाशन मात्र हो । यसले ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरूको वारेमा धेरै कुराको जानकारी दिँदैन ।

येहाङ लावतीको (२०६२) को "लिम्बू जातिको संक्षिप्त परिचय" पुस्तक लिम्बू जातिको धार्मिक अनुष्ठान, संस्कार, प्रथा-परम्परा, खानपान, पहिरन, चाडपर्व, नृत्य र सँगीत, भाषा-लिपी, पेशा-व्यवसाय, राजनीति आदि जस्ता समग्र विषयहरूको अध्ययन हो । यस कृतिले लिम्बू जातिको पहिचान के हो ? भन्ने कुरा स्पष्ट पारेको छ । यो अध्ययन ताप्लेजुङका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरूको अध्ययनमा केन्द्रीत नभएपनि मुन्धुमी स्थलको रूपमा रहेको लिम्बू जातिको माङ्गेन्ना यककोबारेमा अध्ययन गर्न यस कृतिले सहयोग पुऱ्याउने हुँदा यसलाई प्रस्तुत अध्ययनको सन्दर्भ सामाग्रीको रूपमा लिईएको छ ।

ध्रुबकुमार मेन्याङ्बो र अर्जुनबाबु माबोहाङ (२०६६) को "सिभाक यामी मुन्धुम" पुस्तकमा विशेषत लिम्बू जातिका येबा-येमाले अनुष्ठान सम्पन्न गर्दा वाचन गरिने विभिन्न एक्काईस वटा मुन्धुमहरूको वर्णन गरिएको छ । लिम्बू समाजमा येबा-येमालाई ससिक ( मोच), सोगा (लडी/बगी मरेको वायू), सुगुत (सुत्केरी हुन नसकि मरेको सेंहे), लेच्छाम ( मृतकलाई पशुपंक्षिले छोएर बनेको प्रेत) आदि जस्ता मानवलाई दुखःकष्ट दिने दुरात्मा वा प्रेतात्माहरूबाट मानवलाई जोगाउन विभिन्न अनुष्ठानहरू संचालन गर्ने, नाहेन साक्मा ( आँखीडाही पन्छाउने), तङसिङ तक्मा (मरेकाहरूको मुक्ति र बाँचेकाहरूका लागि सम्बृद्धिका लागि गरिने पूजाआजा) अनुष्ठानहरू गर्ने जिम्मेवारीहरू तोकिएको हुन्छ । यसमा लिम्बू जातिका देवारीहरू फेदाङ्बा, साम्बा र येबा-येमाको पहिरन, जिम्मेवारी र भूमिकाको बारेमा पनि वर्णन गरिएको छ । यो अध्ययन ताप्लेजुङका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरूको अध्ययनसँग सम्बन्धित नभएपनि मुदक्कुम लेक्वा (घुन्सा खोला), असाङ्लुङ तेरेप्लुङ, सेभकदेन फङ्फङदेन (फुङफुङे झरना), फक्ताङलुङ (कुम्भकर्ण), मुरिङ्ला

खारिङ्ला तेम्बे र उत्तिसिङ पारामसिङ जस्ता मुन्धुमी स्थलहरूको यहाँ चर्चा भएकोले यसलाई प्रस्तुत अध्ययनमा सन्दर्भ सामाग्रीको रूपमा लिईएको छ ।

डा. गोबिन्दबहादुर तुम्बाहाङ (वि.सं. २०६८) को "लिम्बू जातिको चिनारी" पुस्तक लिम्बू जातिको इतिहास, धर्म, लोक साहित्य तथा संस्कृति, भाषा, राजनीति, अर्थ व्यवस्था, शिक्षा, जीवन पद्धति आदि विषयमा बृहत अनुसन्धान गरी लेखिएको एक उपयोगी ग्रन्थ हो । यस ग्रन्थले लिम्बू जातिको समग्र रूपमा परिचय तथा पहिचान के हो ? भन्ने कुराको जानकारी दिन्छ । यस कृतिमा मुन्धुमलाई लिम्बू जातिको महत्वपूर्ण लोकसाहित्यको रूपमा वर्णन गरिएको छ । यो अध्ययन ताप्लेजुङका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरूको अध्ययनमा केन्द्रीत नभएपनि यस अध्ययनमा मुन्धुम मुताविक लिम्बू जातिले मान्ने-पुज्ने देवीदेवताहरूको अध्ययनको लागि यो ग्रन्थले सहयोग पु¥याउने हुँदा यसलाई सन्दर्भ सामाग्रीको रूपमा लिईएको हो ।

अर्जनबाबु मावोहाङ (२०६९) ले "लिम्बू जातिको मुन्धुम र इतिहास" पुस्तकमा लिम्बू जातिको उत्पत्ति, विकास र विस्तारको इतिहासलाई मुन्धुमसँग दाँजेर हेरेका छन् । साथै उनले यस कृतिमा लिम्बू जातिले मान्ने विभिन्न देवी देवताहरूको परिचय दिएका छन् । देवात्मा (माङसाम) र प्रेतात्मा (सिसाम) पुजाआजा गर्ने देवारीहरू तुम्याङ, फेदाङ्मा, सम्बा, येवा र येमाहरूको उत्पत्ति र कार्यहरू वारे पनि पुस्तकमा मुन्धुमी प्रसँगहरू राखी वर्णन गरेका छन् । यसमा ताप्लेजुङ जिल्लाका मुन्धुमसँग सम्बन्धित नेन्धुरी पासाङ्गा, मुरिङ्ला खारिङ्ला तेम्बे, निङ्खुरी फूक्कु, लोक्पादेन हाङ्फादेन, थोक्पुन तेम्बे आदि जस्ता अनेकौ मुन्धुमी स्थलहरूको पहिचान गरी त्यसको वर्णन गरिएकोले प्रस्तुत अध्ययनमा मुन्धुमी स्थलहरू पहिचानको लागि सहयोग पुग्ने भएकोले यसलाई सन्दर्भ सामाग्रीको रूपमा राखिएको छ । प्रस्तुत कृति लिम्बू जातिको ऐतिहासिक पक्षको अध्ययनसँग पनि सम्बन्धित छ । ऐतिहासिक अध्ययनमा वर्तमानका विभिन्न वस्तुहरूको अध्ययन विगतमा घटेका घट्नाहरूको अभिलेखको आधारमा गरिन्छ । सोही अनुरूप यो कृतिमा लिम्बूवान कालिन दश लिम्बूको शासन, विजयपुर राज्यको इतिहास र लिम्बूवान क्षेत्रको किपट व्यवस्थाको समेत उल्लेख गरिएको छ । साथै यसमा लिम्बू जातिको धर्म, दर्शन र उत्पत्तिसम्बन्धी मुन्धुमी आख्यानहरू पनि उल्लेख छ । यति हुँदाहुँदै पनि प्रस्तुत ग्रन्थले ताप्लेजुङ जिल्लाको मुन्धुमी स्थलहरूमा प्रचलिते अमूर्त साँस्कृतिक परम्पराहरूको विषयमा कुनै जानकारी प्रदान गर्दैन ।

बैरागी काईला (२०७०) द्वारा संकलित तथा सम्पादित “लाहादङना सुहाङफेबा मुन्धुम” पुस्तक आदिम समयमा लिम्बू जातिका पूर्खाहरूले शिकार तथा फलफूल र कन्दमुल संकलनको जंगली अवस्था पार गरी परिवार, कुल, वंश र समाज निर्माणको चरणमा प्रवेश गर्दै गरेको समयको झल्को दिने मुन्धुमी दस्तावेज हो । यसै समयमा मानिसहरूले आगो पत्ता लगाएको विवरण पनि यस मुन्धुममा उल्लेख गरिएको छ । लिम्बू भाषा र सिरीजंगा लिपी र नेपाली भाषा तथा देवनागरी लिपीमा समेत उल्था गरी लेखिएको यो मुन्धुममा आगोको उत्पत्ति र यसको अनुष्ठान, पक्लुङ (छेलो) हान्ने अनुष्ठान, अक्वानामा (वास्तुपूजा) को अनुष्ठान र सो?गेन् सो?मा योःम्मा (व्यभिचार विनास गर्ने) अनुष्ठानहरूसँग सम्बन्धित १७९ बटा मुन्धुमका श्लोक समुहहरूको प्रकाशन गरिएको छ । मुलभूतरूपमा यो मुन्धुम लिम्बूहरूका आदिम पूर्खाहरू लाहादङना चेली र सुहाम्फेबा माइतिबीच जंगली यौन स्वच्छन्दताको युगमा सहबास भई धेरै सन्ततिहरूको जन्म भएपछि तागेरानिङवाफू माङ ( सर्वशक्तिमान ईश्वर) को आदेशले तुम्याङ (पंच-भलाद्मी) हरूले यस्तो यौन कार्यलाई अनैतिक घोषित गरी अबउप्रान्त यस किसिमको कार्यमा रोक लगाउँदै उनीहरूलाई आफ्ना सन्तानहरूको भागवण्डा गरिदिएर सँधैका लागि छुट्याएको मुन्धुमी आख्यानसँग सम्बन्धित छ । यस मुन्धुम अनुसार लाहादङना र सुहाम्फेबालाई छुटाई हाडनाताको सम्बन्धलाई बर्जित गरिएकोले त्यसबेलाको समाज क्रमश : परिवार, कुल, वंश र समाजको उत्पति भई नाता-सम्बन्धको विकासतर्फ अगाडी बढ्दै गएको आभास मिल्छ । लाहादङ्ना र सुहाम्फवा हाडनातामा संसर्ग (काई) भएको स्थान ‘काई लुङधुङ फूक्कु’ र लाहादङ्ना सन्तानहरूको भागवण्डापछि छुट्टिएर बसेको स्थान ‘सागोयक कोपीयक’ जस्ता ताप्लेजुङमा अवस्थित मुन्धुमी स्थलहरूको प्रसंग यहाँ आउने हुनाले यसलाई अध्ययनको सहयोगी सामाग्रीको रूपमा लिईएको छ । यो मुन्धुमी अनुष्ठान विधिहरूको संग्रहमात्र हो । ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरुको अध्ययन गर्ने यसको विषय-वस्तु होईन ।

रनध्वोज श्रेङ चोङबाङ (२०७०) को “सुम्सेम्बा याग्राङसिङ तङसिङ मुन्धुम” कृतिमा लिम्बू जातिको जीवन संस्कार, मृत संस्कार र विभिन्न माङ (देवीदेवता) हरूको अनुष्ठानसँग सम्बन्धित विभिन्न ६१ वटा मुन्धुमहरू प्रकाशन भएका छन् । तीन भागमा विभाजित यो पुस्तकमा पहिलो भागमा मुन्धुम, दोस्रो भागमा मुन्धुम वंशावली र तेस्रो भागमा लिम्बूहरूले मान्ने देवीदेवताको परिचय, लिम्बू जातिको केही रीतिथिति र सँस्कृतिहरू एवं केही मुन्धुमी

पात्रहरूको बर्णन गरिएको छ । यसको साथै यस पुस्तकमा ताप्लेजुङमा रहेका विभिन्न मुन्धुमी स्थलहरू मध्ये फक्ताङलुङ, मुक्कुमलुङ, सेवालुङ, पेम्बेनलुङ, सेसेलुङ जस्ता हिमालहरू (चोङबाङ, २०७०, पृ. ३), मुरिङला खारिङला तेम्बे जस्ता पहाड (चोङबाङ, २०७०, पृ. २), थाक्थाकखिबो र थाक्केलुङ जस्ता युमादेवीको तानबुन्ने स्थान (चोङबाङ, २०७०, पृ. ४), लिम्बूहरूको शक्ति र सिद्धिस्थल खाम्फूलिङ नाहाङमा यक (चोङबाङ, २०७०, पृ. ४), र विभिन्न खोला तथा झरनाहरू उल्लेख गरिएकोले (चोङबाङ, २०७०, पृ. ३०) अध्ययनमा यसलाई सहयोगी सामाग्रीको रूपमा लिईएको छ । मुख्य गरी यो अनुष्ठान विधिहरूको सँग्रहमात्र हो । यसले ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरूमा प्रचलित संस्कृतिक परम्पराहरूको बारेमा कुनै कुरा जानकारी दिदैन् ।

मुन्धुमविद तथा प्राज्ञ बैरागी काईला (२०७०) द्वारा संकलित तथा सम्पादित “केसमी नाम्सामी मुन्धुम” नामक पुस्तकमा लिम्बू समुदायमा प्रचलित दाजु केसामी (बाघ) र भाई नाम्सामी (मानिस) बीचमा खानेकुरा तथा शिकारबाट ल्याएको मासु खाने कुरामा लोभलालच, इर्श्या र आँखीडाही उत्पन्न भई आपसमा युद्ध भएको र बलियो दाजु बाघलाई कमजोर तर बुद्धिमानी भाइ मानिसले कपट तथा षडयन्त्र गरी युद्धमा मारेको मुन्धुमी आख्यानको वर्णन गरिएको छ । यस मुन्धुम अनुसार सावा येत्हाङका सन्तति दाजु फाक्सेरा र बैनी इप्ना सरेङधङना यस आख्यानका मुख्य पात्रहरू हुन। कुरो शिकारी युगको आउँछ । दाजु बैनी फाक्सेरा र इप्ना सरेङधङना शिकार खेलेर जीवन गुजारा गर्दछन् । शिकारको क्रममा दाजु फाक्सेरालाई सघाउन एकदिन मृगको पछिपछि दौडने क्रममा इप्ना सरेङधङना जंगलमा छोडिन्छिन् । भोक र तिर्खाले ब्याकुल भई पानीको खोजीमा इप्ना सरेङधङना लाग्छिन् । खोज्दै जाँदा अन्त कतै पानी भेटिदैन । जंगलको एउटा ढुङ्गामा वरपर दुईवटा खोविल्टामा उनले पानी देखी दुवै खोविल्टाको पानी पिउछिन् । संयोग के पर्छ भने उक्त खोबिल्टाहरूको पानी पानी नभएर एक खोबिल्टामा मानिसले र अर्को खोबिल्टामा बाघले गरेको पिसाब जम्मा भएको हुन्छ । यही कारणले इप्ना सरेङधङना गर्भवती भई केसामी र नाम्सामी जन्म हुन्छ । यसरी इप्ना सरेङधङनाले पानी भेट्टाई खाएको ढुङ्गालाई मुन्धुममा ‘केसामी नाम्सामी लुङ्ग’ भनिन्छ जो ताप्लेजुङमा पर्दछ । यसैले प्रस्तुत अध्ययनमा यस ग्रन्थलाई सन्दर्भ सामाग्रीको रूपमा लिईएको छ ।

दुर्गाप्रसाद फोपाहाङ (२०७०) द्वारा संकलित “मुन्धुम र मिथकहरू” कृतिमा लेखकले लिम्बू जातिको विभिन्न अट्ठाईस वटा मुन्धुमहरूसँग सम्बन्धित मिथकहरूको वर्णन रहेको

छ । यसमा उल्लेख भएका मुन्धुमी विषयहरूमा मुख्यगरी देवगणको उत्पति, मानव उत्पति, पृथ्वीको सृष्टि, आगोको उत्पत्ति र विभिन्न देवी देवताहरूको उपासना गर्ने मुन्धुमहरू रहेका छन् । प्रस्तुत कृतिमा मुन्धुमी मिथकहरूको चर्चा गर्ने क्रममा लेखकले विभिन्न स्थानका मुन्धुमी स्थलहरूको बारेमा चर्चा गरेका छन् । यस कृतिबाट शोधमा सहयोग पुग्ने पेरेमसिङ, लुङसुम्बाङ, केसमी नाम्समीलुङ जस्ता ताप्लेजुङमा रहेका मुन्धुमी स्थलहरूको वर्णन भएको पाइएको यसलाई पनि सन्दर्भ ग्रन्थको रूपमा लिईएको छ । यस मुन्धुमा चर्चा भएका अन्य मुन्धुमी स्थलहरूमा प्रायः पूर्वी नेपालको विभिन्न स्थलहरूको चर्चा गरिएकोले मुन्धुमी स्थलको पहिचानको लागि यो एक उपयोगी ग्रन्थ हो । यति हुँदाहुँदै पनि यस कृतिमा वर्णन भएका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृति परम्पराहरूको वारेमा यहाँ कुनै कुरा चर्चा गरिएको छैन् ।

बैरागी काइँला (२०७०) को "मुजिङना खेयङना मुन्धुम" पुस्तकमा मुन्धुम अनुसार मानव जातिको उत्पत्तिको क्रममा आदिम वा प्रथम मानव भनिएकी स्त्री पात्र मुजिङ्ना खेयङ्ना र उनका छोरा सुसुबैन लालाङबैन (पछि शिकारी भएपछि सावा युक्फुङगेम्बा भनियो) ले मानव विकास क्रममा भोगेका दुःख-पिडा र गरेका जीवन संघर्षको बयान गरिएको छ । मुन्धुम श्रुति परम्परामा आधारित अनेकौ मिथक, लोककथा, लोकगाथा, पुराकथा, आख्यान, उखानटुक्का, किम्बदन्ती आदिको रूपमा रहेकोले यो कृति पनि मुजिङ्ना खेयङ्ना र उनका छोरा सावा युक्फुङगेम्बाको मुन्धुमी मिथक हो । यस मिथक अनुसार सुरित केजङ (हावा-बतास) को माध्यमद्वारा गर्भधारण भई मुजिङ्ना खेयङ्नाले सुसुबैन लालाङबैनलाई जन्म दिन्छिन् । सुसुबैन लालाङबैन उमेर पुगेपछि ठूला शिकारी हुन्छन् । साप्चिरी साप्चङ तेम्बेबाट मालबाँस तथा बेतबाँस ल्याएर शिकारको लागि धनुकाँड बनाउँछन् । शिकार खेल्ने भएपछि उनको नाम सावा युक्फुङगेम्बा रहन्छ । शिकारको क्रममा उनी चारचौरास डुल्छन् । यसरी डुल्दा उत्तर दिशाकी मुक्कुमलुङ्मा र सुसाङ्लिमा तथा दक्षिण दिशाकी फियामलुङ्मा र तुसाङलिमा लगायत अनैको महिलाहरूसँग संसर्ग भई उनीहरूबाट कैयौ सन्ततिहरूको जन्म हुन्छ । जीवन गुजारा गर्ने उपाय शिकारी पेशा नै भएकोले सावा युक्फुङगेम्बा शिकार गर्दै रहन्छन् । यसै क्रममा सावा युक्फुङगेम्बाका धेरै श्रीमतिहरूबीच नाहेन (ईश्या र आँखीडाही) उत्पन्न हुन्छ । फलस्वरूप शिकारी सावा युक्फुङगेम्बालाई कुनै श्रमितिले सातुसामल वा खानेकुरा दिदैनन् बरु एकले अर्कालाई देखाई उसैकोमा गएर खानु भन्छन् । यसपछि उनी भोकभोकै पर्छन र यही कारणबाट उनको मृत्यू

थोक्पुन तेम्बेमा हुन्छ । यो कुरा आमा मुजिङ्ना खेयङ्नाले थाह पाएपछि मृत छोरालाई अलाप बिलाप गर्दै वरदान दिन्छिन र मृत्यूका कारक आफ्ना ती बुहारीहरूलाई गालीश्राप पनि दिन्छिन् । यसरी ईश्या र आँखीडाही तथा गालीश्रापको जन्म हुन्छ । यो अध्ययन ताप्लेजुङका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरूको अध्ययनमा केन्द्रीत नभएपनि मुन्धुमी स्थल थोक्पुन तेम्बे तथा साप्चिरी साप्चङ तेम्बे जस्ता ताप्लेजुङमा रहेका मुन्धुमी स्थलहरूको वर्णन यस साहित्यमा पाईएकोले यसलाई सन्दर्भ सामाग्रीको रूपमा लिईएको छ ।

आइत खजुम (२०७१) को “च्याब्रुङको नालिबेली” पुस्तक च्याब्रुङको ऐतिहासिक बृतान्त हो । च्याब्रुङ लिम्बू जातिको मौलिक लोकबाजा हो । यसमा लेखकले च्याब्रुङको मुन्धुमी आख्यानहरूको उल्लेख गर्दै च्याब्रुङको उत्पत्ति, प्रकारहरू, बनाउने तरिका, तालहरू, नाचका प्रकारहरू तथा नाच्ने विधिहरूको र यसको सँगीत पक्षको बारेमा विस्तृत रूपमा चर्चा गरेका छन् । यो अध्ययन ताप्लेजुङका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरूको अध्ययनमा केन्द्रीत नभए पनि यसमा प्रथम पटक च्याब्रुङ निर्माण भएको मुन्धुमी स्थल ‘केखिङ तेम्बे’ ताप्लेजुङमा नै पर्ने भएकोले यसलाई प्रस्तुत अध्ययनका लागि सन्दर्भ सामाग्रीको रूपमा लिईएको छ ।

भगीराज ईङनाम (२०७५) को “लिम्बू जातिको इतिहास” नामक पुस्तकमा लेखकले लिम्बू जातिको इतिहासलाई केलाउने प्रयास गरेका छन् । उनले यस ग्रन्थमा लिम्बू जातिको इतिहासलाई विभिन्न धार्मिक ग्रन्थ, पुरातात्विक सामाग्री, मानव शास्त्रीय आधार तथा मुन्धुमको दृष्टिकोणबाट हेरेर व्याख्या तथा विश्लेषण गरेका छन् । लिम्बू जातिको इतिहासको व्याख्या तथा विश्लेषण गर्ने क्रममा लेखकले यस कृतिमा पक्लुङ लेप्मा मुन्धुम, युमासाम्माङ मुन्धुम, मेन्छागेन नामयाप्मी पोङ्मा मुन्धुम, नाम्सामी केसामी मुन्धुम, कुदापसम्माङ मुन्धुम, मुक्कुमसेमी मुन्धुम, वागोङ्मा मुन्धुम, साम्सोघा मुन्धुम, सिदोमा मुन्धुम, हिमचोक्मा मुन्धुम, केलाङ मुन्धम, तेन्धाम मेक्खिम मुन्धुम, हिम साम्माङ मुन्धुम, लाही नाम्ही मुन्धुम, अक्वानामा मुन्धुम, सोतपोङ्मा मुन्धुम, साप्पोक चोमेन मुन्धुम, यङदङफोङ्मा मुन्धुम, साप्पोक चोमेन मुन्धुम, चासोक तङ्नाम मुन्धुम र थेवा साम्माङ मुन्धुमको संक्षेपमा चर्चा गरी यी मुन्धुमहरूको सन्दर्भमा लिम्बू जातिको इतिहासलाई तुलनात्मक अध्ययन गरेका छन् । यो अध्ययन ताप्लेजुङमा रहेका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त संस्कृतिक परम्पराहरूको अध्ययन केन्द्रीत नभएपनि उल्लेखित मुन्धुमको

चर्चा गर्दा पिप्पुथाप, नाम्सामी केसामी लुङ, फक्ताङलुङ, लोक्फादेन हाङफादेन, पारुङतेम्बे मारुङतेम्बे जस्ता ताप्लेजुङमा अवस्थित मुन्धुमी स्थलहरूको वर्णन गरिएकोले प्रस्तुत अध्ययनलाई सहयोग पुग्ने हुँदा यसलाई सन्दर्भ सामाग्रीको रूपमा लिईएको छ ।

अमरजंङ लिम्बू (२०७५) को "मुन्धुमी अवस्थलहरूको अध्ययन प्रतिवेदन" तेह्रथुम र धन्कुटा जिल्लाका विभिन्न मुन्धुमी स्थलहरूको स्थलगत अध्ययन गरी तयार गरिएको एक दस्तावेज हो । यसमा पर्वत, प्राचीन गढीहरू, लिम्बू जातिको मांगेन्नायक, पोखरीहरू, वनजंगल र ओडारहरू  जस्ता लिम्बू जातिका मुन्धुमी स्थलहरूको खोजअनुसन्धान गरी यस्ता मुन्धुमी स्थलहरूको फोटो सहित यो प्रतिवेदन तयार गरिएको छ । तर यस्ता मुन्धुमी स्थलहरूसँग जोडिएका अमूर्त साँस्कृतिक परम्पराहरूबारे यसमा खासै अध्ययन भएको छैन् । यसमा तेह्रथुम र धन्कुटा जिल्लामा रहेका बाहेक अन्य जिल्लामा रहेका मुन्धुमी स्थलहरूको अध्ययन भएको नभएतापनि यस अध्ययनमा प्रयोग भएको अध्ययन विधि र सैद्धान्तिक साहित्य अध्ययनको लागि सहयोगी भएकोले यसलाई सन्दर्भको रूपमा राखिएको छ ।

अर्जुनबावु मावोहाङ र लक्ष्मण लावती (२०७८) ले "दश लिम्बूवान शत्र थुमको नीति" पुस्तकमा दश लिम्बूवानका विभिन्न रीतिथितिहरू, लिम्बूवानको किपट व्यवस्था तथा सुवाङ्गी प्रथा र लिम्बू जातिको मुन्धुम सम्बन्धमा अध्ययन गरी यो पुस्तक तयार गरेका   छन् । पुस्तकमा लिम्बूवानको इतिहास, किपट व्यवस्था तथा सुवाङ्गी प्रथालाई प्रमाणित गर्ने पुराना सँग्रहित कागज पत्र र विभिन्न दस्तावेजहरू पनि प्रकाशन गरेका छन् । उनिहरूले लिम्बू (याक्थुङ) जातिको उद्गम स्थल कतै अन्य वाहिर मुलुक नभई लिम्बूवान कै फक्ताङलुङ (कुम्भकर्ण) पर्वतको आसपास पारुङतेम्वे मारुङ तेम्वे भएको तर्क पेस गरी त्यसको मुन्धुमी प्रसँग पनि यसमा उल्लेख गरेका छन् । यस कृतिमा विभिन्न मुन्धुमी स्थलहरूको वारेमा चर्चा गरिएको छ । यो अध्ययन ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरूको अध्ययनमा केन्द्रीत नभएपनि फक्ताङलुङ (कुम्भकर्ण) र पारुङतेम्वे मारुङ तेम्वे जस्ता ताप्लेजुङमा पर्ने मुन्धुमी स्थलहरूको वर्णन भएकोले यसलाई प्रस्तुत अध्ययनको सन्दर्भ सामाग्रीको रूपमा राखिएको छ ।

हरिचन्द्र लावती (वि.सं. २०७८) को "सृष्टि र मानवजीवनबारे किरात मुन्धुमको दार्शनिक चिन्तन" शीर्षक लेख दर्शनावली - ८ ग्रन्थमा प्रकाशित छ । यस लेखमा लेखकले किरात धर्म ग्रन्थ मुन्धुममा भएको नावाचइःत मुन्धुम (सृष्टिसम्बन्धी मुन्धुम) मा आधारित भएर ब्रह्माण्ड र चराचर जगतको सृष्टिको व्याख्या र विश्लेषण गरेका छन् । मुन्धुमलाई

विभिन्न तेत्तिस भागमा विभाजन गर्दै उनले ती मुन्धुम मुताविक उत्पत्ति भएका विभिन्न संस्कारहरूको पनि चर्चा गरेका छन् । सारमा किरात मुन्धुमको सृष्टिसम्बन्धी दर्शन अध्यात्मवादी छ किनकि यसले ब्रह्माण्ड र चराचर जगतको सृष्टि सर्वशक्तिमान ईश्वर तागेरानिङ्वाफूमाङले निर्माण गरेको उल्लेख गर्दछ । यो अध्ययन ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरूको अध्ययनमा केन्द्रीत नभएतापनि मुन्धुमको दार्शनिक अवधारण निर्माण गर्न प्रस्तुत अध्ययनलाई यसले सहयोग पुऱ्याउने हुँदा यसलाई सन्दर्भ सामाग्रीको रूपमा राखिएको छ ।

## २.६. अनुसन्धान रिक्तता (Research Gap)

उपर्युक्त सन्दर्भ साहित्यहरूको समिक्षात्मक छलफलबाट प्रस्तुत शोधशीर्षकको अनुसन्धान रिक्ततामा देखिएका मुख्यमुख्य बुँदाहरु निम्नानुसारका प्रस्तुत गरिन्छ :

(क) सम्बन्धित सन्दर्भ साहित्यहरुको अध्ययनबाट हालसम्म संरचनात्मक प्रकार्यवाद र साँस्कृतिक पर्यावरणवादको सैद्धान्तिक मान्यतामा आधारित भएर 'ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू' शीर्षकमा कुनै अनुसन्धान कार्य भएको पाइएन ।

(ख) नीतिगत सन्दर्भ साहित्यहरूको अध्ययनबाट अन्तर्राष्ट्रिय कानुन, नेपालको संविधान, प्राचीन स्मारक ऐन (२०१३), स्थानीय सरकार संचालन ऐन (२०७४) र संस्कृति नीति (२०६८) मा राज्यले विभिन्न जातजाति र समुदायको इतिहास, भाषा, लिपि, धर्म, संस्कृति, साहित्य, कला, परम्परा, मूल्य-मान्यता जस्ता कुराहरूको संरक्षण, सम्बर्द्धन र विकास गर्न विभिन्न कार्यक्रमहरू संचालन गर्नुपर्ने व्यबस्था रहेको पाईन्छ । त्यस्तै यी ऐन-कानुनहरूमा समुदायका प्रत्येक मानिसलाई स्वातन्त्रपूर्वक आफ्नो सामाजिक तथा साँस्कृतिक विकासमा लाग्ने अधिकार रहने र नेपालको संविधान अनुसार प्रत्येक नेपाली नागरिकलाई आफ्नो भाषा, लिपी, सँस्कृति, सभ्यता र सम्पदाको सम्बर्द्धन र संरक्षण गर्ने हक हुने व्यवस्था गरेको देखिन्छ । अतः 'ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू' विषयमा केन्द्रीत प्रस्तुत शोध अन्तर्राष्ट्रिय कानुन र नेपालको राष्ट्रिय कानुन अनुकुल एवं बैधानिक सवाल रहेको देखिन्छ ।

(ग) विधिगत सन्दर्भ साहित्यहरुको अध्ययनबाट अधिकांश सन्दर्भ सामाग्रीहरु अनुसन्धान विधिको पूर्ण रुपमा अनुसरण गरी तयार गरेको देखिएन । तसर्थ ती

साहित्यहरूमा निकालिएका निश्कर्षहरू पूर्ण रूपमा सत्य, विश्वासनीय र बैध छन् भन्न सक्ने अवस्था देखिदैन । केही सन्दर्भ साहित्यहरू आंशिक रूपमा अनुसन्धान विधिको पालना गरी तयार गरिएको देखिन्छ ।

(घ) विषयगत (Empirical) सन्दर्भ साहित्यहरूको अध्ययन गर्दा हालसम्म लिम्बू जातिको इतिहास, सँस्कृति, धर्मग्रन्थ मुन्धुम, राजनीति, भाषा-साहित्य, दर्शन र आर्थिक प्रणाली जस्ता विषयहरूमा अध्ययन भई ती विषयहरूमा विभिन्न पुस्तक, लेख-रचना र साहित्यहरू प्रकाशन भएका छन् । यी मध्ये मुन्धुमसम्बन्धी प्रकाशित लेख-रचना तथा कृतिहरूमा कतिपय मुन्धुमी स्थलहरूको उल्लेखसम्म भेटिन्छ । यस शोधकार्यसम्बद्ध उल्लेखित सन्दर्भ साहित्यहरू ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरूको पहिचान तथा सूचीकरण गर्न र यसको यथास्थितिको विश्लेषण गर्न सहयोगी हुने देखिन्छ । मुन्धुमी स्थलहरुको भौगोलिक अवस्थिति र यहाँ प्रचलित अमूर्त साँस्कृति परम्पराहरूको अध्ययनमा यी सन्दर्भ ग्रन्थहरु केन्द्रीत नभएकोले यस विषयमा अध्ययन हुन बाँकी नै रहेकोले देखिन्छ ।

उपर्युक्त छलफलबाट प्रस्तुत शोधसंगसम्बन्धित मुख्यमुख्य अनुसन्धान रिक्तताहरुको सार-संक्षेप निम्नानुसार रहेका छन् :

(१) हालसम्म ताप्लेजुङ लिल्लामा के कस्ता मुन्धुमी स्थलहरु रहेका छन् भन्ने विषयमा अध्ययन भई यस्ता स्थलहरुको पहिचान हुन सकेको छैन् ।

(२) ताप्लेजुङ जिल्लामा रहेका मुन्धुमी स्थलहरु भौगोलिक अवस्थिति र यथास्थिति कस्तो छ भनी जानकारी हुन सकेको छैन ।

(३) मुन्धुमी स्थलहरुसंग सम्बन्धित अमूर्त साँस्कृतिक परम्पराहरु के कसरी प्रचलनमा रहेका छन् भनी प्रकाशमा आउन सकेको छैन् ।

## २.७. निष्कर्ष

यस परिच्छेदमा सन्दर्भ साहित्यहरुको सैद्धान्तिक, नीतिगत, विधिगत एवं विषयगत समिक्षा गरिएको छ । सन्दर्भ साहित्यको उपर्युक्त समिक्षाबाट ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरु र यहाँ प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरुको विषयमा हालसम्म कुनै प्राज्ञिक अनुसन्धान हुन नसकेको देखिन्छ । यसमा पनि ताप्लेजुङ जिल्लामा के कस्ता मुन्धुमी स्थलहरु रहेका छन् ? ती मुन्धुमी स्थलहरुको भौगोलिक अवस्थिति र यथास्थिति कस्तो छ ? र मुन्धुमी स्थलहरुसंग सम्बन्धित अमूर्त साँस्कृतिक परम्पराहरु के कसरी प्रचलनमा रहेका

छन् ? भन्नेबारेमा हालसम्म कुनै प्रकारको जानकारी प्रकाशमा आउन नसक्नु यस शोधको प्रमुख अनसन्धान रिक्तता रहेको पाइन्छ । यसै अनुसन्धान रिक्ततालाई पूरा गर्न प्रस्तुत शोधकार्य लक्षित रहेको देखिन्छ ।

# परिच्छेद तीन
# अनुसन्धान विधि

## ३.१. विषयप्रवेश

अनुसन्धान कार्यलाई सही दिशानिर्देस गरी फलदायी निष्कर्षमा पुऱ्याउन अनुसन्धान विधिको अहम भूमिका रहन्छ । 'ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्परा' शीर्षकको प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेदमा अनुसन्धानलाई के कसरी सम्पन्न गरियो भन्ने विषयमा परिचय गराउन अनुसन्धानमा प्रयोग गरिएको समग्र विधि तथा प्रकृयाहरुको सविस्तार चर्चा गरिएको छ । जस अन्तर्गत मुख्य गरी यस अनुसन्धानमा प्रयोग गरिएको दार्शनिक दृष्टिकोण, अनुसन्धान ढाँचाको प्रकृति, तथ्याङ्क संकलन तथा विश्लेषण विधि, अनुसन्धानको नैतिक सवालहरु तथा अनुसन्धानको सैद्धान्तिक/अवधारणागत ढाँचाहरुको निरुपण गरी त्यसलाई व्याख्या विश्लेषण  गरी स्पष्ट पारिएको छ ।

## ३.२. अनुसन्धान दर्शन (Research Philoshophy)

दर्शन शब्दको सामान्य अर्थ कुनैपनि विषय-वस्तुलाई हेर्नु वा देख्नु हो । तर यसको विशिष्ट अर्थ कुनैपनि विषय-वस्तुको गहिरो अध्ययन, चिन्तन-मनन तथा अनुभूतिको आधारमा तय गरिएको दृष्टिकोण हो । पाश्चात्य जगत र पूर्वीय जगतमा दर्शनलाई बुझ्ने तरिकामा केही भिन्नता पाईन्छ । पाश्चात्य जगतमा दर्शनको अर्थ ज्ञानप्रतिको ममता नै हो भने पूर्वीय जगतमा दर्शनको अर्थ जीवन र जगतलाई हेर्ने दृष्टिकोण हो (राई, वि.सं. २०७४, पृ. ३) ।

अनुसन्धान दर्शन अनुसन्धानलाई सही निश्कर्षमा पुऱ्याउन मद्दत गर्ने महत्वपूर्ण औजार हो । दर्शनले कुनै विषयवस्तुलाई विभिन्न दृष्टिकोणबाट हेरी त्यसभित्र रहेको अन्तरवस्तुको सत्यतालाई प्रस्तुत गर्दछ । संसारमा धेरै किसिमका दार्शनिक चिन्तनहरूको विकास भएको पाईन्छ । मानिसहरूको चिन्तन गर्ने, बुझ्ने, वर्णन गर्ने र हेर्ने शैली र तरिकाहरू फरक-फरक हुने भएकोले दार्शनिक चिन्तनका विभिन्न सम्प्रदायहरू विद्यामान छन् । तर फरक-फरक दार्शनिक चिन्तन भएका सम्प्रदायहरूबीचमा सिद्धान्तको सैद्धान्तिकरणका आधारभूत तत्व के के हुन भन्ने विषयमा सामान्यतया एकरूपता देखिन्छ ।

यस्ता तत्वहरूमा सत्यलाई हेर्ने दृष्टिकोण (Ontology), ज्ञानको सिद्धान्त (Epistemology), मूल्यमिमांशा (Axiology) र विधिशास्त्र (Methodology) हुन् । यस्तो अनुसन्धान दर्शन र सैद्धान्तिकरणका आधारभूत तत्वहरू मिलेर अनुसन्धानको सैद्धान्तिक खाका (Research Paradigm) को निर्माण हुन्छ । अनुसन्धानमा विषयवस्तुको गहिरो अध्ययन गरी बैध र विश्वासनीय निश्कर्षमा पुग्न उपयुक्त अनुसन्धानको सैदान्तिक खाका (Research Paradigm) को छनौट हुनु जरुरी देखिन्छ ।

उपर्युक्त परिप्रेक्षमा प्रस्तुत अनुसन्धानको सैद्धान्तिक खाका निर्माणवाद (Constructivism) रहने छ । निर्माणवादको सत्यसम्बन्धी दृष्टिकोण (Ontology) अनुसार सत्यहरू विषयगत हुन्छन्, वस्तुगत हुँदैनन् भन्ने रहेको छ । साथै सत्यहरू मानव अन्तर्क्रियाद्वारा निर्मित हुन्छन र सापेक्ष हुन्छन् । यस्तै यसको ज्ञानशास्त्र (Epistemology) अनुसार सत्यहरू स्वंयसिद्ध हुदैनन् बरु तिनीहरू सामाजिक खोजद्वारा निर्मित हुन्छन् भन्ने कुरामा विश्वास गरिन्छ । यस अध्ययनको मूल्यसम्बन्धी मान्यता (Axiological Position) अनुसार मूल्यहरू विषयगत (Subjective), वैयक्तिक र गतिशील हुने र मानिसहरू नै सत्यका निर्माता भएकोले उनीहरूसँगको अन्तर्क्रियाद्वारा अनुसन्धान विषयको विषयगत सत्यता (Subjective reality) पत्ता लगाउनु रहेको छ । यस्तै यसको विधिशास्त्रीय मान्यता (Methodological assumption) मा अनुसन्धान कसरी गर्ने ? भन्ने विषय-वस्तुहरू पर्दछन् । यसमा खासगरी निश्चित अनुसन्धान ढाँचा तय गरिन्छ र त्यस अन्तर्गत अनुसन्धानको सैद्धान्तिक खाका, नमुना छनौट विधि तथा तत्थ्याङ्क संकलन एवं विश्लेषण विधिहरूको निर्धारण गरिएको हुन्छ ।

### ३.३. अनुसन्धान ढाँचा (Research Design)

प्रस्तुत अध्ययनको अनुसन्धान ढाँचा अन्वेषणात्मक अनुसन्धान ढाँचा (Exploratory research design) रहेको छ । अन्वेषणात्मक अनुसन्धानमा पनि यो अनुसन्धान पुरातात्विक अन्वेषणसंग सम्बन्धित छ । अन्वेषणात्मक अनुसन्धानमा अपरिचित वा कम ज्ञान भएको विषयको बारेमा प्रारम्भिक खालका तथ्यहरू पत्ता लगाउने उद्देश्य राखिएको हुन्छ (आचार्य, २०७२, पृ. १३२) । यस्तो अनुसन्धान ढाँचा बढी कठोर एवं पूर्व निर्धारित नभई कम संरचित र लचिलो हुन्छ । कुनै पनि सिमित ज्ञान वा सूचना भएका विषयहरूमा गहिरो अनुसन्धान गरी समस्याको पहिचान तथा विश्लेषण गर्दै नयाँ विचार पत्ता लगाई ज्ञानको क्षेत्रलाई वढाउनको लागि अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिन्छ । शोध विषयसंग

सम्बन्धित सन्दर्भ साहित्यहरुको समिक्षाबाट ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरूको खोजीमा केन्द्रीत प्रस्तुत अध्ययन एक नविन अनुसन्धान हो । यस्तो अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन बढी लचिलो प्रकृयाबाट अगाडी बढाउनु पर्ने आवस्यकता रहन्छ । अतः यस अनुसन्धानमा अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गर्नु उपयुक्त हुने भएकोले सो ढाँचाको प्रयोग गरिएको छ ।

पुरातात्विक अन्वेषण भनेको धार्मिक तथा ऐतिहासिक स्थलहरुमा स्थलगत भ्रमण गरी त्यहाँ रहेका भौतिक अवशेषहरुको खोजी गरी तिनको महत्वलाई प्रकाश पार्नु हो भन्ने सिद्धान्त अनुरुप यस अनुसन्धानमा अनुसन्धानकर्ताले परम्परागत पुरातात्विक अन्वेषण विधिको प्रयोग गरी मुन्धुमी स्थलहरुको अन्वेषण गर्ने प्रयास गरेको छ । यो अन्वेषणमा बैज्ञानिक प्रविधि अनुसारका सामाग्रीहरु अनुसन्धानकर्तालाई सहजरुपले उपलब्ध हुन नसक्ने देखिएकोले जि.पि.एस.सर्भे बाहेक अन्य प्राविधिक सामाग्रीहरु यहाँ प्रयोग गरिएको छैन ।

यो एक गुणात्मक (Qualitative) प्रकृतिको अनुसन्धान हो । यो अध्ययनमा विशेषत विभिन्न मुन्धुमी स्थलहरू र यी स्थलहरूसँग सम्बन्धित अमूर्त साँस्कृतिक सम्पदाहरूको रूपमा रहेको मानवीय विश्वास प्रणाली, भावनात्मक सम्बन्धहरू तथा साँस्कृतिक सोचहरू जस्ता गुणात्मक (Qualitative) विषयको अध्ययन भएकोले यस अनुसन्धानको प्रकृति गुणात्मक रहको छ । यस अनुसन्धानमा आगमन (Inductive) विधिको प्रयोग गरिएको छ । आगमन (Inductive) विधिमा तत्थ्यहरूको विश्लेषणबाट नयाँ सत्य (सिद्धान्त) को प्रतिपादन गरिन्छ । साथै लिम्बू आदिवासी जनजातिसँग सम्बन्धित मुन्धुमी स्थलहरूमा संचालित विभिन्न साँस्कृतिक अभ्यासहरूको प्रत्यक्ष अवोलोकन र अन्तर्वार्ताको माध्यमबाट आवस्यक तत्थ्याङ्क संकलन गरिएकोले यो अध्ययन एक जनजातीय अध्ययन (Ethnographic Study) पनि हो ।

### ३.४. तत्थ्याङ्ग संकलन विधि (Method of Data Collection)

हालसम्म कुनै अध्ययन नभएकोले ताप्लेजुङ जिल्लामा के कति मुन्धुमी स्थलहरू रहेका छन् ? भन्ने यकिन तत्थ्याङ्ग उपलब्ध छैन् । विशेषत यस अध्ययनमा मुन्धुमसम्बन्धी संन्दर्भ साहित्यमा उल्लेखित विभिन्न स्थलहरुलाई मुन्धुमी स्थलहरूको रुपमा पहिचान गरी तीमध्ये केही मुन्धुमी स्थलहरुको उद्देश्यमूलक नमुना छनौट विधिद्वारा छनौट गरी अध्ययनमा समावेश गरिएको छ । त्यसमा पनि ताप्लेजुङभित्रका हरेक पालिकामा रहेका अमूर्त साँस्कृतिक अभ्यासहरु संचालन गरिने मुन्धुमी स्थलहरूलाई प्राथमिकता दिई यस अध्ययनमा

समाबेश गरिएको छ । यस अध्ययनमा प्राथमिक तथा द्वित्तीयक दुवै स्रोतहरूबाट तथ्याङ्कहरू सङ्कलन गरिएका छन् । प्राथमिक स्रोतका तथ्याङ्क संकलनका औजारहरू (Tools) मा अन्तर्वार्ता, अवलोकन, फोटोग्राफी तथा भिडियोग्राफी रहने छन् भने द्वितीयक स्तरका तथ्याङ्कहरू प्रकाशित पुस्तक, लेख, पत्रपत्रिका, इन्टरनेट र अडियो तथा भिडियो सामाग्रीहरूको माध्यमबाट संकलन गरिएका छन् ।

मुन्धुमी स्थलको पहिचान र सूचीकरणसंग सम्बन्धित तथ्यहरू द्वित्तीयक स्रोतहरू मुन्धुम र मुन्धुमी स्थलको विषयमा प्रकाशित सन्दर्भ ग्रन्थहरुबाट संकलन गरिएका छन् । सूचीकृत मुन्धुमी स्थलको भौगोलिक अवस्थिति र यथास्थितिसँग  सम्बन्धित तथ्याङ्कहरू प्राथमिक स्रोतहरू स्थलगत अवलोकन, फोटोग्राफी, जि.पि.एस. (Global Positioning System) मापन र स्थानीय व्यक्तिहरुसंगको अन्तर्वार्ताको माध्यमबाट संकलन गरिएका छन् । यस्तै दुरताको कारणले प्रत्यक्ष अवलोकन गर्न नसकिने मुन्धुमी स्थलको भौगोलिक पहिचानसँग सम्बन्धित तथ्याङ्कहरू द्वितीयक स्रोतहरूको उपयोग गरी संकलन गरिएका छन् । मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू सम्बन्धी  तथ्यहरू मुन्धुमी स्थलको प्रत्यक्ष अवोलोकन तथा मुन्धुमका स्रोतहरू - फेदाङमा, येबायेमा, साम्बा, तुम्याङ, मुन्धुमसाबा, मुन्धुमविद तथा मुन्धुमजानिफकार व्यक्तिहरूसँगको अन्तर्वार्ताबाट संकलन गरिएका छन् । अन्तर्वार्ताका उत्तरदाताहरूको छनौट संभावना रहित उद्देश्यमूलक नमुना छनौट विधिद्वारा गरिएको छ । अन्तर्वार्ताहरूको टिपोट तथा अडियो रेकर्ड पनि गरिएको छ । अन्तर्वार्ताहरू असंरचित (Unstructured) र अर्ध संरचित (Semi structured) किसिमका रहेका छन् । यस्ता अन्तर्वार्तामा सोधिने प्रस्नहरू खुला प्रश्न (Open endaded question) रहेका छन् ।

### ३.५. तत्थ्याङ्क विश्लेषण विधि (Method of Data Analysis)

यस अध्ययनमा संकलित तथ्याङ्कहरूको गुणात्मक तथ्याङ्क विश्लेषण विधि अपनाई व्याख्या विश्लेषण गरिएको छ । गुणात्मक तथ्याङ्क विश्लेषण विधिका प्रमुख तत्वहरुमा- तथ्याङ्कहरूको सम्पादन, संकेतीकरण, वर्गीकरण र तालिकीकरण रहेका छन् । यसो भएतापनि यस अध्ययनमा विषयगत र उद्देश्यगत रुपमा तथ्याङ्कहरूको सम्पादन, संकेतीकरण र वर्गीकरण गरी सोही अनुसार संकलित तथ्याङ्कहरुलाई प्रशोधन र विश्लेषण गर्दै अध्ययनको निश्कर्ष निकालिएको छ ।

यस्तै संकलित तथ्याङ्कहरूको व्याख्या विश्लेषण गरी निश्कर्ष निकाल्न सँस्कृति निर्माणका विभिन्न तात्विक सद्धान्तहरू मध्ये प्रकार्यवाद (Functionalism) र साँस्कृतिक

पर्यावरणवाद (Cultural Ecology) का सैद्धान्तिक मान्यताहरुको सहायता लिइएको छ । यसमा पनि लिम्बू समाजिक व्यवस्थाको एक एकाईको रूपमा रहेको मुन्धुममा आधारित मुन्धुमी स्थलहरू र यहाँ प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरूको आवस्यकता, उत्पति र विकास के सामाजिक प्रकार्यात्मक भूमिकाको लागि भएको हो ? भन्ने कुराको विश्लेषण गर्न संरचनात्मक प्रकार्यवाद (Structural Functionalism) का सैद्धान्तिक मान्यताहरुको सहायता लिइएको छ भने त्यस्ता मुन्धुमी स्थलहरुमा प्रचलित साँस्कृतिक परम्परारूको उत्पति र विकास हुनुमा वातावरणीय तत्वको योगदानको के कस्तो रहेको छ ? भन्ने विषयको लोखाजोखा गर्न साँस्कृतिक पर्यावरणबाद (Cultural Ecology) का सैद्धान्तिक मान्यताहरुको आधार लिइएको छ ।

## ३.६. अनुसन्धानमा नैतिक सवालहरू (Ethical Issues in Research)


अनुसन्धानलाई अनुकुल वातावरण तयार गरी उचित र मर्यादित तरिकाले अनुसन्धान सम्पन्न गर्न शोधकर्ताले केही नैतिक मूल्य मान्यताहरूको ख्याल राख्नुपर्ने हुन्छ । यो शोधकर्ताको आचारसंहिता हो । अनुसन्धान कार्य नैतिक, ब्यवस्थित र बैज्ञानिक खोज भएकोले यसका सबै विधि र प्रकृया अनुरूप पेशागत धर्म र प्राज्ञिक मर्यादा कायम राखी अनुसन्धान कार्य संचालन गरिएको छ । अनुसन्धान कार्य गर्दा विभिन्न जाति र समुदायको सामाजिक मूल्य र मान्यतालाई ख्याल राखी गरिएको छ । कुनै भौगोलिक क्षेत्र, जातजाति तथा ब्यक्तिप्रति पक्षपात एवं पूर्वाग्रहपूर्ण सोचाई राखी ब्यवाहार गरिएको छैन । उत्तरदाताहरूबाट प्राप्त सूचनाहरूलाई तोडमरोड नगरी उनीहरूको आसय अनुरूप परिस्कृत गरेर प्रस्तुत गरिएको छ । अनुसन्धानको क्रममा कसैलाई आर्थिक, भौतिक, मनोबैज्ञानिक र कानुनी क्षति पुग्ने कुनै ब्यवहार गरिएको छैन । कसैलाई उसको सहमति विपरीत अनुसन्धान कार्यमा संलग्न गराइएको छैन । बौद्धिक चोरी (Plagiarism) लाई पूर्ण रूपमा निशेध गरी अध्ययन कार्य सम्पन्न गरिएको छ । जनसमुदाय वा मानिसहरूलाई थाह नदिई गोप्य तरिकाले अनुसन्धान कार्य संचालन गरिएको छैन ।

## ३.७. सैद्धान्तिक र अवधारणात्मक ढाँचा (Theoretical & Conceptual Framework)

कुनैपनि अनुसन्धानमा प्रयोग गरिने सिद्धान्त र यसमा सम्बद्ध प्रमुख चर/अध्ययन वस्तुहरुबीच आपसी सम्बन्धको व्याख्या गर्न निर्माण गरिएको कार्यढाँचा (Frame Work) लाई नै अनुसन्धानको सैद्धान्तिक र अवधारणात्मक ढाँचा भनिन्छ । 'ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू' विषयक प्रस्तुत अध्ययनको सैद्धान्तिक र अवधारणात्मक ढाँचा निम्न बमोजिम रहेको छ :–

## अनुसन्धानको सैद्धान्तिक/अवधारणागत ढाँचा

शीर्षक - ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू




### ३.८. निष्कर्ष

'ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्परा' विषयक प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेदमा समग्र अनुसन्धान विधिको परिचर्चा गरिएको छ । यस क्रममा अनुसन्धानको दार्शनिक दृष्टिकोण निर्माणबाद (Constructivism) रहको देखिन्छ भने अनुसन्धानमा पुरातात्विक अन्वेषणात्मक ढाँचाको प्रयोग गरिएको छ । अनुसन्धानमा प्राथमिक र द्वित्तीयक दुवै स्रोतहरुबाट तथ्याङ्कहरु संकलित भएका छन् र तथ्याङ्क संकलनका मुख्य औजारहरुमा पुस्तकालय अध्ययन, अवलोकन, अन्तर्वार्ता, जि.पि.एस. मापन र फोटोग्राफी रहेका छन । साथै यस अध्ययनमा विषयगत र उद्देश्यगत रुपमा तथ्याङ्कहरूलाई सम्पादन, संकेतीकरण र वर्गीकरण गरी सोही अनुसार संकलित तथ्याङ्कहरुलाई प्रशोधन गरी संरचनात्मक प्रकार्यवाद (Structural Functionalism) र साँस्कृतिक पर्यावरणबाद (Cultural Ecology) का सैद्धान्तिक मान्यताहरुको आधारमा विश्लेषण गर्दै अध्ययनको निश्कर्ष निकालिएको छ ।

## परिच्छेद चार

## ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरूको पहिचान, सूचीकरण र भौगोलिक अवस्थितिको विवेचना

### ४.१. विषयप्रवेश

ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरु र यहाँ प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरुको अनुसन्धान गर्ने मूलभूत उद्देश्य लिएर सम्पन्न गरिएको अनुसन्धानको यस परिच्छेदको प्रारम्भमा मुन्धुमलाई थप परिचित गराउने ध्येयले मुन्धुमको मौखिक परम्परा, प्रकारहरु, मूल दर्शन र स्रोतहरुको छोटकरीमा चर्चा गरी मुन्धुमी स्थलको परिचय र त्यसलाई पहिचान गर्ने आधारहरु पनि प्रस्तुत गरिएको छ । त्यसपछि मुन्धुम सम्बन्धी विभिन्न सन्दर्भ साहित्यहरुमा उल्लेख भई पहिचान हुन आएका मुन्धुमी स्थलहरुको सूचीकरण गरी शुरुमा यस्ता मुन्धुमी स्थलहरुको भौगोलिक अवस्थिति र यथास्थितिको विवेचना गरिएको छ । यसरी विवेचना गरिएको ताप्लेजुङ जिल्लाका सबै मुन्धुमी स्थलहरुको भौगोलिक अवस्थिति देखिने गरी भौगोलिक नक्शा तयार गरी शोधप्रबन्धको परिशिष्ट 'घ' मा संलग्न गरिएको छ । साथै यी मुन्धुमी स्थलहरुसंग सम्बन्धित विभिन्न मुन्धुमी प्रसंगहरुको पनि यहाँ क्रमशः विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

### ४.२. मुन्धुमको मौखिकशास्त्र परम्परा

मुन्धुम लिम्बू जातिको धर्मशास्त्र, इतिहास, दर्शनशास्त्र र ज्ञानशास्त्र हो । यसमा लिम्बू जातिका पूर्खाहरूले समयको विभिन्न कालखण्डमा बाँच्नका लगि अनेकौं प्राकृतिक अनुकुलता र विपत्तिहरूसँग सामना गर्दै अघि बढ्ने क्रममा घटेका समग्र घटनाहरूवाट वटुलिएका अनुभव र सिकिएका शिक्षाहरूको सँग्रह गरिएको छ । लिम्बू जातिको जीवन दर्शन र सँस्कृतिको प्रमुख स्रोतको रूपमा रहेको मुन्धुमहरू प्राचीन कालदेखि मौखिक श्रुतिपरम्पराबाट पुस्तान्तरण हुँदै आएको हो । मानव सभ्यताको विकासक्रममा संचारको लागि भाषाको विकास भएपछि विश्वभर मौखिक श्रुतिपरम्पराबाट नै समाजको सँस्कृति, शिक्षा, नैतिक नियम, इतिहास, साहित्य आदि जस्ता सामाजिक ज्ञानहरूको पुस्तान्तरण हुँदै आएको इतिहास पाइन्छ । मौखिक परम्पराको प्रचलन प्राचीन समयदेखि अफ्रिकाका आदिवासी समुह, प्राचीन ग्रीक, मध्यपूर्व, आष्ट्रेलियन आदिवासी, उत्तर अमेरिकाको रैथाने समुह तथा भारतमा समेत बैदिक कालमा प्रचलित रहेको थियो (en.wikipedia.org) । पूर्वी

नेपालका आदिवासी लिम्बू जातिहरूमा प्रचलित मुन्धुम पनि यस्तै मौखिक श्रुतिपरम्पराबाट पुस्तान्तरण हुँदै आएको लिम्बू जातिको सामाजिक ज्ञानको मौखिक दस्ताबेज हो । हाल आएर मुन्धुमलाई लेखेर दस्तावेजीकरण गर्ने कार्यको थालनी भएको छ तर अहिले पनि व्यवहारमा मुन्धुमको प्रस्तुतिकरण र अभ्यास धेरैजसो मौखिक परम्परामा नै आधारित रहेको छ ।

### ४.३. मुन्धुमका प्रकारहरू

मुन्धुमलाई विषय र प्रकृतिको आधारमा विभिन्न तरिकाले विभाजन गरिएको पाईन्छ । लिम्बू समुदायमा सामान्यतया लिखित मुन्धुमलाई 'पेसाप' र मौखिक मुन्धुमलाई 'थुङसाप' भनिन्छ । मुन्धुम अध्येता अर्जूनबाबु माबोहाङले याक्थुङ मुन्धुमलाई चुक्मुबा हिङ्मुबा मुन्धुम (बाँचेकाहरूको संरक्षणका लागि गरिने संस्कार) र यगु चङसिङमा मुन्धुम (मरेकाहरूका आत्माका मुक्तिका लागि गरिने संस्कार) गरी दुई भागमा बाँड्न सकिने उल्लेख गरेका छन् (माबोहाङ, वि.सं.२०६९, पृ.३९-४०) । किरात भाषा तथा संस्कृति विशेषज्ञ ईमानसिंह चेम्जोङले पेसाप मुन्धुमलाई 'सक्सक् मुन्धुम' (सृष्टिको वर्णनसम्बन्धी मुन्धुम), 'साम्जिक मुन्धुम' (दर्शनसम्बन्धी मुन्धुम), 'साप्जि मुन्धुम' (आध्यात्मसम्बन्धी मुन्धुम) र 'साप्मुन्धुम' ( इतिहाससम्बन्धी मुन्धुम) भनेर चार भागमा विभाजन गरेको छन् (चेम्जोङ, वि.सं. २०५९, पृ.८) । यी मूल मुन्धुमहरू अन्तर्गत पनि अनेकौ विषयसँग सम्बन्धित उपमुन्धुमहरू रहेका छन् ।

### ४.४. मुन्धुमको मूल दर्शन

मूलतः मुन्धुम एक अध्यात्मवादी दार्शनिक दृष्टिकोण हो । अध्यात्मवादी दर्शनमा अलौकिक शक्तिमा विश्वास गरिन्छ । यसमा चेतनालाई प्रधान र पदार्थलाई गौण मानिन्छ । अर्थात यस दर्शनमा चेतनाले नै पदार्थको निर्माण गर्दछ भन्ने मान्यता रहेको छ । अध्यात्मवादी दर्शनमा सृष्टिका रचयित सर्वोच्च चेतनाको प्रतिक ईश्वरलाई ठानिन्छ र साह्रा जगतको संचालक यिनै भगवान हुन भन्ने विश्वास गरिन्छ । मुन्धुमले यसै अवधारण अनुरूप ब्रह्माण्ड र चराचर जगतको सृष्टि सर्वशक्तिमान ईश्वर तागेरानिङ्वाफु माङले गरेका हुन र यसको संचालन र नियन्त्रण पनि उनैबाट हुन्छ भन्ने मान्यता राख्दछ ।

यस्तै मुन्धुम एक बहुईश्वरवादी दर्शन हो । मुन्धुमले ईश्वरीय वा अलौकिक शक्तिलाई माङ, सम्माङ र सम्माङच्याङ तीन स्तरमा विभाजन गरेको छ । माङ सर्वशक्तिमान, सर्वव्यपी, निर्गुण र निराकार एवं लिङ्गविहिन देवीदेवता हो भने साम्माङ विभिन्न

भौतिकरूपमा देखापर्ने माङको रूप हो । साम्माङच्याङ चाँहि अनिष्टकारी वा अमंगलकारी दशाग्रह हो (तुम्बाहाङ, वि.सं.२०६८,पृ.६७) । मामुन्धुममा तागेरानिङ्वाफुमाङ, पोरोक्मी यम्फामीमाङ, युमामाङ, थेबा साम्माङ, काप्पोबा साम्माङ, अक्वानामा साम्माङ, चक्खोबा साम्माङ, सबा साम्माङ, वगोङमा साम्माङ, तक्सङबा साम्माङ, वारक्पा साम्माङ, ताम्फुङ्ना साम्माङ, खञ्जमा साम्माङ, मिसेक्पा साम्माङ, पयाङलुङ्मा साम्माङ, तुङ्दुङ्गे साम्माङ, थुङदाङ्बा साम्माङ, फाक्मुरा साम्माङ, चारुङ्मा साम्माङ, सिङ्लाबा साम्माङ, पिच्चामा साम्माङ, सिरीङ्मा सम्माङ आदिजस्ता अनेक थरीका देवीदेवता (माङ-सम्माङ) हरूको चर्चा पाईन्छ ।

मुन्धुमको अर्को दर्शन प्रकृतिवाद हो । प्रकृतिलाई नै मानव अस्तित्वको प्रमुख सम्बाहक शक्ति मानी यसको पूजा-आराधना गर्ने सिद्धान्त प्रकृतिवाद हो । यो प्रकृतिवादी दर्शन बोनवादी दर्शनसँग मेलखाने देखिन्छ । बोनवादको प्रकृतिवादी दर्शन अनुसार मानिसले प्रकृतिबाट नै उर्जा प्राप्त गर्ने हुनाले खोला, नदी, तलाउ, रुखविरुवा आदिलाई देवी र चट्टान, पहाड र ढिस्कोलाई देवताको रूपमा मान्ने परम्परा छ (रेग्मी, वि.सं.२०७८, पृ २८७) । मुन्धुम अनुसार लिम्बू जातिले प्रकृतिमा रहेका तारा, नक्षत्र घाम, जुन, हावा, पानी, माटो, ढुङ्गा, खोलानाला, पहाडपर्वत, ओडार, वनजंगल, जीवजन्तु आदि सबैलाई प्रकृति देवको अंशमानी पुज्ने गर्दछन् । जस्तै : लिम्बूहरूले चासोक (न्वागी) र यक्वा पूजामार्फत भूमिको पूजा गर्दछन् । ताम्भूङना जंगलका देवी, मिसेक अग्नीदेव, खञ्जमा औलकी देवी, चखोबा पानीको देवी, तक्सङ्वा लेकको देवी, वरक्मा पोखरीको देवी, पायोहाङ्वा नदीको देवीलाई पूजा गरेको सारमा प्राकृतिलाई नै पुजेको देखिन्छ । यी तत्थ्यहरूबाट मुन्धुममा प्रकृतिपूजाको परम्परा व्याप्त रहेको तत्थ्य पुष्टि हुन्छ ।

आत्मवाद (Aninism) पनि मुन्धुमको अर्को दर्शन हो । आत्मावादमा मानिसको भौतिक शरीर मरेपनि आत्मा नमर्ने वा आत्माको अमरत्वको मान्यता राखिन्छ । मुन्धुम अनुसार आत्मा दुई खालका देवात्मा (हाङसाम) र प्रेतात्मा (सिसाम) हुन्छन् भन्ने विश्वास गरिन्छ । यी दुई आत्माहरूमध्ये कालगतिले वा सहज मृत्यू भएका मानिसहरूको आत्माहरू देवात्मा वा पवित्रआत्मा हुन भने अकालममा वा असहज मृत्यू भएका मानिसहरूको आत्माहरू प्रेतात्मा वा खरावआत्मा हुन् । देवात्माले मानव जातिको संरक्षण तथा भलाई र प्रेतात्माले विनास तथा अहित गर्छ भन्ने विश्वास लिम्बू समुदायमा रहेको पाइन्छ । यो मान्यता पनि बोनधर्मको आत्मवादी मान्यतासँग मेलखाने देखिन्छ ।

पितृबाद मुन्धुमको अर्को दर्शन हो । पितृबादमा पितृको आत्माको पुकार गरिन्छ । लिम्बू जातिले सम्पन्न गर्ने कतिपय पूजा अनुष्ठानमा पितृको स्तुति गरी पूजा गरिन्छ । यसरी स्तुति गर्दा पितृको आत्मालाई खाद्य तथा पेय पदार्थ र बस्त्रहरू संकल्प गरी उनीहरूलाई खुसी बनाउने प्रयत्न गरिन्छ (माबोहाङ, वि.सं.२०६९, पृ. ३२) । यस्तै लिम्बूहरूले मान्ने पुज्ने देवताहरू मुजिङ्ना खेयङ्ना, सोधुङ्गेन लेप्मुहाङ, तेल्लारा लाहादोङ्ना, साबा युक्फुङ केम्बा, खाप्पुना मेल्लङहाङ्मा, सिबेरा एक्थुक्नामा र बाजाइबा तेन्तुम्याङहरू पितृ देवीदेवताहरू नै हुन ।  अत पितृ पुकारको परम्परा मुन्धुमको प्रमुख दर्शनको रूपमा लिन सकिन्छ ।

तन्त्रमन्त्रवाद वा झाँक्रीवाद (Shamanism) परम्परा पनि मुन्धुममा रहेको छ । झाक्रीवादमा तन्त्रमन्त्रको शक्तिमा विश्वास गरिन्छ र यस्तो शक्तिको अभ्यासकर्ता लिम्बू धामिझाँक्री येबा, साम्बा र फेदाङ्माहरू हुन । यी धामिझाँक्रीहरूले मानिस वा जीवित आत्मा र मरेका आत्माहरूहरू बीच मध्यस्थकर्ताको भूमिका खेल्ने विश्वास गरिन्छ । मुन्धुम अनुसार प्रेतात्माले मानिसलाई दिने दुखकष्टबाट तन्त्रमन्त्रको शक्तिले रोक्ने वा संरक्षण गर्ने र सिद्धि, शक्ति र सम्बृद्धिको लागि देवात्माको पूजा-अनुष्ठान कार्य गर्ने काम यिनै देवारीहरू येबा, साम्बा र फेदाङ्माहरूले गर्दछन् ।

### ४.५. मुन्धुमको स्रोतहरू

तुत्तु तुम्याङ, फेजिक्कुम फेदाङमा, सिभाक यामि येबा-येमा, सावाार येत्छाम सम्बा, मुन्धुमसाबा,  र अंशीहरू जस्ता मुन्धुमका अभ्यासकर्ता र मुन्धुमविदहरू नै मुन्धुमका मुख्य स्रोतहरू हुन् । यसको अतिरिक्त मुन्धुमको अर्को महत्वपूर्ण स्रोतमा मुन्धुम र मुन्धुमी स्थलबारे प्रकाशित विभिन्न पुस्तक, लेखरचना तथा श्रब्यदृष्य सामाग्रीहरू हुन् । यस्तै कतिपय मुन्धुमहरूको जानकारी लिम्बू समुदायमा प्रचलित मिथक, लोककथा, मन्त्र, किम्बदन्ती, लोकगीत तथा लोकनृत्य, लोकाख्यान आदिहरूको अध्ययन र विश्लेषणबाट पनि प्राप्त गर्न सकिन्छ ।

### ४.६. मुन्धुमी स्थलको परिचय

मुन्धुमले पवित्र र पूज्य भनेर मानेको स्थानहरू मुन्धुमी स्थल हुन । मानव बस्तीभन्दा टाढा पुग्न नसकिने मुन्धुमी स्थलहरूको पूजा-अनुष्ठानमा पुकार मात्र गरिन्छ । तर मानव बस्तीको आसपासमा रहेका मुन्धुमी स्थलहरूमा भने विभिन्न धार्मिक तथा साँस्कृतिक गतिविधिहरू संचालन भएको हुन्छ । मुन्धुमी स्थलहरूको धार्मिक, साँस्कृतिक तथा

ऐतिहासिक महत्व रहेको हुन्छ । यसैले मुन्धुमी स्थल मुन्धुमी गतिविधि र अभ्यासहरू हुने ठाउँ हो ।

प्रस्तुत शीर्षकमा यस शोधको क्रममा पहिचान भई सूचीकृत भएका विभिन्न मुन्धुमी स्थलहरू भौगोलिक रूपमा कहाँ कहाँ पर्दछन भनी अध्ययन गरिएको छ । यसको लागि मुन्धुमी स्थलहरूको स्थलगत अवोलोकनको क्रममा जि.पि.एस.(Global Positionaning System) उपकरणको माध्यमले ती स्थलहरूको मापन गरी उचाई, अक्षांश र देशान्तर पत्तालगाई प्रस्तुत गरिएको छ । भौगोलिक दुरता र कठिनाईका कारण स्थलगत अवोलोकन गर्न संभव नभएका मुन्धुमी स्थलहरूको यस प्रकारको तत्थ्याङ्कहरू द्वित्तीय स्रोतहरूबाट संकलन गरी प्रयोग गरिएको छ । यसबाट प्रस्तुत अध्ययन थप तत्थ्यपरक र वस्तुनिष्ठ बन्नलाई सहयोग पुग्नेछ ।

## ४.७. मुन्धुमी स्थलका पहिचानको सैद्धान्तिक आधारहरु

कुनैपनि स्थान वा ठाउँलाई मुन्धुमी स्थल हो होईन भनेर पहिचान गर्ने निश्चित आधारहरू तथा सिद्धान्तहरु हुनु पर्दछ । पहिचानको सामान्य अर्थ चिन्ने आधार हो । यो कुनै व्यक्ति वा वस्तुको अन्यकोभन्दा फरक विशेषता हो । सिद्धान्त भने कुनै पनि विषयमा रहेको सत्यताको प्रमाणिकरण हो ।

मुन्धुमी स्थलहरुको जानकारी दिने प्रमुख स्रोत लिम्बू जातिको मुन्धुम हो । यस्तो मुन्धुम लिखित वा मौखिक दुवै प्रकारको हुन्छ । त्यसैले मुन्धुमी स्थलहरूको पहिचानको मुख्य सिद्धान्त र आधार यहाँ लिम्बू जातिको लिखित तथा मौखिक मुन्धुमलाई मानिएको छ । याक्थुङ/लिम्बू जातिको मुन्धुमहरूमा वर्णन भएका धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक स्थलहरूलाई मुन्धुमी स्थल मानी यहाँ अध्ययन गर्ने नीति लिइएको छ । यस्तै लिम्बू समुदायमा हालसम्म कायम रहेको धार्मिक तथा साँस्कृतिक विश्वास प्रणाली, परम्परा र साँस्कृतिक गतिविधिहरुसंग तुलना गरेर पनि मुन्धुमी स्थलहरुको पहिचान गरी सूचीकरण गरिएको छ । मुन्धुमको मुल दर्शन प्रकृतिवाद, आत्मावाद, पितृवाद र तन्त्रमन्त्रवाद भएकोले सोही दर्शनिक सिद्धान्त र मान्यताको आधारमा पनि ताप्लेजुङ जिल्लाका विभिन्न मुन्धुमी स्थलहरू पहिचान गरी  सूचीकरण गरिएको छ ।

## ४.८. मुन्धुमी स्थलहरुको पहिचान, सूचीकरण तथा भौगोलिक अवस्थिति

मुन्धुमी स्थलको लिखित तथा मौखिक मुन्धुमी स्रोतहरूको सन्दर्भ तथा त्यस्ता मुन्धुमी स्थलको प्रत्यक्ष अवलोकन र विभिन्न स्रोतव्यक्तिहरूबाट अन्तर्वार्ताको माध्यमबाट प्राप्त सम्पूर्ण तत्थ्यहरूको अध्ययन र विश्लेषणको आधारमा यस अध्ययनमा ताप्लेजुङ जिल्लामा

निम्नानुसारका मुन्धुमी स्थलहरूको पहिचान गरी सोको सूचीकरण गरिएको छ । साथै ती मुन्धुमी स्थलहरूको भौगोलिक  अवस्थिति र यथास्थितिको विश्लेषण गरी निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.८.१. फक्ताङलुङ पर्वत

#### ४.८.१.१. भौगोलिक अवस्थिति र यथास्थिति

फक्ताङलुङ हिमाल ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका वडा नं. ६, लेलेपको उत्तरी हिमाली भागमा अवस्थित छ । यसै पर्वतको नामबाट फक्ताङलुङ गाउँपालिकाको नामाकरण गरिएको छ । यो ७७१० मीटर उचाईको पर्वत हो । यो पर्वतको भौगोलिक अवस्थिति २७°४०' अक्षांस र ८८°०२' देशान्तर रेखामा रहेको छ ( https://ne.wikipedia.org) । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. १ मा दिइएको छ ।

यो पर्वतलाई स्थानीय लिम्बू भाषामा 'फक्ताङलुङ' र नेपालीमा 'कुम्भकर्ण' हिमालको नामले चिनिन्छ । लिम्बू भाषामा "फक्ताङ" भनेको काँध वा कुम हो भने "लुङ" भनेको ढुङ्गा/पर्वत हो । यो ढुङ्गा/पर्वतको आकृति मानिसको जस्तै माथि टाउको र तल दुबैतर्फ काँध भएको हुनाले यसलाई लिम्बू भाषामा "फक्ताङलुङ" नामाकरण गरिएको देखिन्छ । सन्दर्भ स्रोतहरुको अध्ययनबाट हालसम्म यस पर्वतमा कुनै मूर्त धार्मिक तथा साँस्कृतिक संरचनाको निर्माण भएको पाइदैन । सिङ्गो पर्वतलाई नै देवता (माङ) को प्रतिक मानी हरेक बर्ष किरात धर्मावलम्बीहरू यस पर्वतको फेदीमा स्थित पारुङतेम्बे मारुङतेम्बेमा पुगी यसको पूजाआजा गर्ने गर्दछन ।

#### ४.८.१.२. मुन्धुमी सन्दर्भ

बोलिचालीको भाषामा फक्ताङलुङ भनिने यस पर्वतको मुन्धुमी नाम फक्ताङलुङ पेम्बेनलुङ हो । यो पर्वतलाई किरात धर्मावलम्बीहरूको पवित्र तीर्थस्थल मानिन्छ । मुन्धुम अनुसार फक्ताङलुङ पर्वत सावा येतहाङ याक्थुङ लिम्बूहरूको उत्पति स्थल र दैविक शक्तिले परिपूर्ण पवित्र चोत्लुङ (सिद्धिस्थल) हो (सेन्दाङ, वि.सं.२०७४, पृ.१२५) । बैरागी काइँलाका अनुसार कुईकुदाप साम्माङ सिरिङमाको अनुष्ठानमा मुन्धुम फलाक्ने क्रममा देवीदेवताको रूपमा फक्ताङलुङ, केवालुङ वथिनलुङ र चम्फतलुङ जस्ता पर्वतहरूको नाम आउँछ ( काइँला, वि.सं.२०४८, पृ. ५) । यस्तै याक्थुङ लिम्बूहरूको नेत्तिफुङ चाङ्मा (युवयुवतीको सुस्वास्थ्य र श्रीबृद्धिको लागि गरिने पूजा) अनुष्ठानमा पुजारीले देवीदेवताको पुकार गर्दै

आउने क्रममा “फक्ताङलुङ सम्धो, पेम्बेनलुङ सम्धो, इसालुङ सम्धो, फासेलुङ सम्धो, पोरोक्लुङ सम्धो, यम्फालुङ सम्धो , सेवालुङ सम्धो , सेसेलुङ सम्धो, सेमुक्ति सम्धो, मुक्तिबुङ सम्धो” भनी पुकार गर्दछन् (मेन्याङबो, वि.सं. २०६२, पृ. १०१-१०२) । यहाँ पनि अन्य हिमालय पर्वतको नामसँगै फक्ताङलुङ पर्वतलाई देवीदेवताको रूपमा पुकार गरिन्छ । फेदाङ्मा रनधोज सिरेङ चङ्बाङद्वारा लिखित युमा साम्यो मुन्धुममा “ थो फक्ताङलुङ पेम्बेनलुङमा, से से लुङमा, मुक्कुमलुङमा, सेवालुङमा, डेक्वालुङमा, सङसङलुङमा, हिटिलुङमा नु मुदकुम सेवा चङमारो” (अर्थ : माथि रहेका फक्ताङलुङ, पेम्बेनलुङमा, से से लुङमा, मुक्कुमलुङमा, सेवालुङमा, डेक्वालुङमा, सङसङलुङमा, हिटिलुङमालाई सेवाढोग गरौं) भनी अन्य हिमालय पर्वतहरूको नामसँगै फक्ताङलुङ पर्वतको पनि नाम उल्लेख भएको छ ( चङबाङ, वि.सं. २०७०, पृ. ३) । उपर्युक्त कारणले फक्ताङलुङ पर्वतलाई मुन्धुमी स्थल मानिएको हो ।

### ४.८.२. केवालुङ पर्वत

#### ४.८.२.१. भौगोलिक अवस्थिति र यथास्थिति

केवालुङ हिमाल ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका वडा नं. ६ लेलेपको उत्तर पूर्वी भागमा रहेको छ । यसको उचाई ८५८६ मीटर रहेको छ । यो पर्वतको भौगोलिक अवस्थिति २७$^{\circ}$४२’ अक्षांस र ८८$^{\circ}$०८’ देशान्तर रेखामा रहेको छ (https:// ne.wikipedia.org) । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट-ग चित्र नं. २ मा दिइएको छ ।

स्थानीय लिम्बू भाषामा ‘केवालुङ’ भनिने यस पर्वतको नेपाली नामाकरण ‘कञ्चन्जंघा पर्वत’ हो । केवालुङको अर्थ बाघ वा सिंहझैं अटल र शक्तिशाली पर्वत हो । साथै कञ्चन्जंघा हिमाल विश्वकै तेस्रो अग्लो हिमाल पनि हो । सन्दर्भ स्रोतहरुको अध्ययनबाट हालसम्म यस पर्वतमा कुनै मूर्त धार्मिक तथा साँस्कृतिक संरचनाको निर्माण भएको पाइदैन । सिङ्गो पर्वतलाई नै देवता (माङ) को प्रतिक मानी किरात धर्मावलम्बीहरूले यस हिमाललाई टाढैबाट पुकार गरी पूजा गर्ने गर्दछन ।

#### ४.८.२.२. मुन्धुमी सन्दर्भ

केवालुङ पर्वत पनि लिम्बू समुदायको एक अर्को महत्वपूर्ण मुन्धुमी स्थल हो । मुन्धुममा यस पर्वतको यत्रतत्र चर्चा भएको पाइन्छ । लिम्बू जातिकी कुलदेवी यूमामाङको अनुष्ठानमा गायन गरिने यूमासाम्माङ मुन्धुममा केवालुङ (कञ्चनजंघा) को चर्चा यसरी गरेको पाइन्छ । मुन्धुमी प्रसङ्ग हेरौं :

. . . ए– ईक्सा इम्सिङलो, खाम्बेक इम्सिङलो,

तलक ताङसाङ इम्सिङलो,

चफत इम्सिङ, थुङ्वा इम्सिङलो,

पोक्ला इम्सिङ, थुङ्वा इम्सिङलो,

ए– सिन्यूक्केन मुदेन इम्सिङ,

यो तोमेन्दिङ वरक इम्सिङलो,

थो फक्ताङलुङ केवालुङ,

वथिनलुङ, चम्फतलुङ मेइम्सिङ . . .(काइँला, वि.सं. २०४८, पृ. ५२)

(भावार्थ : पृथ्वी, आकाश, जल र पहाड-पर्वतहरू निदाए । माथि उत्तरमा महाचीन र तिब्बत निन्द्रामग्न भईसके । तल महासागर (हिन्द) निदाए । माथि फक्ताङलुङ, केवालुङ, वथिनलुङ र चम्फतलुङ पनि निदाए) ।

यस्तै लिम्बू जातिले मरेका पितृहरूको मूक्ति र बाँचेका मानिसहरूको सम्बृद्धिका लागि तीन रात तीन दिनसम्म संचालन गरिने 'तङसिङ तिक्मा' अनुष्ठानमा मुन्धुम गायन गर्दा पनि केवालुङ (कञ्चनजंघा) हिमालको नाम यसरी पुकार गरिन्छ - ... इक्साए खाम्बेकलुङ माङसे, मुरोप्लुङ खेरोप्लुङ माङसे, वमेनलुङ हाङ्गोलुङ माङसे, कोहिलुङ फाङ्जङलुङ माङसे, फक्ताङलुङ पेम्बेन्लुङ माङसे, इसालुङ फा?सेलुङ माङसे, केवालुङ चन्जन्लुङ माङसे . . भनी केवालुङ (कञ्चनजंघा) पर्वतलाई देवता (माङ) को रूपमा पुकारिन्छ (मेन्याङबो, वि.सं.२०६२, पृ. ७७-७८) । यसै कारणले केवालुङ पर्वतलाई मुन्धुमी स्थल मानिएको छ ।

### ४.८.३. सेवालुङ पर्वत

### ४.८.३.१. भौगोलिक अवस्थिति र यथास्थिति

सेवालुङ पर्वत ताप्लेजुङ जिल्लाको मिक्वाखोला गाउँपालिका वडा नं. ४ साँबा र फक्ताङलुङ गाउँपालिका वडा नं. ४ ईखाबुको संगमस्थलमा रहेको छ । मिक्वाखोला गाउँपालिकाको अप्रकाशित पर्यटन गुरुयोजना अनुसार यो पर्वतको उचाई ४२६२ मीटर रहेको छ भने यो स्थान २७$^{\circ}$३१' उत्तरी अक्षांश र ८७$^{\circ}$४०' पूर्वी देशान्तरमा रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. ३ मा दिइएको छ ।

सेवालुङ पर्वतको चुचुरोमा सेवालुङ माङ (मानाभरा देवी) को थानथपाना रहेको छ ( हरि थलङ, व्यक्तिगत अन्तर्वार्ता, २५ जेठ २०८०) । तर यस पर्वतमा चढ्नु धेरै कठिन भएकोले हरेक वर्ष सानो संख्यामामात्र यहाँ मानिसहरु पूजापाठ गर्न जान्छन् । सिङ्गो

पर्वतलाई नै देवता (माङ) को प्रतिक मानी धेरैजसो किरात धर्मावलम्बीहरुले यस मुन्धुमी स्थलको पुजा गर्ने प्रचलन रहेको पाइन्छ ।

**४.८.३.२. मुन्धुमी सन्दर्भ**

सेवालुङ पर्वत पनि लिम्बू समुदायको एक मुन्धुमी स्थल हो । हिजोआज यसलाई परिवर्तित नेपालीकरण नाममा 'मानाभरा' भनिन्छ । स्थानीय तुम्याङ हरि थलङका अनुसार ताप्लेजुङ जिल्लाको तमोरखोला क्षेत्रमा यसलाई सेवालुङ र मेवाखोला क्षेत्रमा यसलाई सेमसेमलुङ भन्दछन । अन्य पर्वतहरू झैं यो पर्वतलाई लिम्बू समुदायले पवित्र मुन्धुमी स्थलको रूपमा पुज्दछन् । मुन्धुमका विभिन्न मुन्धुमी प्रसँगहरूमा यस पर्वकको उल्लेख पाईन्छ । सिजोइङ्मे कुजेन नेप्मा मुन्धुम (विजुवाहरूको मानमनितो राख्ने मुन्धुम) अनुसार -… कोहिलुङ फाङ्जङलुङ माङसे, फक्ताङलुङ पेम्बेन्लुङ माङसे, इसालुङ फा?सेलुङ माङसे, वसाङलुङ पयङलुङ माङसे, सेवालुङ सेसेलुङ माङसे" . . भनी सेवालुङ (मानभरा) पर्वतलाई देवता (माङ) को रूपमा पुकार गरिन्छ (मेन्याङबो, वि.सं.२०६२, पृ. १९८) । यस्तै रनधोज सिरेङ चङबाङले यसलाई "इङलेक्सो माङ" भनी उल्लेख गरेका छन् (चङबाङ, वि.सं. २०७०, पृ. ३०) । यहाँ इङलेक्सो माङ भनेको सेवालुङ (मानाभरा) लाई भनिएको हो ।

लिम्बू भाषामा 'इङलेक्मा' को अर्थ ढाँट्नु वा छलगर्नु भन्ने बुझिन्छ । यस सम्बन्धमा लिम्बू समुदायमा एक आख्यान प्रचलित छ । आख्यान अनुसार सेमुक्ति मुक्तिगोकमा (पाथीभरा) र सेवालुङ (मानाभरा) दिदीबहिनी हुन् । अघि यी पहाडहरू दिदी सेमुक्ति मुक्तिगोकमा र बहिनी सेवालुङबीच को अग्लो हुने प्रतिस्पर्धा भएछ । फलस्वरूप उनीहरू यतिधेरै चुलिएछन् कि त्यहाँ दर्शन र पूजाआजा गर्न मानिसहरू जानै कठिन हुने अवस्था आयो । यसपछि उनीहरूले सल्लाह गरेर यहाँभन्दा बढी अग्लो नहोऔं भनी संझौता गरेछन् । तर यो संझौतालाई उलङ्घन गर्दै ढाँटेर रातारात सेवालुङ (मानाभरा) बढ्दै सेमुक्ति मुक्तिगोकमा (पाथीभरा) भन्दा अग्लो बनिछन् । यो कुरा सेमुक्ति मुक्तिगोकमाले थाहपाई सेवालुङलाई 'इङलेक्मा' अर्थात 'ढँट्टुई' को संज्ञा दिइन् । अनि सेमुक्ति मुक्तिगोकमाले ठूला ठूला ढुङ्गाहरूले प्रहार गरी सेवालुङको टुप्पोलाई लडाई दिईछन् । यसै कारण सेवालुङको टुप्पो भागमा ठूला ठूला ढुङ्गाहरूको ढाँण बनेको र चुचुरोमा भएकी सेवालुङ देवी लडेर पहाडको फेद फुङफुङे झरनाको तलतिर झरेकी हुन भन्ने आख्यान रहेको छ । फुङफुङे झरनाको तलतिर झरेकी सेवालुङ (मानाभरा) देवीलाई नै अहिलेकी

फुङफुङे देवी हुन भन्ने भनाई रहेको छ (मोहनचन्द्र साँबा, व्यक्तिगत अन्तर्वार्ता, चैत्र २७, २०७९)। अत यस पर्वतलाई मुन्धुमी स्थल मानिएको देखिन्छ।

### ४.८.४. सेमुक्ति मुक्तिगोक पहाड

### ४.८.४.१. भौगोलिक अवस्थिति र यथास्थिति

मुन्धमी स्थल सेमुक्ति मुक्तिगोक ताप्लेजुङ जिल्लाको सदरमुकाम फूङलिङ बजारदेखि साढे उन्नाईस किलोमिटर उत्तरी दिशामा रहेको एक पहाडी डाँडा हो। यस स्थानको उचाई ३७९४ मीटर (१२४४८ फिट) रहेको छ। यो स्थान ताप्लेजुङ जिल्लाको फूङलिङ नगरपालिका, फक्ताङलुङ गाउँपालिका र सिरीजंगा गाउँपालिकाको सँगमस्थलमा पर्दछ। यो स्थानको भौगोलिक अवस्थिति २७°२५' अक्षांस र ८७°२७' देशान्तर रेखामा रहेको छ। यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. ४ मा दिइएको छ।

पाथीभरा सेमुक्ति मुक्तिगोकको पछिल्लो परिवर्तित नाम हो। यस पहाडको टुप्पोमा हाल पाथीभरा देवस्थल र यूमामाङको माङहिम स्थापना गरिएको छ। यस देवस्थलमा विभिन्न हिन्दू, बौद्ध तथा किरात धर्मका देवीदेवताहरुको थानथपनाहरु राखिएका छन्। देवस्थल परिसरमा थुप्रै धर्मशाला निर्मित छन। दैनिक सयौ सख्यामा मानिसहरु यस देवस्थमा पूजाआजा गर्न जाने गर्दछन्।

### ४.८.४.२. मुन्धुमी सन्दर्भ

सेमुक्ति मुक्तिगोक याक्थुङ लिम्बू समुदायको एक महत्वपूर्ण मुन्धमी स्थल हो। लिम्बू जातिले आदिकालदेखि नै मुन्धुममा यसलाई सेमुक्ति मुक्तिगोक/सेमुक्ति मुक्तिबुङ /मुक्तिगोक चेप्तिगोक/सेमुक्तु मुक्तुरामाङ जस्ता बहुनामले शक्तिदायिनी पहाडको रूपमा पूजाआराधना गर्दै आएको पाईन्छ। नाम शब्दावलीमा केही फरक भएपनि एउटै स्थानको नाम भएकोले यस अध्ययनमा सेमुक्ति मुक्तिगोक शब्दको प्रयोग गरिएको छ। लिम्बू भाषमा 'सेमुक्ति मुक्तिगोक' को शाब्दिक अर्थ 'से' भनेको पवित्र , 'मुक्' भनेको शक्ति, 'ति' भनेको बलिरहने र 'कोक्मा' भन्नाले डाँडा वा पहाडको टुप्पो भन्ने हुन्छ। त्यसैले सेमुक्ति मुक्तिगोक भन्नाले शक्ति गुञ्जिरहने पवित्र पहाड हो। यसलाई लिम्बू समुदायका कतिपय मानिसहरूले हिजोआज मुक्कुमलुङ पनि भन्दछन्।

सेमुक्ति मुक्तिगोक/सेमुक्ति मुक्तिबुङ/मुक्तिगोक चेप्तिगोक/सेमुक्तु मुक्तुरामाङको प्रसङ्ग याक्थुङ- लिम्बूहरूको धर्मग्रन्थ मुन्धुममा अनेकौं पटक आउँछ। लिम्बू समुदायका पूजारी साम्बा र येवा-येमाहरूले शक्ति प्राप्त गर्न आफ्नो गुरुहरूको आराधना गर्ने मुन्धुम (

फोङसिङमा मुन्धुम) को वाचन गरी बल माग्दा मुक्तिगोक माङको मुन्धुमी प्रसङ्ग यसरी आउँछ :-

. . .सिङधोकलुङ असाङलुङ माङ्ङे
केतक्कुम मिवामा माङ्ङे
कुनुरी इङलेकसो माङ्ङे
फङफङ तेम्मा माङ्ङे
फाल्लेलुङ माङ्ङे
कुनुरी मुक्तिगोक माङ्ङे (चोङबाङ, वि.सं. २०७०, पृ. ३०) ।

(भावानुवाद : यहाँ असाङलुङ, मिवाखोला, इङलेकसो (मानाभरा), फुङफुङ्ङे झरना, फालेलुङ पर्वत र मुक्तिगोक (पाथीभरा)लाई देवता (माङ) को रूपमा सम्बोधन गरिएको छ) ।

मुन्धुमसाम्वा यूमासाम दलबहादुर येङदेनका अनुसार याक्थुङ लिम्बूहरूको माङ्गोन्ना (शीर उठाउने) पूजा, चासोक (न्वगी) पूजा र तङ्सिङ तिक्मा (दशाग्रह पन्छाउने) अनुष्ठान गर्दा आरम्भमा सबै देवी देवतालाई पुकार्दै जगाउँदै जाँदा सेमुक्तु मुक्तुरामाङ ( पाथीभरा) लाई पनि यसरी पुकारिने मुन्धुम रहेको बताउँछन् : –

सेमुक्तु मुक्तुरा माङ्ङे
हामुको मुक्कुमा साम्मे
हेने आक्खो तिङतिङे नाहेनमु मेपोगगर
मिक्सोए मेपोगगर
तिङतिङे हारामी कयो येवेओ
केनिमा यन्लो, केथामा यन्लो
सेमुक्तु मुक्तुरा माङ्ङे (दलबहादुर येङदेन, व्यक्तिगत अन्तर्वार्ता, पौष ७ २०७९ ) ।

(भावानुवाद : हे शक्तिकी प्रतिक सेमुक्तु मुक्तुरा (पाथीभरा) देवी ! तिमी महान छौ, यँहा आई हामीलाई आँखीडाही र कुदृष्टिबाट बचाउ) ।

यस्तै अर्को प्रसङ्ग याक्थुङ लिम्बूहरूको नेत्तिफुङ चाङ्मा (युवयुवतीको सुस्वास्थ्य र श्रीबृद्धिको लागि गरिने पूजा) अनुष्ठानमा पूजारीले देवीदेवताको पुकार गर्दै आउने क्रममा "फक्ताङलुङ सम्धो, पेम्बेनलुङ सम्धो, इसालुङ सम्धो, फासेलुङ सम्धो, पोरोक्लुङ सम्धो,

यम्फालुङ सम्धो , सेवालुङ सम्धो , सेसेलुङ सम्धो, सेमुक्ति सम्धो, मुक्तिबुङ सम्धो” भनी सेमुक्ति मुक्तिबुङ (पाथीभरा) लाई पुकार गर्दछन् (मेन्याङबो, वि.सं. २०६२, पृ. १०१-१०२) ।

सेमुक्ति मुक्तिगोक लिम्बूहरूको प्रमुख आराध्य देवी यूमामाङको विचरण स्थल र तपोभूमी पनि हो । यूमा साम्माङ मुन्धुम अनुसार युमामाङ अघि सिन्यूक (चीन) मुदेन (तिब्बत) , तेमेन वरक (गंगानदीको मैदानीभाग) विचरण गर्दै याक्थुङ लाजे (लिम्बुवान) मा प्रवेश गरेको र त्यहाँ उनले याक्थुङ (लिम्बू) हरूलाई ज्ञान, सिप, विद्या र बुद्धि दिई संस्कृति र सम्यता सिकाएको कुरा उल्लेख छ । युमामाङ सेमुक्ति मुक्तुगोक (पाथीभरा) को फेद लिङखिमको थाक्थाक्सिबोमा वसी दिउँसो दिउँसो थाकथाक्मा (तानमा कपडा बुन्ने काम ) गरी साँझविहान सेमुक्ति मुक्तुगोकमा गई फक्ताङलुङ , सेसेलुङ तथा सेवालुङ माङ (देवीदेवता) हरूको नित्य सेवा गर्ने गर्थिन । यसरी युमामाङ उक्त स्थानमा बसेको र विचरण गरेको हुनाले सो ठाउँको नाम लिम्बू पूर्खाहरूले माङयुङ (देवता बसेको) भनी नामाकरण गरेको हुन् (मानबहादुर माङयुङ, व्यक्तिगत अन्तर्वार्ता, चैत्र २७ २०७९) । फूङलिङ नगरपालिका - १० फूरुम्बोमा पर्ने माङयुङ गाउँको नाम हाल अएर अपभ्रंस भई मयाम भएको छ । उल्लेखित कारणहरूले सेमुक्ति मुक्तिगोकलाई एक मुन्धुमी स्थल मानिएको हो ।

### ४.८.५. सिदिङ्बा/सिदिङ्लुङ पहाड

#### ४.८.५.१. भौगोलिक अवस्थिति र यथास्थिति

सिदिङ्बा/सिदिङ्लुङ ताप्लेजुङ जिल्लाको पूर्वी भागको सिदिङबा गाउँपालिकामा पर्दछ । यो डाँडा पूर्वतर्फ सिदिङ्बा गाउँपालिकाको वडा नं. २ सादेवा, वडा नं. ३ आङखोप तथा पश्चिमतर्फ सोही गाउँपालिकाको वडा नं. ५ लिम्बूदिनको सँगमस्थलमा रहेको छ । यसको उचाई ३४८६ मीटर रहेको छ भने भौगोलिक रूपमा यो स्थान २७°१९’ अक्षांश र ८७°५६’ देशान्तरमा रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. ५ मा दिइएको छ ।

सिदिङ्बा एक अग्लो पहाडी डाँडा हो । यसै पहाडको नामबाट सिदिङ्बा गाउँपालिकाको नामाकरण भएको हो । यस पहाडको टुप्पोमा सिदिङ्बा देवीको देवस्थल रहेको छ । देवस्थल खुला आकाशमुनी करिब तीन फिट अग्लो ढुङ्गे पर्खालले घेरेर निर्माण गरिएको छ । साधा शिलाहरु खडा गरी देवस्थलमा देवीदेवताका थानथपनाहरु राखिएका छन् । देवस्थलमा केही त्रिशुल र घण्टीहरु राखिएका छन् भने विभिन्न ध्वजापतकाहरु पनि टाँगिएका छन् । देवस्थलको एक भागमा करिब सात फिट लम्बाई चौडाई वर्गाकारको माटो

र ढुङ्गाको पर्खालले बनेको एकतले मन्दिर रहेको छ । जसको छाना जस्तापाता लगाई निर्माण गरिएको देखिन्छ ।

### ४.८.५.२. मुन्धुमी सन्दर्भ

सिदिङ्बा डाँडालाई मुन्धुमी भाषामा सिदिङ्लुङ भनिन्छ । सिदिङ्बा डाँडाको नामाकरणको सन्दर्भ एक प्रकारको वनस्पति अडेरीकाँडासँग जोडिएको छ । अडेरीकाँडालाई लिम्बू भाषामा 'सिदिङ्बा' भनिन्छ । मुन्धुममा प्रेतात्माको बाटो छेक्ने अनुष्ठान गर्दा सिदिङ्बाको प्रयोग गरिन्छ । यस डाँडामा अघि धेरै अडेरीकाँडाका बोटहरू पाइने हुनाले लिम्बू जातिले यस पहाडको नाम सिदिङ्बा राखेको आख्यान रहेको छ (जीवन ताम्लिङ, व्यक्तिगत अन्तर्वार्ता, जेठ २१ २०८०) ।

यस्तै यो ठाउँ अघि महाभारत कालमा 'सिरिङ' नामक याक्थुङ (लिम्बू) ऋषिको तपश्यास्थल रहेको कथन पनि छ (थापा, वि.सं. २०७४, पृ. ५) । यस डाँडामा लिम्बू भाषा र लिपीका पुनर्उत्थानकर्ता तथा प्रचारक तेअङ्सी शिरिजंघाले पनि तपस्या गरेको थिए भन्ने जनश्रुति रहेको पाइन्छ । युमामाङ इङ्दत नाक्मा मुन्धुम (युमादेवीको पुकार गर्ने मुन्धुम) मा युमा घुमफिर गर्दै हिडेको स्थानहरूको नाम पुकार गर्ने क्रममा - "फक्ताङलुङ पेम्बेन्लुङ सम्धो, लोलोवा वमुन् केयेम्सिङ्ङे, लाङ्फोलोफोलो पङ्वा केयेम्सिङ, हुक्फोलोफोलो पङ्वा केयेम्सिङ, सिदिङ्लुङ सेवालुङ सम्धो, इसालुङ फा?लेलुङ सम्धो" भनी युमामाङको पुकार गरिन्छ (मेन्याङबो, वि.सं. २०६२, पृ. ७८) । (भावानुवाद : हात खुट्टा खेलाउँदै कुम्भकर्णको शिरमा पुग्छौ, अनि फिर्दै आउँदा सिदिङलुङ, सेवालुङ, इसालुङ र फा?लेलुङ डुल्दै आउँछौ) । यहाँ सिदिङलुङ भनेको सिदिङबा डाँडा हो । यो स्थल पनि युमामाङको विचरण स्थल रहेको कुरा उक्त मुन्धुमबाट प्रष्ट हुन्छ । उल्लेखित तत्थ्यहरूबाट सिदिङ्बा पहाड एक मुन्धुमी स्थल हो भन्ने कुरा प्रमाणित हन्छ ।

### ४.८.६.मुरिङ्ला खारिङ्ला तेम्बे

### ४.८.६.१. भौगोलिक अवस्थिति र यथास्थिति

मुरिङ्ला खारिङ्ला तेम्बे ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका वडा नं. ५ लेलेपमा रहेको छ । यो एक अग्लो नागी डाँडो हो । यसको उचाई २८३७ मीटर रहेको छ । भौगोलिक रूपले मुरिङ्ला खारिङ्ला तेम्बे २७°३०' उत्तरी अक्षांश र ८७°४५' देशान्तर रेखामा रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. ६ मा दिइएको छ ।

यो स्थान करिव तीन किलोमीटर पूर्व पश्चिम लम्बाई र एक किलोमीटर उत्तर दक्षिण चौडाई भएको एक नागी हो । यहाँ हालसम्म कुनै मूर्त धार्मिक तथा साँस्कृतिक संरचनाको निर्माण भएको पाइदैन यद्यपी यस नागी चौरको माथिल्लो भागमा बि.सं. २०७७ भाद्र ३१ गते यूमा साम्यो महासभा नेपालद्वारा सुच्छुरु सुहाम्फेबाले नौ भाइ छोराहरू लिएर गई सोधुङगेन लेप्मुहाङ भएर बसेको क्षेत्र मुरिङ्ला खारिङ्ला तेम्बे भनी साइनबोर्ड स्थापना गरेको देखिन्छ । साथै सोही क्षेत्रमा ढुङ्गामाटोले बनेको जस्तापाताले छाएको एक नँया धर्मशालाको निर्माण भएको पाईन्छ । नागी चौरको तल्लो छेउमा नेपाल टेलिकमले एक मोबाईल फोनको टावस समेत राखेको देखिन्छ ।

## ४.८.६.२. मुन्धुमी सन्दर्भ

मुरिङ्ला खारिङ्ला तेम्ब पितृदेव सोधुङगेन लेप्मुहाङको बासस्थान र तपस्यास्थल हो । फेदाङ्मा रनधोज सिरेङ चङ्बाङद्वारा लिखित मुजोत्लुङ मुन्धुम (सृष्टिसम्बन्धी मुन्धुम) मा "यगुमा पाङफे चङसिङमा तेम्बे, मुरिङला तेम्बे खारिङला तेम्बे" भनी यस स्थानको वर्णन गरिएको छ (चङबाङ, वि.सं. २०७०, पृ. ६२) । (भावानुवाद : मृत्यूलोक मुरिङला खारिङला तेम्बे) । मुन्धुमअध्येता अर्जूनबाबु माबोहाङ र लक्ष्मण लावतीले पनि मुरिङला खारिङला तेम्बे पितृदेव सोधुङ्गेन लेप्मुहाङको बासस्थान भनी चर्चा गरेका छन् (माबोहाङ र लावती वि.सं. २०७८, पृ. १९५) । मुन्धुमी आख्यान अनुसार अघि सुच्छुरु सुहाङफेबा र लाहादङना चेली माइतिबीच हाडनाता करणी भई सत्रजना सन्तान जन्मिएपछि पंचभलाद्मीहरूद्वारा सभा बसी उनीहरूको यो अनैतिक सम्बन्धलाई अवैध घोषित गरी सम्बन्ध विच्छेद गरियो । अब दुबैजनाले कहिल्यै नभेट्ने बाचा बन्धन गराएर बाबु सुच्छुरु सुहाङफेबालाई नौ जना र आमा लाहादङनालाई आठ जना सन्तानहरू बाँडफाँड गरी उनीहरूलाई छुट्याईयो । त्यसपछि सुच्छुरु सुहाङफेबा आफ्ना भागमा परेका सन्तानहरू जति लिएर मुरिङला खारिङला तेम्बेमा गई सोधुङगेन लेप्मुहाङ नाम परिवर्तन गरी बसे । कालान्तरमा उनी पितृदेव कहलिए (माबोहाङ, वि.सं. २०६९, पृ. ३९) । यस्तै मुरिङ्ला खारिङ्ला तेम्बलाई नुगो लिम्बूहरूको उत्पत्ति स्थल पनि भनिएको छ । सिभाक यामी फेडसिङ्मा मुन्धुममा "मुरिङ्ला नुगो थामादेन, इक्नुसो नुगो थामादेन" भनी उल्लेख भएको छ (मेन्याङबो र माबोहाङ, वि.सं. २०६६, पृ. १७) । कुराले यो स्थान नुगो लिम्बूहरूको उद्भव स्थल भएको तत्थ्यको पनि संकेत गर्दछ । यी सबै कारणहरुले गर्दा यस स्थानलाई पवित्र मुन्धुमी स्थल मानेको देखिन्छ ।

### ४.८.७. खाम्बुलिङ नाहाङमा यक

#### ४.८.७.१. भौगोलिक अवस्थिति र यथास्थिति

खाम्बुलिङ नाहाङमा यक ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका वडा नं. २, खेजेनिममा पर्दछ । यो देवस्थल इम्मावा खोला र मि:फेम्मा खोलाको दोभानको बीच भागमा एक पहाडी थुम्कोमाथि रहेको छ । खाम्बुलिङ नाहाङमा यक २७°२७' अक्षांश र ८७°४२' देशान्तर रेखाको भौगोलिक अवस्थितिमा रहेको छ । यस स्थानको उचाई १०७१ मीटर रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. ७ मा दिइएको छ ।

खाम्बुलिङ नाहाङमा यक वरिपरी गोलो आकारमा ढिस्को उठेको एक सानो डाँडो हो । अघि यस ढिस्को माथि शाधा शिलाहरु खडागरी नाहाङ्मा देवको थानथपना निर्माण गरिएको थियो । नाहाङमा यकमा हिजोआज एक माङहिम (मन्दिर) निर्माण गरिएको छ । मन्दिर गोलो पाटापाटा निकालेर काठ, ढुङ्गा, सिमेन्ट, जस्तापाता तथा बालुवाद्वारा पाँच तलामा तल्ले शैलीमा निर्माण भएको देखिन्छ । यो माङहिम निर्माणको थालनी वि.सं.२०५० सालमा भएको स्थानीय भक्तबहादुर अन्छङबोको भनाई छ (भक्तबहादुर अन्छङबो, व्यक्तिगत अन्वार्ता, बैशाख १९ २०८०) । माङहिम बन्नु अगाडिको नाहाङमा देवको पुरानो थानथपना हाल माङहिमको पूर्वतर्फ चौरको एक छेउमा स्थापित देखिन्छ ।

#### ४.८.७.२. मुन्धुमी सन्दर्भ

मुन्धुम अनुसार नाहाङ्मा युद्ध, शक्ति र आयुका देवता हुन् । लिम्बू जातिमा घरमूलीले प्रत्येक तीन बर्षमा एक पटक निजको जन्मदिन पारेर नाहाङ्मा पूजा गर्ने परम्परा छ । सम्पूर्ण लिम्बूहरूले नाहाङमा पूजा गर्दा यसै देवस्थलको पुकार गरी पूजा गर्नुपर्ने हुन्छ । बैरागी काइँलाद्वारा संकलित तथा सम्पादित तङ्सिङ तक्मा मुन्धुममा खाम्बुलिङ नाहाङमा देवीको चर्चा निम्न अनुसार गरिएको छ :

. . ए- आल्ल, नासिङ आगाप्ला नेन्धक आगाप्ला
सेमेरिङ्माहा ? येमेरिङ्माहा ?
याक्सिङ्गेन्ग आमाङ्गेन्नाहा ?
खाम्बुलिङमेन्ग आनाहाङमाहा ?
हाहारेबेन्नु आपिच्चाम्मानु (काइँला, वि.सं. २०५२, पृ.५० ) ।

(भावार्थ : मेरो रक्षा गर्ने मेरो जीउबाँध्ने साथीहरू, रंगविरंगका टाँगिएका धागाहरू, मेरी चेलीकी रूपमा रहेकी खाम्बुलिङ नाहाङमा र हारारा पित्चाम्मा ) ।

यस्तै फेदाङ्मा रनधोज सिरेङ चङ्बाङद्वारा लिखित युमा साम्यो मुन्धुममा "सापचिगे कुलुम्मो नेःरेःरेः नाहाङमा साम यकलो" (अर्थ : इम्मावा खोला र मिःफेम्मा खोलाको बिच भागमा नाहाङमा देव छन्) भनी उल्लेख गरेका छन् (चङबाङ, वि.सं. २०७०, पृ. ५) । अर्जुनबाबु माबोहाङका अनुसार यो स्थान नाहाङमा पुकार गर्दा साबायेतहाङहरूलाई थानथपना दिने ठाँउ हो (माबोहाङ, वि.सं. २०६९, पृ. ५९-६०) । मुन्धुम अनुसार समस्त लिम्बूजाति साबायेतहाङहरूकै सन्तानहरू भएकोले यो देवस्थल सम्पूर्ण लिम्बूहरूको सिद्धिशक्ति स्थल पनि हो । त्यसैले यस स्थानलाई मुन्धुमी स्थल मानिएको छ ।

### ४.८.८. नदीनालाहरू

### ४.८.८.१. भौगोलिक अवस्थिति र यथास्थिति

ताप्लेजुङ जिल्लाभित्र विभिन्न स्थानहरुमा सानाठूला गरी धेरै नदीनालाहरु बग्दछन । ती नदीहरुमध्ये प्रमुख नदी तमर नदी हो । यो नदी ताप्लेजुङ जिल्लाको मध्यभाग हुदै उत्तरबाट दक्षिणतर्फ बग्दछ । यसबाहेक अन्य प्रमुख नदीहरुमा काबेली, मेवा, मैवा, फावा, ईङ्वा, तावा र घुन्सा हुन । यी नदीहरु तमम नदीको सहायक नदीको रुपमा जिल्लाका विभिन्न स्थानहरुमा छरिएर रहेका छन । यी नदीहरूमध्ये इम्बिरी याङधाङ्वा (तमर नदी) को तस्वीर परिशिष्ट - ग चित्र नं. ८ मा दिइएको छ ।

### ४.८.८.२. मुन्धुमी सन्दर्भ

मुन्धुममा ताप्लेजुङ जिल्लाका विभिन्न नदीनालाहरूलाई पनि माङ (देवता) भनी पुकार गरिएको छ । यसको अर्थ प्रकृतिपूजक लिम्बू जातिमा प्रकृतिमा रहेका विभिन्न बस्तुहरूको पूजाआजा गर्ने प्राचीन परम्परा हो । यसै अनुरूप लिम्बू  समुदायमा खोलानालाई पनि देवीदेवता (माङ) मानी पूजाआजा गर्ने प्रचलन रहेको छ । फेदाङ्मा रनधोज सिरेङ चङ्बाङद्वारा लिखित फोङसिङमा मुन्धुम (गुरु आराधना सम्बन्धी मुन्धुम) मा मैवा खोलालाई 'सिन्धोलुङ मैवामा मांङे', मेवा खोलालाई 'केत्तकुम मेवामा मांङे', फावाखोलालाई 'यफतलुङ फावामा मांङे', तमर खोलालाई 'एम्बिरी याङधाङ्वा मांङे' र काबेली खोलालाई 'मुगाङलिङ कावामा मांङे' र घुङ्सा खोलालाई 'मुधक्कुम लेक्वामा मांङे' भनी सम्बोधन गरिएको छ ( चङबाङ, वि.सं. २०७०, पृ. ३०) ।

यस्तै बैरागी काइँलाले मुन्धुममा तमोर नदीलाई तेम्तेम्बा वरक् , काबेली नदीलाई काङ्वामा वरक् , मेवा खोलालाई केत्तकफु मेवा वरक् र इँवाखोलालाई इङ्वामा वरक भनेर उल्लेख गरेका छन् (काइँला, वि.सं. २०५२, पृ. २८०) । ध्रुबकुमार मेन्याङबो र अर्जुनबाबु

माबोहाङले तमोर नदीलाई 'इम्बिरी याङधाङ्वा मांङे', काबेली नदीलाई 'मुगाङलिङ कावामा मांङे', मेवा खोलालाई 'केत्तकुम मेवापुन माङे' घुन्साखोलालाई 'मुधिक्कुम लेक्वापुन माङे' फावाखोलालाई 'मेम्फाङलुङ फावामा मांङे' र मैवाखोलालाई 'सिन्धोलुङ मैवापुन मांङे' भनेर मुन्धुममा उल्लेख गरेका छन् (मेन्याङबो र माबोहाङ, वि.सं. २०६६, पृ.२५) । यी सबै तत्थ्यहरूबाट लिम्बू जातिले प्राचीन कालदेखि नै उल्लेखित नदीनालाहरूलाई देवीदेवताको रूपमा मानीपूजी ल्याएकाले तिनीहरूलाई मुन्धुमी स्थलको रूपमा मानिएको छ ।

### ४.८.९. फङफङदेन झरना

#### ४.८.९.१. भौगोलिक अवस्थिति र यथास्थिति

फङफङदेन झरना ताप्लेजुङ जिल्लाको मिक्वाखोला गाउँपालिका वडा नं. ४ साँबामा पर्दछ । मिक्वाखोला गाउँपालिका अप्रकाशित वस्तुस्थिति विवरण अनुसार यस झरनाको लम्बाई १०३ मीटर अग्लो रहेको छ । यस झरनाको फेदमा फुङफुङे देवीको देवस्थल रहेको छ । यो स्थान १४३१ मीटर उचाईमा रहेको छ । भौगोलिक रूपमा देवस्थल रहेको स्थान २७°३०' अक्षांश र ८७°३७' देशान्तरमा रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. ९ मा दिइएको छ ।

फङफङदेन झरनाको फेदमा रहेकी फुङफुङे देवीको देवस्थल परिसर करिब ६/७ रोपनी जग्गामा रहेको छ । यस देवस्थलको पश्चिमतर्फ करिब ४५-५० मीटर तल मिक्वाखोला बग्दछ । अवोलोकनको क्रममा हाल उक्त देवस्थल परिसरलाई निर्माणाधिन मध्यमेवा जलविद्युत आयोजनाले निकै साँघुरो बनाएको देखियो । यस देवस्थलमा विभिन्न देवीदेवताको थानथपनाहरू रहेको देखिन्छ । तिनमा मूख्य देवीको रूपमा कालिका देवीको थपना देवस्थल परिसरको बीच भागमा सानो गुफाभित्र रहेको छ भने उक्त थानको २०/२५ मीटर उत्तरतर्फ थेवासाम (महादेव) को थानथपना रहेको देखिन्छ । साथै कालिका देवीको थानको १०/१५ मीटर पश्चिम तर्फ भने साक्मुरा वादेम्मा (गाली-श्राप बगाउने) अनुष्ठानमा नदी वा खोलाको पूजाका लागि वागोङ्मा देवीको थानथपना रहेको छ (टेकबहादुर साँबा, व्यक्तिगत अन्तर्वार्ता, २७ चैत्र २०७९) ।

#### ४.८.९.२. मुन्धुमी सन्दर्भ

मुन्धुममा फुङफुङे झरनालाई फङफङदेन माङ भनिएको छ । ध्रुबकुमार मेन्याङबो र अर्जुनबाबु माबोहाङले फुङफुङे झरनालाई मुन्धुमी भाषामा 'सेभङतेन फङफङतेन माङसे' भनेका छन् (मेन्याङबो र माबोहाङ, वि.सं. २०६६, पृ.२५) । फेदाङ्मा रनधोज सिरेङ

चङ्‌बाङले 'फोङसिङमा मुन्धुम' (गुरु आराधना सम्बन्धी मुन्धुम) मा ताप्लेजुङ जिल्लाका विभिन्न नदीनाला र झरनाहरूको पुकार गर्दै जाँदा फुङफुङे झरनाको प्रसंगलाई फङफङतेम्मा माङ भनी यसरी  उल्लेख गरेका छन् - सिन्धोलुङ मैवामा मांङे, केत्तकुम मेवामा मांङे, यफत्लुङ फावामा मांङे, एम्बिरी याङधाङ्‌वा मांङे,  मुगाङलिङ कावामा मांङे, फङफङ तेम्मा मांङे (चङबाङ, वि.सं. २०७०, पृ. ३०) । यस्तै दुङदुङे साम्माङखःमा मुन्धुममा शक्ति र ऐश्वर्यकी देवी दुङदुङे साम्माङ अघि साँबा वंशमा प्रबेश भई थक्ले साम्माङ (देहधारी देव) को रूपमा प्रकट हुनु पूर्व यो संसारमा विभिन्न स्थानमा डुल्दै घुम्दै 'फेफेवायक्मा फङफङ देम्मा' मा पनि विचरण गरेको प्रसँग उल्लेख छ (साँबा, वि.सं. २०७९, पृ. ३०३) । यिनै कारणहरूबाट फङफङदेन झरनालाई मुन्धुमी स्थल मानिएको छ ।

### ४.८.१०. सोधुङ वरक

#### ४.८.१०.१. भौगोलिक अवस्थिति र यथास्थिति

मुन्धुमी स्थल सोधुङ वरकलाई आजभोली सोधो पोखरी पनि भन्ने गर्दछन् । यो पोखरी ताप्लेजुङ जिल्लाको मिक्वाखोला गाउँपालिका वडा नं. ५ पापुङको उत्तरी हिमाली भेगमा पर्दछ । यो पोखरी ३८७० मीटर उचाईमा रहेको छ । यस स्थलको भौगोलिक अवस्थिति २७॰ ३८' अक्षांश र ८७॰ ३४' देशान्तरमा रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. १० मा दिइएको छ ।

सोधुङ वरक एक हिमाली भेगमा अवस्थित रमणीय पोखरी हो । यस पोखरीको लम्बाई करिब ३०० मीटर र चौडाई १५० मीटर रहेको छ । यस पोखरीको एक छेउमा रहेको सानो डाँडामा एक देवस्थलमा रहेको छ । यस देवस्थलमा गाउँलेहरूले हरेक वर्ष पूजा गरी नँया ध्वजा गाड्ने फेर्ने गरेको  देखिन्छ ।

#### ४.८.१०.२. मुन्धुमी सन्दर्भ

सोधुङ वरक लिम्बू समुदायको अर्को मुन्धुमी स्थल हो । आजभोली यसलाई सोधो पोखरी पनि भन्ने गर्दछन् । लिम्बू भाषाको सोथो शब्दबाट सोधो भएको विश्वास गरिएको छ जसको अर्थ 'माथि पुऱ्याउनु' हो । लिम्बूहरूको माङगेन्ना पूजा गर्दा मानिसहरूको शीर उठाई यही पोखरीमा पुऱ्याइने हुनाले यसलाई सोथो पोखरी भनिएको जनविश्वास रहेको छ । सोधुङ वरक लिम्बूजातिको पवित्र चोलुङ (सिद्धिस्थल) हो । यस स्थानमा अघि लिम्बूहरूका पितृदेव सेधुगेन लेप्मुहाङले तपस्या गरेको भन्ने पनि आख्यान रहेको छ । लिम्बूहरूको माङगेन्ना पूजा (शीर उठाउने अनुष्ठान) मा सोधुङ वरकको बयान आउँछ ।

लिम्बू जातिमा चिताएको कुरा पुगुन र मानवको शिर र प्रतिष्ठा उच्च रहोस भन्नाका खातिर माङगेन्ना पूजा गरिन्छ । यस अनुष्ठानमा फेदाङ्मा-साम्बाहरूले मुन्धुमबाट मानिसको चोलुङ (शीर) उठाई यसै पवित्र पोखरीमा पुऱ्याउँछन् र मुन्धुमबाटै पोखरी सफागर्ने र खेङ्मा (बारबेर र संरक्षण गर्ने) गर्ने काम गर्दछन् (आईत खजुम, व्यक्तिगत अन्तर्वार्ता, ७ भाद्र २०७९) ।

यस्तै लिम्बू जातिको कुइकुदाप माङ (अनिष्टकारी वनदेवता) को अनुष्ठान गर्दा तेन्छामा (उभौली देवता) र खजमा (उधौली देवता) को पूजाको मुन्धुममा पनि - "हेःयो तुतु सेम्मेना, हेःयो तुम्याङ सेम्मेना याक्पी ?, हेःयो सोधुङ्गेन वलक चप्ते वि ?, हेःयो सोधुङ्गेन वलक पेत्ते वि ?, थो सोधुङ्गेन वलक मेन्चप्पे, सोधुङ्गेन वलक मेन्देये" (भावानुबाद : मृत्यूबाट जीवन छुट्याउँ, कालले जीवन चुड्ने पो हो की ? जीवन सागरको जल सुक्ने पोक्खिने पो हो की ? पोक्खिन र सुक्न नपावस) भन्दै सोधुङ वरकको पुकार गरिन्छ (काइँला, वि.सं. २०४८, पृ. ४५) । तङसिङ तक्मा मुन्धुममा पनि सोधुङ वलक्को प्रसँग निम्नानुसार आउँछ :

. . चुवात केधोक्मा थुङ्वा केधोक्मा
मुअक्लुङ्माए अक्वानामाए
खेसेवानामाए वफरानामाए
सोधुङ मेःन्हए वलक् मेःन्हए
चफत खोक्तेओ, थुङ्वा खोक्तेओ (काइँला, वि.सं. २०५२, पृ.२९०) ।

(भावानुवाद : थुनेको जल वा पोखरीको पानी रुङ्ने हे मुअक्लुङ्मा अक्वानामा, हे खेसेवानामा वफरानामा, पोखरीको पानी भत्कन नदिई रुङ्नु है !) उपर्युक्त कारणहरूले सोधुङ वरकलाई मुन्धुमी स्थल मानिएको छ ।

### ४.८.११. साङ्फित लिङ्फित वरक

### ४.८.११.१. भौगोलिक अवस्थिति र यथास्थिति

मुन्धुमी स्थलको रूपमा रहेको साम्फित लिङफित वरक ताप्लेजुङ जिल्लाको मेरिङदेन गाउँपालिका वडा नं. ५, थुकिम्मामा पर्दछ । आजभोली यसलाई वरक्मा पोखरी भनिन्छ । यस स्थानको भौगोलिक अवस्थिति २७°२७' अक्षांश र ८७°३५' देशान्तरमा रहेको छ । यस स्थलको उचाई १५२१ मीटर रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. ११ मा दिइएको छ ।

प्राचीन कालमा पोखरीको रूपमा रहेको यो स्थान हाल आएर माटोले पुरिई समथर जमिन बनेको देखिन्छ । स्थलगत अवोलोकन क्रममा यहाँ जग्गाको भित्तातर्फ पर्खालभित्र सानो ओडारको कापमा वरक्मा सम्माङ र नाग देवताको थानथपना रहेको पाइयो । पोखरीले ओगटेको जग्गा करिव पन्ध्र रोपनी क्षेत्रफलमा फैलिएर रहेको छ । स्थानीय जग्गाधनीहरुले हाल यो जग्गामा खेतीपाति गरेको देखिन्छ । यो पोखरी पुरिएको करिब डेढसय बर्ष भएको स्थानीय बसिन्दा मंगलसिंह केदेमको भनाई रहेको छ । उनका अनुसार अघि यो मुख्य पोखरीको आसपासमा कुम्बा वरक, लाप्सिम्बुङ वरक, पिङबुङ वरक, लोक्ताम वरक, सारजा वरक, कुम्मा वरक नामका अन्य छवटा पोखरीहरू पनि थिए । हाल यी पोखरीहरू समेत सबै सुकेर उक्त स्थानहरु समथर जमिनमा परिणत भएका छन् (मंगलसिंह केदेम, व्यक्तिगत अन्तर्वार्ता, १५ जेठ २०८०) ।

### ४.८.११.२. मुन्धुमी सन्दर्भ

मुन्धुम अनुसार यस पोखरीमा उत्पति भएकी लिम्बूजातिकी ईष्टदेवी वरक्मा सामाङ हुन् । केदेम्बा थरको सुनमाल ओङ्सिले पत्ता लगाएको यी देवीलाई मुन्धुममा फलाक्दा महान आत्मा 'माङमाङमा सिरे केधुम्बा, सिभाक्यामी फोक्वामा' भनी पुकारिन्छ । (तुम्बाहाङ, वि.सं. २०६८, पृ.७८) । वरक्मा साम्माङ मुन्धुम (वरक्मा देवीको अनुष्ठान सम्बन्धी मुन्धुम) मा यस पोखरीको प्रसँग आउँछ । मुन्धुमसाबा दुर्गाप्रसाद फोपाहाङका अनुसार वरक्मा साम्माङ (वरक्मा देवी) अघि असाङलुङ खोरेलुङबाट विभिन्न स्थानहरू - तमोरखोला, याङवरक डुल्दैघुम्दै सिक्किम गएको र सो स्थानमा बस्दा त्यँहाका लामाहरूले यिनलाई चुप्पीले घोचेर मारेकोले सेहे-सेसेन्त्र भई पुन घुम्दैफिर्दै साङ्फित लिङ्फित पोखरीमा आई वरक्मा साम्माङ भई बसेको आख्यान छ (फोपाहाङ, वि.सं. २०७०, पृ. १३१) ।

वरक्मा साम्माङ मुन्धुममा वरक्मा पोखरी फलेरे फवाखोला र माक्लेरे मक्वाखोलाको बीचमा पर्दछ भनिएको छ ( वीरबहादुर नाल्बो, व्यक्तिगत अन्तर्वार्ता, १५ जेठ २०८०) । उनका अनुसार वरक्मा साम्माङ फेदाप, पानथर, याङवरक, खम्बूवान, सिक्किम, ल्हासा आदि साह्रा जगत डुल्दैघुम्दै हिँड्दा कसैले चिनेनन् । यसरी कसैले पनि चिनेर मानमनितो नगर्दा वरक्मा साम्माङ ती मानिसहरूसँग रिसाई सोला हान्ने, मुटु दुख्ने, रिङ्गटा लाग्ने जस्ता विमारहरू लगाई दिइन् । पछि यी देवी डुल्दै आएर बरक्मा पोखरीमा बस्न थालिन् । यस स्थानका बासिन्दाहरूले पनि चिनेर मान्यता नगर्दा उनले स्थानीयहरूलाई सोला हान्ने, मुटु दुख्ने, रिङ्गटा लाग्ने जस्ता विरामहरू लगाई दिइन् । केदेम थरको लिम्बू अंशी (महात्मा)

सुलमानले विमारको कारण पत्ता लगाउन जोखाना हेर्दा वरक्मा साम्माङको खेल परेको देखी उनलाई कालो कुखुरा र डिम्माले भोगदिई पूजाआजा गरेपछि गाउँघरमा विमार निको भयो । यसैले साम्फित लिङफित वरकलाई मुन्धुमी स्थल मानिएको छ ।

### ४.८.१२. तिम्बुङ वरक

### ४.८.१२.१. भौगोलिक अवस्थिति र यथास्थिति

तिम्बुङ वरक ताप्लेजुङ जिल्लाको सुदुरपूर्व भागको सिदिङ्बा गाउँपालिका वडा नं. १ कालिखोलामा पर्दछ । कञ्चनजंघा भू-परिधि सरोकार समूह, ताप्लेजुङद्वारा प्रकाशित तिम्बुङ पोखरी महोत्सबको प्रतिवेदन - २०६४ (पृ.१) मा उल्लेख भएअनुसार यो पोखरी २७'२६' अक्षांश र ८८$^{0}$०३' देशान्तरमा रहेको छ । यसको उचाई ४३४३ मीटर रहेको देखिन्छ । छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. १२ मा दिइएको छ ।

तिम्बुङ वरक हिमालको काखमा रहेको एक उच्च रमणीय नागी डाँडा हो । यो पोखरी उत्तर दक्षिण लम्बिएर रहेको छ । पोखरीको लम्बाई ४६६ मीटर र चौडाई १५४ मीटर रहेको छ । यस पोखरी पसिरमा पूजाआजाका लागि किरात माङहिम, शिव र बौद्धका शिलाहरू स्थापना गरी देवस्थल निर्माण गरिएका छन् ।  केही वर्ष अघि यहाँ एक सानो मन्दीर बनेको छ । माङहिम काठ, ढुङ्गा, सिमेन्ट र टिनले बनेको देखिन्छ ।

### ४.८.१२.२. मुन्धुमी सन्दर्भ

कञ्चनजंघा भ-ूपरिधि सरोकार समूह, ताप्लेजुङद्वारा तिम्बुङ पोखरी महोत्सब - २०६४ को अवशरमा प्रकाशित हाते पुस्तिका (Brochure) मा उल्लेख भए अनुसार यस पोखरीको नाम लिम्बू भाषामा 'तिम्मक वरक्' बाट अपभ्रंश भई तिम्बुङ पोखरी भएको हो । तिम्मकको अर्थ बन्दुक भन्ने हुन्छ । बेलाबेला यो पोखरीभित्रबाट बन्दुक पड्केझैं आवाज आउने हुनाले स्थानीय लिम्बू जातिले यसको नाम 'तिम्मक वरक' राखेको कथन छ । यही तिम्मक शब्द नै अपभ्रंश भई तिम्बुङ भएको र लिम्बू भाषामा वरक भनेको पोखरी भएकोले वर्तमानमा यसलाई तिम्बुङ पोखरी भन्ने गरिन्छ ।

अनुसन्धानको क्रममा तिम्बुङ पोखरीको नामाकरणबारे अर्को एक विचार पनि पाइएको छ ।  तिम्बुङ पोखरी 'तिम्सिङ वरक' शब्दबाट अपभ्रंश भई बनेको हो (नरबहादुर माङ्मु, व्यक्तिगत अन्तर्वार्ता, ७ जेठ २०७८) । लिम्बू भाषाको 'तिम्सिङ' शब्दको नेपालीकरण अर्थ 'टम्म भरिएको' भन्ने हुन्छ । उनका अनुसार अघि त्यस क्षेत्रमा आफ्नो किपट जग्गा कायम भएका बेघा र माङ्मू थरका लिम्बूहरू पशुपालनकाको क्रममा गाईवस्तु चराउँदै यस ठाउँमा

पुग्दा पानीले टम्म भरिएको पोखरी देखेपछि उनीहरूले नै लिम्बू भाषामा 'तिम्सिङ वरक' भनी यसको नामाकरण गरेका हुन । उनका अनुसार लिम्बू जातिको नाहाङ्मा र थबासाम देवताको पूजा-अनुष्ठान गर्दा तिम्सिङ वरक्को प्रसँग आउँछ । कञ्चनजंघा भू-परिधि सरोकार समूह, ताप्लेजुङद्वारा प्रकाशित तिम्बुङ पोखरी महोत्सबको प्रतिवेदन - २०६४ (पृ.५) अनुसार किरातहरूले यसलाई आफ्ना पितृदेव शिव अर्थात थबासामको वासस्थानको रूपमा चित्रित गरेको पाईन्छ। यिनै कारणहरुले यसलाई मुन्धुमी स्थल मानिएको छ।

### ४.८.१३. पारुङफूक्कु मारुङफूक्कु

### ४.८.१३.१ भौगोलिक अवस्थिति र यथास्थिति

पारुङफूक्कु मारुङफूक्कु ओडारहरू ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका वडा नं. ६ लेलेपको उत्तरी क्षेत्र फक्ताङलुङ हिमालको काखमा अवस्थित छ । यस स्थानको उचाई ४५६० मीटर रहेको छ। यस स्थलको भौगोलिक अवस्थिति २७' ४२' अक्षांश र ८७' ५९' देशान्तरमा रहेको छ। मुन्धुमी स्थल पारुङफूक्कुको तस्वीर परिशिष्ट - ग चित्र नं. १३ मा दिइएको छ।

फक्ताङलुङ हिमालको उत्तर पश्चिमि काखमा अवस्थित पारुङतेम्बे मारुङतेम्बे नामक समथर मैदानी जग्गाहरूको पारुङफूक्कु मारुङफूक्कुमा देवस्थलहरु रहेका छन् । उक्त जग्गाको बीच भागमा एउटा ठूलो झण्डै २०-२५ मिटर अग्लो, करिव ६०-७० मिटर ब्यास भएको चारपाटे ढुङ्गा छ। यसको फेदमा पूर्व र पश्चिमतर्फ दुईवटा ओडारहरू छन् जसलाई पारुङफूक्कु (पितृ ओढार) भनिन्छ । सो ओडारदेखि करिव सभा एकघण्टा उत्तरतर्फ जमिनभन्दा केही माथि पहरामा एक अर्को ओडार छ जसलाई मारुङफूक्कु (मातृ ओढार) भनिन्छ । यी ओडारहरुमा साधा शिलाढुङ्गाहरु खडा गरी देवताका थानथपनाहरू निर्माण गरिएका छन् । देवताका थानथपनामा दियो-कलश, त्रिशुल, घण्टी, कलम-किताब तथा ध्वजापातकाहरू चढाएरको देखिन्छ (प्रत्यक्ष अवोलोकन, मंसिर ११ २०७७) । पारुङफूक्कु रहेको स्थानभन्दा करिब १०० मीटर दक्षिण तर्फ हाल एक माङहिम निर्माण गरिएको छ । अभिलेखबाट उक्त माङहिम २०७६ सालमा निर्माण भएको देखिन्छ । माङहिम गोलो पाटापाटा निकालेर काठ, ढुङ्गा, बालुवा, सिमेन्ट तथा जस्तापातले बनेको छ। यो माङहिम तल्ले शैलीमा तीन तलामा निर्माण भएको देखिन्छ।

### ४.८.१३.२. मुन्धुमी सन्दर्भ

लिम्बू भाषामा 'फूक्कु' भन्नाले ओडार वा गुफा भन्ने बुझिन्छ । पारुङतेम्बे मारुङतेम्बमा अवस्थित यी ओढारहरूमा याक्थुङ (लिम्बू) जातिका आदिम पूर्खाहरू बसोबास गरेको मुन्धुमी आख्यान रहेको छ । बैरागी काइँलाका अनुसार पारुङतेम्बे मारुङतेम्बे थेबासाम देवताको वासस्थान हो (काइँला, वि.सं.२०४८, पृ. १५) । मुन्धुमसाबा दुर्गाप्रसाद फोपाहाङका अनुसार लिम्बूहरू यहि याक्थुङलाजे पारुङतेम्बे फक्ताङलुङ हिमालको फेदीमा सृष्टि भएर बसोबास गरी आएका खाम्बोङबा र लुम्बोङबाका सन्तान हौं (फोपाहाङ, वि.सं. २०७०, पृ. १३) । यसबाट पारुङफूक्कु मारुङफूक्कु लिम्बू जातिका आदिम पूर्खाहरूको आश्रयस्थल हो भन्ने कुराको संकेत मिल्दछ । हाल यी ओडारहरूमा देवीदेवताको प्रतिमूर्ति स्वरूप ढुङ्गाका साधा शिलाहरू राखी थपना बनाईएका छन् । धेरै बर्ष पहिलादेखि किरात धर्मावलम्बीहरूले यी स्थानहरूलाई पवित्र तीर्थस्थलको रूपमा बर्षेनी भ्रमण गरी पूजाआजा गर्दछन् । विगत एक दशक यतादेखि यस स्थानमा धर्मावलम्बीहरूले सरकार तथा नीजि क्षेत्रको लगानी र पहलमा एक माङहिम, भक्तजनहरू बासबस्ने पाटी, खानेपानी तथा शौचालयको निर्माण गरेका छन् । तसर्थ यसलाई पवित्र मुन्धुमी स्थल मानिएको छ ।

### ४.८.१४. निङखुरी फुक्कु

### ४.८.१४.१. भौगोलिक अवस्थिति र यथास्थिति

निङखुरी फूक्कुलाई स्थानीय बासिन्दाहरूले तागेरानिङ्वाफुमाङ फूक्कु पनि भन्दछन् । यो फूक्कु ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका वडा नं. ६ लेलेप (साविक लेलेप गा.वि.स.१) मा पर्दछ । यस स्थानको उचाई १५८६ मीटर रहेको छ ।  यो ठाउँ २७$^{0}$३०' अक्षांश र ८७$^{0}$४५' देशान्तर रेखामा रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. १४ मा दिइएको  छ ।

निङखुरी फुक्कु चट्टानहरू बीचमा रहेको एक ओडार हो । यस ओडारमा भित्रतिर पस्ने शुरु भागमा नै केही साधा शिलाहरू ठड्याएर तागेरानिङ्वाफुमाङको पूजा गर्न थानथपना बनाएको देखिन्छ (प्रत्यक्ष अवोलोकन, बैशाख १८ २०८०) । पूजास्थल खासै ब्यवस्थित रूपमा बनाईएको छैन । यहाँ केही ध्वजापातकाहरू टाँगिएका छन् । देवताको थानमा केही घण्टीहरू झुण्डयाइएका छन् र त्रिशुलहरू गाडिएका छन् । देवस्थलको स्थापनासम्बन्धी कुनै अभिलेख पाइदैन । स्थानीय बासिन्दा केदारजुङ ताप्मादेनको भनाईमा यस ओडारको बाहिरी भाग ओडार जस्तो देखिएतापनि भित्रपट्टि पस्दै जाँदा यहाँ करिब ३-४ सय मीटर तलसम्म

जान सकिने सुरुङ रहेको छ (केदारजुङ ताप्मादेन, व्यक्तिगत अन्तर्वार्ता, बैशाख १८ २०८०) । हाल यस देवस्थलको नजिकै किरात धर्मावलम्बीहरूले एक माङहिम निर्माण गरेका छन् भने भक्तजनहरू बासबस्ने पाटी निर्माणाधिन अबस्थामा रहेको पाईयो ।

### ४.८.१४.२. मुन्धुमी सन्दर्भ

लिम्बूजातिको मुन्धुम अनुसार तागेरानिङवाफूमाङ विश्व ब्रह्माण्ड र चाराचर जगतको रचना गर्ने सर्वशक्तिमान ईश्वर हुन् । मुन्धुमअध्येता अर्जूनबाबु माबोहाङका अनुसार लिम्बू जातिका सर्वशक्तिमान ईश्वर तागेरा निङ्वाफुमाङको अवस्थल निङखुरी फुक्कु हो (माबोहाङ, वि.सं. २०६९, पृ. ५९) । यस्तै मुधिगुम लेक्वाहाङ ताप्मादेन वंशावलीमा तागेरा निङ्वाफु फुक्कु सर्वज्ञानी ताकेरानिङवाफूमाङ प्रकट भएको र बसोवास गरेको स्थान भनी उल्लेख गरिएको छ (ताप्मादेन, वि.सं. २०७९, पृ. १७७) । सम्भवत यो स्थान लिम्बू जातिको आदिम पूर्खा पितृदेव ताकेरानिङवाफूमाङको बसोबास भएको स्थल हो । किरात धर्मावलम्बीहरूले यो ओडारको केही तल दुई चार बर्षअघि एक माङहिम ( मन्दिर) बनाएका छन् । तसर्थ यस स्थानलाई एक मुन्धुमी स्थलको रूपमा लिइएको छ ।

### ४.८.१५. काइलुङथुङ

### ४.८.१५.१. भौगोलिक अवस्थिति र यथास्थिति

काइलुङथुङ ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका वडा नं. ६ लेलेपको लुङथुङमा पर्दछ । यस स्थानको उचाई १८११ मीटर रहेको छ । यसको भौगोलिक अवस्थिति २७°३३' अक्षांश र ८७°४७' देशान्तर रेखामा रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. १५ मा दिइएको छ ।

काइलुङथुङमा लिम्बूहरूका आदिम पूर्खा सुहाङफेवा र लाहादङनासँग सम्बन्धित जोडी ढुङ्गाहरू छन । यसलाई लिम्बू भाषामा काईलासो लुङथुङ पनि भनिन्छ । लुङथुङ भनेको थुङ थुङ गरेर बज्ने ढुङ्गा हो (ताप्मादेन र पतङ्वा, वि.सं. २०५८, पृ. १) । यस स्थानमा एउटा ठडिएको र अर्को सुतेको दुईवटा ढुङ्गाहरू छन् । ढुङ्गामाथि अडेसा लागेर सुतेको ढुङ्गामा मानिस चढेर खुट्टाले बललगाई हल्लाएमा थुङ थुङ आवाज आई हल्लन्छ । अत यसलाई मानिसहरूले हल्लने ढुङ्गा पनि भन्दछन् ।

### ४.८.१५.२. मुन्धुमी सन्दर्भ

काइलुङथुङलाई लिम्बूहरूका आदिम पूर्खा सुहाङफेवा र लाहादङनाको बासस्थानको रुपमा मानिएको छ । लिम्बू भाषामा ‘काइ’ भन्नाले साईनो सम्बन्ध र ‘लासो’ भन्नाले कर्म

गर्ने ठाउँ भन्ने बुझिन्छ । मुन्धुममा अघि कुल-वंश, परिवार र नातासम्बन्धको विकास हुनुपूर्व सुच्छुरु सुहाङफेबा र तेत्लारा लाहादोङना चेली माइतिबीच यही स्थानमा हाडनातामा संसर्ग भएको आख्यान छ ।

मुन्धुमसाबा दुर्गाप्रसाद फोपाहाङले मानव सृष्टिको मुन्धुममा “काइ लुङधुङ फूक्कु भनेको ताप्लिजोङ जिल्ला अन्तरर्गत तमोरखोला लुङथुङ हो” भनेका छन् (फोपाहाङ, वि.सं. २०७०, पृ. ६४) । मुन्धुमअध्येता अर्जूनबाबु माबोहाङले यस ढुङ्गालाई ‘हिरिपलुङ हक्कापलुङ’ भनेका छन्  (माबोहाङ, वि.सं. २०६९, पृ. ५९) । मुधिगुम लेक्वाहाङ ताप्मादेन वंशावलीमा काइलुङधुङ अघि सुहाङफेबा र लाहादोङनाबीच रक्त संसर्ग भएको स्थान काइलासो, कुम्बालुङ र कुम्मालुङ भनी उल्लेख गरिएको छ (तप्मादेन, वि.सं. २०७९, पृ.१७७) । लिम्बू भाषामा काईफूक्कु भनेको हाडनातामा करणी भएको ओडार भन्ने अर्थ हुन्छ । समाज विकासको प्रागऐतिहासिक कालमा मानव जंगली अवस्थामा थियो । यसबेला यौन स्वच्छन्दताको अवस्था रहेको  पाईन्छ । मुन्धुममा भएको यस वर्णनले उक्त घट्ना त्यसै समयकामा घटेको हुनसक्ने संकेत दिएको छ । तसर्थ काइलुङथुङलाई मुन्धुमी स्थल मानिएको हो ।

### ४.८.१६. वसाङलुङ तेरेप्लुङ

### ४.८.१६.१. भौगोलिक अवस्थिति र यथास्थिति

वसाङलुङ तेरेप्लुङ ताप्लेजुङ जिल्लाको मैवाखोला गाउँपालिका वडा नं. ६ फाकुम्बाको साम्तुङमा अवस्थित छ । यस स्थानको उचाई ३४९५ मीटर रहेको छ भने भौगोलिक अवस्थिति २७$^{0}$२६’ अक्षांश र ८७$^{0}$२७’ देशान्तर रेखामा रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. १६ मा दिइएको छ ।

वसाङलुङ तेरेप्लुङ करिव एकसय पचास मीटर अग्लो र एकसय मीटर ब्यास भएको फेदबाट माथितिर केही साँगुरिदै गएको एक चारपाटे ढुङ्गा हो । ‘वसाङ’ भन्नाले येवायेमाहरूले शीरमा लाउने विभिन्न पंक्षिहरूको प्वाँख जडित कल्कि (टोपी) हो । येवायेमा लिम्बू जातिको तन्त्रमन्त्रद्वारा दुरात्मा वा प्रेतात्माहरूलाई पन्साउने पुजारीहरू हुन् । हाल वसाङलुङको फेदमा युमासम्यो महासभा नेपाल नामक संस्थाले ‘वसाङलुङ तेरेप्लुङ यासिरे? थामादेन’ लेखेको साईनबोर्ड राखेको पाईयो (प्रत्यक्ष अवोलोकन, फागुन १४  २०७९) । यासिरे? थामादेन भनेको येवायेमाको सिरेगुरुको उत्पत्तिस्थल भनिएको हो । यस्तै यहाँ फलामको करिब १५-१६ फिट अग्लो ‘येगेसिङ’ (येबायेमाले पूजा-अनुष्ठान गर्दा लिङ्गो गडी

बनाएको थानथपना) गाडेको देखियो । साधा शिला ढुङ्गाहरू गाडेर देवताहरूको थानथपना निर्माण गरिएको छ । थानथपनाको बीचबीचमा त्रिशुलहरू गडिएका छन् र ध्वजापातका टाँगिएका छन् ।

### ४.८.१६.२. मुन्धुमी सन्दर्भ

यो स्थान येबायेमाको सिरेगुरु उत्पत्ति स्थलको रूपमा मुन्धुममा बर्णित छ । ध्रुबकुमार मेन्याङबो र अर्जूनबाबु माबोहाङले वसाङलुङलाई "असाङलुङ तेरेप्लुङ माङ" भनेर उल्लेख गरेका छन् (मेन्याङ्बो र माबोहाङ, वि.सं. २०६६, पृ.२५) । अघि येबायेमाहरूको कम्पनशक्तिकी देवी माङमाङसिरे केधुम्बा सिभक्यामी फोक्वामाले माथि सोधुङ लेप्मुतेम्बेबाट झरेर वसाङलुङ तेरेप्लुङमा बसी येबायेमाको नृत्य हेरेको कुरा मुन्धुममा उल्लेख छ (फोपाहाङ, वि.सं. २०७०, पृ. १३०) । फेदाङ्मा रनधोज सिरेङ चङ्बाङद्वारा लिखित फोङसिङमा मुन्धुम (गुरु आराधनासम्बन्धी मुन्धुम) मा वसाङलुङलाई 'सिन्धोकलुङ वसाङलुङ मांङ्गे' भनी देवताको रूपमा उल्लेख गरिएको छ (चङबाङ, वि.सं. २०७०, पृ. ३०) । येबायेमाका प्रथमगुरु साजारा लुम्दङ्वाको वसाङ उहिले यसै ढुङ्गामाथि राखिएकोले यसको नाम वसाङलुङ रहेको किंम्बदन्ती रहेको छ । यस स्थानमा हरेक बर्ष येबायेमाहरू माङमाङसिरे (गुरुदेवता) को पुजाआजा गर्न जाने परम्परा रहेको छ । अत यसलाई मुन्धुमी स्थलको रूपमा मानिएको छ ।

### ४.८.१७. नियारा यक्चेयक

### ४.८.१७.१. भौगोलिक अवस्थिति र यथास्थिति

नियारा थक्चेयक ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका वडा नं. २ खेजेनिममा पर्दछ । यस स्थलको उचाई १५५३ मीटर रहेको छ । भौगोलिक अवस्थिति २७°२७' अक्षांश र ८७°४१' देशान्तर रेखामा रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. १७ मा दिइएको छ ।

यो स्थान नाम्लक भन्ने गाउँको केहीमाथि पहाडको थुम्कामा अवस्थित छ । यो स्थानलाई स्थानीय बासिन्दा हरूले गढीडाँडा पनि भन्दछन जुन स्थान एक डाँडाको थुम्कोमा रहेको छ । यहाँ अघि तम्बरखोला क्षेत्रका राजा सम्युकहाङको गढ वा किल्ला रहेकोले यसलाई गढीडाँडा भनिएको हो (राजेन्द्र अन्छङबो, ब्यक्तिगत अन्तर्वार्ता, जेठ २७ २०८०) ।

यक्चेयक्मामा हाल ३-४ बटा लाम्चो ढुङ्गाहरू गाडी देवताका थानथपनाहरू स्थापना गरिएको देखियो (प्रत्यक्ष अवोलोकन, जेठ ५ २०८०) । देवस्थल केही रुखहरूले ढाकेको

सानो जंगलभित्र रहेको छ । डाँडाको उत्तरतर्फ छेवैमा राजा साम्यूकहाङको गढमा निर्माण गरिएको घरको जगको अवशेष पनि देखिन्छ ।

### ४.८.१७.२. मुन्धुमी सन्दर्भ

परापूर्व कालमा लिम्बूहरूका मुख्य आराध्य देवी युमामाङ फक्ताङलुङ पर्वतको काखमा प्रकट भई फुत्लासो बेत्लासो वरक पार गरेर वालुङसुम, जोडिम, ईलाथाप्ला, वादोफुक्कु, फेम्बू , मापाङफे आदि विभिन्न गाउँठाउँ डुल्दै खेजेनिमको नियारा थक्चेयकमा आइपुगेर तान विसाएको भन्ने मुन्धुमी आख्यान रहेको छ (माबोहाङ, वि.सं. २०६९, पृ. ६०) । युमाले कपडा बुन्ने तान ( थाक ) यस ठाउँमा बिसाउँदा 'यक्चेक' गरी आवाज आएकोले यसको नाम यक्चेयक रहन गएको मुन्धुमी आख्यान पाइन्छ (चन्द्रप्रकाश ईङवासाम, व्यक्तिगत अन्तर्वार्ता, जेठ ५ २०८०) । यूमामाङ लिम्बूजातिको सिद्धिशक्ति, सभ्यता र सम्पन्नताकी देवी हुन् । यो स्थान अन्छङ्बो, इङ्वासाम, सबेन्हाङ र यक्सो थरका लिम्बूहरूको माङगेन्ना यक पनि हो (थाक्निया ईत, वि.सं.२०६४, पृ. ९३) । यस कारण यसलाई मुन्धुमी स्थल मानिएको छ ।

### ४.८.१८. थाक्थाक्खिबो र थाक्केलुङ

### ४.८.१८.१. भौगोलिक अवस्थिति र यथास्थिति

थाक्थाक्खिबो हाल ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका वडा नं. ३ लिङखिममा पर्दछ भने थाक्केलुङ फूङलिङ नगरपालि वडा नं. १० फूरुम्बोमा पर्दछ । थाक्थाक्खिबोको उचाई १३०५ मीटर र थाक्केलुङको उचाई १३८३ मीटर रहेको छ । थाक्थाक्खिबोको भौगोलिक अवस्थिति २७·२६' अक्षांश र ८७°४२' देशान्तर तथा थाक्केलुङको भौगोलिक अवस्थिति २७°२५' अक्षांश र ८७°४२' देशान्तर रेखामा रहेको छ । यस मुन्धुमी स्थलहरूको तस्वीर परिशिष्ट - ग चित्र नं. १८ र १९ मा दिइएको छ ।

थाक्थाक्खिबो र थाक्केलुङ दुई अलग अलग स्थानमा रहेका मुन्धुमी स्थलहरू भएता पनि दुबै लिम्बू जातिकी कुलदेवी युमामाङसँग सम्बन्धित मुन्धुमी स्थलहरू हुन् । यी स्थानहरूमा यूमामाङले तानबुन्दा बस्नको लागि प्रयोग गरिएको भनिएको खाटजस्तो चप्लेटी ढुङ्गा (थाक्थाक्खिबो) र तानको बहाडोरी अड्याउनको लागि गाडिएको भनिएको खम्बा झैं अग्लो ढुङ्गा (थाक्केलुङ) यथावत रहेका देखिन्छ । थाक्थाक्खिबोमा करिब सात वर्ग मीटर जग्गामा ढुङ्गे चौघेरोभित्र यूमामाङको देवस्थल निर्माण गरी शाधा शिलाहरू गाडेर देवीदेवताहरूका थानथपनाहरू बनाएको देखिन्छ (प्रत्यक्ष अवोलोकन, फागुन २७ २०७९) ।

थानथपनामा केही घण्टीहरू झुन्ड्याइएका छन् भने त्रिशुलहरू पनि राखिएका छन् । यस देवस्थलको बीच भागमा यूमामाङको थपना रहेको छ भने यूमामाङको दाहिनेतर्फ मिसेक, थुङदाङ, सभामाङ तथा नागनागेनी र देब्रेतर्फ काप्पोबा, केङगेरेङ सेङगेरेङ, लभितलाङ जस्ता यूमामाङका अनुचर देवीदेवताहरूको थानथपनाहरू रहेका छन् (धनबहादुर सुभासङ, ब्यक्तिगत अन्तर्वार्ता, फागुन २७ २०७९) । देवस्थलको नजिकै पूर्वतर्फ केही बर्षअघि स्थानीय बासिन्दाहरूद्वारा यहाँ यूमामाङको एक माङहिम निर्माण गरिएको छ । माङहिम गोलो पाटापाटा निकालेर काठ, ढुङ्गा, बालुवा, सिमेन्ट तथा जस्तापातले बनाएको तल्ले शैलीमा दुई तलामा निर्माण भएको देखिन्छ । थाक्केलुङमा भने पूजाआजाको लागि कुनै देवीदेवताको थानथपना रहेको पाईएन ।

### ४.८.१८.२. मुन्धुमी सन्दर्भ

मुन्धुम अनुसार परापूर्वकालमा युमामाङ उत्तर दिशा सिन्यूक मुदेन (चीन तिब्बत) देशबाट दक्षिणतर्फ आउने क्रममा फुत्लासो बेत्लासो वरक पार गरेर वालुङसुम, जोङिम, ईलाथाप्ला, वादोफुक्कु, फेम्बू , मापाङफे, यक्चेयक्मा जस्ता विभिन्न स्थानहरू डुल्दै आउँने क्रममा थाक्थाक्सिबो र थाक्केलुङमा बसी तान (थाक) बुनेको आख्यान रहेको छ ( दिनहाङपाल लिम्बू , ब्यक्तिगत अन्तर्वार्ता, फागुन २७ २०७९) । फेदाङ्मा रनधोज सिरेङ चङ्बाङद्वारा लिखित युमा साम्यो मुन्धुममा "थाक्सिबोमा पाङ्फे केलन्दे, थाक्चुम थाक्पे केसन्छु , केःथागु थाक्पे खिःबेः मेगेरेन" (अर्थ : थाक्सिबो गाउँमा पुग्यौ, तान फिजायौ, तानको धागोडोरी पुगेन ) भन्ने कुरा उल्लेख छ (चङबाङ, वि.सं. २०७०, पृ.४) । अत थाक्थाक्खिबो र थाक्केलुङलाई मुन्धुमी स्थल मानिएको हो ।

### ४.८.१९. थोकपुन तेम्बे

### ४.८.१९.१. भौगोलिक अवस्थिति र यथास्थिति

थोकपुन तेम्बे ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका वडा नं. ४ ईखाबुमा पर्दछ । यसको उचाई १५५८ मीटर रहेको छ र यसको भौगोलिक अवस्थिति २७°२९' अक्षांश र ८७°४४' देशान्तर रेखामा रहेको छ। यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. २० मा दिइएको छ।

सुसुबेङ लालाबेङ अर्थात साबा युक्फुङ केम्बाको मृत्यूबरण पश्चात उनको मृत शरिरलाई समाधिस्थ गरिएको स्थान थोकपुन तेम्बे हो । अवोलोकनको क्रममा यो स्थान तलबाट भिरालो हुँदै गई माथिपट्टी सानो थुम्को डाँडामा रहेको पाईयो । युमासाम्यो महासभा

नेपाल नामक संस्थाले यहाँ 'सुसुबेङ लालाबेङले मृत्यूवरण गरेको ठाउँ थोक्पुन तेम्बे' भन्ने साईनबोर्ड राखेको देखिन्छ । यस स्थलमा पितृदेव सुसुबेङ लालाबेङको चिहानको अस्पष्ट आकृति र यसमाथि गाडिएको सुत्लुङ (लाम्चो ढुङ्गा) को अवशेष अद्यावधि रहेको देखिन्छे । यहाँ केही ध्वजाहरू टाँगिएको छ तर पूजाआजाको लागि देवताको कुनै थानथपना स्थापना गरिएको छैन् । चिहान नजिकै केही बर्ष अघि एक चौतारा निर्माण भएको देखिन्छ ।

### ४.८.१९.२. मुन्धुमी सन्दर्भ

थोकपुन तेम्बे लिम्बू जातिका आदिम पूर्खा सुसुबेङ लालाबेङको मृत्यू भएको स्थान हो । मुन्धुमी आख्यान अनुसार यिनी प्रथम मानव मुजिङ्ना खेयङ्नाका छोरा हुन् । मुजिङ्ना खेयङ्ना लिम्बू जातिकी आदिम पूर्खा तथा मातृदेवी हुन् । मुन्धुमी वर्णन अनुसार यिनको पतिको टुङ्गो छैन् । त्यसैले यिनले हावासँग संसर्ग (सुरित केजङ) गरी सन्तान जन्माएको कथन छ । उक्त स्थान 'खोङलिसो बेत्लासो तेम्बे' हो । त्यस्तै मुजिङ्ना खेयङ्नाले आफ्नो बच्चा सुसुबेङ लालाबेङलाई हुर्काएको स्थान सावान तेम्बे हो । सुसुबेङ लालाबेङ ठूला शिकारी थिए । उनले मर्ने बेलामा धनुकाँड गाडेर मरेको स्थान 'थोकपुन तेम्बे' हो ( माबोहाङ, वि.सं. २०६९, पृ. ५९) । छोरा सुसुबेङ लालाबेङको मृत्यूमा शोक विह्वल भएर मुजिङ्ना खेयङ्ना रोएको स्थान 'मेरिङ फूक्कु' र मुजिङ्ना खेयङ्नाको मृत्यू भएको स्थान 'माङयक' हो । बैरागी काइँलाका अनुसार प्रथम मानव मुजिङ्ना खेयङ्नाका छोरा सुसुबेङ लालाबेङको सौता सौता श्रीमतिहरूको ईश्या र आँखिडाहीको कारण भोकतिर्खाबाट मृत्यू भएको स्थान थोक्पान तेम्बे हो (काइँला, वि.सं. २०७०, पृ. प्राक्थन-३) ।

सुसुबेङ लालाबेङ अर्थात साबा युक्फुङ केम्बाको मृत्यूबरण भई उनको मृत शरिरलाई समाधिस्थ गरिएको स्थान थोकपुन तेम्बे हो ( हर्कहाङ लाबुङ, व्यक्तिगत अन्तर्वार्ता, जेठ १७ २०८०) । उनले बताएको मुन्धुमी आख्यान अनुसार साबा युक्फुङ केम्बाका चारै दिशामा थोसोलुङ फियामलुङमा, नासोलुङ फत्तेलुङमा, योसोलुङ मुक्कुमलुङमा र सादिल्लि दिल्लिलुङ्मा नाम गरेका श्रीमतिहरू थिए । यी सौता सौता श्रीमतिहरूको ईश्या र आँखिडाहीको कारण साबा युक्फुङ केम्बाले शिकार खेल्न जाँदा आवस्यक पर्ने सातु-सामल श्रीमतिहरूलाई माग्दा एकले अर्कोलाई देखाउँदै उतैबाट लानु भन्दै टाउको हालाहाल गरेबाट उनले खानेकुरा पाएनन् । त्यसपछि साबा युक्फुङ केम्बा भोकभोकै आफ्ना शिकारी कुकुरहरूसँग शिकार खेल्न निस्किए । उनले जंगलमा मृग, थार, घोरल, बनेल आदि जस्ता जनावरको शिकार गर्न खोजे तर कतै फेला परेन । फलत भोकबाट उनको मृत्यू थोकपुन

तेम्बे भयो । शिकारी कुकुरहरू आफ्ना मालिक ब्यूँझिएर उठ्छन् भनी सात-आठ दिनसम्म पर्खि बसे तर बारुला तथा अरिङ्गालहरूले युक्फुङ केम्बाको शरीरको मासु चोक्ट्याएर खान थालेपछि यी कुकुरहरूले मालिक मरेको चालपाई बनजंगल र डाँडाकाँडा आ-आफ्नो बाटो लागे । पछि यिनीहरू जंगली कुकुर, फ्याउरा र स्याल भए । ती मध्ये एउटा घरपालुवा कुकुरले छोरा मरेको खबर आमा मुजिङ्ना खेयङ्ना कहाँ पुऱ्यायो । मुजिङ्ना खेयङ्ना रुँदै अलाप विलाप गर्दै थोकपुन तेम्बमा पुगी छोराको विभत्स लासलाई दफन गरी फिर्किइन् । त्यसपछि छोराको मृत्यूको गहिरो शोकबाट असैह्य पिडा भई उनको माङयकतेनमा मृत्यू भयो । त्यसैले यस स्थानलाई मुन्धुमी स्थल मानिएको छ ।

### ४.८.२०. लोक्फादेन हाङफादेन

### ४.८.२०.१. भौगोलिक अवस्थिति र यथास्थिति

लोक्फादेन हाङफादेन ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका वडा नं. ४ ईखाबुमा पर्दछ । यो स्थानको उचाई १२१७ मीटर रहेको छ । भौगोलिक अवस्थिति २७°२९' अक्षांश र ८७°४४' देशान्तर रेखामा रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. २१ मा दिइएको छ ।

यो स्थान साविक ईखाबु गाउँ विकास समितिको नुगोदेन बेसीमा तमोर नदीको नजिक रहेको छ । अवोलोकनको क्रममा हाल यस स्थानमा युमासाम्यो महासभा नेपाल नामक संस्थाले 'लोक्फादेम्बा हाङफादेम्बाले संस्कारिक विधि पुऱ्याएर घर निर्माण गरेको स्थल लोक्फादेन हाङफादेन' भनी एक परिचय पाटी राखेको पाईयो । यस स्थानको केही माथि पाखामा अहिले पनि जंगली बाँसको झाङहरू रहेको देखिन्छ । यस स्थानमा हाल कुनै मूर्त साँस्कृतिक संरचना निर्माण भएको पाइन्न ।

### ४.८.२०.२. मुन्धुमी सन्दर्भ

मुन्धुममा उल्लेख भए अनुसार लिम्बूजातिका पूर्खाहरू लोक्फादेम्बा र हाङफादेम्बाले पहिलो घर निर्माण गरेको स्थान लोक्फादेन हाङफादेन हो (खजुम, वि.सं. २०७१, पृ.२९) । बैरागी काईलाका अनुसार मानव जातिको पहिलो घर पाजाइबाले निर्माण गऱ्यो (काइँला, वि.सं. २०७०, पृ. प्राक्थन २) । बैरागी काइँलाले घर निर्माण गर्ने दुवै पात्रहरू नाम फरक भएपनि एउटै व्यक्ति हुन भनेका छन् । पाजाइबाले घर बनाउने विद्या चिलिख्या पु (शतधुल चरा) लाई सोद्धा उसले मानिसलाई घर बनाउन नबताउने भएपछि म लोक्फादेम्बा र

हाङफादेम्बा हुँ भनी नाम ढाँटेर चरासँग उक्त विद्या सिकेको कुरा मुन्धुमको निम्न हरफहरूबाट स्पष्ट हुन्छ :

उन्छोन - पाजाइबारे फेजिकेम्बारे

आङ्गा ? - लोक्फातेम्बाआ हाङभातेम्बाआ

साप्तु लेक्तुआङ इङलेक लेप्तुआङ

सक्वा नाक्तुरो मुइङ नाक्तुरो (काइँला, वि.सं. २०७०, पृ.२०)

(भावानुवाद : उहिले पाजाइबा फेजिक्केम्बाले लोक्फातेम्बा हाङ्फातेम्बा हुँ भनी नाम ढाँटेर ज्ञान माग्यो है ! )। यस कारण यस स्थानलाई मुन्धुमी स्थल मानिएको छ।

### ४.८.२१. केघिङ तेम्बे

#### ४.८.२१.१. भौगोलिक अवस्थिति र यथास्थिति

केघिङ तेम्बे ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका वडा नं. ६ लेलेप साँगोमा पर्दछ। यस स्थानको उचाई १७२५ मीटर रहेको छ भने भौगोलिक अवस्थिति २७°२९' अक्षांश र ८७°४६' देशान्तर रेखामा रहेको छ। यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. २२ मा दिइएको छ।

केघिङ तेम्बे लिम्बू जातिको महत्वपूर्ण बाजा 'के' (च्याब्रुङ) पहिलोपल्ट बनाएको स्थान हो। यो स्थल साविक लेलेप गाउँ विकास समिति वडा नं. १ साँगोमा रहेको छ। यो स्थान हाल खुल्ला जग्गाको रुपमा रहेकोले आसपासको जमिनमा खेतीपाति गरेको देखिन्छ। यस स्थानमा हाल कुनै मूर्त धार्मिक तथा साँस्कृतिक संरचना निर्माण भएको पाइन्न।

#### ४.८.२१.२. मुन्धुमी सन्दर्भ

के अर्थात च्याब्रुङ लिम्बू जातिको महत्वपूर्ण साँस्कृतिक बाजा हो। लिम्बू संस्कृतिमा यो बाजा उत्सब, पर्व, विवाह, नँया घर निर्माण तथा यदाकदा मृत्यू संस्कारमा पनि बजाईन्छ। च्याब्रुङ शब्द मुन्धुमी शब्द चापुत्चङबाट बनेको भन्ने उल्लेख छ (काइँला, वि.सं. २०५२, पृ. ६७)। यो बाजा पहिला कस्ले निर्माण गरेको भन्ने विषयमा विभिन्न मुन्धुमी मतहरू रहेका छन्। अर्जुनबाबु माबोहाङका अनुसार यो बाजा अघि याक्थुङ लिम्बूहरूका पुर्खा लमुफुदेनहाङ लदेनहाङ्वा र पेबु लाप्साहाङ्बाले खेलौना (के?वा) खेल्ने क्रममा बनाएका हुन् (माबोहाङ, वि.सं. २०६९, पृ.९१ )। 'च्याब्रुङको नालीबेली' नामक पुस्तकका लेखक आईत खजुमका अनुसार यो बाजा सर्वप्रथम साप्री र लेम्ब्रीले बनाएका हुन र प्रथम पटक

च्याब्रूङ बनाएको स्थान केघिङ तेम्बे हो (खजुम, वि.सं. २०७१, पृ.२८) । यसैले केघिङ तेम्बेलाई पनि एक मुन्धुमी स्थल मानिएको हो ।

### ४.८.२२. केसामी नाम्सामी लुङ

### ४.८.२२.१. भौगोलिक अवस्थिति र यथास्थिति

केसामी नाम्सामी लुङ ताप्लेजुङको पाथीभरा याङवरक गाउँपालिका वडा नं. १, नाङखोल्याङको शुभेवामा पर्दछ । यस स्थानको उचाई २१२१ मीटर रहेको छ । भौगोलिक अवस्थिति २७$^{0}$१९' अक्षांश र ८७$^{0}$४३' देशान्तर रेखामा रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - घ चित्र नं. २३ मा दिइएको छ ।

केसामी नाम्सामी लुङ रहेको स्थान एक डाँडा हो । यसको नजिकै करिब पचास मीटर तल डाँडामा करिब ६-७ फिट अग्लो चुच्चे ढुङ्गाको फेदमा केही साधा शिलाहरू खडा गरेर देवताको थानथपना बानाइएको देखिन्छ । थपनामा बोटविरुवाको हाँगाहरुको लिङ्गोहरू गाडिएका छन् । सो लिङ्गोहरूमा धागोका डोराहरू टाँगिएका छन् (प्रत्यक्ष अवोलोकन, फागुन १५ २०७९) । केसामी नाम्सामी लुङ रहेको स्थानभन्दा करिब ४०-५० मीटरमाथि हाल यस स्थानमा तले शैलीमा एक तीन तले माङहिम निर्माण भएको देखिन्छ । उक्त माङहिममा पूजापाठको शुरुआत भएको भने पाइएन ।

### ४.८.२२.२. मुन्धुमी सन्दर्भ

केसामी नाम्सामी मुन्धुम अनुसार साबायेतहाङ वंशी फाक्सेराकी सरेङधङ्मा नामकी एउटी चेली थिइन । एक बखत दाजु फाक्सेरासँग शिकार खेल्न गएको बेला उनलाई औधी तिर्खा लागेपछि कतै पानी नभेट्दा एउटा ढुङ्गामा रहेको दुईवटा खोपिल्टामा जमेको पानी खाईन । तर त्यो पानी पानी नभएर एउटा खोपिल्टाको मानिसको र अर्कोको बाघको पिसाब थियो । फलत उनी गर्भवती भई दुई भाई छोराहरू जन्मिए । जेठो केसामि (बाघ) र कान्छो नाम्सामि (मान्छे) । समयक्रममा यिनीहरू जवान भएपछि दाजुभाईबीच ईर्श्या र घमण्ड बढ्यो । शिकार र खानेकुराको निहुँमा दाजुभाईबीच प्रायः झगडा भई रहन्थ्यो । बाघ दाजु शक्तिशाली भएकाले भाइ मान्छेलाई मार्ने कुरा गर्दथ्यो । यस झगडाले आमा सरेङधङ्लाई ज्यादै पिर परेको थियो । आमाले केसामीबाट नामसामिलाई हरतरहले जोगाउथिन् । तर सँधै यस किसिमको सन्त्रासको वातावरणमा रहन कठिन भएकोले नाम्सामिले केसामिसँग युद्ध गर्ने निधो गऱ्यो । फस्वरूप केसामी र नाम्सामीबीच युद्ध भयो । नाम्सामी (मान्छे) ले

बुद्धिमत्तापूर्ण ढंगले धनुकाँडको सहायताले सिमलको रुखमाथि चढेर दाजु केसामी (बाघ) सँग युद्ध गरी उसलाई मारिदियो (केवल मादेन, ब्यक्तिगत अन्तर्वार्ता, फागुन २७ २०७९) ।

अर्जुनबाबु माबोहाङका अनुसार नाम्सामीले केसामीलाई युद्ध गरी मारेको स्थान ताप्लेजुङ नाङखोल्याङको 'शुभावा तेम्बे' हो (माबोहाङ, वि.सं. २०६९, पृ.६० ) । यस्तै भगिराज इङनामका अनुसार केसामी नाम्सामी लुङ उत्तर दक्षिण लमतन्न परेर रहेको र यसको नाप करिब ११ फिट लम्बाईको रहेको र उक्त स्थान ताप्लेजुङ जिल्लाको नाङखोल्याङ गा.वि.स.मा पर्दछ (इङनाम, वि.सं. २०७५, पृ. ६८) । यस कारण यस स्थानलाई मुन्धुमी स्थल मानिएको छ ।

### ४.८.२३. इत्तिसिंङ पेरेमसिंङ

#### ४.८.२३.१. भौगोलिक अवस्थिति र यथास्थिति

मुन्धुमी स्थल इत्तिसिंङ पेरेमसिंङ ताप्लेजुङ जिल्लाको आठराई त्रिवेणी गाउँपालिका वडा नं. १, निघुरादेन फुगोङ्वामा रहेको छ । यस स्थानको उचाई १६२३ मीटर रहेको छ । यस मुन्धुमी स्थलको भौगोलिक अवस्थिति २७°१६' अक्षांश र ८७°३८' देशान्तर रेखामा रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. २४ मा दिइएको छ ।

इत्तिसिंङ पेरेमसिंङ देवस्थलको परिसर करिब चार रोपनी क्षेत्रफलको जग्गालाई पर्खालले वरिपरी घेरेर इत्तिसिंङ पेरेमसिंङ देवीको देवस्थल स्थापना गरिएको पाइन्छ । यहाँ देवस्थलको स्थापनासम्बन्धी जानकारी दिने कुनै अभिलेख पाइदैन । देवस्थल परिसरको बिच भागमा काब्राको एउटा ठूलो रुख रहेको र वरिपरी अन्य केही बोटविरुवाहरूका रुख छन् । सो रुखमुनी ढुङ्गाको सानो ओडारमा केही शिलाहरू ठड्याएर इत्तिसिंङ पेरेमसिंङ देवीको थानथपना स्थापित गरिएको छ । यहाँ केही त्रिशुल र घण्टीहरू पनि राखिएका छन् । यस देबस्थलको दक्षिणतर्फको घेरापर्खालसँगै जोडेर स्थानीय बासिन्दा बलबहादुर पोमुले एक सिफाको (शिवालय) निर्माण गरेको देखिन्छ । शिवालय चारपाटे एकतले काठ, ढुङ्गा, सिमेन्ट र बालुवाले गुम्बज शैलीमा निर्माण भएको देखिन्छ भने शिवालयभित्र शिवको साधारण ढुङ्गे मूर्ति प्रतिस्थापन गरिएको छ । भित्तामा रहेको अभिलेख अनुसार उक्त शिवालयको स्थापना वि.सं. २०२९ सालमा भएको देखिन्छ । शिवालयको अगाडि करिब ८ मीटर लामो र ४ मीटर चौडा एक सानो पोखरी समेत रहेको छ (प्रत्यक्ष अवोलोकन, माघ २० २०७९) ।

### ४.८.२३.२. मुन्धुमी सन्दर्भ

मुन्धुम अनुसार यो स्थान मुयासिरे (चीलदेवता) को उत्पत्ति स्थल हो । याक्थुङ मुन्धुममा उल्लेख भएअनुसार अघि फुगोङ्वा भन्ने गाउँमा उत्तिसिङ पारामसिङ नाउँ गरेको ठूलो प्रेतात्मारूपी बृक्ष थियो । यस बृक्षमा एउटा ठूलो नरभक्षी चीलराजा (मुयाहाङ) बस्दथ्यो । उक्त चीलले दिनहुँ आसपासका मानवहरूलाई  पालैपालो उक्त रुखमा लगेर खाने गर्दथ्यो । चीलराजाको यस्तो कार्यले त्यस क्षेत्रका मानिसहरू आजित भई यसलाई खतम गर्ने उपायहरू खोज्न थाले । उनीहरूले शिकारीहरू सजिचङबा र पुजिचङबालाई उक्त मुयाराजालाई मार्न अनुनय विनय गरेपछि  उनिहरुले लिसोपासो थापेर सो नरभक्षी चीललाई मारिदिए । गाउँलेहरूले मरेको चीलको शरिर तमोर नदीमा बगाई दिए । तमोर नदीमा मरेको चीलको हाडखोर त्यसबेला माछामार्ने जालाहारी लिङखिम थरका लिम्बू चाकावाले फेलापारे । सो हाडखोर सुनौलो देखिएकोले उनले खुट्टाको नलीहाड घरको मुल खाँबोमा र पखेटाको हड्डी निदालमा सिउरेर राखे । चीलको खुट्टाबाट बिरालीदेव (मेयङसिरे) र पखेटाबाट चीलदेवता (मुयासिरे) प्रकट भएकोले उनी मुटुकलेजो दुख्ने बिरामले बिरामी हुन थाले । तबेबुङ थरको साङसिबुङ फेदाङ्मालाई जोखाना हेराएपछि उनले बिरालीदेव ( मेयङसिरे) र चील देवता (मुयासिरे) को कारण हो भनी पत्तो लगाए । उनैको सल्लाह बमोजिम चील देवतालाई सुगुरको पाठोको भोगबलीबाट पूजा गरेपछि चाकावा निको भए । मुन्धुम अनुसार यसरी मुयासिरे (चीलदेवता) र मेयङसिरे (बिरालीदेव) को उत्पत्ति भएको हो (फोपाहाङ, वि.सं. २०७०, पृ. १३३-१३६) । ध्रुबकुमार मेन्याङबो र अर्जूनबाबु माबोहाङका अनुसार सोदुङ लेप्मुहाङले चीलराजाको मृत प्रेतात्मालाई येबाहरूको करजोडी भै उनीहरूको लिङ्गो वरिपरी घुमी रहनु, तिमीलाई खानेकुरा छुट्याई दिनेछन् भनी आशिर्वाद दिएपछि येवाहरूको सिरे (गुरु) को रूपमा मुयासिरे (चीलदेवता) को उत्पत्ति भएको मुन्धुममा देखिन्छ (मेन्याङ्बो र माबोहाङ, वि.सं. २०६६, पृ.२५) । यसरी मुयासिरे (चीलदेवता) को उत्पत्ति स्थल इत्तिसिङ पेरेमसिङ भएकोले यसलाई मुन्धुमी स्थल मानिएको हो ।

### ४.८.२४. नेन्दुरी पासाङ्गा

### ४.८.२४.१. भौगोलिक अवस्थिति र यथास्थिति

नेन्दुरी पासाङ्गा ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका वडा नं. ६ (साविक लेलेप गा.वि.स. १) साँगोयक्मा कोपियक्मामा पर्दछ । यस स्थानको उचाई १४३५ मीटर रहेको छ ।

भौगोलिक अवस्थिति २७°२९' अक्षांश र ८७°४६' देशान्तर रेखामा रहेको छ । यस स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. २५ मा दिइएको छ ।

नेन्दुरी पासाङ्गा सावायेत्हाङ कालिन बैवाहिक व्यवस्थालाई नियमन गर्न स्थापना गरिएको संरचना हो । यसका लागि सो स्थानमा युबायुवतीहरू विवाह गर्न योग्य भए भएनन भनी मापन गर्न ढुङ्गाको तराजु (नेन्दुरी) र उचाई मापक औजार (पासाङ्गा) को रूपमा अग्लो लाम्चो ढुङ्गा गाडिएका थिए । त्यतिबेला युबायुवतीहरूको नेन्दुरी पासाङ्गामा नापतौल गरेर मात्र विबाहको निर्क्योल गर्ने प्रचलन थियो भन्ने आख्यान छ । उक्त नापतौल गर्ने औजारमध्ये तराजु (नेन्दुरी) चाँही वि.सं. १९७७-७८ सालको बाढी पहिरोले भत्काई नष्ट भएको भनाई छ (केदारजुङ ताप्मादेन, व्यक्तिगत अन्तर्वाता, बैशाख १८ २०८०) । उचाई मापक औजारको रूपमा गाडिएको लाम्चो अग्लो ढुङ्गा (पासाङ्गा) आजतक यसै स्थानमा रहिरहेको छ ।

### ४.८.२४.२. मुन्धुमी सन्दर्भ

यो स्थान सावायेत्हाङकालिन समयमा युबायुवतीहरू विवाह गर्न योग्य भए भएनन भनी मापन गर्ने ठाउँ हो । मुन्धुम अनुसार साँगोयक्मा कोपियक्मामा तेत्लारा लाहादङनाको बासस्थान पनि हो । साथै यो स्थान सावायेत्हाङ (आठराजा) हरूको यक (किल्ला वा गढ) र मातृथलो पनि हो । मुन्धुममा लाहादङनाको भागमा परेका आठजना सन्तानहरू नै पछि सावायेत्हाङ भएको आख्यान छ । अघि सुच्छुरु सुहाङफेबा र तेत्लारा लाहादङना चेली माइतिबीच हाडनातामा संसर्ग भई सत्रजना सन्तान जन्मिएपछि पंचभलाद्मीहरूद्वारा सभा बसी उनीहरूबीचको यो अनैतिक सम्बन्धलाई बिच्छेद गरियो । पंचभलाद्मीले सुच्छुरु सुहाङफेबा र तेत्लारा लाहादङनालाई भएका संतानहरू आधाआधा बाँडिदिए । तेत्लारा लाहादङना सुच्छुरु सुहाङफेबासँग छुट्टिएर आफ्नो भागमा परेका सन्तानहरू लिएर सागोयक्मा कोपियक्मामा थिरिलुङ थाम्देतलुङमा नाम परिवर्तन गरी बसिन (माबोहाङ र लावती, वि.सं. २०६९, पृ. १९५) ।

मुन्धुम अनुसार नेन्दुरी पासाङ्गामा सर्वप्रथम खडलिसो अयासक्पा र आङगोरी शसिकहाङमाले विवाहको लागि नापतौल लिएका थिए (माबोहाङ र लावली वि.सं. २०६९, पृ. २०१) । उसबेला युवायुवती यसै स्थानमा नापतौल गरेर योग्य भएपछिमात्र विवाह गर्दथे भन्ने आख्यान रहेको छ । यसबाट निश्चित उमेर (तौल र उचाई) पुगेपछि मात्र विवाह गर्ने

बैज्ञानिक पद्धति त्यसबेलाका लिम्बू जातिका पूर्खाहरूले प्रचलनमा ल्याएको कुरा स्पष्ट हुन्छ । यसैले यस स्थानलाई मुन्धुमी स्थल मानिएको हो ।

### ४.८.२५. लुङईक्वा फुक्कु

### ४.८.२५.१. भौगोलिक अवस्थिति र यथास्थिति

लुङइक्वा फुक्कु फक्ताङलुङ गाउँपालिका वडा नं. ५, तापेथोकमा पर्दछ । यसको उचाई १२३३ मीटर र भौगोलिक अवस्थिति २७°२९' अक्षांश र ८७°४४' देशान्तर रेखामा रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. २६ मा दिइएको छ ।

तमोरखोला क्षेत्रको तापेथोक गाउँ अन्तर्गत छिरुवामा एक ओडार (फुक्कु) छ, जसलाई लुङइक्वा फुक्कु भनिन्छ । तमोर नदीको किनारै किनार भएर ओलाङचुङ गोला हुदै माथि तिब्बत जाने र तिब्बतबाट तलतिर मधेश झर्ने मूलबाटोको छेवैमा यो ओडार रहेको छ । यस स्थानमा बाटोमा तलमाथि हिड्दा ठूलाठूला ढुङ्गाहरू खप्टिएर बनेको प्वालबाट छिरेर हिड्नु पर्ने हुनाले यो स्थानको नामाकरण छिरुवा (लुङइक्वा) भएको विश्वास गरिन्छ । अवोलोकनको क्रममा हाल यो स्थानमा १०-१२ वटा घर निर्माण भएकोले यो सानो व्यपारिक स्थलको रूपमा रहेको देखिन्छ । लुङईक्वा फुक्कुमा अघि मानिस खाने नरभक्षी राक्षसको बासस्थान रहेको आख्यान पाईन्छ । यस स्थानमा हाल अन्य कुनै मूर्त धार्मिक तथा साँस्कृतिक संरचना निर्माण नभएकोले यहाँ कुनै अमूर्त साँस्कृतिक गतिविधहरु प्रचलनमा रहेको देखिदैन ।

### ४.८.२५.२. मुन्धुमी सन्दर्भ

एक मुन्धुमी आख्यान अनुसार अघि लुङइक्वा फुक्कुमा काप्पोरुङ काप्मोरुङ नाम गरेका एक जोडी भालेपोथी मानवभक्षी राक्षसहरू बस्दथे । ती राक्षसहरू मध्ये एउटा माथि पहराको डाँडामा बसेर बाटोको माथि तल हेरी मानिसहरू कताबाट आउदै छन् पत्ता लगाउथ्यो भने अर्को चाँही ओडारमा बसी माथि बस्ने राक्षसको संकेत बमोजिम समुहमा आएका मानिसहरू मध्ये पछिल्लोलाई तानेर आफ्नो आहारा बनाउँथ्यो । यस कारण त्यस क्षेत्रका मानिसहरू सबै त्रसित थिए । यस्तो अवस्थामा त्यस क्षेत्रका मानिसहरूले उक्त नरभक्षी राक्षसलाई मार्नसक्ने शक्ति भएका येबा आठराई निग्रादेनका पोमू केच्छाङ छन् भन्ने थाह पाए । उनीहरूले यस्तो नरभक्षी राक्षसलाई तह लगाउन येबा पोमू केच्छाङलाई अनुरोध गरे । त्यसपछि पेमू केच्छाङ येवा लुङइक्वा पुगेर थानथपना खडा गरी मुन्धुम-मन्त्र जपी जोखाना हेर्दा राक्षसहरू वरिपरी कतै देखिएनन् । पोमू केच्छाङ येवाले राक्षहरूलाई

केही परवर खोजतलास गरे तापनि राक्षसहरू फेला नपरेकोले केही छिन अन्तर्ध्यान गरी जोखाना केलाउँदा राक्षसहरू त येवा पोमू केच्छाडले मार्छन भन्ने भयले आफ्नो भेष पाहा जस्तो लोहोरो ढुङ्गोमा बदली नजिकको तमोर नदीको दहमा गएर लुकेको संकेत पाए । तब पोमू केच्छाङ तमर नदीको दहमा गई काप्पोरुङ काप्मोरुङ लुकेको ठाँउ खोजी पत्ता लगाए । तिनीहरू पानीको दहको तल्लो भागमा ढुङ्गाको च्यापमा पाहा जस्तो रातो लोहोरो ढुङ्गोको रूपमा लुकी राखेका रहेछन् । तत्काल उनले मन्त्र जपेर दुम्सीको काँडाको बाण प्रहार गरे । प्रथम बाणले दहको पानी खोलियो र पुन दोस्रो बाँण प्रहार गरे त्यसले राक्षस लुकेको चेपारो ढुङ्गा फोरियो । त्यसपछि तेस्रो बाण प्रहार गरे । यो बाणले लागी राक्षसको तत्काल प्राण पखेरु उड्यो र यसको रगतले तमोरनदी नै रगताम्य बन्यो । यस्तो ठूलो काम गरेकाले त्यहाँका मानिसहरू खुशी भै पोमु केच्छाङ येवालाई उचित नालिकुजेन (पारिश्रमिक) दिई विदाई गरे । बाटोमा फर्कने क्रममा फुरुम्बो स्थित मित्लुङमा  पोमू केच्छाङ नुहाईधुवाई गरेर आफ्ना असाङ, जामा-पगरी र मालाहरू फुकाई केहिबेर घामतापी आराम गर्न थाले । राक्षस काप्पोरुङ काप्मोरुङकी बहिनी तमोरखोला सावादेनको मालबाँसेमा बस्दी रहिछन् । उनले आफ्नो दाजुभाउजुलाई पोमु केच्छाडले मारेको कुरा थाह पाईसकेकी थिइन । यही मौका छोपी उनले पोमु केच्छाडलाई नल्लेक बाण प्रहार गरीन जसको कारण पोमू केच्छाङको मृत्यू भयो । गाउँतिर फर्कनको लागि मर्नुअघि उनले आफ्नो सिरे जगाई उडेर आउँदा फावाखेला तिरिङ्गे गाउँको विशाल पहरामा ठोक्किई उनको मृत्यू भयो (तुम्बाहाङ, वि.सं. २०६८, पृ. २१६) । पछि त्यस ठाउँमा छरिएको उनको हाडखोर आसपासका मानिसहरूले घाँसदाउरा गर्ने क्रममा छुँदा उनीहरू छेतछेती येवा उत्रिए । अत यस मुन्धुमी आख्यानबाट छिरुवानीको लुङइक्वा ओडार एक मुन्धुमी स्थल हो भन्ने कुरा प्रमाणित हुन आउँछ ।

### ४.८.२६. लुङसुम्बाङ

### ४.८.२६.१. भौगोलिक अवस्थिति र यथास्थिति

लुङसुम्बाङ ताप्लेजुङ जिल्लाको आठराई त्रिवेणी गाउँपालिका - ४, चाँगे लुङसुम्बाङमा पर्दछ । यस स्थानको उचाई १७०४ मीटर रहेको छ । भौगोलिक अवस्थिति २७$^{0}$१९’ अक्षांश र ८७$^{0}$३५’ देशान्तर यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. २७ मा दिइएको छ ।

लिम्बू भाषामा 'लुङ' भन्नाले ढुङ्गा र 'सुम्बाङ' भनेको ओखल हो । कालन्तरमा यसैबाट उक्त गाउँको नाम लुङसुम्बाङ रहन गएको देखिन्छ । उक्त स्थानमा ठूलो बिस्कुन सुकाउन मिल्ने ढुङ्गामाथि रहेको यो ओखल वि.सं. २०२२-२३ सालमा परेको भिषण बर्षाको कारण आएको पैरोले लडाएर २-३ किलामिटर मुनि पुऱ्याएको कुरा जानकारीमा आएको छ ( लोकबहादुर आङबुहाङ, व्यक्तिगत अन्तर्वार्ता, माघ २८ २०७९) । त्यसपछि स्थानीय बुढापाकाहरूले त्यस स्थानको करिब १ किलोमिटर माथि लुङसुम्बाङ टारगाउँमा एक नक्कली ढुङ्गे ओखल (लुङसुम्बाङ) प्रतिस्थाना गरेको पाइन्छ (प्रत्यक्ष अवलोकन, माघ २८, २०७९) । सोही ढुङ्गाको फेदभागमा केही देवीदेवताको थानथपनाहरु रहेका छन् । देवीदेवताको थानथपनामा केही त्रिशुल र घण्टीहरु राखिएका छन् । यी देवस्थलको निर्माण त्यति व्यवस्थित ढंगले गरेको देखिन्दैन ।

### ४.८.२६.२. मुन्धुमी सन्दर्भ

लुङसुम्बाङ लिम्बू जातिकी आदिम मातृदेवी मुजिङ्ना खेयङ्नाले धान वा अन्न कुट्न बनाएको ढुङ्गे ओखल हो भन्ने जनकथन रहेको छ (लोकबहादुर आङबुहाङ, व्यक्तिगत अन्तर्वार्ता, माघ २८ २०७९) । दुर्गाप्रसाद फोपाहाङका अनुसार मुजिङ्ना खेयङ्नाले धान कुट्ने ढुङ्गे ओखल (लुङसुम्बाङ) स्थापना गरेको स्थान चाँगे लुङसुम्बाङ हो (फोपाहाङ, वि.सं. २०७०, पृ. ५६) ।

मुजिङ्ना खेयङ्नाले बनाएको भनिएको उक्त ढुङ्गे ओखल वि.सं.२०२२-२३ सालतिर आएको बाढी पहिरोले बगाई लुङसुम्बाङबाट करिव अढाई किलोमिटर टाढा तल पोरोक्मी गाउँमा पुऱ्याएको भनाई छ (अम्बिका आङबुहाङ, व्यक्तिगत अन्तर्वार्ता, माघ २८ २०७९) । त्यसपछि स्थानीय बासिन्दाहरूले लुङसुम्बाङबीच टारगाउँमा ढुङ्गे ओखल निर्माण गरी प्रतिस्थापन गरिएको देखिन्छ । उक्त स्थानमा यूमामाङ, ताम्फूङ्ना, जलदेवता र नागदेवताहरूको थानथपना स्थापना गरी पूजा गर्ने प्रचलन पनि चलाएको पाइन्छ । अत यस स्थानलाई मुन्धुमी स्थल मानिएको छ ।

### ४.८.२७. थाक्पुरा मेल्लङहाङमा

### ४.८.२७.१. भौगोलिक अवस्थिति र यथास्थिति

थाक्पुरा मेल्लङहाङमा देवीको देवस्थल ताप्लेजुङको फुङलिङ नगरपालिका वडा नं. १ नाङ्गे गाउँमा पर्दछ । यस स्थानको उचाई ९१५ मीटर रहेको छ । भौगोलिक रूपमा यो

स्थान २७°२२' अक्षांश र ८७°३८' देशान्तर रेखामा रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. २८ मा दिइएको छ ।

हाल यस स्थानमा उक्त देवीको एक माङहिम (मन्दिर) निर्माण भएको छ । करिब साढे दुई रोपनी क्षेत्रफलमा थाक्पुरा मेल्लङहाङमा देवीको देवस्थल रहेको छ । स्थानीय काठ, ढुङ्गा, बालुवा र सिमेन्टबाट चारपाटे एकतले माङ्हिम निर्माण भएको देखिन्छ । हाल देवस्थल परिसरलाई ग्याबियन तारले घेरिएको देखिन्छ ।

### ४.८.२७.२. मुन्धुमी सन्दर्भ

थाक्पुरा मेल्लङहाङमाको मुन्धुम माइति पाजाइबा तेनतुम्याङ र चेली खाप्पुना मेल्लङहाङ्माले प्रथम पल्ट घर निर्माण गर्दा खाल्टोमा किचिएर चेली खाप्पुना मेल्लङहाङ्माको अकालमा मृत्यू भएपछि उनको प्रेतात्मा सोघासाम भएको आख्यानसँग सम्बन्धित छ । मुन्धुममा पाजाइबा तेनतुम्याङको अर्को नाम लोक्फादेम्बा हाङ्फादेम्बा हो भन्ने भनाई पनि पाइन्छ (काइँला, वि.सं. २०७०, पृ.२०) ।

थाक्पुरा मेल्लङहाङमा देवीको उत्पत्तिसम्बन्धी मुन्धुमी आख्यान अनुसार अघि मानव सभ्यताको सुरुआत कालमा लोक्फादेम्बा र हाङ्फादेम्बा दुई दाजुभाई थिए । उनीहरूका एक चेली थाक्पुरा मेल्लङहाङमा थिइन । शुरुमा उनीहरूको बसोबास गुफा तथा ओडारमा नै थियो । थाक्पुरा मेल्लङहाङमाले जंगलमा फलफूल कन्दमुल खोज्ने क्रममा एक दिन चराले गुड बनाएर बसेको देखिन । यसबाट मानिसले पनि आफु बस्ने ठाउँ (घर) बनाउनु पर्ने चेतना उनमा आयो । यो कुरा उनले माइतिहरूलाई सुनाइन् र मानिसले पनि बस्नको लागि घर बनाउनु पर्छ भनी माइतिहरूलाई भनिन । माइतिहरूलाई पनि उनको कुरा जायज लाग्यो । अब उनीहरू घर बनाउने तरखरमा लागे । घर कसरी बनाउने ? भनेर विचार विमर्श गरे । छलफल पछि उनीहरूले जंगलबाट काठका खाँबो ल्याई खाँबो गाडेर घर निर्माण गर्न थाले । खाडलमा खाँबो गाड्ने क्रममा दुई माइतिले खाँबो उचाल्ने र चेलीले खाँबो थामी खाडलमा लगाउने हुँदा थाक्पुरा मेल्लङहाङमाको कपालमा रहेको पेम्परी ( बाँसको काइयो) खसेर खाडलमा परेको हुनाले त्यो टिप्न उनी खाडलमा पसिन । यसैबेला माइतिहरूले खाँबो थाम्न नसकी खाडलमा छोडिदिए । परिणाम स्वरूप खाँबोले किचिएर उनको तत्काल मृत्यू भयो । यसरी अकालमा उनको मृत्यू भएपछि उनको आत्मा प्रेतात्मा साम्सोघा बनी चारैतिर डुली मानिसहरूलाई दुःख दिन थाल्यो । पछि मेल्लङहाङको यो प्रेतात्मालाई नेन्धकुम येमाले मानमनितो गरी मन्साइ-पन्साइ गरेपछि मानिसहरूमा सुविस्ता

भयो । उनै थाक्पुरा मेल्लङहाङमा देवीको नाममा  प्रचीनकालमा नै यो देवस्थलको स्थापना भएको हो (मानबहादुर मादेन, व्यक्तिगत अन्तर्वार्ता, फागुन ९ २०७९) । यस कारण यस स्थललाई मुन्धुमी स्थल मानिएको छ ।

### ४.८.२८. माङ्गेन्ना यकको परिचय

माङ्गेन्ना यक लिम्बू जातिको अर्को मुन्धुमी स्थल हो । सबै थरका लिम्बूहरूको कुनै न कुनै ठाउँ यस्ता माङ्गेन्ना यक रहेको हुन्छ । खासगरी सम्बन्धित थरका लिम्बूहरूको आदिम पूर्खाहरू जीवन यापनको क्रममा पहिलो पल्ट उक्त स्थानमा आई बसोबास गरेको जमिन, पहाडी डाँडाकाँडा, नागी, ओडार, जंगल, ढुङ्गा आदिजस्ता स्थानहरू माङ्गेन्ना यकको रूपमा पाइएको छ । माङ्गेन्ना यकलाई माङ्गेन्ना लुङधुङ भन्ने पनि चलन छ । येहाङ लावतीका अनुसार यस्ता माङ्गेन्ना यकलाई लिम्बू संस्कृतिमा पवित्र देवस्थलकै रूपमा मानी पुजिएको हुन्छ (लावती, वि.सं. २०६२, पृ.१२९) ।

माङगेन्ना मुन्धुम अनुसार प्रत्येक थरका लिम्बूहरूले मांगेन्ना पूजा गर्दा र विवाहमा लगन गर्दा पनि मुन्धुम अनुसार माङ्गेन्ना यकको पुकार गर्नु पर्दछ । यसमा उनीहरूका पूर्खाहरूको उत्पति स्थलहरूबाट मुन्धुम गायन शुरु गर्दै उक्त स्थानबाट कुन कुन स्थानहरूमा बँसाई सर्दै आए ती स्थानहरूको नामोच्चारण गर्दै पूर्खाहरूको यात्राको क्रममा भएका सुख दुःख र विरताका गाथाहरूका मुन्धुम गाएर आ-आफ्नो मांगेन्ना यकमा ल्याई पुऱ्याएर सम्बन्धित व्यक्तिको घरमा प्रवेश गराउने विधि हुन्छ । प्राकृतिक रूपमा रहेका यस्ता मांगेन्ना यकलाई अहिले पहिचान र संरक्षण गर्न लिम्बू समुदाय जागरुक भएको पाईन्छ । यी सबै कुराहरूले मांगेन्ना यकहरू पनि मुन्धुमी स्थल हुन् भन्ने कुरा प्रमाणित हुन्छ ।

ताप्लेजुङ जिल्लामा मुन्धुमी स्थलको रूपमा रहेका धेरै मांगेन्ना यकहरू छन् । सम्बन्धित थरका लिम्बूहरूको प्रकाशित इतिहास र वंशावली पुस्तकहरूको अध्ययनबाट पहिचान भएका केही मांगेन्ना यकहरूमा पोमू लिम्बूहरूको मांगेन्ना यक आठराई त्रिवेणी गाउँपलिका - १ निघुरादिनको फक्ताङ यक हो । सेन्दाङ लिम्बूहरूको मांगेन्ना यक आठराई त्रिवेणी गाउँपलिका - २, छेन्ताङ फूलबारीको फूङ्लिङ नागी हो । फागो वंशका विभिन्न थरी लिम्बूहरूको मांगेन्ना यक मैवाखोला गाउँपालिका - २ तेम्बेको पिरिङ्डे यक हो । थोप्रा, एभेङ, चोङबाङ ग्याक र याक्खा ग्यक थरका लिम्बूहरूको मांगेन्ना यक मैवाखोला गाउँपालिका - ६ फाकुम्बा साङलुप्पाको साम्यङ्बा हो । मिक्वाखोलाका श्रेङ चङबाङ,

साम्मेखाम, लङ्वा, मादेन, हाङगाम, केदेम, नाल्बो र तुम्बाहाङ्फे थरी लिम्बूहरूको मांगेन्ना यक मेरिङदेन गाउँपालिका - ५ थुकिम्मा मासिरेङको मेरिङदेन यक हो । साँबा वंशका विभिन्न थरी लिम्बूहरूको मांगेन्ना यक मिक्वाखोला गाउँपालिका - ४ साँबाको लिङथाङ्मा यक हो । लिबाङ र थल्लङ वंशका विभिन्न थरी लिम्बूहरूको मांगेन्ना यक मिक्वाखोला गाउँपालिका - ३ लिबाङ सारजाको साप्तोकनेम्बा हो । सावादिन थरी लिम्बूहरूको मांगेन्ना यक फक्ताङलुङ गाउँपालिका - १ साओदेनको याङदुवा र केरुङ यक हो । अन्छङ्बो, इङ्वासाम, याक्सो, साम्रा र सबेन्हाङ थरी लिम्बूहरूको मांगेन्ना यक फक्ताङलुङ गाउँपालिका - २ खेजेनिमको यक्चेयक  हो । तमोरखोला बस्ने नयङ लिम्बूहरूको मांगेन्ना यक फक्ताङलुङ गाउँपालिका - ६ लेलेपको नुप्लुङ हो भने मैवाखोला बस्ने नयङ लिम्बूहरूको मांगेन्ना यक मैवाखोला गाउँपालिका वडा नं.- ५ फाकुम्बाको तेङखाङ्बा हो । लिङखिम लिम्बूहरूको मांगेन्ना यक फक्ताङलुङ गाउँपालिका - ३ लिङखिमको साम्सिङ्गो हो । तबेबुङ लिम्बूहरूको मांगेन्ना यक फक्ताङलुङ गाउँपालिका - ३ लिङखिमको लुङजिरी लुङबाङ यक हो । तुम्बाहाङफे, सर्बन्दुङ, येङदेन र मादेन फेन्दुवा लिम्बूहरूको मांगेन्ना यक फूङलिङ नगरपालिका - ९ हाङदेवाको लुङबाङलुङ यक हो । पालुङ्वा लिम्बूहरूको मांगेन्ना यक फूङलिङ नगरपालिका - ९ हाङदेवाको फुन्छेबुङ यक हो । फूरुम्बो र नुगो लिम्बूहरूको मांगेन्ना यक फूङलिङ नगरपालिका - १० फूरुम्बोको सिम्रेकमा यक हो । सेम्बु लिम्बूहरूको मांगेन्ना यक फूङलिङ नगरपालिका - ११ फावाखोलाको अधिनलुङ चञ्जनलुङ यक हो । मुन्धुमी स्थलको रुपमा रहेका उल्लेखित विभिन्न माङगेन्ना यकहरूमध्ये निम्न लिखित चारवटा माङगेन्ना यकहरूको मात्र यहाँ अध्ययन गरिएको छ :

### ४.८.२८.१. फूङलिङ नागी

#### ४.८.२८.१.१. भौगोलिक अवस्थिति र यथास्थिति

फूङलिङ नागी आठराई त्रिवेणी गाउँपालिका वडा नं. २, फूलबारी (साविक फूलबारी गा.वि.स.वाडा नं. ९) मा  पर्दछ । यसको उचाई १७१५ मीटर रहेको छ । भौगोलिक रूपमा यस स्थानको अवस्थिति २७$^{0}$१७' अक्षांश र ८७$^{0}$३९' देशान्तरमा रहेको छ मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. २९ मा दिइएको छ ।

माङगेन्ना यक फूङलिङ नागीमा करिव डेढ रोपनी जग्गालाई वरिपरी ढुङ्गे पर्खालले घेरिएको छ । यहाँ केही साधा शिलाहरू ठड्याएर देवीदेवताको थानथपनाहरू स्थापना गरिएका छन् । उक्त देवीदेवताको थानथपनामा घण्टीहरू पनि राखिएका छन् ।  माङगेन्ना

यक परिसरभित्र साढे सात फिट अग्लो ढुङ्गाको चो?लुङ (शीर) उठाईएको छ । साथै यहाँ एक लुङ्ताङघुक (छाते ढुङ्गा) पनि रहेको छ । माङगेन्ना यक परिसर बाहिर पूर्वतर्फ केही बर्षअघि गाउँपलिकाको सहयोगमा एक विश्राम गृह पनि मिर्माण गरिएको छ ।

### ४.८.२८.१.२. मुन्धुमी सन्दर्भ

फूङलिङ नागी सेन्दाङ थरका लिम्बूहरूको माङगेन्ना यक हो । । लिम्बू भाषामा 'फूङ' भन्नाले फूल र 'लिङ' भन्नाले उम्रनु भन्ने हुन्छ । यो ठाउँ नागी चौर भएको र अघि यहाँ फूलहरू उम्रिने भएकोले यस स्थानको नाम फूङलिङ नागी रहन गएको कथन छ । सोधुङ-सेन्दाङ समाज कल्याण केन्द्रद्वारा संकलित तथा प्रकाशित किरात लिम्बू सोधुङ-सेन्दाङ वंशावली अनुसार सेन्दाङ वंशका पूर्खा गोवामइङहाङ अघि फेदापको सोधुङ गाउँबाट सेन्दाङ गाउँको फूङलिङ नागीमा आई सर्वप्रथम बसोवास गरेकोले सेन्दाङहरूले फूङलिङ नागीलाई माङगेन्ना यक मान्दै आएका छन् । सेन्दाङ लिम्बूहरूको माङगेन्ना मुन्धुममा फूङलिङ नागी माङगेन्ना यकको प्रसंग यसरी आउँछ :-

. . .आल्ल थो थाङ्सुग गभामइङहाङलो,
अक्खे फोःदो ताजेङ फोःदो,
थो थाङ्सुग सेगेङ्बारो,
थो थाङ्सुग यगङ्बारो,
थो थाङ्सुग काक्लिप्पा तेम्बेरो,
आक्खे लन्दे ताजेङ लन्दे,
थो थाङ्सुग हाङ्याक्मारो,
थो थाङ्सुग फक्ताङ तेम्बेरो,
थो थाङ्सुग चक्पुरेबा तेम्बेरो,
थो थाङ्सुग तिलिङ थेगुरो,
थो थाङ्सुग रमितेरो,
थो थाङ्सुग जुकेटार तेम्बेरो,
आक्खे लन्दे ताजेङ लन्दे,
थिक्नाङ्दोगर नाबुतोमारो,
थिक्नाङ्दोगर खुवातोमारो,
साप्चिरीमारो कुलुम ताःमारो,

सेन्दाङरेन यकरो फूङ्लिङ नागीरो

किधीरे यक्मेन्देत्लो अइरे काक्मेन्देत्लो

मयारे कपमेन्देत्लो हुक्सोरे सोकमेन्देत्लो

सेन्दाङरेन यकरो फूङ्लिङ नागीरो (दलबहादुर सेन्दाङ, व्यक्तिगत अन्तर्वार्ता, बैशाख १ २०८०) ।

(भावानुवाद : यसो कुरा गरौं, गोवामइङहाङ माथि आउँदै गए, आउने क्रममा उनी सेगेङ्बा, यगङ्बा, काक्लिप्पा, हाङ्याक्मा, फक्ताङ, चक्पुरेबा, तिलिङ थेगु, रमिते, जुकेटार जस्ता ठाउँहरू हुँदै नाबुखोला र खुवाखेलाले छेकेको बिचमा फूङ्लिङ नागीमा पुगी बसे, फूङ्लिङ नागी सेन्दाङहरूको यक हो, मालसाप्रोले उधिन्न सक्दैन, दुम्सीले नाघ्न सक्दैन, चिलले फेरो लाउन सक्दैन, हातले ताक्न सकिन्न, त्यो सेन्दाङको यक फूङलिङ नागी हो । ) यस कारण माङ्गेन्ना यक फूङलिङ नागीलाई मुन्धुमी स्थल मानिएको हो ।

### ४.८.२८.२. मेरिङदेन यक

### ४.८.२८.२.१. भौगोलिक अवस्थिति र यथास्थिति

मुन्धुमी स्थल मेरिङदेन यक ताप्लेजुङको मेरिङदेन गाउँपालिका - ५, थुकिम्माको माश्रेङमा रहेको छ । यस स्थानको उचाई १७९१ मीटर रहेको छ भने भौगोलिक अवस्थिति २७$^{0}$२५' अक्षांश र ८७$^{0}$३५' देशान्तर रेखामा रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. ३० मा दिइएको छ ।

मेरिङदेन यक (गढ) मा अहिले गढको भग्नावशेष माथिको करिव ४-५ रोपनी समथर जग्गामा दुईवटा माङहिम (मन्दिर) रहेका छन् । तुम्याङ उजिरध्वोज मादेनका अनुसार ती मन्दिरहरू लिम्बूहरूकी कुल देवी यूमामाङको हुन् । मन्दिरमा भएको शिलालेख अनुसार यी मन्दिरहरूमध्ये एउटा २०३८ सालमा बनेको देखिन्छ । मेरिङदेन यकको वरिपरी जग पुरानो ढुङ्गे पर्खालहरूले घेरेर बनेको छ । यस बाहेक हालसम्म यस गढीको संरक्षण र विकासका लागि नीजि तथा सरकारी तहबाट कुनै संरचना निर्माण भएको देखिएन । गढीको नजिक सडकको ट्याकसम्म पुगेको छ तर त्यहाँ पुग्न हाल मोटर गाडीहरू संचालनमा छैनन् ।

### ४.८.२८.२.२. मुन्धुमी सन्दर्भ

मेवाखोला क्षेत्रमा रहेका लिम्बूहरूमध्ये सान्धुङेका सन्तानहरूको माङगेन्ना यक मेरिङदेन हो । सान्धुङेका सन्तानहरूमा हाल श्रेङचोङबाङ, लङ्वा, साम्मेखाम, मादेन, हाङगाम, तुम्बाहाङ्फे, नाल्बो, केदेम र थुइमा थरहरूका लिम्बुहरू पर्दछन् (चङबाङ, वि.सं.

२०६६, पृ.१९) । मेरिङदेन यक माङगेन्ना यकमात्र नभएर दश लिम्बू राजाहरूको मध्ये मेवाखोलाको राजा सिसियेङ सेरेङले स्थापना गरेको गढी वा किल्ला पनि हो (चेम्जोङ, वि.सं. २०५९, पृ.२०) । मेरिङदेन यकको नामाकरण सम्बन्धमा विभिन्न मतहरु देखिन्छन । एक मत अनुसार अघि मेरिङदेन यकका राजा सिसिगेन सिरेङका उत्तराधिकारी ताङसाङनावाका दुईवटा रानी थिए । जेठीको नाम यल्लिमा र कान्छी पेकसुक्मा । यिनीहरूबीचमा प्राय झैझगडा भई रहन्थ्यो । झगडा पछि यिनीहरू यही मेरिङदेन यक्मा आई मेरिङ थक्मा ( बिलौना गाउनु) गर्दै रुने गरेकोले हुँदा यस यकको नाम मेरिङदेन रहन गयो (उजिरध्वोज मादेन, व्यक्तिगत अन्तर्वार्ता, चैत्र २७ २०७९) । अर्को मत अनुसार मेरिङदेनको नामाकरण मिक्वाखोला क्षेत्रका लिम्बुहरू पूर्खा दाजु मुन्धुङे भाई सान्धुङेसँग अघि छुट्टिदा यसै ठाँउमा बसेर वेदना गाउँदै रोएकोले यस यकको नाम मेरिङदेन रहेको हो (मंगलसिंङ केदेम, व्यक्तिगत अन्तर्वार्ता, जेठ १५ २०८०) । अत यस स्थानलाई मुन्धुमी स्थल मानिएको छ ।

**४.८.२८.३. लिङथाङ यक**

**४.८.२८.३.१. भौगोलिक अवस्थिति र यथास्थिति**

लिङथाङ यक मिक्वाखोला गाउँपालिका वडा नं. ४, साँबामा पर्दछ । यस स्थानको उचाई १५९७ मीटर रहेको छ । यो स्थानको भौगोलिक अवस्थिति अवस्थिति २७$^{0}$२८' अक्षांश र ८७$^{0}$३७' देशान्तर रेखामा रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. ३१ मा दिइएको छ ।

लिङथाङ यक साँबा वंशका लिम्बूहरूको माङगेन्ना यक हो । लिङथाङ यकमा साँबा वंशका पुर्खा फेम्बुनहाङले सर्वप्रथम घर बनाई बसोबास गरेको आख्यान रहेको छ ( मंगलसिङ साँबा, व्यक्तिगत अन्तर्वार्ता, चैत्र २७ २०७९) । यो माङगेन्ना यक करिब पाँच रोपनी जग्गामा फैलिएर रहेको देखिन्छ । यस जग्गामा तीन बर्ष अगाडी लिम्बू जातिको परम्परगत शैलीको एक घर निर्माण गरिएको छ । यस्तै लिङथाङ यकसम्म जाने सडकको ट्याक खोलिएको छ । प्रबेश द्वारको रूपमा एक पक्की  गेट निर्माण गरिएको पाइन्छ । यसको साथै यहाँ खानेपानी र शौचालयको समेत प्रवन्ध गरिएको देखिन्छ (प्रत्यक्ष अवलोकन, चैत्र २७ २०७९) ।

**४.८.२८.३.२. मुन्धुमी सन्दर्भ**

लिङथाङ यक साँबा वंशका लिम्बूहरूको साझा माङगेन्ना यक हो । साँबा मिङस्रा सङचुम्भो (साँबा वंश समाज) ले प्रकाशित गरेको हाते पुस्तिका (Brochure) मा उल्लेख भए

अनुसार साँबा वंशमा चङबाङ साँबा, लुङहिम्बा साँबा, फयङ साँबा, मादेन साँबा, तङ्दप्पा साँबा, फेन्छङ्वा साँबा, मुदेन्छङ साँबा, मिक्केङ्दाङ साँबा र कोइदाङ्बा साँबा गरी विभिन्न नौ उपथरका साँबा लिम्बूहरू पर्दछन् । साँबा वंशका जुनसुकै थरका लिम्बूहरूको माङगेन्ना पूजा गर्दापनि लिङथाङ यकको प्रसँग आउँछ । चङबाङ साँबा लिम्बूहरूको माङगेन्ना मुन्धुममा लिङथाङ यकको प्रसँग यसरी आउँछ :

··· थिकनाहाङ युरो खेङ्च्वातमा युरो
थिकनाहाङ युरो पावामा युरो
साप्चिरीमारो कुलुम ताःमारो
लिङलिङ्गे यक्मारो लिङ्थाङ यक्मारो
किधीरे यक्मेन्देप्ना अइरे काक्मेन्देप्ना
मयारे कपमेन्देप्ना हुक्सोरे सोकमेन्देप्ना
लिङलिङ्गे लिङ्थाङ यक्मारो ··· (साँबा, वि.सं. २०७९, पृ.२९७ ) ।

(भावानुबाद : एकातिर खेङच्वा आउने, अर्कोतिर पावा आउने, बीचको ठाउँ लिङलिङ्गे लिङथाङ यक हो । मालसाप्रोले कोट्याउन नसक्ने, दुम्सीले नाघ्न नसक्ने, चीलले फेरो लगाउन नसक्ने, औलाले ताक्न नसकिने लिङलिङ्गे लिङथाङ यक हो) । यस कारणले लिङथाङ यकलाई मुन्धुमी स्थल मानिएको छ ।

### ४.८.२८.४. पिरिङ्गे यक

### ४.८.२८.४.१. भौगोलिक अवस्थिति र यथास्थिति

यो यक मौवाखोला गाउँपालिका वडा नं. २, ढुङ्गेसाँघु तेम्बेमा पर्दछ । पिरिङ्गे यक १०८३ मीटर उचाईमा रहेको छ । यसको भौगोलिक अवस्थिति २७°२२' अक्षांश र ८७°३३' देशान्तर रेखामा रहेको छ । यस मुन्धुमी स्थलको तस्वीर परिशिष्ट - ग चित्र नं. ३२ मा दिइएको छ ।

पिरिङ्गे यक फागो वंशका सम्पूर्ण लिम्बूहरूको साझा माङगेन्ना यक हो । यो यक ढुङ्गेसाँघु तेम्बे गाउँको केही तल करिब १५-१६ रोपनी जग्गामा फैलिएर रहेको छ । यकको बीच भागमा हात्ति कै रूपजस्तो एक ढुङ्गा रहेको छ । यही ढुङ्गाको आसपासमा प्राचीन समयमा फागो लिम्बूका पूर्खा हाम्युङ्बाले सर्वप्रथम बसोबास गरेको कथन रहेको छ । यक क्षेत्रको वरिपरी पक्की ढुङ्गे पर्खालले घेरिने काम भैरहेको पाइयो । माङगेन्ना यकको उत्तर पश्चिमी क्षेत्रमा दुई कोठै पक्की शौचालय निर्माण गरिएको छ । साथै पूजा-अनुष्ठान सम्पन्न

गर्न यकको उत्तरतर्फ फलामको यागेसिङ (लिङ्गो) गाडेको देखिन्छ (प्रत्यक्ष अवलोकन, बैशाख २२ २०८०) ।

### ४.८.२८.४.२. मुन्धुमी सन्दर्भ

पिरिङ्गे यक फागो वंशका लिम्बूहरूको साझा माङगेन्ना यक हो । फागो वंशका लिम्बूहरू विभिन्न उपथरमा विभाजित छन् । गोबिन्दबहादुर तुम्बाहाङका अनुसार फागो वंशमा विभिन्न पच्चीस उपथरहरू रहेका छन् (तुम्बाहाङ, वि. सं. २०६८, पृ. ५०-५१) । तिनीहरू चोङबाङ, वनेम, तेम्बे, ओखाबो, फाबेन, थोप्रा, माङदेन, थक्लुङ, थिङथाबा, माक्सिम्मा थक्लुङ, वनेम फागो, नोथोप्रा फागो, तेङगोबुङ फागो, मास्वा फागो, पाङमा, यङसाङगो, लिङथेप, यक्युक्पा, अहेक, तङदिङ, सिङदेम, सुनेबा, थाङदेन, थामदेन र थिङलाबो हुन् । सबैको साझा  माङ्गेन्ना यक पिरिङ्गे यक हो ।

फागो लिम्बूहरू मध्ये यकयुक फागो लिम्बूहरूको माङगेन्ना मुन्धुममा पिरिङ्गे यकको मुन्धुमी प्रसँग यसरी आउँछ :

…हाम्युङ्बारे कुवामासा कुथिःम्मासाहा
साम्सो यक्युक हाङ्बा
पिरिङ्गेना खुन्छि ? माङ्गेन्नारे
आप्लुङ नाःक्पा ताङ्सेप नाःक्पा
सेवा नःक्पा पोखेप् नाःक्पा
माङ्वा नाःक्पा हाङ्वा नाःक्पा … (लिम्बू, वि.सं. २०७८, पृ.१५३) ।

(भावानुबाद : हाम्युङ्बाको सन्तान यक्युकहाङको माङ्गेन्ना यक पिरिङ्गे हो, प्रार्थना छ, स्वस्ति-शान्ति र अशिर्वाद माग्छौं) । उल्लेखित कारणले पिरिङ्गे यकलाई मुन्धुमी स्थल मानिएको छ ।

### ४.९. छलफल तथा सारांश

यस अध्ययमा लिम्बू समुदायको मुन्धुममा उल्लेख भएका ताप्लेजुङ जिल्लाका विभिन्न स्थानहरूमा रहेका बत्तीसवटा मुन्धुमी स्थलहरूको पहिचान र सूचीकरण भएका छन् । यसरी पहिचान भएका मुन्धुमी स्थलहरूको पहिचानको मुख्य सिद्धान्त र आधार लिम्बू जातिको लिखित तथा मौखिक मुन्धुमलाई मानिएको छ । याक्थुङ/लिम्बू जातिको मुन्धुमहरूमा वर्णन भएका धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक स्थलहरूलाई मुन्धुमी स्थल मानी अध्ययन गर्ने नीति लिइएको छ । यस्तै लिम्बू समुदायमा हालसम्म कायम रहेको धार्मिक तथा साँस्कृतिक

विश्वास प्रणाली, परम्परा र साँस्कृतिक गतिविधिहरुसंग तुलना गरेर पनि मुन्धुमी स्थलहरुको पहिचान गरी सूचीकरण गरिएको छ ।

यस परिच्छेदमा पहिचान भई सूचीकरण भएका मुन्धुमी स्थलहरूमा फक्ताङलुङ, केवालुङ, सेवालुङ, सेमुक्ति मुक्तिगोक, सिदिनलुङ, मुरिङ्ला खारिङ्ला तेम्बे, खाम्बुलिङ नाहाङ्मा यक, इम्बिरी याङ्धाङ्वा (तमोर), मुगाङ्लिङ् काङ्वामा (काबेली), केत्तकुम मेवामा (मेवा), सिन्धोलुङ मैवामा (मैवा), मुधक्कुम लेक्वा (घुन्सा), यफत्लुङ फावामा (फावा), फङफङदेन झरना, सोधुङ वरक, साङ्फित लिङ्फित वरक, तिम्बुङ वरक, मारुङ फुक्कु पारुङ फुक्कु , निङ्खुरी फुक्कु, लुङइक्वा फुक्कु, काइलुङधुङ, वसाङलुङ तेरेप्लुङ, केसामी नाम्सामीलुङ, नियारा यक्चेयकमा, थाक्थाकखिबो र थाक्केलुङ, थोक्पुन तेम्बे, लोक्फादेन हाङ्फादेन, केघिङ तेम्बे, इत्तिसिङ पेरेमसिङ, थाक्पुरा मेल्लङहाङ्मा, नेन्दुरी पासाङ्गा, लुङसुम्बाङ, मेरिङदेन यक, फूङ्लिङ् नागी, लिङ्थाङ्मा यक र पिरिङ्गे यक हुन् । सूचीकरण भएका मुन्धुमी स्थलहरूको प्रकृति हेर्दा उच्च हिमाली पर्वत, पहाडी डाँडाहरू, नदीनालाहरू, झरना, पोखरीहरू, ओडारहरू, चट्टानहरू र अन्य जग्गा जमिनहरू रहेका छन् । साँस्कृतिक महत्वको हिसाबले अध्ययन गर्दा मुन्धुमी स्थलहरू शक्ति दायिनी पर्वत, मातृ तथा पितृदेवीदेवताहरुका बासस्थान र विभिन्न देहधारी देवीदेवताका उत्पत्ति स्थल र बासस्थानहरु रहेका छन् ।

ताप्लेजुङका मुन्धुमी स्थलको भौगोलिक अवस्थिति (Geographical Location) र यथास्थिति कस्तो छ ? भन्ने अनुसन्धान प्रश्नको जवाफ खोज्न गरिएको अनुसन्धानबाट ताप्लेजुङ जिल्लाको विभिन्न भागमा रहेका मुन्धुमी स्थलहरूको भौगोलिक अवस्थिति र यथास्थिति ठाउँ-ठेगाना पत्ता लागेको छ । जस अनुसार आठराई त्रिवेणी गाउँपालिकामा तीनवटा, मैवाखोला गाउँपालिकामा दुईवटा, मेरिङदेन गाउँपालिकामा दुईवटा, मिक्वाखोला गाउँपालिकामा चारवटा, फक्ताङलुङ गाउँपालिकामा चौधवटा, फूङलिङ नगरपालिकामा तीनवटा, पाथीभरा याङवरक गाउँपालिकामा एउटा, र सिदिङबा गाउँपालिकामा दुईवटा मुन्धुमी स्थलहरूको अवस्थिति र यथास्थितिको पहिचान गएिको छ ।

उल्लेखित सूचना तथत तथ्यहरुको विवेचना गर्दा मुन्धुमी स्थलहरुसंग लिम्बू समूदायको जीवन पद्धति, विश्वास प्रणाली र साँस्कृतिक व्यवहारहरु जोडिएको पाईन्छ । यसले लिम्बू समुदायको धार्मिक तथा साँस्कृतिक जीवनलाई परिचालन र दिशानिर्देश गर्दछ । 'कुनैपनि समाज व्यवस्थाका एकाइहरू समाजको आवस्यकतालाई परिपूर्ति गर्न निश्चित प्रकार्यको लागि निर्माण भएका हुन्छन्' भन्ने सैदान्तिक मान्यता संरचनात्मक प्रकार्यबादी

सिद्धान्तको रहेको छ । यसै मान्यतासँग मेलखाने गरी लिम्बू समाज व्यवस्थाको एक महत्वपूर्ण धार्मिक तथा साँस्कृतिक ईकाइको जगको रूपमा मुन्धुम र सोसँग सम्बन्धित मुन्धुमी स्थलहरूको उत्पति र विकास भएको पाइन्छन । यो सामाजिक इकाई स्थापनाको प्रमुख उद्देश्य लिम्बू समाजको धार्मिक तथा साँस्कृतिक आवस्यकतालाई परिपूर्ति गर्नु रहेको देखिन्छ । यस्तै 'सामाजिक प्रणालीको अस्तित्व, सन्तुलन र स्थिरताको लागि नै विभिन्न सामाजिक एकाइहरूको निर्माण भएका हुन्छन्' भन्ने संरचनात्मक प्रकार्यबादी सिद्धान्तको सैद्धान्तिक मान्यता रहेको छ । यसै अनुरूप लिम्बू समाज विकासको प्रागऐतिहासिक कालदेखि नै धार्मिक शास्त्र मुन्धुम र मुन्धुमी स्थलको परिकल्पना र विकास भएको र यसले लिम्बू समाजलाई हालसम्म नियमन र सन्तुलन राख्न तथा यसलाई निरन्तरता दिन महत्वपूर्ण योगदान दिएको देखिन्छ ।

## ४.१०. निष्कर्ष

यस परिच्छेदमा अध्ययन तथा विश्लेषण भएको प्राथमिक विशेष्य सामाग्री " मुन्धुमी स्थलहरुका पहिचान, सूचीकरण र भौगोलिक अवस्थिति" र ती विशेष्य सामाग्रीहरुलाई शोधप्रश्न अनुसार सैद्धान्तिक आधारहरु प्रयोग गरी गरिएको विश्लेषणबाट लिम्बू समुदायमा मूर्ति पूजाको परम्परा नभएको र प्रकृति पूजाको परम्परा रहेको देखिन्छ । किनभने मुन्धुमले यहाँ पहाड-पर्वत, डाँडाकाँडा, खोलानाला, ओडार, ढुङ्गा, पोखरी र झरनाको सिङ्गो स्वरुपलाई माङ (देवता) मानेको छ । अधिकांश यी मुन्धुमी स्थलहरु मानव निर्मित कृतिम स्थलहरु होइनन । लिम्बू समुदायले आदिम कालदेखि नै यी मुन्धुमी स्थलहरुको प्राकृतिक स्वरुपलाई नै देवीदेवताको रुपमा मानेपूजेको देखिन्छ जुन परम्परा लिम्बू समुदायमा हालसम्म कायमै रहेको छ । पछिल्लो समयमामात्र कतिपय मुन्धुमी स्थलहरुमा देवीदेवताको थानथपनाहरु स्थापना भई  पूजाआजा गर्ने प्रचलनको थालनी भएको देखिन्छ । सबै मुन्धुमी स्थलहरुमा कलाकारिता युक्त मूर्तिहरु नपाइएको र देवताका मूर्तिको रुपमा साधा शिलाहरुको मात्र बढी प्रयोग भएबाट पनि लिम्बू समुदायमा मूर्ति पूजाको परम्परा नभएको कुरालाई थप पुष्टि गर्दछ । साथै यी मुन्धुमी स्थलहरुमा देवीदेवताहरु स्थापना भएको प्रमाणित हुने कुनै पुरातात्विक प्रमाण तथा अवशेषहरु पनि देखिन्दैनन । मुन्धुमी स्थलहरुमा देवस्थलहरु निर्माण गर्ने परम्पराको थालनीको एउटा कारण पछिल्लो समयमा यस भेगमा मूर्ति पूजक हिन्दू तथा बौद्ध धर्मावलम्बी गैह्र लिम्बूहरुको आगमनले प्रभाव पारेको देखिन्छ । यस अध्ययनमा प्राप्त तथ्यहरूको आधारमा सूचीकृत मुन्धुमी स्थलहरूलाई मुन्धुमी स्थलहरु मानिनुको कारणहरुको

विवेचना गर्दा मातृ तथा पितृदेवको बासस्थान भएको, कुनै आत्माको बसस्थान भएको, प्रकृतिमा रहेको रहस्यमय र अद्भूत शक्तिबाट प्रवाहित भएको, कुनै निश्चित देवीदेवताको उत्पति भएको विश्वास रहेको, विगतमा कुनै ऐतिहासिक घट्ना घटेको र कुनै निश्चित लिम्बू संस्कृतिको विकास–निर्माण स्थल भएको भन्ने कारणहरु  पाईएका छन् ।

यस्तै ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलको भौगोलिक अवस्थिति (Geographical Location) र यथास्थिति कस्तो छ ? भन्ने अनुसन्धान प्रश्नको जवाफ खोज्न अनुसन्धानमा प्राप्त तथ्यहरुलाई सैद्धान्तिक आधारहरु प्रयोग गरी विवेचना गर्दा यहाँ लिम्बू समुदायको समाज विकासको क्रम र बासाई सराइको इतिहास भेटिन्छ । मुन्धुममा आदिम कालमा शुरुमा फक्ताङलुङको काखमा रहेको पारुङ फुक्कु मारुङ फुक्कुमा लिम्बूहरुका पूर्खा थवायूमाको बासस्थान रहेको संकेत पाईन्छ । यहाँ को पूर्खाको बसोबास रहेको नाम खुल्दैन । त्यसपछि मुन्धुममा प्रथम मानव मुजिङना खेयङनाको प्रसंग आउछ । उनले हावाबाट गर्भधारणा गरी छोरा सुसुवेङ लालावेङ अर्थात सावायुक्फुङकेम्बालाई जन्मदिएको बयान छ जसको अर्थ मानव सभ्यताको जंगली अवस्थामा पतिको टुङ्गो नभएको अवस्था भनेर बुझ्न सकिन्छ । उनको उपस्थिति ताप्लेजुङ जिल्लाको उत्तरी क्षेत्र फक्ताङलुङ गाउँपालिकाको ईखाबुमा रहेको मुन्धुमीस्थलहरु खोङलिसो बेत्लासो तेम्बे, सावान तेम्बे, थोकपुन तेम्बे र आठराई त्रिबेणी गाउँपालिकाको लुङसुम्बाङमा देखापर्दछ । त्यसपछि मुजिङना खेयङनाको छोरा सावायुक्फुङकेम्बाको चर्चा आउँछ । मुन्धुमले यिनलाई ठूला शिकारीको रुपमा परिचित गराएकोले यहाँ लिम्बू मानव सभ्यताको शिकारी यूगको झल्को पाइन्छ । उनको उपस्थिति पनि तमोर खोला क्षेत्र लेलेप, ईखाबु र खेजेक्नेम गाउँहरुमा देखिन्छ । उनको मृत्यू थोकपुन तेम्बे मुन्धुमी स्थलमा भएको उल्लेख छ । यसपछि सावायुक्फुङकेम्बाका छोरा छारी सुहाङफेवा र लाहादङ्नाको प्रसंग आउँछ । उनीहरुको उपस्थिति काईलुङथुङ, मुरिङला खारिङला तेम्बे, साँगोयक्मा कोपियक्मा र निङ्खुरी फुक्कु मुन्धुमी स्थलहरुमा देखापर्दछ । मुन्धुममा यी दाजुबहिनीबीच काईलुङथुङमा हाडनाता करणी भई सत्रजना सन्तानहरुको जन्म भएको चर्चा छ । यसले पनि मानव सममाज विकासमा परिवार र नातागोताको विकास नभएको जंगली अवस्थालाई संकेत गर्दछ । यसपछि तमोर खोला क्षेत्रका लेलेप, ईखाबु, खेजेक्नेम र लिङखिम गाउँहरुमा पहिलो घर निर्माण भएको, च्याब्रुङको निर्माण गरिएको, वैबाहिक संस्कार विकास भएको र तानबाट यूमाले कपडा बनेको मुन्धुममा उल्लेख भएकोले समाज विस्तारै आधुनिक सभ्यतातर्फ विकास हुँदै गएको देखिन्छ । त्यसपछि ताप्लेजुङ जिल्लामा लिम्बू समुदायको बसाई सराई दक्षिण तर्फ थाक्पुरा

मेल्लङहाङ्मा, लिङथाङ यक, मेरिङदेन यक, पिरिङ्गे यक, , तिम्बुङ वरक, सिदिङ्बा र फूङलिङ नागी मुन्धुमी स्थलहरु हुँदै जिल्लाका अन्य भागहरुमा फैलदै गएको पाईन्छ । यसबाट समयको लामो अन्तरालमा लिम्बू समाज आदिम जंगली अवस्थाबाट घरपरिवार निर्माण तथा सभ्यताको विकासतर्फ अग्रसर हुँदै गएको र लिम्बू समाजका आदिम पूर्खाहरु सर्वप्रथम ताप्लेजुङ जिल्लाका उत्तरी हिमाली चिसो स्थानबाट दक्षिणी न्यानो र उब्जाउ भूमीमा तर्फ बसाई सर्दै गएको तथ्य यस अनुसन्धानबाट खुल्न गएको छ ।

## परिच्छेद पाँच

## मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरूको विश्लेषण

### ५.१. विषयप्रवेश

'ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्परा' शीर्षकको यस शोधप्रवन्धको पाँचौ परिच्छेदमा ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरुमा प्रचलनमा रहेका विभिन्न अमूर्त साँस्कृतिक परम्पराहरुलाई परिचित गराउने उद्देश्यले यस्ता साँस्कृतिक परम्परा तथा अभ्यासहरुको खोज-अनुसन्धान गरी त्यसको विश्लेषणात्मक विवरण प्रस्तुत गरिएको छ । यसै क्रममा सर्वप्रथम यहाँ अमूर्त साँस्कृतिको परिचय गराईएको छ । त्यसपछि यस शोधप्रबन्धको चौथो परिच्छेदमा पहिचान र सूचीकरण भएका ताप्लेजुङ जिल्लाका विभिन्न मुन्धुमी स्थलहरुमा प्रचलित रहेका अमूर्त सँस्कृतिहरुलाई प्रस्तुत गरिएको छ । यसरी अमूर्त सँस्कृति परम्पराहरुको शोधविवरण प्रस्तुत गर्दा त्यस्ता सँस्कृतिहरुलाई मुन्धुमी स्थलहरुमा पूजा गरिने देवीदेवता, भक्तजनले पूजा-अनुष्ठानमा प्रयोग गर्ने पूजा सामाग्री, मुन्धुमी स्थलमा लाग्ने मेला, पर्व र जात्रा, पूजारीले अनुष्ठामा गाउने मुन्धुम र प्रयोग गर्ने सामाग्री र मुन्धुमी स्थलहरुप्रति रहेको मानिसको आस्था वा विश्वास जस्ता उपशीर्षकहरुमा वर्गिकरण गरी प्राप्त तथ्यहरुको विश्लेषण प्रस्तुत गरिएको छ ।

### ५.२. अमूर्त सँस्कृतिको परिचय

सँस्कृति मानव जीवनको सम्पूर्ण सामाजिक क्रियाकलापहरूको समष्टिगत रूप हो । सँस्कृतिलाई मानवको सामाजिक जीवन पद्धति पनि भन्न सकिन्छ । यसभित्र मानवका रीतिरिवाज, धर्म, परम्परा, भाषा, चालचलन, पेशा, आनीबानी, लवाइखुवाइ, भेषभूषा, विश्वास, मूल्य-मान्यता आदि जस्ता विषयहरू पर्दछन् । मानव संस्कृतिलाई मूलतः मूर्त र अमूर्त संस्कृति गरी दुई भागमा विभाजन गरेर अध्ययन गरिने परम्परा रहेको छ । मूर्त सांस्कृतिक सम्पदाहरूमा निश्चित आयतन, स्वरूप वा आकार प्रकार भएका भौतिक वस्तुहरू-मन्दिर, विहार, चैत्य, गुम्बा, मस्जिद र विभिन्न देवीदेवताका प्रतिमाहरूको बनोट, आकार, शैली र तिनीहरूको कला पक्षको अध्ययन गरिन्छ । यता अमूर्त संस्कृति सम्पदाहरूमा भने मानव समुदायको विश्वास प्रणाली, चालचलन, भाषा, रीतिरिवाज, मूल्य-मान्यता र परम्परा आदिका रूपमा रहेका अभौतिक एवं भावनात्मक विषयहरूको अध्ययन गरिन्छ । यस परिच्छेदमा योभन्दा अघिल्लो परिच्छेद चारमा अध्ययन गरिएका विभिन्न

मुन्धुमी स्थलहरूमा गरिने यस्ता अमूर्त साँस्कृतिक अभ्यासहरू के के रहेका छन् भन्ने विषयमा अध्ययन गरिएको छ ।

### ५.३. मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरु

यस शोधप्रवन्ध अध्ययन गरिएका ताप्लेजुङ जिल्लाका विभिन्न मुन्धुमी स्थलहरुमा अनेकौ अमूर्त साँस्कृतिक परम्पराहरु प्रचलित रहेका छन् । प्रचलनमा रहेका यस्ता अमूर्त साँस्कृतिक परम्पराहरुको अध्ययन र विश्लेषणलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

### ५.३.१. हिमालय पर्वतहरूसँग सम्बन्धित अमूर्त साँस्कृतिक परम्पराहरू

प्रकृतिमा रहेका विभिन्न वस्तुहरूलाई देवीदेवता मान्ने पुज्ने मुन्धुमी दर्शन अनुरूप विभिन्न पर्वतहरूको पूजा गर्ने परम्परा लिम्बू समुदायमा रहेको पाईन्छ । मानव संस्कृतिको निर्माण पर्यावरणसंग अनुकुलन हुने क्रममा हुन्छ भन्ने साँस्कृतिक पर्यावरणवादको सैद्धान्तिक मान्यता अनुसार लिम्बू समुदायका आदिम पूर्खाहरुले त्यसबेला उच्च पर्वतीय भ-ूभागको आसपासमा बसोबास गरेको र ती पर्वतहरुको रहस्यमय स्वरुपलाई बुझ्न नसकोको कारण उनीहरुले यसलाई माङ (देवता) मानेको देखिन्छ । यस्ता मुन्धुमी स्थलहरूमा कुनै देवस्थलहरू त हुदैनन् तर मानिसहरूको यसमा धार्मिक विश्वास र आस्थाहरू जेडिएको पाईन्छ । यस अध्ययनमा यस्ता विभिन्न हिमालय पर्वतहरू मध्ये ताप्लेजुङ जिल्लामा अवस्थित फक्ताङलुङ पेम्बेनलुङ (कुम्भकर्ण), केवालुङ, (कञ्चनजंघा) र सेवालुङ (मानाभरा) पर्वतहरूलाई मुन्धुमी स्थलको रूपमा अध्ययन गरिएको छ ।

मुन्धुम अनुसार उच्च पहाड तथा पर्वतकी देवी सिरिङ्मा हुन् (थापा, २००९, पृ.२२) । बैरागी काइँलाका अनुसार साप्पोक चोमेन (गर्भरक्षा पूजा) गर्दा कुईकुदाप साम्माङ सिरिङमाको पनि पूजा गरिन्छ र यो अनुष्ठानमा देवीदेवताको रूपमा फक्ताङलुङ, केवालुङ वथिनलुङ र चम्फतलुङ जस्ता पर्वतहरूको नाम पुकारिन्छ (काइँला, वि.सं.२०४८, पृ. २५) ।

लिम्बू समुदायले विभिन्न पर्वतहरूलाई सिद्धी, शक्ति र स्वच्छताको प्रतिक देवताको रूपमा पुज्ने गर्दछन् । यी मध्ये लिम्बू समुदायले फक्ताङलुङ पर्वतलाई सावा येतहाङ याक्थुङ लिम्बूहरूको उत्पति स्थल र दैविक शक्तिले परिपूर्ण पवित्र सिद्धी स्थल (चोत्लुङ) को रूपमा मान्दछन् । यस्तै केवालुङ, (कञ्चनजंघा) तथा सेवालुङ (मानाभरा) पर्वतहरूलाई पनि लिम्बू समुदायले सिद्धी, शक्ति र स्वच्छताको प्रतिक देवताको रूपमा पुज्ने गर्दछन् । लिम्बू जातिकी कुलदेवी यूमामाङको अनुष्ठान, सिजोइङ्मे कुजेन नेप्मा मुन्धुम (विजुवाहरूको मानमनितो

राख्ने मुन्धुम), मृत पूर्खाहरूको मूक्ति र बाँचेकाहरूको सम्बृद्धिका लागि गरिने तङसिङ तक्मा अनुष्ठानमा लगायत अन्य धेरै मुन्धुममा यी पर्वतको पुकार गरी पूजा गर्ने परम्परा छ ।

पर्वतकी देवी सिरिङ्माको पूजा-अनुष्ठान मध्य रातको समयमा लिम्बूहरूको घरघरमै गर्ने प्रचलन छ । घरको एक स्थानमा रातो माटोले लिपेर केराको पातहरू विच्छ्याई थान-थपना बनाईन्छ । थान-थपनामा दियो कलस राखिन्छ । फेदाङ्माले मुन्धुम वाचन गरी सिरिङ्मा देवीको पूजाआजा गर्दछन् । देवीलाई कुखुरा र अण्डाको भोग चढाईन्छ । पूजाको क्रममा फेदाङ्माले पूजा-अनुष्ठान गर्ने उपकारीलाई शक्ति, आयू र धन-सम्पति प्राप्तहोस भनी देवी समक्ष प्रार्थना गर्दछन् (काईला, वि.सं.२०४८, पृ.५-६) । यसरी पर्वतहरूकी प्रतिक देवी रहेकी सिरिङ्माबाट शक्ति, आयू र धन-सम्पति प्राप्त हुने विश्वास रहेकाले यी देवीको पूजा गर्ने परम्परा लिम्बू समुदायमा  रहेको देखिन्छ ।

**५.३.२. सेमुक्ति मुक्तिगोकमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू**

विभिन्न धर्मावलम्बीहरूले सेमुक्ति मुक्तिगोकलाई आ-आफ्नै तरिकाले मान्ने पुज्ने गर्दछन् । प्रकृति पूजक लिम्बू जातिले सेमुक्ति मुक्तिगोकलाई शक्ति दायिनी पवित्र पहाडको रूपमा मान्दछन् । हिन्दूहरूले यस देवीलाई शक्तिकी प्रतिक पंचकन्या कालिका देवीको रूपमा मान्दछन् । यस्तै बौद्धमार्गिहरूले पाथीभरालाई दश दिशाकी रक्षक स्त्रीशक्ति कि प्रतिक सुङ्मा तथा माजिलाप्टामाको रुपमा र बोन धर्मावलम्बीहरूले यसलाई संसारकी रक्षक जगतमाताको रूपमा पूजाआजा गर्दछन् ।

लिम्बू समुदायले सेमुक्ति मुक्तिगोकमाङ भनेर पूकार गर्ने गरेको मुन्धुमी स्थलको परिवर्तित नाम पाथीभरा हो । यहाँ एक देवस्थलको स्थापना गरिएको छ । हाल यो पाथीभरा शक्ति पिठको रुपमा परिचित छ । यस देवीलाई किराँत, हिन्दू र बौद्ध धर्मावलम्बीहरूको आ-आफ्नो आस्था अनुसार वेद, पुराण, चण्डी, दमाङ तथा मुन्धुम पाठ गरेर पुजाआराधना गर्दछन् र देवीसँग बल र शक्ति माग्दछन् । यूवयुवतीहरू आपसमा प्रेम गरेर देवस्थलमा गई विवाह गर्ने चलन पनि छ । हिन्दू धर्मालम्बीहरूले उपनयकार्य पनि मन्दिरमा गई यदाकदा गर्ने गरेको पाइन्छ । मानिसहरू प्राय पाप मोचन र ऐश्वर्य प्राप्तिकालागि विभिन्न देवदेवीको पूजा आराधना गर्ने गर्दछन् । अनुसार पाथीभरा देवीको पूजामा आउने भक्तजनहरू विशेषत सन्तान प्राप्ति, व्यपार वृद्धि , रोगव्याधी उन्मुलन , आफुलाई परेको दुख र समस्याबाट मुक्ति तथा परिवारको आरोग्य, ऐश्वर्य र चिरायुका लागि आउने गर्दछन (टीका पौडेल, व्यक्तिगत अन्तर्वार्ता, पौष ८ २०७८) ।

यस देवीको देवस्थलमा सामान्यतया दैनिक पुजापाठ हुने गर्दछ । यस देवस्थलमा आमावश्या (औशी) , अन्धशुक्र, एकादशी तथा सोह्रश्राद्धको दिन र समयमा पुजा गरिदैन । साथै श्रावण महिना भगवतीदेवी गुप्तवास बस्ने भएकाले भक्तजनहरू पूजाको लागि देवास्थल जादैनन् । अन्य दिनहरूमा आइतवार र बुधबार पनि भक्तजनहरूको कमै उपस्थिति हुने गर्दछ । यी तिथी, वार र महिनाबाहेक अरु सबै दिन यहाँ पूजा गरिन्छ । देवस्थलमा नियमित पूजाकालागि हाल पूजारीको व्यवस्था गरिएको छ । कतिपय भक्तजनले आफुसँगै धामी-झाँक्री वा पूजारी लिएर आई पूजा गर्ने प्रचलन पनि रहेको छ ।

देवीको दर्शन एवं पूजामा जाने भक्तजनहरूले अविर, केशरी, फूलअक्षता, जनै, नरिवल, सुपारी, काचो धागो , टिका, चुरा, पोते, ऐना, फलफूल, साडीचोलो, रातो,सेतो र पहेलो रंगको कपडा, धूबपाती, नैवेध, डिम्मा आदि पूजा सामाग्रीहरूले देवीको पुजा गर्ने प्रचलन छ । पूजागर्दा पनि शुरुदेखि क्रमशः द्वारपाले, गणेशदेव, शिवजी, भैरव, कुम्भकर्ण-कन्चनजंघा आदि हिमाल, त्रिशुलपुजा, वनदेवी, खोलापुजा, सिकारी, पितृदेव, ग्रहपुजा गरिसकेपछि अन्त्यमा पाथीभरादेवीको मुख्यमूर्तिमा पूजा गरी संखघण्ट बाजाई देवीको पूजा सम्पन्न गर्ने नियम छ । यसरी पूजागर्दै जाँदा देवीदेवतालाई विभिन्न पूजा समाग्रीहरू थानै पिच्छे राख्दै पुजा गरिन्छ । विना भोगबली वा भोगबली दिएर दुवै तरिकाले यस देवीको पूजा गर्ने प्रचलन छ । भोगबली पूजा गर्नेहरू देवीलाई हाँस, परेवा, कुखुरा, बाखा र भेडाको वलीदिई पूजा गर्दछन् । यस बाहेक अरु पशुपंक्षीको भोगबली देवीलाई चल्दैन । यस देवस्थलको दर्शनमा जुठो र सुतक वारेको, वरखी बारेको, महिनावारी भएकी महिला, गर्भवती महिला र पाप र अपराध मन बोकेको मानिस जान नहुने र गएमा त्यस्ता मानिसहरूले दैवीविपत्तिको सामना गर्नुपर्ने जनविश्वास छ ।

यूमामाङ शक्ति, विद्या र धन-दौलतकी देवी हुन् । पाथीभरा देवीलाई पूजा गर्ने देवस्थल नजिकै हाल मुक्कुमलुङ यूमामाङहिम स्थापना गरिएको छ । यसमा विशेषत किरात धर्मावलम्बीहरूले नियमित पूजाआजा गर्दछन् । यहाँ पनि पुजारीको ब्यवस्था गरिएको छ । यस यूमामाङहिममा पूजा गर्दा भोगवली चल्दैन । यहाँ फलफूल, भेटीपाति, नैवेध तथा धुपअक्षताले देवीको पूजा गरिन्छ ।

यस देवस्थलमा पूजाको लागि उत्तम तिथी पञ्चमी र वार शनिवार हो । पाथीभरा देवस्थलमा ठूलो मेला दशैको नौरथाको समयमा लाग्ने गर्दछ । यो समयमा एकै दिनमा

आठदेखि दश हजार मानिसहरूले यस देवीको पूजाआजा गर्ने अनुमान गरिएको छ । त्यसपछि चैते दशै र चण्डी पूर्णिमामा पनि देवीको प्राङ्कणमा मेलालाग्ने गर्दछन् ।

### ५.३.३. सिदिङ्बा/सिदिङ्लुङमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

मुन्धुम अनुसार सिदिङ्लुङ भनिने सिदिङ्बा धाम ताप्लेजुङ जिल्लाको एक प्रमुख धार्मिक स्थल हो । किरात, हिन्दू र बुद्ध सबै धर्म मान्नेहरूले यस धाममा पूजाआजा गर्दछन् (जीवन ताम्लिङ, व्यक्तिगत अन्तर्वार्ता, जेठ २१ २०८०) । यस देवस्थलमा बलिपूजा चल्दैन । केवल फलफूल, दूध, अक्षता, नैबेध, धुप र भेटीपाती चढाई सिदिङ्बा देवीको पूजा गरिन्छ । देवस्थलमा हालसम्म नियमित पूजा गर्ने पूजारीको व्यवस्था छैन् । यसका लागि भक्तजनहरूले पूजारी वा फेदाङमा साथै लिएर जाने चलन छ । श्रावण महिना बाहेक सबै महिनामा यस देवस्थलमा पूजाआज गरिन्छ । अलि बढी मानिस चैत्र र बैशाख महिनामा यहाँ पूजा गर्न जाने प्रचलन छ ।  हाकेको ताकेको पूरा हुने, रोगव्यधी निको हुने र धन-सम्पति लाभ हुने विश्वासले मानिसहरू यस देवधाममा पूजा गर्न जाने गरेको पाईन्छ ।

### ५.३.४. मुरिङ्ला खारिङ्ला तेम्बेमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

मुरिङ्ला खारिङ्ला तेम्बे पितृदेव सोधुङ्गेन लेप्मुहाङको बासस्थान तथा तपस्या स्थल हो । लिम्बू जातिले यस स्थानलाई पवित्र पितृभूमिको रूपमा मानी पूज्दछन् । खासगरी पितृहरूबाट आशिस प्राप्त गर्ने र बल वा शक्ति माग्ने उद्देश्य लिएर मानिसहरू यस स्थानमा पूजाआजा गर्न जान्छन् । पितृ पूजाको साथसाथै यो स्थान प्राकृतिक सौन्दर्यले भरिपूर्ण एक रमणीय स्थल भएकोले आजभोली नवबर्षको अवसरमा धरै मानिसहरू मनोरञ्जनका लागि पनि यो ठाउँमा जाने गरेको पाईन्छ ।

यो स्थान एक ठूलो खुला चौर रहेको नागी डाँडा हो । यहाँ कुनै देवीदेवताको थान-थपना र मन्दिर छैन् ।  यस मुन्धुमी स्थलमा प्रत्येक वर्ष चण्डी पुर्णिमाको समयमा समग्र पिता-पूर्खाहरूको मूक्ति र उद्धारको लागि लिम्बू समुदायका मानिसहरू भेला भएर अघिदेखि पूजाआजा गर्ने परम्परा रहेको छ (टेकविर फेम्बू , व्यक्तिगत अन्तर्वार्ता, बैशाख १८ २०८०) । यस पूजामा विशेष गरेर कुइकुदाप माङ (अनिष्टकारी बन देवताहरू) , थबासाम र यूमामाङको पूजा-आराधना गरिन्छ । लिम्बू समुदायमा थबासाम शक्ति र पराक्रमको देवता हुन भने यूमामाङ शिक्षा, सीप र सभ्यताकी देवी हुन् । यस पूजामा चौरको कुनै भागमा माटो खनी ड्याङ बनाई सोमाथि केराको पात विच्छ्याई बाँसको तोङबा राखी शिलाढुङ्गाको खडा गरी देवीदेवताहरूको थानथपना बनाउने गरिन्छ । पूजामा धुप, अक्षता,

धागो, ध्वजा, सिन्दुर जस्ता पूजा सामाग्रीहरूको समेत प्रयोग हुन्छ । यी देवीदेवतालाई सुँगुर, बोका तथा कुखुराको  भोगबली दिएर पूजाआजा गर्ने प्रचलन छ ।

### ५.३.५. खाम्बुलिङ नाहाङमा यकमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

यस स्थानमा बिराजमान नाहाङमा देव विशेषत शक्ति र आयुका देवता हुन् । लिम्बू जातिमा कुनै पराक्रम वा बहादुरी कार्यमा सफलता प्राप्त गर्न यस देवताको आराधना गरी शक्ति माग्ने चलन छ । खाम्फुलिङ नाहाङमा यकमा परापूर्व कालदेखि नै नाहाङमा देवको पूजा-आराधना गर्ने प्रचलन थियो । यस स्थानमा पहिला साधा शिलाहरू ठड्याई नाहाङमा देवको थान-थपना बनाईएको र त्यही थानमा मानिसहरूले पूजा गर्ने गर्दथे । उनका अनुसार यही थानमा नाहाङमा देवलाई कुखुराको भालेको भोगबली दिएर पूजा गरिन्थ्यो (चन्द्रप्रसाद ईङ्वासाम, व्यक्तिगत अन्तर्वार्ता, जेठ ५ २०८०) । यसरी नाहाङमा देवलाई कुखुराको भालेको भोग चढाउनुको सांङ्केतिक अर्थ शक्तिको उपासना गर्नु हो भन्ने उनको भनाई रहेको छ । नाहाङमा देवको पूजा प्रायः सबै समयमा गर्ने प्रचलन भएता पनि उभौली पूजा (यक्वा तङनाम) को अवसर तथा चण्डी पूर्णिमाको बेला बढी मात्रामा यस देवस्थलमा पूजागर्न मानिसहरू आउने गर्दछन् । लिम्बूहरूले समय समयमा घरघरमा थान-थपना बनाई साम्बा तथा फेदाङमाद्वारा मौखिक मुन्धुम वाचन गरेर यस देवताको पूजा गर्ने चलन पनि रहेको छ ।

खाम्बुलिङ नाहाङमा यकमा हिजोआज एक माङहिम (मन्दिर) निर्माण गरिएको छ । मन्दिर गोलो पाटापाटा निकालेर काठ, ढुङ्गा, सिमेन्ट, जस्तापात तथा बालुवाले बनाएको तल्ले शैलीमा पाँच तलामा निर्माण भएको देखिन्छ । यो माङहिम वि.सं.२०५० सालमा निर्माण गरिएको स्थानीय भक्तबहादुर अन्छङबोको भनाई छ । यस माङहिममा आईतबार हप्तामा एक दिन नाहाङमा देवको पूजा गरिन्छ (भक्तबहादुर अन्छङबो, व्यक्तिगत अन्र्वार्ता, बैशाख १९ २०८०) । यस माङहिममा हाल बलीपूजा गरिदैन । किरात सत्यहाङ्मा विधि अनुसार लिखित मुन्धुम पारायण गरेर फलफूल, अक्षता, नैबेध, धुप र भेटीपाती चढाई नाहाङमाको पूजा गरिन्छ । यक्वा तङनाम (उभौली पर्व), चासोक तङनाम (उधौली पर्व) र महागुरु फाल्गुनन्दको जन्मजयान्तीको बेला माङहिममा विशेष पूजापाठ हुने गर्दछ । यस माङहिमलाई मिति २०७५।११।२८ मा जिल्ला प्रशासन कार्यालय ताप्लेजुङमा दर्ता गरिएको कुरा दर्ता प्रमाण-पत्रबाट देखिन्छ । परम्परादेखि पूजा गरेर आएको नाहाङमा देवको पुरानो

थान-थपना भने यस माङहिमको पूर्वी दिशातर्फ चौरको छेउमा ढिस्कामा रहेको देखियो (प्रत्यक्ष अवोलोकन, बैशाख १९ २०८०) ।

### ५.३.६. नदीनालाहरूसँग सम्बन्धित अमूर्त साँस्कृतिक परम्पराहरू

मुन्धुममा ताप्लेजुङमा अवस्थित तमर नदीलाई 'एम्बिरी याङधाङ्वा मांङे', काबेली खोलालाई 'मुगाङलिङ कावामा मांङे' मैवा खोलालाई 'सिन्धोलुङ मैवामा मांङे', मेवा खोलालाई 'केत्तकुम मेवामा मांङे', फावाखोलालाई 'यफतलुङ फावामा मांङे' र घुङ्सा खोलालाई 'मुधक्कुम लेक्वामा मांङे' भनी नदीनालाहरूलाई माङ् (देवता) को रूपमा मानिएको छ । लिम्बू सँस्कारमा कसैसँग कसैको झैझगडा, मनमुटाब वा द्वन्दबाट उत्पन्न दुर्भावना, गाली एवं श्रापलाई बगाएर आपसमा मन पवित्र बनाउन साक्मुरा वादेम्मा (गाली-श्राप बगाउने) अनुष्ठान कुनै नदी वा खोलाको किनारमा गई संचालन गरिन्छ । तसर्थ नदी तथा खोलाहरूलाई विभिन्न विकार, खराबी तथा फोहर पदार्थहरूलाई बगाई सफा-शुद्ध गर्ने पवित्रताको प्रतिक मानिन्छ ।

मुन्धुम अनुसार खोलानालाकी देवीलाई 'वागोङ्मा' भनिन्छ । हितराम तिल्लिङका अनुसार वागोङ्माको पूजा गर्दा खोलामा गई त्यसको किनारको कुनै सानो भङ्गालोमा घोचाहरू काटेर साँघु थाप्नु पर्दछ । साँघुको वारीपारी हुने गरी काँचो धागो टाँग्नु पर्दछ । यसै साँघुमाथि केराको पात ओच्छ्याई देवताको थान-थपना बनाईन्छ । थानमा एक जोर पेहेङ (बाँसको तङबा), डिम्मा, तीतेपाती र बटुकामा पानी राखिन्छ । यो पूजामा एक/एक जोर परेवा र कुखुराको भोग चढाईन्छ (तिल्लिङ, वि.सं. २०७७, पृ.१९-२०) । फेदाङ्माले मुन्धुम फलाकेर खोलानालाहरूकी देवी वागोङ्माको पूजा गर्दछन् । खोलानालाहरूकी देवी वागोङ्माको पूजा गर्दा मानिसहरूमा आइपर्ने विध्नबाधाहरू टर्ने तथा विभिन्न महामारी एवं रोगब्याधी नलाग्ने विश्वास रहेको पाइन्छ । यो पूजा प्राय हिउँदको समयमा नदी तथा खोलानालामा गई गर्ने चलन छ ।

### ५.३.७. फङफङदेन झरना र देवस्थलमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

फङफङदेन झरनाको फेदमा रहेकी फुङफुङे देवीको देवस्थल परिसरमा विभिन्न देवीदेवताको थानथपनाहरू रहेको देखिन्छ । अवलोकनको क्रममा यस देवस्थलको मूख्य देवीको रूपमा कालिका देवीको थपना देवस्थल परिसरको बीच भागमा सानो गुफाभित्र रहेको देखिन्छ । उक्त थानको करिब २०/२५ मीटर उत्तरतर्फ थेवासाम (महादेव) को थानथपना रहेको छ । साथै कालिका देवीको थानको १०/१५ मीटर पश्चिम तर्फ भने

साक्मुरा वादेम्मा (गाली-श्राप बगाउने) अनुष्ठानमा नदी वा खोलाको पूजाका लागि वागोङ्मा देवीको थानथपना रहेको छ (टेकबहादुर साँबा, व्यक्तिगत अन्तर्वार्ता, चैत्र २७ २०७९) । फुङफुङे देवीलाई आजभन्दा १०-१२ पुस्ता अघिका जानपा बालधुप फेन्छङ्वा साँबाले पत्ता लगाई थानमान गरेका हुन (मोहनचन्द्र साँबा, व्यक्तिगत अन्तर्वार्ता, चैत्र २७ २०७९) ।

टेकबहादुर साँबाका अनुसार फुङफुङे देवस्थलको मुख्यदेवी कालिकाको पूजा भेडाबाख्राको पाठापाठी तथा परेवाको भोगबली चढाई गरिन्छ । यसको अतिरिक्त अवोलोकनको क्रममा यस देवीलाई भक्तजनहरूले धुप, अविर, ध्वजा, कपि-कलम, खदा, दियोकलस, ऐना, त्रिशुल, घण्टी, पैसा आदि चढाई पूजा गरेको पाइयो । उता थेवासाम ( महादेव) को थानमा ढुङ्गाको सानो साँढेको मूर्ति रहेको छ भने त्रिशुल तथा केही घण्टीहरू राखिएका छन् । यस थानमा पनि ध्वजापातकाहरू टाँगिएका छन् । तर यस थानमा पूजामा भोगबली चल्दैन । फलफूल, अक्षता, नैबेध, धुप र भेटीपाती चढाई यहाँ पूजा गरिन्छ । यता गालीश्राप बगाउनका लागि मिक्वा खोलाको किनारमा स्थापित नदी वा खोलाकी देवी वागोङ्माको  पूजा थानमा भने धुप, अक्षता, अण्डा र कुखुराको भालेपोथीको भोग चढाई पूजा गर्ने परम्परा रहेको पाईयो ।

यस देवस्थलमा नियमित पूजाआजा गर्न एकजना फेदाङ्मा पूजारीको रूपमा राखेको पाइयो (प्रत्यक्ष अवोलोकन, चैत्र २७ २०७९) ।  आईतबार बाहेक सबैबार यस देवस्थलमा पूजा हुने गरेको छ ।  माओबादी सशष्त्र द्वन्द सुरु हुनअघि हरेक बर्ष मंसिर महिनाको १, २ र ३ गते यहाँ फुङफुङदेन मेला लाग्ने गरेको कुरा स्थानीय टेक बहादुर साँबाको भनाई रहेको छ । द्वन्दकाल समाप्त भएसँगै यो मेला लाग्न पनि बन्द भएको छ । उभौली पर्व अर्थात चण्डी पुर्णिमाको बेला धेरै भक्तजनहरू यस देवस्थलमा पूजाआजा गर्न आउने बताईन्छ । श्रावण महिनामा यस देवस्थलमा पूजाआजा चल्दैन । यस देवस्थलमा  पूजाआजा गरे आयू , धनजन, विद्या तथा शक्ति प्राप्त हुने विश्वास मानिसहरू रहेको पाईन्छ ।

### ५.३.८. सोधुङ वरकमा प्रचलित अमूर्त साँस्कृतिक अभ्यासहरू

सोधुङ वरकको अर्को नाम सोधो पोखरी हो । मुन्धुम अनुसार यो पोखरीमा अघि लिम्बूहरूका पितृदेव सेधुगेन लेप्मुहाङले तपस्या गरेको भन्ने आख्यान रहेकोले यसको नाम 'सोधुङ वरक' भएको पाइन्छ । लिम्बू जातिले यसलाई पवित्र चोलुङ (सिद्धिस्थल) को रूपमा मान्ने पूज्ने गर्दछन् । आईत खजुमका अनुसार लिम्बूहरूको  माङगेन्ना (शीर उठाउने)

पूजामा मुन्धुमबाट मानिसको चोलुङ (शीर) उठाई यसै पवित्र पोखरीमा पुऱ्याइन्छ (आइत खजुम, व्यक्तिगत अन्तर्वार्ता, ७ भाद्र २०७९) । चिताएको कुरा पुगुन र मानवको शिर र प्रतिष्ठा सँधै उच्च रहोस भन्नाको खातिर लिम्बू जातिमा हरेक बर्ष माङगेन्ना पूजा गर्ने प्रचलन छ । यस्तै सिद्धि, शक्ति र आयू अभिबृद्धिका लागि लिम्बू जातिले गर्ने नाहाङ्मा र तङसिङ तक्मा जस्ता अनुष्ठानमा पनि सोधुङ वरकको पुकार गरी पूजा गरिन्छ । यी अनुष्ठानहरू लिम्बू जातिले घरघरैमा सम्बन्धित देवीदेवताको थानथपना बनाई सम्पन्न गर्ने परम्परा छ ।

सोधो पोखरीलाई शेर्पा तथा भाटे जातिले पनि पवित्र धार्मिक स्थलको रूपमा मानी यसको पूजा गर्दछन् । उनीहरूले आफ्नो भाषामा सोधो पोखरीलाइ 'छेदे छो' भन्दछन् । हरेक बर्ष श्रावण-भाद्र महिनामा 'ठूक्पा छेसी' पर्वको अवसरमा सोधो पोखरीमा मेला लाग्दछ । त्यस अवसरमा समस्त गाउँवासीहरूको स्वस्ति-शान्ति र सुख-सम्बृद्धिका लागि बौद्धधर्म परम्परा अनुसार छेदे ग्याबु तथा छेदे ग्यामु (नागराजा नागरानी) को पूजाआजा गर्ने परम्परा छ (वाङ्गे शेर्पा, व्यक्तिगत अन्तर्वार्ता, २५ जेठ २०८०) । त्यस अवसरमा यस पोखरीको एक छेउमा रहेको सानो डाँडामा रहेको देवस्थलमा गाउँलेहरूले सामुहिक रूपमा ध्वजा गाड्ने प्रचलन पनि रहेको छ ।

### ५.३.९. साङ्फित लिङ्फित वरकमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

मुन्धुम अनुसार साङ्फित लिङ्फित वरक वरक्मा साम्माङको वासस्थान हो । साङ्फित लिङ्फित वरकलाई  हिजोआज वरक्मा पोखरी पनि भनिन्छ। स्थलगत अवोलोकनको क्रममा यहाँ हाल पोखरी पुरिएरर समथर जमिन बनेको पाइयो । जग्गाको भित्तातर्फ पर्खालभित्र सानो ओडारको कापमा वरक्मा सम्माङको थानथपना रहेको छ । बर्षाको समयमा यस ठाउँमा ठूलो पनिको मूल उम्रने भएकोले वरक्मा सम्माङको अतिरिक्त यहाँ नागदेवताको थानथपना पनि रहेको देखिन्छ । वरक्मा पोखरीमा अघि असार महिनाको भूमिराजका दिन कुखुरा तथा डिम्मा चढाई पूजाआजा गर्ने प्रचलन थियो (मंगलसिंह केदेम, व्यक्तिगत अन्तर्वार्ता, जेठ १५ २०८०) । हाल आएर यहाँ नागपञ्चमीका दिन गाउँलेहरू मिलेर फलफूल, अक्षता, नैबेध, धुप र भेटीपाती चढाई पूजाआज गर्ने प्रचलन छ (जसमान केदेम, व्यक्तिगत अन्तर्वार्ता, जेठ १५ २०८०) । हाल यस देवीलाई भोगबली चढाइदैन ।

वरक्मा साम्माङ रिसाए टाउको दुख्ने, पेट फुल्ने, मुटु दुख्ने, रिङ्गटा लाग्ने, छाद्नेछेर्ने आदि जस्ता विमार गराउँछ भन्ने विश्वास लिम्बू समुदायमा रहेको छ । यस्ता विमारबाट

छुट्कारा पाउन मानिसहरू यस देवीको पूजा-आराधना गर्दछन् । फेदाङमा वीरबहादुर नाल्बोका भनाईमा यिनलाई मान्यता गरे धन र सन्तान दिने नगरे गरिब एवं निसन्तान गराउने मान्यता रहेको छ। यसलाई येबाको सिरे गुरुको रूपमा पनि मानिन्छ।

### ५.३.१०. तिम्बुङ वरकमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

तिम्बुङ वरक अर्थात तिम्बुङ पोखरीलाई अद्भूत शक्ति र पवित्रताको प्रतिक मानिन्छ । किरात धर्मावलम्बी लिम्बू समुदायले यस पोखरीलाई पितृदेव थबासामको बासस्थल भएकोले तीर्थस्थलको रूपमा मान्दछन् । लिम्बू जातिको नाहाङ्मा र थबासाम देवताको पूजा-अनुष्ठान गर्दा तिम्बुङ वरकको प्रसँग आउँछ । लिम्बू समुदायले मान्ने थेबासाम देवता शक्ति र आयूका प्रतिक देवता हुन । यस्तै हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूले पनि यस पोखरीलाई स्वच्छता, पवित्रता र शक्तिको प्रतिक मानी पूजाआजा गर्दछन् । यसका लागि यस पोखरी पसिरमा किरात माङहिम, शिव र बौद्धका शिलाहरू स्थापना गरिएका छन् ।

तिम्बुङ पोखरीमा हरेक बर्ष श्रावण महिनाको १५ गते दर्शन र पूजाको लागि मानिसहरू जाने गर्दछन् । उक्त समयमा त्यहाँ विशेष मेला लाग्ने गर्दछ । यस पोखरीको दर्शन तथा पूजा गर्नाले मनोकाङ्क्षा पूरा हुने र सुख, शान्ति र समृद्धि मिल्ने जनविश्वास रहेको छ । यहाँ सबै जात, धर्म र लिङ्गका मानिसहरूले पोखरीको दर्शन र पूजा गर्न पाउछन् । यहाँ फलफूल, धुपअक्षता र भेटीपाति चढाई पूजा गरिन्छ । बलि पूजाको प्रचलन छैन । मनमा पाप, लोभ, द्वेष तथा हिंसाभाव बोकेको मानिसहरू यस पोखरीको दर्शन तथा पूजा गरेमा उनीहरूको विभिन्न बिपत्ति तथा संकटहरू टर्ने जनविश्वास रहेको पाईन्छ।

### ५.३.११. पारुङफूक्कु मारुङफूक्कुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

मुन्धुम अनुसार पारुङफूक्कु मारुङफूक्कु लिम्बू जातिका आदिम पूर्खाहरू पितृदेव थबायुमाहरूको आश्रयस्थलको रुपमा रहेको पाइन्छ । पारुङफूक्कु मारुङफूक्कु ओडारहरू फक्ताङलुङ हिमालको फेदमा स्थित समथर मैदानमा रहेको रहेका देवस्थल हुन् । यी देवस्थलमा भक्तजनहरूले फूलपाती, दियो-कलश, त्रिशुल, घण्टी, कलम-किताब तथा ध्वजापातकाहरू चढाएर देवस्थलमा पूजाआजा गरेको पाइयो (प्रत्यक्ष अवोलोकन, मंसिर ११ २०७७) । पूजामा भोगबलीको प्रचलन देखिदैन । आफ्ना पितृ तथा मातृदेवहरूबाट आशिर्बाद प्राप्त गर्न सकिन्छ भन्ने विश्वासले परम्परादेखि नै हरेक बर्ष भाद्र-असोज महिनामा यस देवस्थलमा ठूलो संख्यामा किरात धर्मावलम्बीहरूले पूजाआजाको लागि तीर्थयात्रा गर्दछन् ।

पारुङफूक्कु मारुङफूक्कुमा हिउदमा हिउँपरी ज्यादै जाडो हुने हुनाले बैशाख, जेठ, भाद्र र असोज महिनामा भक्तजनहरू पूजा/अनुष्ठानको लागि जाने गर्दछन् । धेरैजसो तीर्थालुहरू किरात धर्मावलम्बीहरू नै पाईन्छन । भक्तजनहरूले यस तीर्थस्थलमा गई तागेरानिङ्वाफुमाङ, यूमामाङ, थेबामाङ र फक्ताङलुङमाङको पूजाआजा गर्दछन् । देवीदेवतालाई फलफुल, नैबेध, धुप अक्षता र भेटीपातिले पूजा गर्ने परम्परा छ । मानिसहरू सिद्धि, शक्ति र आशिर्वाद प्राप्त हुने विश्वासले यस तीर्थस्थलको तीर्थयात्रा गर्ने गर्दछन् (भक्त पालुङवा, व्यक्तिगत अन्तर्वार्ता, जेठ २७ मिति २०८०) ।

### ५.३.१२. निङखुरी फूक्कुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

निङखुरी फुक्कु चट्टानहरू बीचमा रहेको गहिरो ओडार हो जहाँ एक देवस्थल रहेको छ । मुन्धुमी नाम फूक्कु भएतापनि स्थानीय बासिन्दाहरूले यसलाई तागेरानिङ्वाफूमाङ फूक्कुको नामले चिन्दछन् । मुन्धुमी आख्यान अनुसार सर्वशक्तिमान ईश्वर तागेरानिङ्वाफुमाङ प्रकट भई बसोवास गरेको स्थान निङखुरी फूक्कु हो । तागेरानिङ्वाफूमाङलाई विश्व ब्रह्माण्ड र चाराचर जगतको रचना तथा संचालन गर्ने सर्वव्यपी र सर्वशक्तिमान ईश्वर मानिएको छ । यस्तै तागेरानिङ्वाफूमाङलाई सर्वोच्च चेतना र ज्ञानको प्रतिकको रूपमा मुन्धुममा ब्याख्या गरिएको छ ।

यस देवस्थलमा पूर्णिमा, मसान्त र आईतबारका दिन तागेरानिङ्वाफूमाङलाई पूजा गर्ने प्रचलन रहेको छ (केदारजुङ ताप्मादेन, व्यक्तिगत अन्तर्वार्ता, बैशाख १८ २०८० ) । उनका अनुसार देवताको पूजामा पहिला पहिला मानिसहरूले भोगबली चढाएता पनि सुब्यफाब्य नभएकोले पछिल्लो आधा शताब्दीयता भोगबली चढाउने चलन बन्द गरिएको छ । दियोकलश, भेटीपाती, धुपअक्षता, फलफूल तथा ध्वजापातका चढाई देवताको पूजा गरिन्छ । यहाँ मंसिर पूर्णिमाको दिन प्रसस्त भक्तजनहरू भेला हुनेहुँदा उक्त दिन यहाँ मेला लाग्ने गर्दछ । देवस्थलमा पूजा गरे हाकेको चिताको पुग्ने, धनसम्पति लाभ हुने, सन्तान प्राप्ति हुने र स्वास्थ्य लाभ हुने मानिसहरूको विश्वास रहेको छ ।

### ५.३.१३. काईलुङथुङमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

काईलुङथुङ लिम्बूजातिका प्राचीन पूर्खाहरू सुच्छुरु सुहाङफेबा र तेत्लारा लाहादोङनाको बासस्थान तथा क्रिडास्थल हो । यहाँ एउटा ठडिएको र अर्को सुतेको दुईवटा ढुङ्गाहरू छन् जसलाई कुम्बालुङ्ग (बाबु ढुङ्गा) र कुम्मालुङ्ग (आमा ढुङ्गा) भनिन्छ । यी ढुङ्गाहरू लिम्बूजातिका प्राचीन पूर्खा सुच्छुरु सुहाङफेबा र तेत्लारा लाहादोङनाको प्रतिक हुन भन्ने

मान्यता रहेको छ । तसर्थ यसलाई लिम्बू समुदायले आफ्नो पुर्ख्यौली थलोको रूपमा मान्दछन् । यस स्थानमा हालसम्म देवस्थल निर्माण गरिएको छैन । तसर्थ यहाँ कुनै खास धार्मिक वा साँस्कृतिक अभ्यासहरू संचालन भएको पाइदैन । हाल यो स्थानमा अवलोकन गर्न फागुन, चैत्र, बैशाख, भाद्र र असोज महिनामा बर्षेनी धेरै मानिसहरू आउने जाने गर्दछन् ( छिरिङ्ग थुन्डुक शेर्पा, व्यक्तिगत अन्तर्वार्ता, बैशाख १७ २०८०) ।

### ५.३.१४. वसाङलुङ तेरेप्लुङमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

मुन्धुम अनुसार वसाङलुङ तेरेप्लुङ येबायेमाको उत्पत्ति स्थल हो । येबायेमाका प्रथमगुरु साजारा लुम्दङ्वाको वसाङ उहिले यसै ढुङ्गामाथि राखिएकोले यसको नाम वसाङलुङ रहेको किंम्बदन्ति रहेको छ । अघि येबायेमाहरूको कम्पनशक्तिकी देवी माङमाङसिरे केधुम्बा सिभक्यामी फोक्वामाले माथि सोधुङ लेप्मुतेम्बेबाट झरेर वसाङलुङ तेरेप्लुङमा बसी येबायेमाको नृत्य हेरेको कुरा मुन्धुममा उल्लेख छ । त्यसैले यस स्थानलाई येवा (विजुवा) येमा (विजुवानी) ले पवित्र तीर्थस्थलको रूपमा मान्दछन् ।

यस स्थानमा हरेक बर्ष येबायेमाहरू माङमाङसिरे (गुरुदेवता) को पुजाआजा गर्न जाने परम्परा रहेको पाईन्छ । प्रत्येक वर्ष शिवरात्रीको समयमा यस स्थानमा गई येवायेमाहरूले आफ्नो गुरुदेवताको पूजाआराधना गर्दछन् (सूर्यमान ओखाबु, व्यक्तिगत अन्तर्वार्ता, बैशाख ३० २०८०) । उनका अनुसार यस बेला तीनराते तङसिङ पूजाको आयोजना गरिन्छ । तङसिङ अनुष्ठान गर्नु पूर्व मिसेक (अग्नी देवता), कुईकुदाप (जंगली देवता) र पुङसाम्माङ ( सिकारी देवता) देवताहरूको पूजा सम्पन्न गर्ने पनि परम्परा छ । येवायेमाका सिरेगुरु माङमाङसिरे केधुम्बा सिभक्यामी फोक्वामाबाट आशिर्वाद प्राप्त गर्न सकिन्छ भन्ने विश्वासले सर्वसाधारण मानिसहरू यस देवस्थलको दर्शन तथा पूजाआजा गर्न जाने गरेको पाईन्छ । येवायेमाहरू भने आफ्ना सिरेगुरुबाट थप शक्ति र ज्ञान प्राप्तिका लागि हरेक बर्ष यहाँ पुगी पूजाआजा गर्दछन् ।

यहाँ संचालन गरिने तङ्सिङ अनुष्ठानमा येबायेमाहरुले येगेसिङ खडा गरी पूजाआजा गर्दछन् । यस अनुष्ठानमा के (च्याब्रुङ), चेत्थ्या (कासाको थाल), पङ्गे (घण्टी) जस्ता बाजाहरु बजाएर बिचबिचमा पटक पटक येबालाङ (येबा नृत्य) प्रस्तुत गर्ने प्रचलन छ । तीनरात र तीनदिनसम्म संचालन हुने यस अनुष्ठानमा फेदाङमा, येबायेमा र सम्बाहरुले धेरै मुन्धुमहरु गाउँछन् । येबायेमाले याग्राङसिङ फोङ्मा (गुरु जगाउने) क्रममा बाचन गर्ने मुन्धुमी मन्त्रको सानो अंश हेरौं :

ए - थो - तागेरामा ए, निङ्वा?फुमा ए

तुत्तु सेःप्सेरो तुम्याङ सेःप्सेरो

याक्ला सेःप्सेरो सुहाङ्मा सेःप्सेरो

मिधुङ पोगिरो मिराक पोगिरो

आङ्सुक् पागिरो युक्मि पोगिरो

ए - ए - सोधुङ्हाङ्बा ए लेप्मुहाङबा ए

साप्माङ कुरु ए आमाङ कुरु ए

तुत्तु सेःप्सेरो तुम्याङ सेःप्सेरो

याक्ला सेःप्सेरो सुहाङ्मा सेःप्सेरो

मिधुङ पोगिरो मिराक पोगिरो

आङ्सुक् पागिरो युक्मि पोगिरो (काइँला, वि.सं.२०५२, पृ.३५) ।

(भावानुवाद : ए - माथि - हे परमेश्वर तागेरानिङ्वाफुमा ! सज्जन भलाद्मी र भद्रमहिलाहरुका रक्षाका लागि पूजा-अनुष्ठान गर्नलाई आगो र आगोको ज्वाला भई जागौं, दियोमा सल्केको डढेलो झैं जागौं, ए - ए - परम आदरणीय पूर्खा सोधुङ्गेन लेप्मुहाङ ! सज्जन भलाद्मी र भद्रमहिलाहरुका रक्षाका लागि पूजा-अनुष्ठान गर्नलाई आगो र आगोको ज्वाला भई जागौं, दियोमा सल्केको डढेलो झैं जागौं)

यस्तै साम्बाले यस अनुष्ठानमा फूङ्वा चाङ्मा (फूल जगाउने) पूजा गर्दा गाउने मुन्धुमी मन्त्रको एक अंश हेरौ :

ए - आल्ल - नेत्ति मेयुक्खु कुभुङ मेयुक्खु

ए - आल्ल - आप्लुङ लाम्धो ताङसेःप्मा लाम्धो

लाःइ तुरुङ्मा नाम इ तुरुङ्मा

नेत्ति मेसुःन्ले फुङ्वा मेसुःन्ले

आल्ल - नेत्ति चाःङ्मासि फुङ्वा चाःङ्मासि

आप्लुङ ते?मासि ताङ्सेःप् तेःमासि

सेरि ते?मासि पेरुक् ते?मासि (काइँला, वि.सं.२०५२, पृ.१४१) ।

(भावानुवाद : ए - अब - जीवन फूलहरु झैं राखैं, ए - अब - उपकार र अनुष्ठानको मार्गमा जूनघामका किरणहरु र जीवनमा प्राण घट्न गएमा जीवन जगमग प्राणले भरी पारौ, उपकार गरौं, रक्षा गरौं, प्रार्थना गरौं पुकार गरौं)

### ५.३.१५. नियारा यक्चेयकमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

नियारा यक्चेयक्मामा लिम्बू समुदायकी प्रमुख ईष्टदेवी यूमासाम्माङले अघि आफ्नो कपडा बुन्ने तान विसाएको र सो स्थानबाट उत्तरतर्फ मापाङफे गाउँसम्म तानको बहाडोरी तन्काउँदा तान टाँग्ने ठाउँ नपुगेकोले उनी त्यहाँबाट थाक्थाक्खिबो तर्फ तान टाँग्न गएकी हुन भन्ने किम्बदन्ती छ। यक्चेयक्मामा एक देवस्थल रहेको छ। जहाँ साधा शिलाहरु गाडी देवताका थानथपनाहरू बनाएको पाइन्छ (प्रत्यक्ष अवोलोकन, जेठ ५ २०८०)। यस ठाउँमा मंसिर पूर्णिमाको दिन चासोक तङनाम (न्वागी पर्व) को अवसरमा स्थानीय गाउँलेहरू भेलाभई सामुहिक रूपमा चासोक पूजा गर्ने परम्परा छ । पूजा सामाग्रीमा नँया बालीमा पाकेको अन्न, फलफूल, धुपअक्षता र भेटीपातीको मात्र प्रयोग गरिन्छ। यस अवसरमा सबै गाउँबासीहरूको दशाग्रह पन्छाई स्वस्तिशान्ति र शक्ति प्राप्तिका लागि माङगेन्ना पूजा गर्ने गरिन्छ। साथै यस अवसरमा थेबासाम र कुइकुदापमाङ देवताहरुको पूजा गर्ने प्रचलन पनि रहेको पाईन्छ (चन्द्रप्रकाश ईङवासाम, ब्यक्तिगत अन्तर्वार्ता, जेठ ५ २०८०)।

### ५.३.१६. थाक्थाक्खिबो र थाक्केलुङमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

थाक्थाक्खिबो लिम्बू जातिको मुख्य देवता यूमासाम्माङले तानबुन्ने स्थान हो भने थाक्केलुङ तानको बहाडोरी अड्याउनको लागि गाडिएको खम्बा झैं अग्लो ढुङ्गा हो। यी दुवै स्थान करिब दुई अढाई किलोमीटर टाढा वरपर रहेका छन् । यी स्थानहरूलाई लिम्बू समुदायले यूमामाङको विचरण तथा कर्मस्थल ठानी पवित्र स्थलको रूपमा मान्दछन् ।

यूमामाङको देवस्थल रहेको थाक्थाक्खिबोमा फेदाङ्मा र धामीझाक्रिद्वारा औंसी र पूर्णिमाको दिन विशेष पूजाआजा गर्ने प्रचलन छ। यी पूजाहरू ब्यत्तिगत एवं सामुहिक दुवै तरिकाले गरिन्छ। यहाँ मंसिर महिनाताका उधौली पर्व र बैशाख महिनाताका उभौली पर्वको अवसरमा पनि विशेष पूजाआजा गर्ने परम्परा छ। अघि यस देवस्थलमा सुगुर, कुखुरा, डिम्मा आदिको भोग चढाई पूजा गर्ने चलन रहेको थियो। आजभोली भने यो चलन हराएर गएको छ। हाल यहाँ यूमामाङलाई फलफूल, नैवेद्य, धुपअक्षता र भेटीपातीको अर्पण गरी पूजाआजा गर्ने प्रचलनको विकास भएको पाइन्छ (दिनहाङपाल लिम्बू, ब्यक्तिगत अन्तर्वार्ता, फागुन २७ २०७९)।

थाक्थाक्खिबोमा रहेको यूमा माङहिममा बैशाख पूर्णिमाको बेला यक्वा तङ्नाम ( उभौली पर्व) को अवसरमा पूजापाठ गर्ने प्रचलन छ। यहाँ फलफूल, नैबेद्य र धुपअक्षताले पूजा गरिन्छ । फेदाङ्मा दिनहाङपाल लिम्बूका अनुसार असिना पानी तथा आँधीबेहरी

रोकिने, रुढीमार्गी हट्ने एवं सम्पूर्ण पशुप्राणीको रक्षा हुने विश्वासले थाक्थाक्खिबो यूमामाङको देवस्थलमा मानिसहरूले पूजा गर्ने गर्दछन् । यस्तै यूमामाङको आशिर्वादले शक्ति, धन तथा विद्या प्राप्त हुने मानिसहरुमा विश्वास रहेकोले उनिहरूले यस देवस्थलमा पूजाआजा गर्ने गरेको देखिन्छ ।

### ५.३.१७. थोकपुन तेम्बेमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

मुन्धुम अनुसार थोकपुन तेम्बे प्रथम मानव मुजिङ्ना खेयङ्नाका छोरा सुसुबेङ लालाबेङको देहवसान भएको स्थल हो । सुसुबेङ लालाबेङ लिम्बू जातिका आदिम पूर्खा तथा पितृदेव मानिन्छन् । यसै स्थलमा सुसुबेङ लालाबेङको लास समाधिस्थ गरिएको आख्यान रहेको छ । समयसमयमा यहाँ मानिसहरू पितृदेव सुसुबेङ लालाबेङको चिहान अवोलोकन गर्न आउँछन् । पितृदेव सुसुबेङ लालाबेङबाट आशिर्वाद प्राप्त गर्न श्रद्धापूर्वक फूलपाती, अक्षता, भेटी चढाउँछन् (हर्कहाङ लाबुङ, व्यक्तिगत अन्तर्वार्ता, जेठ १७ २०८०) । यस स्थानमा हालसम्म कुनै मूर्त धार्मिक तथा साँस्कृतिक संरचनाहरु निर्माण नभएकोले यहाँ कुनै अन्य नियमित साँस्कृति गतिविधिहरु प्रचलनमा रहेको पाइएन ।

### ५.३.१८. हाङफादेन लोक्फादेनमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

मुन्धुम अनुसार अघि मानिसका पूर्खाले पहिलो घर निर्माण गरेको स्थान हाङफादेन लोक्फादेन हो । यसरी प्रथम पटक निर्माण भएको घरलाई मुन्धुममा लोक्फाहिम सिङहिम ( बाँस तथा काठले बनेको घर) भनिन्छ । अघि यस स्थानमा जंगली गोपबाँस (लोक्फा) र भालुबाँस (हाङ्फा) हरू प्रसस्त पाइने हुँदा सोही बाँसहरूबाट सोधुङ्गेन लेप्मुहाङका छोरा लोक्फादेम्बा हाङफादेम्बाले घर निर्माण गरेको कथन छ (मदन काम्बाङ, व्यक्तिगत अन्तर्वार्ता, बैशाख १९ २०८०) । लिम्बू समाज र सभ्यताको विकासक्रममा प्रथम घर निर्माण गर्न सफल भएको स्थान हाङफादेन लोक्फादेन भएकोले यसको विशेष साँस्कृतिक महत्व रहेको छ । यस स्थानमा हालसम्म कुनै देवस्थल वा धार्मिक स्थलहरू स्थापना नभएकोले हाल यहाँ कुनै नियमित साँस्कृतिक अभ्यासहरु प्रचलनमा रहेको देखिदैन ।

### ५.३.१९. केघिङ तेम्बमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

सर्वप्रथम साप्री र लेम्ब्रीले च्याब्रुङ बाजा बनाएको ठाउँ केखिङ तेम्बे हो । मुन्धुम अनुसार उनिहरूले यस स्थानमा खमारी (हङसिङ) र ढ्याङ्ग्रे सल्ला (साङ्गेसिङ) को काठ खोपेर के (च्याब्रुङ) बनाएको कथन छ । अत उक्त स्थान च्याब्रुङ निर्माण गरी बजाउने कला-संस्कृतिको थालनी भएको थलो हो । यस मुन्धुमी स्थलमा हाल कुनै देवस्थल वा

धार्मिक स्थलको निर्माण भएको पाईदैन । यहाँ हाल कुनै धार्मिक तथा साँस्कृतिक क्रियाकलापहरू संचालन नभएतापनि यो स्थान लिम्बू जातिको साँस्कृतिक बाजा के (च्याब्रुङ) को निर्माण र विकासस्थल भएकोले यस स्थानको विशेष साँस्कृतिक महत्व रहेको देखिन्छ ।

### ५.३.२०. केसामी नाम्सामी लुङमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

केसामी नाम्सामी लुङ सावायेतहाङ याक्थुङ/लिम्बू फाक्सेराकी चेली सरेङधङ्माले दाजु फाक्सेरासँग शिकार खेल्न गएको बेला तिर्खा लागी कतै पानी नभेट्दा पानी भनी एउटा ढुङ्गामा रहेको दुईवटा खोपिल्टामा जमेको बाघ र मानिसको पिसाब पिउँदा गर्भवती भई जेठो केसामी (बाघ) र कान्छो नाम्सामी (मान्छे) जन्म भएको मुन्धुमी आख्यानसँग सम्बन्धित ढुङ्गा हो । यहाँ हाल एक माङहिम (मन्दिर) निर्माण भएको देखिन्छ तर उक्त माङहिममा हालसम्म पूजापाठको थालनी भएको पाइएन (प्रत्यक्ष अवोलोकन, फागुन १५ २०७९) ।

केसामी नाम्सामी लुङ रहेको केही मुनि एक ढुङ्गाको फेदमा निर्मित देवस्थलमा बर्षेनी इम्बिकोसङ्माङ (संसारीमाई देवता), आइतबारे, सिमेभूमे र जिमिभूमि देवताको पूजाआजा गर्ने प्रचलन रहेको छ । (केवल मादेन, ब्यक्तिगत अन्तर्वार्ता, फागुन २७ २०७९) । उनका अनुसार पूजा गर्ने समय चण्डी पूर्णिमा ताकाको पंचमी तिथी हो । देवस्थलमा भोगबली पूजाको परम्परा छ । यस देवस्थलमा इम्बिकोसङ्माङ (संसारीमाई देवता) लाई कुखुराको डिम्माले पूजा गरिन्छ भने अन्य देवीदेवताहरूको कुखुरा, परेवा र बाखाको पाठाको भोग चढाई पूजाआजा गरिन्छ । यस स्थानको संसारीमाई देवीको देवस्थलमा रहेको ढुङ्गाको चुचुरोबाट तल जमिनमा ढुङ्गा लडाएमा खडेरी परेको समयमा पानी पर्ने र ज्यादै बर्षाभए जमिनबाट ढुङ्गा उठाई चुचुरोमा राखे खडेरी लाग्ने जनविश्वास रहेको छ । देवीबाट शक्ति माग्न, खडेरीको समयमा पानी माग्न तथा विभिन्न रोगव्याधीबाट जोगिन मानिसहरूले यस देवस्थलमा पूजाआजा गर्ने प्रचलन छ ।

### ५.३.२१. इत्तिसिंङ पेरेमसिंङमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

मुन्धुम अनुसार इत्तिसिंङ पेरेमसिंङ मुयासिरे (चीलदेवता) को उत्पत्ति स्थल हो । यो देवस्थलमा हरेक बर्ष रामनवमी पर्वमा मेलालाग्ने प्रचलन थियो (शुबासचन्द्र पोमू लिम्बू, ब्यक्तिगत अन्तर्वार्ता, माघ २० २०७९) । उक्त दिन यस देवस्थलमा पूजाआजा गर्ने गरिन्थ्यो । उक्त मेला नेपालमा माओबादी सशस्त्र द्वन्द शुरु भएपछि बन्द भएको छ । उनका

अनुसार इत्तिसिंङ पेरेमसिंङ देवस्थलमा परम्परादेखि हरेक बर्ष माघ महिनाको अन्तिम शनिबार यक्वा तङ्नाम (उभौली पर्व) को उपलक्ष्यमा गाउँबासीहरू मिलेर सामुहिक रूपमा पूजाआजा गर्ने परम्परा रहेको छ । यक्वा पूजा भनेको भूमिको पूजा हो । पूजामा देवीलाई बोका तथा परेवाको भोगबली दिएर पूजा गर्ने प्रचलन रहेको पाईन्छ ।

लिम्बू समुदायमा यक्वा पूजा जमिनमा अन्नबाली लगाउनु पूर्व आ-आफ्नो अनुकुल समयमा गर्ने प्रचलन छ । यक्वा पूजामा लगाएको अन्नबाली राम्ररी सप्रियोस र खेतीमा कुनै प्रकारको रोगकिरा र प्राकृतिक प्रकोप नपरोस भनी प्रकृति देवीको पूजाआजा गर्ने परम्परा छ । यो पूजा फेदाङ्मा र धामीझाँक्रीहरूले सम्पन्न गर्दछन् । यसको अतिरिक्त दशैं, तिहार र चण्डी पूर्णिमाको बेला पनि यस देवस्थलमा पूजाआजा गर्ने चलन छ । यस देवीलाई पूजा गरेमा मनोकांक्ष पूरा हुने, रोगव्याधि निको हुने र शत्रुहरूको पराजय हुने जनमानसमा विश्वास रहेको पाईन्छ ।

### ५.३.२२. नेन्दुरी पासाङ्गामा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

नेन्धुरी पासाङ्गा सावायेत्हाङ कालिन बैवाहिक सँस्कारलाई नियमन गर्न निर्माण गरिएको संरचना हो । यो संरचना साँगोयक्मा कोपियक्मामा निर्माण गरिएको पाइन्छ । यस स्थानमा अघि युबायुवतीहरू विवाह गर्न योग्य भए भएनन भनी नापतौल गरिन्थ्यो र त्यसका लागि तौल मापन गर्न ढुङ्गाको तराजु (नेन्दुरी) र उचाई मापक औजार (पासाङ्गा) को रूपमा अग्लो लाम्चो ढुङ्गा गाडिएका थिए । अवोलोकनको क्रममा उचाई मापक औजार ( पासाङ्गा) अझसम्म यथावत रहेको पाईयो भने नेन्धुरी भने तमोर नदीको बाढीले पहिले नै बगाएको बताइन्छ (केदारजुङ ताप्मादेन, व्यक्तिगत अन्तर्वाता, बैशाख १८ २०८०) । लिम्बू समुदायको वैवाहिक सँस्कृतिलाई व्यवस्थित गर्न निर्मित उक्त संरचनाहरुको सँस्कृतिक तथा ऐीहासिक महत्व रहेको छ । हाल यहाँ कुनै साँस्कृतिक अभ्यासहरू भएको नपाइएतापनि यो लिम्बूजातिको एक ऐतिहासिक स्थल हो ।

### ५.३.२३. लुङईक्वा फुक्कुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

मुन्धुमी मिथक अनुसार लुङईक्वा फुक्कु (छिरुवा ओडार) नरभक्षी राक्षस काप्पोरुङ काप्मोरुङको वासस्थान हो । हाल यस स्थानलाई छिरुवा भन्दछन् । लुङईक्वा फुक्कु (छिरुवा ओडार) मा हालसम्म कुनै देवस्थल निर्माण गरिएको नभएपनि यो अघि येबा-येमाको मन्त्रतन्त्रको शक्ति प्रयोग भएको स्थान हो । यस स्थानमा पोमू केच्छाङ येबाले अघि राक्षसलाई मारेर नाचेको र मुक्तो (घुङरिङ) र सामसिङ (झाँक्री स्याउली) रोपेको किम्बदन्ती

छ । ती विरुवाका बोटहरू अझै यहाँ रहेको देख्न सकिन्छ । यस मुन्धुमी स्थलप्रति मानिसहरू उपर्युक्त विश्वासहरू रहेको भएतापनि अन्य कुनै साँस्कृतिक गतिविधिहरु प्रचलनमा रहेको देखिदैन ।

### ५.३.२४. लुङसुम्बाङमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

लुङसुम्बाङ भनेको ढुङ्गाको ओखल हो । अघि लिम्बू जातिकी मातृदेवी मुजिङ्ना खेयङ्नाले यस स्थानमा अन्न कुट्न ढुङ्गे ओखल बनाएको मुन्धुममा उल्लेख छ । यस कारण लुङसुम्बाङ मातृदेवी मुजिङ्ना खेयङ्नाको कर्मस्थल हो भन्ने तथ्य स्पष्ट हुन्छ । यस स्थानमा अघि मंसिर पूर्णिमाताका न्वागी पूजा (चासोक माङखःमा) गर्ने प्रचलन रहेको थियो (अम्बिका आङबुहाङ, व्यक्तिगत अन्तर्वार्ता, माघ २८ २०७९) । उनका अनुसार यो प्रचलन हाल क्रमशः कमहुँदै गएको र कसैकसैले यदाकदा मात्र यो पूजा गर्ने गरेको पाईन्छ । लुङसुम्बाङ ढुङ्गाको तल्लो भगमा रहेको यूमा, चखोबा (पानीको देवी), ताम्फूङ्ना (वनकी देवी) तथा नाग देवीदेवताको थानथपनामा हाल विशेष गरी अन्न पाकेपछि न्वागी चढाउन र अन्नबाली छरपोत गर्ने समयमा पूजा गर्ने प्रचलन छ । स्थानीय लोकबहादुर आङबुहाङका अनुसार यहाँ पूजा गर्दा देवतालाई डिम्मा, कुखुरा र परेवाको भोग पनि चढाई पूजा गर्ने गरिन्छ । उनका अनुसार भूमिको रक्षा, मानव जातिको सुरक्षा र आर्थिक लाभ प्राप्त गर्ने हेतुले मानिसहरूले यी देवीदेवताहरूको पूजा गर्ने गर्दछन् ।

### ५.३.२५. थाक्पुरा मेल्लङहाङमामा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

थाक्पुरा मेल्लङहाङमा देवी लिम्बू समुदायकी गृहदेवी वा वास्तुदेवी हुन । हुनत यीनलाई मुन्धुममा सोघासामाङको रूपमा वर्णन गरिएको छ । मुन्धुम अनुसार यिनी आफ्ना माइति बाजाइबा तेनतुम्याङसँग घर निर्माण गर्ने क्रममा खाँबोले किचेर मरिन । परिणाम स्वरूप उनको प्रेतात्मा सोघासाममा परिणत भयो यत्रतत्र घुम्न थाल्यो । त्यसपछि उनका पिता तपस्वी सोधुङ्गेन लेप्मुहाङले उनलाई घरको मूलखम्बा मुनि वास्तुदेवी बनी रहनु र घरको टहल गर्नु भनी आशिर्वाद दिए । त्यसैले उनलाई गृहदेवीको रूपमा मानिने प्रचलन छ ।

यस देवस्थलमा हरेक वर्ष चण्डी पूर्णिमाको दिन आसपासका मानिसहरू भेला भएर थाक्पुरा मेल्लङहाङमा देवीको पूजा गर्ने चलन छ (मानबहादुर मादेन, व्यक्तिगत अन्तर्वार्ता, फागुन ९ २०७९) । उनका अनुसार यो प्रचलन परम्परादेखि चलिआएको हो । थाक्पुरा मेल्लङहाङ्मा देवीलाई भालेपोथी जोर कुखुरा भोग चढाएर फेदाङ्माद्वारा पूजा गरिन्छ । यस

अवसरमा कुइकुदाप माङ (जंगली देवता), पुरुक्वामा, वहङ (खोला पूजा) तथा नागनागेनीहरूको डिम्मा तथा कुखुराको भोग दिएर पूजा गरिन्छ । हावाहुरी रोकिन्छ, रोगव्याधि हट्छ, श्रीसम्पत्ति प्राप्त हुन्छ र मानिसमा मनोकामना पूरा हुन्छ भन्ने विश्वासले मानिसहरुले यस देवीको पूजा गर्ने प्रचलन रहेको पाइन्छ ।

### ५.३.२६. फूङलिङ नागीमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

फूङलिङ नागी सेन्दाङ लिम्बूहरूको माङ्गेन्ना यक हो । यस स्थानमा अघि उनीहरूका पूर्खा गोवामइङहाङ आई प्रथम पटक बसोबास गरेकोले यसलाई मागेन्ना यक मानिएको छ । मागेन्ना यकहरुलाई लिम्बू समुदायमा चोलुङ (सिद्धिस्थल) को रुपमा मान्ने प्रचलन छ ।

यस माङ्गेन्ना यकमा प्रत्येक वर्ष राम नवमी चैते दशैताका सेन्दाङ लिम्बूहरू भेला भई सामुहिक रूपमा माङगेन्ना पूजा गर्ने परम्परा छ (सनाहाङ सेन्दाङ, व्यक्तिगत अन्तर्वार्ता, जेठ १८ २०८०) । उनका अनुसार माङगेन्ना पूजाको शिलशिलामा साक्मुरा वदेम्बा ( गालिश्राप बहन्ति), कुइकुदाप (जंगली देवताहरू) को पूजा र खोलानालाहरूको पूजा अनुष्ठान गरिन्छ । पूजामा फलफूल, नैबेध, धुप-अक्षता, बात्ति, ध्वजापातका र भेटीपातिको प्रयोग गरिन्छ । यहाँ पूजामा कुनै पशुपंक्षीको भोगबली चढाइदैन । सेवासाबाबाट लिखित मुन्धुम वाचन गरेर पूजा गर्ने चलन छ । सु-स्वास्थ्य, दीर्घायू र कार्यसफलताको लागि लिम्बू जातिमा माङगेन्ना पूजा गर्ने परम्परा छ ।

### ५.३.२७. मेरिङदेन यकमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

मेरिङदेन यक पूर्खा सान्धुङ्गेका सन्ताहरु मेवाखोला क्षेत्रका लिम्बूहरूको माङगेन्नायक हो । यो स्थान तत्कालिन लिम्बूवान राज्य अन्तर्गत मेवाखोला क्षेत्रको किल्ला पनि हो । मेवाखोला क्षेत्रका लिम्बू पूर्खा सान्धुङ्गेका सन्तानहरूमा हाल विभिन्न थरका लिम्बूहरू रहेका छन् । उनीहरूले घरघरमा हरेक वर्ष गर्ने माङगेन्ना पूजामा मेरिङदेन यकको पुकार गर्ने गर्दछन् ।

मेरिङदेन यकमा दुईवटा युमामाङहरु रहेका छन । यी यूमामाङहिमहरूमा नियमित पूजापाठ हुने गरेको पाइन्छ । प्रत्येक हप्ताको शनिवार विहान यी माङहिमहरूमा पूजापाठ हुने गरेको छ (उजिरध्वोज मादेन, व्यक्तिगत अन्तर्वार्ता, चैत्र २८ २०७९) । यहाँ पूजापाठ गर्न फेदाङ्मा पूजारीको व्यवस्था गरिएको छ । माङहिममा पूजा गर्दा भोगबली चल्दैन । फलफूल, नैवेध र धुप अक्षताले यूमामाङको पूजाआजा गर्ने चलन छ । चासोक तङ्नामको अवसरमा हरेक वर्ष यस स्थानमा मेला लाग्दछ । यसबेला यहाँ पाकेको अन्नबाली

तागेरानिङवाफूमाङ, यूमामाङ र अन्य देवीदेवताहरूलाई न्वागी चढाई पूजा गरिन्छ । चासोक तङनामको यस अवसरमा माङहिम परिसर बाहिर खुला चौरमा देवीदेवताको थपना स्थापना बनाई कुखुरा, अण्डा, बाखा तथा हाँसपरेवाको भोगवलीबाट पूजा गर्ने प्रचलन छ । यूमामाङको पूजा आराधना गरे शक्ति, सम्पत्ति र चिरायु प्राप्त गर्न सकिने विश्वास लिम्बू समुदायमा रहेको छ ।

### ५.३.२८. लिङथाङ यकमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

लिङथाङ यक साँबा लिम्बूहरूको माङगेन्ना यक हो । परापूर्व कालमा साँबा लिम्बूहरूका पूर्खा फेम्बूनहाङ सर्वप्रथम साँबाको यसै स्थनामा आई घर बनाएर बसेकाले यसलाई माङगेन्ना यक मानिएको देखिन्छ । हाल साँबा थरभित्र नौ वटा उपथरहरू रहेका छन् र यी सबै उपथरका साँबा लिम्बूहरूले लिङथाङ यकलाई माङगेन्ना यक मान्दछन् । प्राय बर्षमा एक पटक लिम्बू समुदायले घरघरमा माङगेन्ना पूजा गर्ने चलन छ । यसरी घरघरमा गरिने माङगेन्ना अनुष्ठानमा मुन्धुम गायन गर्दा यस माङगेन्ना यकको पूकार गरिन्छ ।

लिङथाङमा यकमा हालसम्म कुनै देवस्थल निर्माण भएको पाइएन । यस माङ्गेन्ना यकमा कुनै प्रकारको नियमित पर्व र पूजाआजाको परम्परा देखिन्दैन् । लिङथाङमा यकमा हाल आएर विगत ५-७ बर्ष अघिदेखि साँबा वंशहरूको सामाजिक संस्था साँबा मिङ्स्रा सङ्जुम्भोको संयोजकत्वमा हरेक बर्ष मंसिर महिनामा चासोक तङनामको अवसरमा पूजा गर्ने प्रचलनको शुरुआत भएको छ (मोहनचन्द्र साँबा, व्यक्तिगत अर्न्वार्ता, जेठ ५ २०८०) । यस अवसरमा दुङदुङ्गे, ताप्फेङ र तङसिङ पूजाहरू सम्पन्न गरिन्छन । यी अनुष्ठानहरू येबा तथा साम्बाहरूले सम्पन्न गर्दछन् । अनुष्ठानहरूमा बोका, कुखुरा तथा सुगुरको बलि चढाई पूजा सम्पन्न गर्ने प्रचलन रहेको छ । यी अनष्ठानहरू सम्पन्न गरे शक्ति, सम्बृद्धि र चिरायू प्राप्ति हुने विश्वास जनमानसमा रहेको पाइन्छ ।

### ५.३.२९. पिरिङ्गे यकमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू

फागो बंशका लिम्बूहरूको माङगेन्ना यक पिरिङ्गे यक हो । लिम्बू समुदायले बर्षैपिच्छे घरघरै गरिने माङगेन्ना पूजामा माङगेन्ना यकको पूकार गर्ने परम्परा भएकोले यस यकको पनि त्यसै अनुरूप पूजा गरिन्छ । यहाँ तङसिङ पूजा गर्नको लागि एक फलामको यागेसिङ गाडेको देखिन्छ (प्रत्यक्ष अवोलोकन, बैशाख २२, २०८०) ।

अघि फागो लिम्बूहरूका पूर्खा हाङयुम्बा मिनिलुङ्बा हात्तिलुङ्बा पिरिङ्गे यकमा आएर सर्वप्रथम बसोवास गरेकोले यसलाई फागो लिम्बूहरूको माङगेन्ना यक मानिएको हो (भरत

वनेम, ब्यक्तिगत अन्तर्वार्ता, बैशाख २२ २०८०) । उनका अनुसार हरेक वर्ष माघे सक्रान्तिका दिन यस माङगेन्ना यकमा माङगेन्ना पूजा गरिन्छ । उक्त दिन यो पूजा सबै फागो लिम्बूहरू भेला भएर समुहिक रूपमा गर्ने चलन छ । साम्बा, येबा तथा फेदाङमाले पूजा सम्पन्न गर्दछन् । अनुष्ठानमा कुइकुदापमाङ, यूमामाङ, थबामाङ, मिसेक, जस्ता देवीदेवतालाई कुखुराको भोग दिएर माङगेन्ना पूजा गरिन्छ । सु-स्वास्थ्य, सफलता र दीर्घायूको लागि माङगेन्ना पूजा गर्ने प्रचलन लिम्बू समाजमा रहेको पाइन्छ । उनका अनुसार सोही अवसरमा यस यकमा पितृ मुक्ति र जीवितहरूको सम्बृद्धिका लागि एकराते तङसिङ पूजा पनि गरिन्छ । यहाँ संचालित यी सबै अनुष्ठानहरू परम्परादेखि नै संचालनमा रहेको स्थानीय बासिन्दा भरत वनेमको भनाई रहेको छ ।

### ५.४. निष्कर्ष

अमूर्त संस्कृति परम्पराहरु मानव समुदायको चिन्तन तथा विश्वास प्रणाली, चालचलन, भाषा-साहित्य, रीतिरिवाज, नीतिनियम, मूल्य-मान्यता र प्रचलनका रूपमा रहेका अभौतिक एवं भावनात्मक विषय-वस्तुहरु हुन । यस्ता अमूर्त संस्कृतिमा अनेकौ साँस्कृतिक परम्पराहरु प्रचलनमा रहेका हुन्छन । कुनै निश्चित परम्परा र मूम्य-मान्यताको विकास हुन त्यसबेलाको वातावरणको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरुको विश्लेषण गर्दा यी मुन्धुमी स्थलहरुमा तागेरानिङवाफुमाङ, युमामाङ, थेबामाङ, अक्वानामामाङ, सोधुङ्गेन लेप्मुहाङमाङ, मुजिङ्ना खेयङ्नामाङ, साबायुक्फुङगेम्बामाङ, थाक्पुरा मेल्लङहाङ्मामाङ र काप्पोबा सम्माङ जस्ता पितृदेवीदेवताहरु, फक्ताङलुङमाङ, केवालुङमाङ, सेवालुङमाङ, सेमुक्ति मुक्तिगोकमाङ, इक्सामाङ, सिरिङ्मामाङ, वरक्मा साम्माङ, वागोङ्मा साम्माङ, चखोबा सम्माङ, ताम्फुङना साम्माङ, इम्बिकोसङमाङ, कुईकुदापमाङ र मिसेकमाङ जस्ता पृथ्वी, जल, अग्नी, पहाड-पर्वत, खोलानाला तथा वनजंगलका देवताहरु र दुङ्दुङ्गेसामाङ, वसेक सम्माङ, मूयासिरे, सवासम्माङ, सिरे साम्माङ, पुङ सम्माङ जस्ता देहधारी देवीदेवताहरूको पूजाआजा गर्ने प्रचलन रहेको तत्थ्य उजागर हुन आएको छ । यसबाट लिम्बू समुदायमा पितृ, प्रकृति र देह वा आत्मालाई देवीदेवताको रुपमा पूज्ने परम्परा रहेको देखिन्छ । यसबाट मुन्धुममा पितृवाद, प्रकृतिवाद र आत्मबादको धारणा रहेको कुरा प्रमाणित हुन्छ ।

यस्तै मुन्धुमी स्थलहरूको पूजा/अनुष्ठानमा भोगबली पूजाको परम्परा देखिन्छ । समाज विकासको क्रममा मानिसहरु घुमन्ते फिरन्ते जीवन (Nomadic Life) र शिकार तथा

कन्दमुल बटुल्ने (Hunting gathering) युगमा त्यस बेलाको पार्यवारणीय सामाजिक आर्थिक प्रणाली अनुसार शिकार र कन्दमुलबाट जीवन निर्वाह गर्दथे । मानिसमा देवीदेवताको अवधारणाको विकास भएपछि उनीहरुले आफुले गरेको शिकारहरु पहिला देवीदेवतालाई चढाई खाने प्रचलनको विकास भयो । यसैको निरन्तरताको रुपमा आजपनि देवीदेवतालाई विभिन्न पशुपंक्षिहरुको भोगबली चढाइएको देखिन्छ । यस्तै  मुन्धुमी स्थलहरुमा फलफुल, अन्न, नैवेध तथा धुपअक्षता आदिले पनि पूजा गरेको देखिन्छ । यो शकारी यूगपछि खेतीपातिको युगको प्रारम्भ भएपछिको प्रचलन हो । त्यसबेला मानिसहरुसंग खाद्य पदार्थ शिकारको विकल्पमा फलफूल तथा अन्नपात उपलब्ध भएको देखिन्छ । जुनबस्तुहरु उनीहरुले पहिला देवीदेवताहरुलाई चढाएर आफु खान थालेका हुन । यसरी पर्यावरयामा अनुकुलन हुने क्रममा मानव सँस्कृतिको निर्माण, विकास र परिवर्तन हुन्छ भन्ने साँस्कृतिक पर्यावरणवादको सैदान्तिक मान्यता अनुसार शिकारी यूगको तत्कालिन पर्यावरणीय परिस्थितिमा लिम्बू समुदायका पूर्खाहरुले देवीदेवतालाई पशुपंक्षिहरुको भोगबली दिई पूजागर्ने परम्पराको विकास गरेको देखिन्छ भने समयको अन्तरालपछि कृषि युगको थालनीसँगै उनीहरुले आफुसँग उपलब्ध भएको अन्नपात र फलफूल देवीदेवतालाई चढाई खाने परम्पराको विकास गरेको देखिन्छ ।

यस्तै मुन्धुमी स्थलहरूमा पूजा गर्दा स्वास्थ्य लाभ हुने, कार्यसफलता पाइने, दिर्घायू हुने, शक्ति  प्राप्त हुने, मनोकांक्षा पुराहुने, सम्बृद्धि प्राप्त हुने, प्राकृतिक विपत्ति टर्ने, भूमिको रक्षा हुने, जीवजन्तुको सुरक्षा हुने, अन्नबाली सप्रने, पानी पर्ने, पितृदेवबाट आशिर्वाद प्राप्त हुने, ज्ञानविद्या बढ्ने, दशाग्रह काटिने, सन्तान प्राप्ति हुने, रोगबिमारबाट मुक्ति पाइने र संकट मोचन हुने जनविश्वास र मान्यताहरु रहेको पाइन्छ । यसबाट मानिस सँधै सुरक्षित, शान्तिमय र सुखपूर्ण जीवन यापन गर्न चाहन्छ र उक्त कुरा प्राप्तिका लागि उसले देवीदेवताको आराधना गर्दछ भन्ने कुरा स्पष्ट हुन्छ । मुन्धुमी स्थलहरुमा मानिसहरुले पूजाआजा गर्नुको पछाडी पनि यही सुख-शान्तिपूर्ण मानव जीवन यापन गर्ने उद्देश्य र आकांक्ष रहेको देखिन्छ ।

# परिच्छेद छ

## सारांश तथा निष्कर्ष

## मुन्धुमी स्थल र अमूर्त साँस्कृतिक परम्पराहरुको अन्तरसम्बन्ध

### ६.१. अनुसन्धानको सारांश

'ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू' शीर्षकको प्रस्तुत शोधप्रबन्ध छ परिच्छेदमा संरचित छ । यस शोधप्रबन्धको प्रथम परिच्छेदमा शोध विषयको परिचय दिइएको छ । यसपछि क्रमशः शोधपरिचय, समस्याकथन, अनुसन्धानको उद्देश्य, अनुसन्धानको औचित्य, अनुसन्धानको सिमा, अनुसन्धान क्षेत्र छनौट गर्नुका कारण र अध्ययनको संगठन संरचना प्रस्तुत गरिएको छ । शोधको शीर्षकलाई शोधपरिचरमा परिभाषित र परिचित गरी शोध समस्याहरूको विश्लेषण गरिएको छ । यिनै शोध समस्याहरू र सन्दर्भ साहित्यको समिक्षाको आधारमा ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरूको पहिचान गरी सूचीकरण गर्ने, ती मुन्धुमी स्थलहरूको भौगोलिक अवस्थिति (Geographical Location) र यथास्थितिको विवेचना गर्ने र यहाँ प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरुको विश्लेषण गर्ने  यस अनुसन्धानको उद्देश्यहरू उल्लेख गरिएको छ । यसको अतिरिक्त अनुसन्धानले मुन्धुमी स्थलहरूमा छिपेर रहेका ज्ञान र रहस्यलाई उजागर गरी प्रकाशमा ल्याउँने र भविष्यमा यस अध्ययनले नीतिनिर्माता र योजनाकालाई मद्दत पुऱ्याउने हुँदा प्रस्तुत शोधकार्य औचित्यपूर्ण हुने उल्लेख छ । साथै भौगोलिक सिमा ताप्लेजुङ जिल्लाभर रहने, भौगोलिक रूपले पुग्न कठिन दुरदराजका मुन्धुमी स्थलको स्थलगत अवोलोकन नगरिने तथा अध्ययनका लागि पुरातात्विक उत्खनन विधि उपयुक्त भएपनि समय र स्रोत अभावको कारण सो विधि प्रयोग नगरिने विषय अनुसन्धानको सिमा रहेको उल्लेख गरिएको छ । मुन्धमको अनुसरण गर्ने लिम्बू समुदायको सघन बसोवास भएको र यस क्षेत्रका मुन्धुमी स्थलहरूको सम्बन्धमा हालसम्म कुनै अनुसन्धान नभएकोले यो अनुसन्धान क्षेत्रको छनौट गरिएको कुरा यस परिच्छेदमा प्रस्तुत गरिएको छ । यसको अतिरिक्त यहाँ अध्ययनको सांगठानिक रुपरेखा समेत प्रस्तुत गरिएको छ ।

यस शोधप्रबन्धको दोस्रो परिच्छेदमा शोध शीर्षकसँग सम्बन्धित 'सन्दर्भ साहित्यहरूको समिक्षा' प्रस्तुत गरिएको छ । सन्दर्भ साहित्यको समिक्षालाई सैद्धान्तिक समिक्षा, नीतिगत समिक्षा, विधिगत समिक्षा र विषयगत साहित्य समिक्षा गरी चार भागमा

विभाजन गरी प्रस्तुत गरिएको छ । सैद्धान्तिक समिक्ष अन्तर्गत यस शोधमा प्रयोग हुने सँस्कृति निर्माण सम्बन्धी दुईवटा सिद्धान्तहरू संरचनात्मक प्रकार्यबाद र साँस्कृतिक पर्यावरणबादको सैद्धान्तिक मान्यताहरु बारेमा समिक्षा गरिएको छ । नीतिगत समिक्षामा धार्मिक र साँस्कृतिक हक र अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनमा भएको व्यवस्था, नेपालको कानुनमा भएका प्रावधानहरू, प्राचीन स्मारक ऐन - २०१३ मा भएको व्यवस्था, संस्कृति नीति २०६८ को नीतिगत प्रावधान र स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्थाहरूको समिक्षा उल्लेख भएको छ । विधिगत समिक्षामा विशेषत विभिन्न लेखकहरूले लेखेका र सम्पादन गरेका लिम्बू जातिको मुन्धुम, इतिहास र सँस्कृति सम्बन्धी पुस्तक, लेख र अध्ययन प्रतिवेदनहरूमा समस्या पहिचान, उद्देश्यहरू निर्धारणत, तथ्याङ्क संकलन तथा विश्लेषण एवं ब्याख्या के कस्तो विधि प्रयोग गरी गरिएको छ सो आधारमा विधिगत समिक्षा प्रस्तुत गरिएको छ । प्रकृया र विधिको आधारमा यस्ता साहित्यहरूमा अवोलोकन, जनजातीय अध्ययन, अन्तर्वार्ता, पुस्तकालय अध्ययन, बंशावली अध्ययन र क्षेत्रगत अध्ययन समावेश रहेको तत्थ्य समिक्षामा उल्लेख गरिएको छ । यस्तै विषययगत साहित्य समिक्षामा यस शोध शीर्षकसँग सम्बन्धित विभिन्न लेखकहरूले लेखेका र सम्पादन गरेका लिम्बू जातिको मुन्धुम, इतिहास र सँस्कृति सम्बन्धी पुस्तक, लेख र अध्ययन प्रतिवेदनहरूको समिक्षा उल्लेख गरिएको छ । यस शोधकार्यसम्बद्ध उल्लेखित सन्दर्भ साहित्यहरू मुन्धुमी स्थलहरूको पहिचान र सूचीकरण गर्न सहयोगी भएपनि यसको भौगोलिक अवस्थिति र त्यहाँ संचालित अमूर्त साँस्कृति सम्पदाहरूको अध्ययनमा केन्द्रीत नभएको र ताप्लेजुङमा रहेका मुन्धुमी स्थलहरूको पहिचान, भौगोलिक अवस्थिति र त्यहाँ प्रचलित अमूर्त साँस्कृति परम्पराहरूको बारेमा अध्ययन हुन बाँकी रहेको प्रष्ट पार्दै सोही अनुसन्धान रिक्तता पूरा गर्न यो शोधकार्य सम्पन्न गरिएको कुरा उल्लेख छ ।

यस शोधप्रबन्धको तेस्रो परिच्छेदमा 'अनुसन्धान विधि' प्रस्तुत गरिएको छ । अनुसन्धान विधि शीर्षक अन्तर्गत अनुसन्धान दर्शन, अनुसन्धान ढाँचा, तत्थ्याङ्क संकलन विधि, तत्थ्याङ्क विश्लेषण विधि, अनुसन्धानका नैतिक सवालहरू, अध्ययनको संरचना तथा अध्ययनको सैद्धान्तिक/अवधारणात्मक खाका जस्ता मुख्य उपशीर्षकहरूको विभाजन गरी हरेक उपशीर्षकहरूका विश्लेषण गरिएको छ । प्रस्तुत शोधको अनुसन्धान दर्शनका मूख्य तत्वहरूमा सत्यलाई हेर्ने दृष्टिकोण (Ontology), ज्ञानको सिद्धान्त (Epistemology), मूल्यमिमांशा (Axiology) र विधिशास्त्र (Methodology) रहेका छन् । यस्तै अनुसन्धानको

ढाँचा पुरातात्विक अन्वेषणात्मक रहेको, गुणात्मक प्रकृतिको अनुसन्धान भएको र अनुसन्धानमा आगमन (Inductive) विधिको प्रयोग गरिने कुरा उल्लेख छ । यस अध्ययनमा सम्भावना रहित उद्देश्यमूलक नमुना छनौट विधि प्रयोग गरी नमुना छनौट गरिने र अवोलोकन, अर्न्वार्ता, फोटोग्राफी, जि.पि.एस.मापन र पुस्तक तथा लेख-रचनाहरूबाट तत्थ्याङ्क संकलन गरिने कुरा उल्लेख छ । यसको अतिक्ति संकलित तत्थ्याङ्कहरूलाई सम्पादन, संकेतिकरण, वर्गिकरण र विश्लेषण गरी निष्कर्ष निकालिएको जनाइएको छ ।

यसैगरी प्रस्तुत शोधप्रबन्धको चौथो परिच्छेदमा 'ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरूको पहिचान, सूचीकरण र भौगोलिक अवस्थिति' प्रस्तुत गरिएको छ । यस परिच्छेदमा मुन्धुमको मौखिक शास्त्र परम्परा, मुन्धुमका प्रकारहरू, मुन्धुमको मूल दर्शन, मुन्धुमका स्रोतहरू, मुन्धुमी स्थलको परिचय, मुन्धुमी स्थलहरुको पहिचानको सिद्धान्त र आधारहरु र मुन्धुमी स्थलको पहिचान, सूचीकरण र भौगोलिक अवस्थिति उपशीर्षकहरु विभाजत गरी विश्लेषण प्रस्तुत गरिएको छ । यहाँ मुन्धुमको परिचय दिदै यसलाई लिम्बू जातिको धर्मशास्त्र, इतिहास, दर्शनशास्त्र र ज्ञानशास्त्र रूपमा ब्याख्या गरिएको छ । यसलाई लिम्बू जातिको प्रमुख जीवन दर्शन र सँस्कृतिको स्रोतको रूपमा लिईएको छ । यहाँ लिखित तथा मौखिक मुन्धुमहरूको सन्दर्भलाई मुन्धुमी स्थलहरूको पहिचानको सिद्धान्त तथा आधार बनाइको छ । यही पहिचानको आधारको कसिमा विभिन्न मुन्धुमी स्थलहरूको सूचीकरण गरिएको छ ।

यस परिच्छेदमा पहिचान भई सूचीकरण भएका मुन्धुमी स्थलहरूमा फक्ताङलुङ, केवालुङ, सेवालुङ, सेमुक्ति मुक्तिगोक र सिदिनलुङ पहाड/पर्वतहरू, मुरिङ्ला खारिङ्ला तेम्बे र खाम्बुलिङ नाहाङ्मा यक डाँडाकाँडाहरू, इम्बिरी याङ्धाङ्वा (तमोर), मुगाङ्लिङ् काङ्वामा (काबेली), केत्तकुम मेवामा (मेवा), सिन्धोलुङ मैवामा (मैवा), मुधक्कुम लेक्वा (घुन्सा) र यफत्लुङ फावामा (फावा) खोलानालाहरू, फङफङदेन झरना, सोधुङ वरक, साङ्फित लिङ्फित वरक र तिम्बुङ वरक पोखरीहरू, मारुङ फुक्कु पारुङ फुक्कु , निङ्खुरी फुक्कु र लुङइक्वा फुक्कु ओडारहरू, काइलुङधुङ, वसाङलुङ तेरेप्लुङ र केसामी नाम्सामी लुङ ढुङ्गाहरू, नियनरा यक्चेयकमा, थाक्थाकखिबो र थाक्केलुङ यूमादेवीको कार्यस्थल, थोक्पुन तेम्बे, लोक्फादेन हाङ्फादेन, केखिङ तेम्बे, इत्तिसिङ पेरेमसिङ, थाक्पुरा मेल्लङहाङ्मा, नेन्दुरी पासाङ्गा, लुङसुम्बाङ, मेरिङदेन यक, फूङ्लिङ् नागी, लिङ्थाङ्मा यक र पिरिङ्गे यक हुन ।

यसको अतिरिक्त शोधप्रबन्धको यसै परिच्छेदमा 'मुन्धुमी स्थलको भौगोलिक अवस्थिति र यथास्थिति' प्रस्तुत गरिएको छ । यहाँ शोधको क्रममा पहिचान भई सूचीकृत भएका विभिन्न मुन्धुमी स्थलहरू भौगोलिक रूपमा कहाँ कहाँ पर्दछन भनी ठाउँ-ठेगाना यकिन प्रस्तुत गरिएको छ । यसको अतिरिक्त मुन्धुमी स्थलहरूको स्थलगत अवोलोकनको क्रममा जि.पि.एस. (Global Positionaning System) उपकरणको माध्यमले ती स्थलहरूको मापन गरी उचाई, अक्षांश र देशान्तर पत्तालगाई प्रस्तुत गरिएको छ । यस्तै यी मुन्धुमी स्थलहरुको अवलोकनको क्रममा देखिएका भौतिक वस्तुहरु, निर्मित मूर्त साँस्कृतिक संरचनाहरु र अन्य वस्तुगत विवरणहरुको विवेचना गरी प्रस्तुत गरिएको छ ।

यस्तै शोधप्रवन्धको पाँचौ परिच्छेदमा मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरूको विश्लेषण प्रस्तुत गरिएको छ । यहाँ अमूर्त संस्कृतिलाई परिभाषित गरिएको छ । यस परिच्छेदमा अमूर्त संस्कृति परम्पराहरुलाई मानव समुदायको चिन्तन तथा विश्वास प्रणाली, चालचलन, भाषा-साहित्य, रीतिरिवाज, मूल्य-मान्यता र प्रचलनका रूपमा रहेका अभौतिक एवं भावनात्मक विषय-वस्तुको रूपमा व्याख्या गरिएको छ । यस्ता अमूर्त संस्कृतिमा अनेकौ साँस्कृतिक परम्पराहरु प्रचलनमा रहेका हुन्छन । यस अध्ययनमा पाइएका ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरु निम्नानुसारका प्रस्तुत गरिन्छ :

पहिलो, मुन्धुमी स्थलहरुमा तागेरानिङवाफुमाङ, युमामाङ, थेबामाङ, अक्वानामामाङ, सोधुङ्गेन लेप्मुहाङमाङ, मुजिङ्ना खेयङ्नामाङ, साबायुक्फुङगेम्बामाङ, थाक्पुरा मेल्लङहाङ्मामाङ, फक्ताङलुङमाङ, केवालुङमाङ, सेवालुङमाङ, सेमुक्ति मुक्तिगोकमाङ, कुईकुदापमाङ, मिसेकमाङ, इक्सामाङ, दुङदुङ्गेमाङ, वसेक सम्माङ, चखोबा सम्माङ, ताम्फुङना सम्माङ, सवासम्माङ, सिरिङ्मा, काप्पोबा सम्माङ, सिरे साम्माङ, पुङ सम्माङ, वागोङ्मा साम्माङ, इम्बिकोसङमाङ र वरक्मा साम्माङ जस्ता देवीदेवताहरूको पूजाआजा गर्ने प्रचलन रहेको तत्थ्य पत्ता लागेको छ ।

दोस्रो, यी मुन्धुमी स्थलहरूको पूजा/अनुष्ठानमा भोगबली पूजा र फलफूल, नैवेध तथा धुपअक्षताले पूजा गर्ने दुवै खालको प्रचलन रहेको पाइन्छ । भोगबली पूजामा भक्तजनहरूले मुन्धुमी स्थलहरूमा बाखा, भेडा, सुगुर, कुखुरा, हाँस, परेवा, अण्डा, जाँड, रक्सी र स्वच्छ जल चढाएर पूजा गर्ने गरेको देखिन्छ । यस्तै विना भोगबली पूजाहुने मुन्धुमी स्थलहरूमा भक्तजनहरूले फलफूल, धुपअक्षता, नैबेध, पाकेको अन्न, भेटीपाती, धुपअक्षता,

अविर, ध्वजापातका, खदा, कलम, कपि, ऐना, चुरा, घण्टी, त्रिशुल, दियो, कलश र बत्ति चढाएर पूजा गर्ने प्रचलन रहेको पाईन्छ । सेमुक्ति मुक्तिबुङमाङ, फङफङदेन माङ र मेरिङदेन यकमा नियमित रूपमा पूजा गर्ने प्रचलन रहेको छ भने अन्य मुन्धुमी स्थलहरूमा निश्चित मिति, पर्व, बार र तिथीमा पूजाआजा हुने गरेको देखिन्छ । यस्ता पर्व तथा तिथीमितिहरूमा माघेसक्रान्ति, मंसिर पूर्णिमा, चैते दशै, यक्वा तङ्नाम, चण्डी पूर्णिमा, उभौली पर्व, दशै, तिहार, उघौली पर्व, शिवरात्री, नागपंचमी, फाल्गुनन्द जयन्ती, शनिबार तथा पूर्णिमाको दिन रहेका छन् ।

तेस्रो, विभिन्न मुन्धुमी स्थलहरुमा विभिन्न मेला, पर्व तथा जात्राहरू लाग्ने प्रचलन देखिन्छ । यस्ता मेला-पर्वमा माघेसक्रान्ति मेला, चासोक तङनाम मेला, रामनवमी मेला, मंसिर पूर्णिमा मेला, साउने मेला, ठूक्पाछेसी जात्रा र चण्डी पूर्णिमा मेला प्रमुख हुन ।

चौथो, यहाँ पूजारी, येबा-येमा, फेदाङ्मा, साम्बा र धामीझाक्रीहरूले पूजाकार्य सम्पन्न गर्ने गरेको पाईन्छ । येबा-येमा, फेदाङ्मा, साम्बा र धामीझाक्रीहरूले अनुष्ठानमा के (च्याब्रुङ), चेत्थ्या (कासाको थाल), पङ्गे (घण्टी) र ढ्याङ्ग्रो, शंख, घण्ट र चमर जस्ता सामाग्री र बाजाहरु प्रयोग गरेको पाइन्छ ।

पाँचौं, विशेषत किराँत, बुद्ध र हिन्दू धर्मावलम्बीहरू दर्शन तथा पूजाआजाको लागि मुन्धुमी स्थलमा जाने गरेको पाईन्छ । यी मुन्धुमी स्थलहरूमा पूजा गर्दा स्वास्थ्य लाभ हुने, कार्यसफलता पाइने, दिर्घायू हुने, शक्ति प्राप्त हुने, मनोकांक्षा पुराहुने, सम्बृद्धि प्राप्त हुने, प्राकृतिक विपत्ति टर्ने, भूमिको रक्षा हुने, जीवजन्तुको सुरक्षा हुने, अन्नबाली सप्रने, पानी पर्ने, पितृदेवबाट आशिर्वाद प्राप्त हुने, ज्ञानविद्या बढ्ने, दशाग्रह काटिने, सन्तान प्राप्ति हुने, रोगबिमारबाट मुक्ति पाइने र संकट मोचन हुने जनविश्वास रहेको पाइन्छ ।

प्रस्तुत शोधप्रवन्धको छैटौं परिच्छेदमा अनुसन्धानको 'सारांश तथा निष्कर्ष' प्रस्तुत गरिएको छ । यहाँ सबै परिच्छेदको परिच्छेदगत सारांश तथा निष्कर्ष दिइएको छ । यस क्रममा सारांश उपशीर्षकमा यस शोधप्रवन्धमा रहेका सबै परिच्छेदका शीर्षकहरुका सारलाई अनुच्छेदगत रूपमा प्रस्तुत गरिएको छ । यस्तै निष्कर्ष उपशीर्षकमा शोधप्रबन्धका सबै परिच्छेदका परिच्छेदगत निष्कर्षहरुलाई एकिकृत गरी प्रस्तुत गरिएको छ । सथै यहाँ मुन्धुमी स्थल र अमूर्त साँस्कृतिक परम्परबीचको अन्तसम्बन्धको विश्लेषण गरी सोको निश्कर्ष समेत पेश गरिएको छ । यसरी सात परिच्छेदको यो शोधप्रबन्ध तयार भएको छ ।

## ६.२. अनुसन्धानको निष्कर्ष

'ताप्लेजुङका मुन्धुमी स्थलहरूमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू' शीर्षकको प्रस्तुत शोधप्रबन्धमा समस्याकथनमा उल्लेखित शोधप्रश्नहरूको समाधान चौथो परिच्छेददेखि पाँचौं परिच्छेदसम्म गरिएको सूचना तथा तत्थ्याङ्क विश्लेषणको आधारमा गरिएको छ । प्रस्तुत शोधको प्रमुख शोधप्रश्नहरु - ताप्लेजुङ जिल्लामा के कस्ता मुन्धुमी स्थलहरू रहेका छन ? यी मुन्धुमी स्थलहरूको भौगोलिक अवस्थिति र यथास्थितिको कस्तो छ ? र यहाँ प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरू के कसरी प्रचलनमा छन ? भन्ने कुराको खोजीनीति, विवेचना र विश्लेषण गर्नु रहेकोले यिनै अनुसन्धान प्रश्नहरुको सेरोफेरोमा प्राथमिक विशेष्य सामाग्री र यससंग सम्बन्धित तथ्यहरुको सैद्धान्तिक आधारहरु प्रयोग गरी गरिएको विश्लेषणहरूबाट केही महत्वपूर्ण निचोडहरु प्राप्त भएका छन् । यसबाट शोधकर्ताले "ताप्लेजुङ जिल्लामा रहेका मुन्धुमी स्थलमा प्रचलित अमूर्त साँस्कृतिक परम्परा" शर्षिकमा प्रस्तुत शोध गर्नुका कारणहरु र यसको औचित्यता प्रमाणित भएको छ । उक्त निष्कर्षहरुलाई तल प्रस्तुत गरिएको छ :

(१) प्रस्तुत अनुसन्धानबाट ताप्लेजुङ जिल्लाका विभिन्न स्थानहरूमा रहेका बत्तीसवटा मुन्धुमी स्थलहरूको पहिचान र सूचीकरण भएका छन् । अधिकांश मुन्धुमी स्थलहरु प्रकृतिक स्थलहरु पहाड-पर्वत, डाँडाकाँडा, खोलानाला, ओडार, ढुङ्गा, पोखरी र झरनाहरु रहेका छन । मुन्धुमले यहाँ पहाड-पर्वत, डाँडाकाँडा, खोलानाला, ओडार, ढुङ्गा, पोखरी र झरनाको सिङ्गो स्वरुपलाई माङ (देवता) मानेको छ । यसबाट लिम्बू समुदायमा प्रकृति पूजाको परम्परा रहेको तर मूर्ति पूजाको परम्परा नभएको देखिन्छ । मुन्धुमी स्थलहरुमा साधाशिला ठड्याई मूर्तिको रुपदिने परम्पराको थालनी पछिल्लो समयमा यस क्षेत्रमा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुको प्रवेशपछिमात्र भएको देखिन्छ । विभिन्न प्रकृतिक स्थलहरुलाई लिम्बू समुदायले मुन्धुमी स्थल मान्नुको कारणहरुमा प्रकृतिमा रहेको रहस्यमय र अद्भूत शक्तिबाट प्रवाहित हुनु, विगतमा ती स्थानहरुमा मातृ तथा पितृदेवको बासस्थान भएको, कुनै निश्चित देवीदेवताको उत्पति र बासस्थल भएको भन्ने विश्वास रहेको, विगतमा कुनै ऐतिहासिक घट्ना घटेको र कुनै निश्चित लिम्बू संस्कृतिको विकास–निर्माण स्थल भएको भन्ने रहेका छन् ।

(२) यस्तै ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलको भौगोलिक अवस्थिति र यथास्थितिको विवेचना गर्दा यहाँ लिम्बू समुदायको समाज विकासको इतिहास पाइन्छ । मुन्धुममा आदिम

कालमा शुरुमा फक्ताङलुङको काखमा रहेको पारुङ फुक्कु मारुङ फुक्कुमा लिम्बूहरुका पूर्खा थवायूमाको बासस्थान रहेको संकेत पाईन्छ । यहाँ को पूर्खाको बसोबास रहेको भन्ने नाम नखुलेकोले यो अवस्था मानव विकासको शिकार र संग्रह (Hunting & Gathering) युगको प्रारम्भिक अवस्था हो भन्ने अनुमान गर्न सकिन्छ । त्यसपछि मुन्धुममा प्रथम मानव मुजिङना खेयङनाको प्रसंग आउछ । उनले हावाबाट गर्भधारणा गरी छोरा सुसुवेङ लालावेङ अर्थात सावायुक्फुङकेम्बालाई जन्मदिएको कुरा उल्लेख छ । यसलाई पतिको टुङ्गो नभएको अवस्था भनेर बुझ्न सकिन्छ । यो अवस्थालाई मानव सभ्यताको विकासमा परिवार तथा नातगोताको विकास नभएको र यौन स्वच्छन्दताको जंगली अवस्था मान्न सकिन्छ । उनको उपस्थिति ताप्लेजुङ जिल्लाको उत्तरी क्षेत्र फक्ताङलुङ गाउँपालिकाको ईखाबुमा रहेको मुन्धुमीस्थलहरु खोङलिसो बेत्लासो तेम्बे, सावान तेम्बे, थोकपुन तेम्बेमा देखापर्दछ । त्यसपछि मुजिङना खेयङनाको छोरा सावायुक्फुङकेम्बाको चर्चा आउँछ । मुन्धुमले यिनलाई ठूला शिकारीको रुपमा परिचित गराएकोले यसबाट लिम्बू मानव सभ्यताको जंगली शिकारी यूगको नै झल्को पाइन्छ । उनको उपस्थिति पनि तमोर खोला क्षेत्र लेलेप, ईखाबु, तापेथोक र खेजेक्नेम गाउँहरुमा देखिन्छ । उनको मृत्यू थोकपुन तेम्बे मुन्धुमी स्थलमा भएको उल्लेख छ । यसपछि  मुन्धुममा सावायुक्फुङकेम्बाका छोरा छारी सुहाङफेवा र लाहादङ्नाको प्रसंग आउँछ । उनीहरुको उपस्थिति काईलुङथुङ, मुरिङला खारिङला तेम्बे, साँगोयक्मा कोपियक्मा र निङ्खुरी फुक्कु मुन्धुमी स्थलहरुमा देखापर्दछ । मुन्धुममा यी दाजुबहिनीबीच काईलुङथुङमा हाडनाता करणी भई सत्रजना सन्तानहरुको जन्म भएको चर्चा छ । यसले पनि मानव सममाज विकासमा परिवार र नातागोताको विकास नभएको जंगली अवस्थालाई नै संकेत गर्दछ । यसपछि तमोर खोला क्षेत्रका लेलेप, ईखाबु, खेजेक्नेम र लिङखिम गाउँहरुमा पहिलो घर निर्माण भएको, च्याब्रुङको निर्माण गरिएको, वैबाहिक संस्कार विकास भएको र तानबाट यूमाले कपडा बनेको मुन्धुममा उल्लेख भएकोले समाज विस्तारै आधुनिक सभ्यतातर्फ विकास हुँदै गएको देखिन्छ । यसरी समयको लामो अन्तरालमा लिम्बू समाज आदिम जंगली अवस्थाबाट घरपरिवार निर्माण तथा सभ्यताको विकासतर्फ अग्रसर हुँदै गएकोले मुन्धुमी स्थलको अध्ययन लिम्बू समुदायको समाज विकासको इतिहास हो ।

(३) यस्तै ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलको भौगोलिक अवस्थिति र यथास्थितिको अध्ययन लिम्बू समुदायको प्राचीन बासाई सराइको इतिहास हो । मुन्धुममा आदिम कालमा शुरुमा फक्ताङलुङको काखमा रहेको पारुङ फुक्कु मारुङ फुक्कुमा लिम्बूहरुका पूर्खा थवायूमाको

बासस्थान रहेको संकेत पाईन्छ । त्यसपछि मुन्धुममा प्रथम मानव मुजिङना खेयङनाको प्रसंग आउछ । उनको उपस्थिति र बसोबास ताप्लेजुङ जिल्लाको उत्तरी क्षेत्र फक्ताङलुङ गाउँपालिकाको ईखाबुमा रहेको मुन्धुमीस्थलहरु खोङलिसो बेत्लासो तेम्बे, सावान तेम्बे र थोकपुन तेम्बेमा  देखापर्दछ । त्यसपछि मुजिङना खेयङनाको छोरा सावायुक्फुङकेम्बाको चर्चा आउँछ । उनको उपस्थिति र बासस्थान पनि तमोर खोला क्षेत्र लेलेप, ईखाबु, तापेथोक र खेजेक्नेम गाउँहरुमा देखिन्छ । उनको मृत्यू थोकपुन तेम्बे मुन्धुमी स्थलमा भएको उल्लेख छ । यसपछि  सावायुक्फुङकेम्बाका छोरा छारी सुहाङफेवा र लाहादङ्नाको प्रसंग आउँछ । उनीहरुको बसोबास काईलुङथुङ, मुरिङला खारिङला तेम्बे, साँगोयक्मा कोपियक्मा र निङ्खुरी फुक्कु मुन्धुमी स्थलहरुमा देखापर्दछ । यसपछि तमोर खोला क्षेत्रका लेलेप, ईखाबु, खेजेक्नेम र लिङखिम गाउँहरुमा पहिलो घर निर्माण भएको, च्याब्रुङको निर्माण गरिएको, वैबाहिक संस्कार विकास भएको र तानबाट यूमाले कपडा बनेको मुन्धुममा उल्लेख भएकोले ती स्थानहरुमा मानव वस्तीहरु विस्तार हुदै गएको देखिन्छ । त्यसपछि ताप्लेजुङ जिल्लामा लिम्बू समुदायको बसाई सराई दक्षिण तर्फ थाक्पुरा मेल्लङहाङ्मा, लिङथाङ यक, मेरिङदेन यक, पिरिङ्गे यक, , तिम्बुङ वरक, सिदिङ्बा र फूङलिङ नागी मुन्धुमी स्थलहरु हुँदै जिल्लाका अन्य भागहरुमा फैलदै गएको पाईन्छ । यसरी पर्यावरणसंग अनुकुलन हुने क्रममा लिम्बू समाजका आदिम पूर्खाहरु ताप्लेजुङ जिल्लाका हिमाली भेगको चिसो स्थानबाट दक्षिणी न्यानो र उब्जाउ भूमीतर्फ बसाई सर्दै गएको तथ्य खुल्न गएको छ ।

(४) ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरुको विश्लेषण गर्दा यी मुन्धुमी स्थलहरुमा प्रकृति, पितृ र अदृश्य शक्ति वा आत्माको पूजा गर्ने परम्परा देखिन्छ । यसबाट मुन्धुममा पितृवाद, प्रकृतिवाद र आत्मबादको धारणा रहेको कुरा प्रमाणित हुन्छ । यस्तै मुन्धुमी स्थलहरूमा पूजा गर्दा स्वास्थ्य लाभ हुने, कार्यसफलता पाइने, शक्ति  प्राप्त हुने, मनोकांक्षा पुराहुने, सम्बृद्धि प्राप्त हुने, भूमि तथा  जीवजन्तुको रक्षा हुने, पितृदेवबाट आशिर्वाद प्राप्त हुने, दशाग्रह काटिने, सन्तान प्राप्ति हुने, र संकट मोचन हुने जनविश्वास र मान्यताहरु रहेकाले यसबाट मानिस सँधै सुरक्षित, शान्तिमय र सुखपूर्ण जीवन यापन गर्ने चाहना राख्दछ र उक्त उद्देश्य प्राप्तिका लागि उसले देवीदेवताको आराधना गर्दछ भन्ने कुरा स्पष्ट हुन्छ ।

(५) मुन्धुमी स्थल र अमूर्त साँस्कृतिक परम्पराहरुबीचको अन्तर सम्बन्धको अध्ययन गर्दा यी दुवैबीचमा पारस्परिक अन्तर सम्बन्ध देखिन्छ । मुन्धमी स्थल विनाको अमूर्त साँस्कृतिक

परम्परा र अमूर्त साँस्कृतिक परम्पराको बिनाको मुन्धुमी स्थलको अस्तित्व रहँदैन । यसैले यी दुईबीचको अन्तरसम्बन्ध अन्योन्याश्रित छ । यिनीहरुलाई एकअर्कामा छुट्याई अध्ययन गर्न सकिदैन ।

## ६.३. सैद्धान्तीकरण

लिम्बू समुदायको मुन्धुममा प्रकृतिवाद पितृवाद, र आत्मवादको धारणा रहेकोले मुन्धुमी स्थलहरुमा प्रकृति, पितृ र आत्माको पूजागर्ने अमूर्त साँस्कृतिक परम्परा रहेको छ । मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरुको अध्ययन लिम्बू समुदायको बसाई सराई र समाज विकासको इतिहास हो । पर्यावरणीय कारणहरुले लिम्बू समुदायका आदिम पूर्खाहरु उत्तरको चिसो स्थानबाट दक्षिणी न्यानो र उब्जाउ भूमीतर्फ बसाई सर्दै गएको देखिन्छ । मुन्धुमी स्थल र अमूर्त साँस्कृतिक परम्पराहरुबीच अभिन्न र अन्योन्याश्रित सम्बन्ध भएकोले यिनीहरुलाई एकअर्कामा छुट्याई अध्ययन गर्न सकिदैन ।

## ६.४. योगदान तथा शिफारिस

“ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरु” शीर्षकको यस शोधबाट हालसम्म अज्ञात अवस्थामा रहेका ताप्लेजुङ जिल्लाका विभिन्न सैतीसवटा मुन्धुमी स्थलहरुको पहिचान भई तिनीहरुको भौगोलिक अवस्थिति र यथास्थिति के कस्तो रहेको छ भन्ने कुराको यथार्थ जानकारी प्राप्त भएको छ । साथै यी मुन्धुमी स्थलहरु र यहाँ प्रचलित अमूर्त साँस्कृतिक अभ्यासहरुको अध्ययन लिम्बू समुदायको समाज विकासको ऐतिहासिक अध्ययन हो भन्ने नयाँ तथ्य प्राज्ञिक ज्ञान भण्डारमा थप भएको छ ।

यो शोध ताप्लेजुङ जिल्लाका केही महत्वपूर्ण मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त साँस्कृतिक परम्पराहरुको अध्ययनमा मात्र सिमित छ । ताप्लेजुङ जिल्ला र यसभन्दा बाहिर पनि अन्य धेरै मुन्धुमी स्थलहरु रहेका छन् जसको अध्ययन हुन बाँकी नै देखिन्छ । धेरै मुन्धुमी स्थलहरुमा मूर्त साँस्कृतिक परम्पराहरु विद्यामान नरहेपनि कतिपय मुन्धुमी स्थलहरुमा कुनै न कुनै रुपमा मूर्त साँस्कृतिक परम्पराहरु पनि विद्यामान रहेकोले यसको पनि अध्ययन हुन बाँकी नै रहेको छ । साथै मुन्धुमी स्थलहरुको अध्ययनमा यो भन्दा थप वैज्ञानिक पुरातात्विक अन्वेषण विधिबाट अध्ययन भएमा त्यसको निष्कर्ष बढी सत्य र विश्वासनीय हुनसक्ने देखिन्छ । भविष्यमा शोधार्थीहरुले यी विषयहरुमा यस प्रकारको अनुसन्धान गर्नु जरुरी छ ।

## परिशिष्टहरू

## परिशिष्ट - क

### तत्थ्याङ्क संकलन गर्दाका स्रोतव्यक्तिहरूको विवरण

| क्र.सं. | स्रोत व्यक्तिको नाम थर | उमेर बर्ष | ठेगाना | पद/पेशा | अन्तर्वार्ता मिति |
|---|---|---|---|---|---|
| १ | अम्बिका आङबुहाङ | ५८ | आठराई त्रिवेणी गा.पा.-४, ताप्लेजुङ | शिक्षक | २०७९।१०।२८ |
| २ | आइत खजुम | ४७ | चौबिसे गा.पा.- ८ धनकुटा, हाल मेरिङदेन गा.पा.- ३, ताप्लेजुङ | तुम्याङ | २०७९।०५।०७ |
| ३ | उजिरध्वोज मादेन | ६५ | मेरिङदेन गा.पा.- ५, ताप्लेजुङ | तुम्याङ | २०७९।१२।२७ |
| ४ | केदारजुङ ताप्मादेन | ४५ | फक्ताङलुङ गा.पा.- ६, ताप्लेजुङ | तुम्याङ | २०८०।०१।१८ |
| ५ | केवल मादेन | ५६ | पाथीभरा याङवरक गा.पा.-१, ताप्लेजुङ | फेदाङ्मा | २०७९।११।२७ |
| ६ | चन्द्रप्रकाश ईङवासाम | ६७ | फक्ताङलुङ गा.पा.- ६, ताप्लेजुङ | तुम्याङ | २०८०।०२।०५ |
| ७ | छिरिङ थिण्डुक शेर्पा | ६८ | फक्ताङलुङ गा.पा. - ६, ताप्लेजुङ | सर्वसाधारण | २०८०।०१।२७ |
| ८ | जसमान केदेम | ६८ | मेरिङदेन गा.पा.- ५, ताप्लेजुङ | वडाध्यक्ष | २०८०।०२।१५ |
| ९ | जीवन ताम्लिङ | ५५ | सिदिङ्बा गा.पा.- ४, ताप्लेजुङ | तुम्याङ | २०८०।०२।२१ |
| १० | टिका पौडेल | ५५ | फूङलिङ न.पा.- ८, ताप्लेजुङ | पूजारी | २०७८।०९।०८ |
| ११ | टेकविर फेम्बू | ६५ | फक्ताङलुङ गा.पा.- ६, ताप्लेजुङ | तुम्याङ | २०८०।०१।१७ |
| १२ | टेकबहादु साँबा | ६४ | मिक्वाखोला गा.पा.- ४, ताप्लेजुङ | तुम्याङ | २०७९।१२।२७ |
| १३ | दलबहादुर येङदेन | ५८ | बुद्धशान्ति न.पा.- ४, झापा | यूमासाम | २०७८।०९।०७ |
| १४ | दलबहादुर सेन्दाङ | ८१ | आठराई त्रिवेणी गा.पा.-२, ताप्लेजुङ | फेदाङ्मा | २०८०।०१।०१ |
| १५ | दिनहाङपाल लिम्बू | ७६ | फक्ताङलुङ गा.पा.- ३, ताप्लेजुङ | फेदाङ्मा | २०७९।११।२७ |
| १६ | धनबहादुर लिम्बू | ५९ | फक्ताङलुङ गा.पा.- ३, ताप्लेजुङ | तुम्याङ | २०७९।११।२७ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | नरबहादुर माङ्मु | ५५ | याङवरक गाउँपालिका-२, पाँचथर | तुम्याङ | २०८०।२।०७ |
| १८ | बीरबहादुर नाल्बो | ७१ | मेरिङदेन गा.पा.- ५, ताप्लेजुङ | फेदाङ्मा | २०८०।०२।१५ |
| १९ | भक्त पालुङ्वा | ५४ | फूङलिङ न.पा.- ४, ताप्लेजुङ | मुन्धुमसाबा | २०८०।०२।२७ |
| २० | भरत वनेम | ५८ | मैवाखोला गा.पा.- २, ताप्लेजुङ | तुम्याङ | २०८०।०१।२२ |
| २१ | मदन काम्बाङ | ४८ | फक्ताङलुङ गा.पा.- ४, ताप्लेजुङ | तुम्याङ | २०८०।०१।१९ |
| २२ | मानबहादुर माङयुङ | ६८ | फूङलिङ न.पा.- १०, ताप्लेजुङ | तुम्याङ | २०७९।११।२७ |
| २३ | मानबहादुर मादेन | ६० | फूङलिङ न.पा.- १, ताप्लेजुङ | तुम्याङ | २०७९।११।०९ |
| २४ | मोहनचन्द्र साँबा | ४२ | मिक्वाखोला गा.पा.- ५, ताप्लेजुङ | शिक्षक | २०७९।१२।२७ |
| २५ | मंगलसिंह केदेम | ५९ | मेरिङदेन गा.पा.- ५, ताप्लेजुङ | तुम्याङ | २०८०।०२।१५ |
| २६ | राजेन्द्र अन्छङबो | ६५ | फक्ताङलुङ गा.पा.- २, ताप्लेजुङ | तुम्याङ | २०८०।०२।२७ |
| २७ | वाङ्गे शेर्पा | ६० | मिक्वाखोला गा.पा.- ५, ताप्लेजुङ | समाजसेवी | २०८०।०२।२५ |
| २८ | लोकबहादुर आङबुहाङ | ६७ | आठराई त्रिवेणी गा.पा.-४, ताप्लेजुङ | तुम्याङ | २०७९।१०।२८ |
| २९ | शुवासचन्द्र पोमु | ७७ | आठराई त्रिवेणी गा.पा.-१,ताप्लेजुङ | तुम्याङ | २०७९।१०।२० |
| ३० | सूर्यमान ओखाबु | ५६ | मेरिङदेन गा.पा.- १, ताप्लेजुङ | स्वस्थ्यकर्मी | २०८०।०१।३० |
| ३१ | सनाहाङ सेन्दाङ | ७३ | आठराई त्रिवेणी गा.पा.-२, ताप्लेजुङ | सेवासाबा | २०८०।०२।१८ |
| ३२ | हर्कहाङ लाबुङ | ५७ | फक्ताङलुङ गा.पा.- ४, ताप्लेजुङ | तुम्याङ | २०८०।०२।१७ |

## परिशिष्ट - ख

## अमूर्त साँस्कृतिक अभ्यासहरूको तत्थ्याङ्क संकलनका लागि सोधिएका प्रस्नावलीहरूको सूची

(१) यस मुन्धुमी स्थलको मौखिक मुन्धुमी आख्यानहरू के के रहेका छन् ?

(२) यहाँ कुन कुन देवताहरूको पूजा गरिन्छ ?

(३) यस धार्मिकस्थल/देवस्थलमा के के धार्मिक बस्तु वा चिन्हहरू राखिएका छन् ?

(४) यस धार्मिकस्थल/देवस्थलको पूजामा भोगबलिको प्रचलन छ कि छैन् ?

(५) यस धार्मिकस्थल/देवस्थलमा नियमित पूजा गरिन्छ कि गरिदैन ?

(६) यस धार्मिकस्थल/देवस्थलमा नियमित पूजा हुँदैन भने कहिले कहिले पूजा गरिन्छ ?

(७) यस धार्मिकस्थल/देवस्थलमा नियमित पूजा गर्न पूजारीको ब्यवस्था गरिएको छ कि छैन?

(८) के कारणले मानिसहरूले यस धार्मिकस्थल/देवस्थलमा पूजा गर्न आउँछन ?

(९) यस धार्मिकस्थल/देवस्थलमा पूजामा प्रयोग हुने पूजासामाग्रीहरू के के हुन ?

(१०) यस धार्मिकस्थल/देवस्थलमा कुनै दिन/बार/महिना पूजा गर्न निशेध गरिएको छ कि छैन ?

(११) यस धार्मिकस्थल/देवस्थलमा सबैले पूजागर्न पाउँछन पाउदैनन ?

(१२) पाउँदैनन भने कस्ता कस्ता ब्यक्तिहरूलाई यहाँ पूजा गर्न निशेध गरिएको छ ?

(१३) यस धार्मिकस्थल/देवस्थलहरूमा कुनै मेला/पर्व/जात्रा लाग्ने गर्छ गर्दैन ?

(१४) यस धार्मिकस्थल /देवस्थलहरूममा कुनै मेला/पर्व/जात्रा लाग्दछ भने कुन तिथी-मितिमा लाग्ने गर्दछ ?

(१५) यस धार्मिकस्थल/देवस्थलहरूमा लाग्ने मेला/पर्व/जात्रामा के के साँस्कृतिक क्रियाकलापहरू संचालन गरिन्छ ?

(१६) यस धार्मिकस्थल/देवस्थलहरूमा पूजा कसले सम्पन्न गर्दछ ?

(१७) यस धार्मिकस्थल/देवस्थलमा कुनै मन्दिर (माङहिम) निर्माण गरिएको छ कि छैन ?

(१८) यस धार्मिकस्थल/देवस्थलमा के के धार्मिक संरचनाहरू निर्माण भएका छन् ?

## परिशिष्ट - ग

## अध्ययनमा संकलित विभिन्न मुन्धुमीस्थलहरूको तस्वीरहरू



*चित्र नं. १* लिम्बू जातिको मुन्धुमी तीर्थस्थल फक्ताङलुङ/कुम्भकर्ण पर्वत

Source: www.googleearth.com.




*चित्र नं. २* लिम्बू जातिको मुन्धुमीस्थल केवालुङ/कञ्चनजंघा पर्वत

Source: Source: www.googleearth.com.



*चित्र नं. ३*   लिम्बू जातिको मुन्धुमी स्थल सेवालुङ/मानाभरा पहाड




*चित्र नं. ४*   मुन्धुमी स्थल शक्तिदायिनी पहाड सेमुक्ति मुक्तिगोक/पाथीभरा

(स्रोत : शुवास आचार्य)



*चित्र नं. ५* मुन्धुमी स्थल सिदिङ्बा/सिदिङ्लुङ पहाड
(स्रोत : शुवास आचार्य)




*चित्र नं. ६* मुन्धुम अनुसार सोधुङ्गेन लेप्मुहाङको बासस्थान मुरिङ्ला खारिङ्ला तेम्बे





*चित्र नं.७* मुन्धुम अनुसार नाहाङ्मादेवको उत्पत्तिस्थल खाम्बुलिङ नाहाङमा यक



*चित्र नं. ८* मुन्धुममा इम्बिरी याङधाङ्वा भनिने तमोर खोला




*चित्र नं. ९* मुन्धुम अनुसार दुङदुङे साम्माङले नुहाएको स्थल फङफङदेन झरना




*चित्र नं. १०* मुन्धुममा पवित्र चोलुङ/सिद्धिस्थलको रुपमा वर्णित स्थल सोधुङ वरक
(स्रोत : हर्कराज गुरुङ)



*चित्र नं. ११* वरक्मा साम्माङको वासस्थल साङ्फित लिङ्फित वरक रहेको स्थान




*चित्र नं. १२* मुन्धुम अनुसार थवासामको बासस्थान रहेको स्थल तिम्बुङ वरक
(स्रोत : किशोर राई)




*चित्र नं. १३* मुन्धुम अनुसार लिम्बू जातिको तीर्थस्थल परुङतेम्बेस्थित पारुङफूक्कु




*चित्र नं. १४* मुन्धुम अनुसार तागेरानिङ्वाफुमाङको बासस्थल निङखुरी फूक्कु



*चित्र नं. १५* मुन्धुम अनुसार सुहाङफेवा र लाहादोङ्नाबीच संसर्गभएको स्थल काईलुङथुङ



*चित्र नं. १६* मुन्धुम अनुसार येबायेमाको सिरेगुरु उत्पत्तिस्थल वसाङलुङ तेरेप्लुङ



*चित्र नं. १७* मुन्धुमा युमामाङले कपडाबुन्ने तान विसाएको स्थल नियारा यक्चेयक



*चित्र नं. १८* मुन्धुमा युमामाङले कपडाबुन्न तानलगाएको स्थल थाक्थाक्खिबो



*चित्र नं. १९* मुन्धुमा युमामाङले कपडाबुन्ने तानको बाहाडोरी टाँगेको स्थल थाक्केलुङ



*चित्र नं. २०* मुन्धुम अनुसार लिम्बू जातिका पूर्खा साबायुक्फुङकेम्बाको समाधिस्थल थोक्पुन तेम्बे



*चित्र नं. २१* मुन्धुम अनुसार प्रथम घर निर्माण भएको स्थल लोक्फादेन हाङफादेन




*चित्र नं. २२* मुन्धुम अनुसार सर्वप्रथम च्याब्रुङ निर्माण भएको स्थल केघिङतेम्बे

(स्रोत : आइत खजुम)



*चित्र नं. २३* मुन्धुमा केसामी/बाघ र नाम्सामी/मानिसको जन्म भएको आख्यानसंग सम्बन्धित स्थल केसामी नाम्सामी लुङ



*चित्र नं. २४* मुन्धुम अनुसार मुयासिरे/चीलदेवताको उत्पत्तिस्थल इत्तिसिंङ पेरेमसिंङ



*चित्र नं. २५* मुन्धुममा युवायुवतीको उमेर विवाहयोग्य भएभएनन् भनी नापतौल गर्ने स्थल नेन्दुरी पासाङ्गा



*चित्र नं. २६* मुन्धुम अनुसार काप्पोरुङ-काप्मोरुङ राक्षसले मानिस खानेस्थल लुङईक्वा फुक्कु



*चित्र नं. २७* मुजिङना खेयङ्नाले धान कुट्न बनाएको ओखल लुङसुम्बाङ



*चित्र नं. २८* सोघासामको उत्पत्तिस्थल थाक्पुरा मेल्लङहाङमा देवी



*चित्र नं. २९* सेन्दाङ वंशका लिम्बूहरुको माङगेन्ना यक फूङलिङ नागी



*चित्र नं. ३०* मेवाखोला क्षेत्रका सान्धुङ्गेका सन्तान लिम्बूहरुको माङ्गेन्नायक मेरिङदेन




*चित्र नं. ३१* साँबा वंशका लिम्बूहरुको माङ्गेन्नायक लिङथाङमा यक



*चित्र नं. ३२* फागो वंशका लिम्बूहरुको माङ्गेन्ना यक पिरिङ्गे यक

## परिशिष्ट - घ

## ताप्लेजुङ जिल्लाका मुन्धुमीस्थलहरूको भौगोलिक नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग, संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय
तयार पार्ने: स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ।

Projection System: MUTM, Spheroid - Everest 1830
© MOFALD 2017

# सन्दर्भ सामाग्री सूची (References)

## नेपाली सन्दर्भ सामाग्रीहरु


अधिकारी, रेशराज र खत्री, बालकृष्ण (वि.सं. २०६३), *समाजशास्त्र/मानवशास्त्रका सैद्धान्तिक दृष्टिकोणहरू,* छैटौं संस्क., विद्यार्थी पुस्तक भण्डार ।

आङबुङ, डि. बि. (संम्पा.) (वि.सं. २०७९), *याक्थुङ साम्जिक मुन्धुम,* सोधुङ्गेन लेप्मुहाङ् फेदाङ्मा जानपा संघ ।

आचार्य, वलराम (वि.सं. २०७२), *समाजशास्त्र र मानवशास्त्रमा अनुसन्धान पद्दती,* तेश्रो संस्क., नेशनल वुक सेन्टर ।

इङनाम, भगीराज (वि.सं. २०७५), *लिम्बू जातिको इतिहास,* रेनु लिम्बू तुम्बाहाङ्फे र अरु ।

*तिम्बुङ पोखरी महोत्सवको प्रतिवेदन - २०६४,* कञ्चनजंघा भू-परिधि सरोकार समुह ।

काइँला, विरही (वि.सं २०४९). *लिम्बू भाषा र साहित्यको संक्षिप्त परिचय,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

काइला, बैरागी (वि.सं. २०४८), *साप्पोःक् चोमेन : लिम्बू जातिमा कोखापूजा,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

काइला, बैरागी (वि.सं. २०५१), *इर्श्या र आँखीडाहीको आख्यान र अनुष्ठान,* मेजर केशरसिंह लिङदेन ।

काइला, बैरागी (वि.सं. २०५२), *तङसिङ् तक्मा मुन्धुम : आख्यान र अनुष्ठान,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

काइला, बैरागी (वि.सं. २०६०), *चइत मुन्धुम,* लिम्बू साहित्य विकास संस्था ।

काइला, बैरागी (वि.सं. २०७०), *लाहादङ्ना-सुहाम्फेवा मुन्धुम, आख्यान र अनुष्ठान,* लिम्बू भाषा तथा साहित्य प्रकाशन ।

काइला, बैरागी (वि.सं. २०७०), *नाम्सामी केसामी मुन्धुम,* लिम्बू भाषा तथा साहित्य प्रकाशन ।

काइला, बैरागी (वि.सं. २०७०), *मुजिङ्ना खेयङ्ना मुन्धुम,* लिम्बू भाषा तथा साहित्य प्रकाशन ।

काइला, बैरागी (वि.सं. २०७०), *पाजाइबा मुन्धुम,* लिम्बू भाषा तथा साहित्य प्रकाशन ।

गौतम, टिकाराम (वि.सं.२०६१), *संस्कृतिको सैद्धान्तिक ढाँचा,* दोस्रो संस्क., विद्यार्थी पुस्तक भण्डार ।

चडबाङ, प्रतिबहादुर संयोजक (वि.सं. २०६२), *सिरेङ चडबाङ लिम्बू वंशालवी,* सिरेङ चडबाङ लिम्बू वंशालवी प्रकाशन समिति ।

चेम्जोङ, इमानसिंह (वि.सं. २०५९), *किरात इतिहास,* पाँचौ संस्क., किरात याक्थुङ चुम्लुङ ।

चेम्जोङ, इमानसिंह (वि.सं. २०५९), *किरात मुन्धुम,* तेश्रो संस्क., किरात याक्थुङ चुम्लुङ ।

चोडबाङ, रनधोज श्रेङ (वि.सं. २०७०), *सुम्सेम्बा यागाडसिङ तडसिङ मुन्धुम,* दोस्रो संस्क., याक्थुङ फेदाङमा सङचुम्भो विश्व संचालन समिति ।

तिल्लिङ, हितराम (सम्पा.) (वि.सं.२०७७), *याक्थुङ संस्कारहरू,* युमा साम्यो महासभा ।

तुम्बाहाङ, गोबिन्दबहादुर (वि.सं. २०६८), *लिम्बू जातिको चिनारी,* आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

*थाक्निया, ईत - वंशावली पुस्तक* (वि.सं.२०६४), थाक्निया, ईत - वंशावली परिवार ।

*नेपालको संविधान :* नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मंत्रालय ।

*फूङलिङ नगरपालिकाको नीति, बजेट तथा कार्यक्रम पुस्तिका* : आ.ब. ०७७/०७८ ।

फोपाहाङ, दुर्गा प्रसाद (वि.सं. २०७०), *मुन्धुम र मिथकहरू,* मञ्जुल याक्थुङ्वा ।

*वार्षिक जिल्ला विकास योजना आ.ब. २०७२/०७३ :* जिल्ला विकास समितिको कार्यालय, सुचना तथा अभिलेख केन्द्र ।

वराल, भवानी र लिम्बू, कमल तिगेला (वि.सं.२०६४), *लिम्बूवानको राजनीति,* भनेन्द्रकुमार लिम्बू ।

माबोहाङ, अर्जुनबाबु (वि.सं.२०६३). *लिम्बूवान,* लालबहादुर लुम्फुङ्वा, चित्रकला खेबाङ र जातीय भेदभावविरुद्ध राष्ट्रिय मंच ।

मावोहाङ, अर्जुनबावु (वि.सं. २०६९), *लिम्बू जातिको मुन्धुम र इतिहास,* हरिशचन्दर मावोहाङ र भीम मावोहाङ ।

मावोहाङ, अर्जुनबाबु र लावती, लक्ष्मण (वि.सं. २०७८), *दश लिम्बूवान शत्रथुमको नीति,* तेजेन्द्र कुरुम्बाङ ।

मेन्याङबो, ध्रुबकुमार र माबोहाङ, अर्जुनबाबु (वि.सं. २०६६), *सिभाक यामी मुन्धुम,* माधुरी सुब्बा राई ।

मेन्याङ्वो, तुम्याहाङ लक्ष्मण (वि.सं. २०६२), *याक्थुङ मुन्धुम,* तेज बहादुर मेन्याङ्वो ।

राई, डा. भक्त (वि.सं. २०७४), *पूर्वीय दर्शन,* नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

रेग्मी, राजाराम (वि.सं. २०७८), *बोनवाद :* दर्शनावली (८), नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लावती, येहाङ (वि.सं. २०६२), *लिम्बू जातिको संक्षिप्त परिचय,* दिल बहादुर लाओती ।

लावती, हरिचन्द्र (वि.सं. २०७८), *सृष्टि र मानवजीवनबारे किरात मुन्धुमको दार्शनिक चिन्तन :* दर्शनावली (८), नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लिम्बू, अमरजंङ (वि.सं. २०७५), *मुन्धुमी अवस्थलहरूको अध्ययन प्रतिवेदन - २०७५,* किरात याक्थुङ चुम्लुङ ।

लिम्बू, अनिता यक्युक (वि.सं. २०७८), *फागो यकयुक वंशावली,* फागो  यकयुक वंशावली निर्माण समिति ।

लिम्बू, रणध्वोज (वि.सं. २०५१), *याक्थुङ मुन्धुम,* लिम्बूवानबासी ।

साँबा, बुद्धिप्रसाद चङबाङ संक. (वि.सं. २०७९), *चङबाङ साँबा वंशावली,* दोस्रो संस्क., चङबाङ साँबा उत्थान समाज ।

सिवाकोटी, गोपाल (वि.सं. २०७६), *सार्वजनिक अन्तर्राष्ट्रिय कानुन,* दोस्रो संस्क., पैरवी प्रकाशन ।

सेम्बू, उर्मिला (वि.सं. २०७१), *किपटको अपहरण र पहिचानको आन्दोलन,* आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

श्रेष्ठ, शिवकुमार (वि.सं. २०५२), *लिम्बूवानको ऐतिहासिक अध्ययन,* किरात प्रकाशन तथा अभिलेख केन्द्र ।

सँग्रौला, नारायणप्रसाद (वि.सं. २०७७), *पल्लो किरातको किपट व्यवस्थाः परिमार्जित,* श्रीमति अम्बिकादेवी सँग्रौला ।

सेन्दाङ, भूपाल कुमार (वि.सं. २०७४), *फक्ताङलुङ तीर्थस्थल, पाथीभरा स्मारिका,* पाथीभरा देवी मन्दिर क्षेत्र संरणक्ष तथा सम्बर्धन समिति ।

*स्थानीय सरकार संचालन ऐन - २०७४,* चौथो संस्क., पैरवी प्रकाशन ।

## अंग्रेजी सन्दर्भ सामाग्रीहरू :

Morgan, L. H. (1677). *Ancient Society,* HENRY. HOLT & CO.

Steward, J. H. (1955). *Theory of culture change: The methodology of multilinear evolution.* University of Illinois Press.

Subba, C. (1995). *The Culture & Riligion of Limbus*. K. B. Subba.

Thapa, R. (2009). *Kangchenjunga*. Phupu Chowang Sherpa.

www.googleearth.com